गाउँपालिकाहरूका असल अभ्यासहरूको संगालो
Collection of Municipal Good Practices

स्थानीय सरकारका - ३ वर्ष

3 YEARS OF LOCAL GOVERNMENTS

विशेषांक

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
NATIONAL ASSOCIATION OF RURAL MUNICIPALITIES IN NEPAL
(NARMIN)

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

कमलादी, काठमाडौं

गाउँपालिकाहरुका असल अभ्यासहरुको संगालो

स्थानीय सरकारका - ३ वर्ष

विशेषांक

संकलक/प्रकाशक

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

गाउँपालिकाहरुका असल अभ्यासहरुको संगालो

स्थानीय सरकारका - ३ वर्ष

विशेषांक

पुनरावलोकनकर्ता तथा सल्लाहकार

होमनारायण श्रेष्ठ	अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
वंशलाल तामाङ	महासचिव, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
विमल पोखरेल	कार्यकारी निर्देशक, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

सम्पादक

राजेन्द्रप्रसाद प्याकुरेल	वरिष्ठ कार्यक्रम अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

संकलन तथा सम्पादन सहयोगी

गीता श्रीष	नीति तथा कानुन अधिकृत
टीका घिमिरे	प्रदेश समन्वय अधिकृत, प्रदेश नं. १
मनोज साह	प्रदेश समन्वय अधिकृत, प्रदेश नं. २
नीता राउत क्षेत्री	प्रदेश समन्वय अधिकृत, बागमती प्रदेश
शिव रेग्मी	प्रदेश समन्वय अधिकृत, गण्डकी प्रदेश
कर्ण भण्डारी	प्रदेश समन्वय अधिकृत, कर्णाली प्रदेश
नवराज उपाध्याय	प्रदेश समन्वय अधिकृत, सुदुरपश्चिम प्रदेश
रञ्जित तामाङ	सञ्चारकर्मी

व्यवस्थापक

भुवनराम लोहार	प्रशासन तथा वित्त अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

भाषा सम्पादन

उद्धबप्रसाद प्याकुरेल

प्रकाशन सहयोग

स्थानीय सरकार सबलीकरण

प्रकाशन : २०७७ कार्तिक

प्रकाशन प्रति : १५०० प्रति

डिजाइन : डिजाइन चौतारी (९८४११९०७१८)

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर काठमाडौं ०१-४१०२६०२

© सर्वाधिकार : प्रकाशकमा

प्रकाशक

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

गणेशस्थान, कमलादी, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२२९८४१, फ्याक्स: ०१-४२४५८८९

ईमेल: info@narmin.org.np, वेभसाइट: www.narmin.org.np

नेपाल सरकार
Government of Nepal

हृदयेश त्रिपाठी
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

Hridayesh Tripathi
Minister
Ministry of Federal Affairs and General Administration
Singhdarbar, Kathmandu, Nepal

शुभकामना

गाउँपालिका राष्ट्रिय महासंघ नेपालले देशभरका गाउँपालिकाहरुले विगत ३ वर्षको अवधिमा अघि बढाएका विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी असल अभ्यासहरुलाई समेटेर स्थानीय सरकारका ३ वर्ष नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ । सर्वप्रथम यस कार्यका लागि अभिप्रेरित भई अथक मेहनत गर्नुहुने प्रकाशक संस्थाको टिमलाई धेरै धन्यबाद दिन चाहान्छु ।

संघीयताको शुरुवाती अभ्यासकै क्रममा स्थानीय तहहरुको पहिलो निर्वाचन पश्चात नयाँ कानुनी तथा संस्थागत परिवेशमा निर्वाचित जनप्रतिनिधीहरुले काम गर्ने अवसर प्राप्त गर्नुभएको छ । नयाँ संरचनामा आइपर्ने कैयन बाधा व्यवधान र चुनौतिहरुलाई पार गरेर स्थानीयस्तरमा विकासको नयाँ जग तयार पार्नु भएको छ । जनताको नजिक रहेर सेवा प्रवाहलाई छिटो छरितो बनाउन अनेकन प्रयासहरु भएका छन् । यीनै प्रयासहरुको प्रतिफल स्वरुप अवका दिनमा क्रमशः परिणाम देखिने चरणमा आइपुगेको छ । यसप्रकार कैयन गाउँपालिकाहरुले जनताको मन छुने कार्य गरेका छन्, धेरैले अरुका लागि अनुशरणयोग्य काम समेत गरेर देखाएका छन् । यस प्रकाशोन्मुख पुस्तकमा यिनै विषयवस्तुहरु समेटिएको छ, जसबाट हाम्रा गाउँपालिकाहरुले एकअर्कोमा सिकाइको आधार बनाउन सक्छन् र आफ्ना कार्यहरुलाई थप परिस्कृत गराउन सक्छन् ।

हाम्रो संविधानले स्थानीय तहलाई असाधारण अधिकार प्रदान गरेको छ । असाधारण अधिकार प्राप्त हुनुको अर्थ असाधारण कार्य गर्नु हो । जननिर्वाचित प्रतिनिधीहरु शासकीय मनोविज्ञानबाट कदापी पनि ग्रस्त हुनुहुदैन । कुनै पनि जनप्रतिनिधी यस्तो मनोग्रन्थीले ग्रस्त भएमा तिनलाई कसैले बचाउन सक्दैन र पतनको बाटो प्रारम्भ हुन्छ तसर्थ मेरो विनम्र निवेदन छ कि जनप्रतिनिधि साथीहरु शासकीय प्रवृतिबाट मुक्तरहेर जनसेवकको रुपमा निरन्तर सेवारत रहुन् । दोश्रो विषय आर्थिक अनुशासन र काम कारवाहीमा पारदर्शिता र जवाफदेहीताको कतै–कतै अभाव देखा परेको छ, यसले जनतासँगको सम्बन्धलाई टाढा बनाउने गर्दछ । अतः यस प्रति पूर्ण सचेत रहन म आग्रह गर्दछु ।

यस पुस्तकले स्थानीय तहमा मात्र नभएर प्रदेश र संघीय सरकारका निकायहरु एवं नेपालमा कार्यरत विकास साझेदार र अनुसन्धान मूलक संस्था र व्यक्तिहरुलाई सूचना, तथ्यांक र अभिलेख प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

हृदयेश त्रिपाठी
मन्त्री
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

9851002222
Email: triphridayesh1959@gmail.com

भुमिका

गाउँपालिका राष्ट्रिय महासंघ नेपाल देशभरका ४ सय ६० गाउँपालिकाको साझा संगठन हो। सदस्य गाउँपालिकाबीच आपसी सञ्जालीकरण गर्ने, सदस्य गाउँपालिकाहरूको क्षमता अभिवृद्धि गर्ने, स्थानीय सरकारका अधिकारको क्षेत्रमा नीतिगत पैरवी गर्ने र असल अभ्यासहरूको अनुभव आदानप्रदान गर्ने यस महासंघका मुख्य कार्यक्षेत्र हुन्।

संघीयता कार्यान्वयन पश्चात पहिलोपटक स्थानीय तहको निर्वाचन भएको पनि तीन वर्ष पूरा भैसकेको छ तीन वर्ष समयावधी कार्यसम्पादनका हिसाबले कम होइन। संघीयता कार्यान्वयनको पहिलो कार्यकालका जनप्रतिनिधि भएको कारण स्वभाविक रूपमा विधि र प्रक्रिया स्थापित गर्ने दायित्व अहिलेको जनप्रतिनिधिमा रहेको थियो। कार्यालय/कानुनी/संस्थागत/जनशक्ति र श्रोत साधनको उचित प्रबन्ध गर्दै नागरिकमा सेवा प्रवाह र स्थानीय विकास निर्माणमा अब्बल देखाउन गाउँपालिकाका जनप्रतिनिधिहरू केन्द्रित छन्। तीनवटा नीति तथा कार्यक्रम र वजेटको पुर्ण कार्यान्वयन गरिसकेको र चौथो वजेट कार्यान्वयन चरणमा रहेको छ भने अब एउटा मात्र वजेट ल्याउने अवसर यो नेतृत्वलाई रहेको छ। विगत तीन वर्षको उपलब्धी र सिकाईको आधारमा अबको दुई वर्षको वजेटको प्रभावकारी कार्यान्वयन गर्ने र आफ्नो पाँच वर्षे कार्यकालको उपलब्धीहरूको फेहरिस्त तयार पारी नागरिककोबीचमा आफू र आफू सम्मिलित राजनीतिक दललाई आगामी निर्वाचनमा पुनःपरीक्षणका लागि तयार पार्नु स्थानीय सरकारका जनप्रतिनिधिहरूको अबको मुख्य चुनौती हो।

कोही पनि व्यक्ति आफैंमा पुर्ण हुँदैन। एक अर्काबीचको अनुभव तथा सिकाइको आदान प्रदानले अझै राम्रो गर्ने उत्प्रेरणा प्राप्त हुन्छ। अनुभव तथा सिकाइको आदानप्रदान कार्यले एउटा गाउँपालिकाले गरेका असल अभ्यास अन्य सबैका लागि अनुकरणयोग्य हुनसक्छन्। यस सन्दर्भमा आफ्ना सदस्य गाउँपालिकाहरूले सम्पादन गरेका असल अभ्यासहरूको संकलन गर्ने र विभिन्न सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने कार्यलाई गाउँपालिका राष्ट्रिय महासंघ, नेपालले प्राथमिकतामा राखेको छ। यस अघि 'गाउँपालिकाका १०१ असल अभ्यास' नामक संग्रह प्रकाशन गरिएको थियो जहाँ गाउँपालिकाहरूले सम्पादन गरेका असल र अनुकरणीय कार्यहरू समावेश गरिएका थिए। यसैको निरन्तरता स्वरूप महासंघले स्थानीय सरकारका तीन वर्ष पुगेको उपलक्ष्यमा उत्कृष्ट अभ्यासहरूको संगालोको रूपमा "स्थानीय सरकारका ३ वर्ष" नामक विशेषाङ्क प्रकाशन गरिएको छ।

गाउँपालिकाका असल अभ्यासहरूलाई पाँच वटा विषयगत क्षेत्रमा विभाजन गरी प्रस्तुत गरिएको छ। पहिलो विषयक्षेत्रमा गाउँपालिकाका समग्र कार्यालय ब्यवस्थापन, विधायिकी कार्य, कानुन निर्माणको अवस्था, योजना तर्जुमा तथा बजेट, सुशासन र अन्तरसरकार समन्वयका क्षेत्रमा सम्पादन भएका असल र अनुकरणीय कार्यहरूलाई समावेश गरिएको छ। त्यसैगरी दोश्रो विषयक्षेत्रमा भौतिक पूर्वाधारमा भएका अभ्यासहरू समेटिएको छः जहाँ सडक, खानेपानी, सिंचाई, भवन, उर्जा लगायतका विकासमा भएका असल कार्यहरू देख्न पाउनेछौं। गाउँपालिकाले सामाजिक क्षेत्रको विकासमा सम्पादन गरेका समग्र असल कार्यहरू तेस्रो विषयगत क्षेत्रमा राखिएको छ। यहाँ शिक्षा तथा खेलकुद, स्वास्थ्य, लक्षित वर्ग, भाषा कला संस्कृति लगायतका विषयहरू समावेश गरिएको छ। गाउँपालिकाहरूले नागरिकको समग्र आर्थिक अवस्थाको विकासमा सम्पादन गरेका अनुकरणीय गतिविधिहरूलाई चौथो विषयगत क्षेत्रमा समावेश गरिएको छ। कृषि, पशुसेवा, सहकारी, भूमि व्यवस्था, उद्योग, पर्यटन, रोजगार, वजार व्यवस्था आदि क्षेत्रमा गाउँपालिकाहरूले गरेका असल अभ्यासहरूलाई यस खण्डमा प्राप्त गर्न सक्नुहुनेछ। अन्तिम खण्डमा भने वन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, जलाधार तथा वन्यजन्तु संरक्षण जस्ता क्षेत्रमा सम्पादन भएका केही असल अभ्यासहरूलाई समावेश गरिएको छ।

यस प्रकाशनमा जम्मा २ सय ४३ ओटा असल अभ्यासहरू समेटिएका छन्। प्रदेशगत रुपमा प्रदेश नं. १ बाट ३८ ओटा,

प्रदेश नं. २ बाट १९ ओटा समेटिएको छ भने बागमती प्रदेशबाट ६२ ओटा अभ्यासहरू समेटिएको छ। त्यसैगरी गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशबाट क्रमशः ३१, ३९, २८ र २६ ओटा अभ्यासहरू समेटिएका छन्। गाउँपालिका रहेका ७५ जिल्ला मध्ये ९ जिल्लाका गाउँपालिकाहरूका असल अभ्यासलाई यहाँ समावेश गर्न सकिएन। विषय क्षेत्रगत रुपमा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रका ८६ ओटा असल अभ्यासहरू परेका छन् भने सबैभन्दा कम वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रबाट ११ ओटा मात्र परेका छन्।

गाउँपालिकाहरूले सम्पादन गरेका कार्यहरू अनुकरणीय वा असल अभ्यास हो कि होइनन् वा कसरी यी अभ्यासहरू अनुकरणीय अभ्यासको रूपमा समावेश गरियो भन्ने प्रश्न पनि उठ्न सक्दछ। यस विषयमा महासंघले प्रष्ट पार्नु जरुरी पनि छ। यो प्रकाशनका केही सीमितताहरू छन्। कोभिड १९ र सीमित श्रोत साधनका कारण महासंघ कार्यालयले सम्बन्धित फिल्डमा नै गएर सूचना तथा तथ्याङ्क लिन सकिएन। हामीले यो प्रकाशनको लागि सूचना तथा तथ्याङ्क संकलन गर्ने क्रममा असल कार्यहरू पठाइदिन निर्धारित ढाँचाको फाराम सहित पत्र पठाइएको थियो। कतिपय गाउँपालिकाहरूबाट निर्धारित ढाँचामा नै सूचनाहरू प्राप्त भएको थियो तर धेरै असल अभ्यासहरू गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतसँग फोन सम्पर्क गरी प्राप्त भएको सूचना र तथ्याङ्कको आधारमा लेखन तथा सम्पादन गरिएको छ। यसर्थ उल्लेखित सबै असल अभ्यासहरूको श्रोत स्वयम् गाउँपालिकाका पदाधिकारीहरू रहनु भएको छ। यहाँ उल्लेखित कार्यहरूको अलावा अन्य धेरै गाउँपालिकाहरूले सम्पादन गरेका असल र अनुरकणीय कार्यहरू छुटेका छन्। सबै गाउँपालिकाका सबै असल कार्यलाई यहाँ समावेश गर्न नसक्नु यो प्रकाशनको सीमा हो। समय, जनशक्ति र स्रोत साधनको सीमितताबीच सम्बन्धित गाउँपालिकामा गएर प्रत्यक्ष भेटघाटमार्फत असल कार्यको खोजी गर्न नसकेको कारण पनि कतिपय अझ राम्रा अभ्यासहरूलाई यहाँ समावेश गर्न सकिएको छैन।

गाउँपालिकाहरूले सम्पादन गरेका कार्यहरूलाई असल अभ्यासको रूपमा छनौट गर्दा सापेक्षताको आधारमा पनि गरिएको छ। भौगोलिक विकटता, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था विशेषको आधारमा पनि कुन कार्य असल हो वा होइन भनेर मूल्यांकन गर्नुपर्ने रहेछ। जस्तैः हुम्लाका गाउँपालिकाले सडकको ट्र्याक खोल्ने कार्य अनुकरणीय हुनसक्दछ भने सुर्खेतका गाउँपालिकाले सडक कालो पत्रे गरेको कार्यलाई अनुकरणीय कार्यको रूपमा प्राथमिकता दिइएको छ।

प्रकाशित असल अभ्यासहरू सबै गाउँपालिकाको लागि अनुकरणीय छन्। एउटा गाउँपालिकाले गरेको एउटा राम्रो कामको प्रचारप्रसारले बाँकी गाउँपालिकालाई अनुसरण गर्न प्रेरित गर्नेछ। गाउँपालिकाहरूको समग्र विकास निर्माण र सेवा प्रवाहको गतिलाई प्रभावकारी बनाउनेछ भन्ने महासंघको विश्वासलाई यस कार्यले सार्थकता प्रदान गर्ने आशा गरेका छौं।

असल अभ्यासहरूको संगालो प्रकाशन गर्ने कार्य हाम्रो दोश्रो अभ्यास भएको तथा स्रोत साधन र समयको सीमितताको बाबजुद प्रकाशन गरिएको यो संगालोले भोलिका दिनमा यस्ता प्रकाशनलाई सुधार गर्न प्रशस्त सिकाइ हुनेछ भन्ने विश्वास लिएका छौं। प्रस्तुत कार्य कठिन हुँदाहुँदै पनि समयमै मेहनतकासाथ असल अभ्यासहरूको संकलन र सम्पादन कार्य गर्नुहुने महासंघ कार्यालयका सबै कर्मचारीमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यस प्रकाशनका लागि आ-आफ्ना पहल र अभ्यासको जानकारी एवं तस्विरहरू पठाइदिनुहुने सम्पूर्ण गाउँपालिकाका पदाधिकारीप्रति महासंघ हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

हामीलाई थप उत्साह प्रदान गरी यस प्रकाशनमा शुभकामना मन्तव्य राखिदिनु भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय हृदयष त्रिपाठीप्रति हार्दिक आभार व्यक्त गर्दछौं। संकलित असल अभ्यासहरूको अध्ययन गरी थप सुधारको लागि सिभिक एलायन्स फर लोकल डेमोक्रेसीको तर्फबाट नियमित रुपमा परामर्श एवं सुझाव प्रदान गर्नुहुने कृष्णप्रसाद सापकोटा, डा. सोमलाल सुवेदी, डा. श्यामकृष्ण भुर्तेल र लक्ष्मण पाण्डेप्रति आभारी छौं।

प्रस्तुत अवधारणालाई सहजै स्वीकार गरी असल अभ्यास संलकन तथा सम्पादन गर्न द एशिया फाउण्डेशन र प्रकाशन गर्न CD-SG कार्यक्रम मार्फत GiZ को सहयोग प्रति हार्दिक आभारी छौं साथै सदाझैं महासंघको गतिविधिमा सहयात्रीको रूपमा अपेक्षा राख्दछौं। साथै महासंघले आगामी दिनमा यस प्रकारको अभ्यासको समीक्षा गरी स्थानीय सरकारहरूले सम्पादन गरेका अनुकरणीय कार्यहरूको विभिन्न माध्यमद्वारा प्रचारप्रसार गर्ने र एक अर्काको अनुभव र सिकाइ आदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइरहने छ।

विषय क्षेत्र १

संस्थागत सुदृढीकरण सेवा प्रवाह र अन्तरसरकार समन्वय

स्थानीय सरकार (गाउँपालिका) ले बितेका तीन वर्षमा आफ्नो शासकीय क्षमता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्राथमिकता दिएका छन्। नेपाल सरकारले तोकिदिएको कतिपय गाउँपालिकाको केन्द्रमा कुनै भौतिक पूर्वाधारहरू थिएन जहाँ टेण्ट गाडेर जनप्रतिनिधिले सेवा सुरु गरेका थिए। एकिकृत सेवा प्रवाहको लागि गाउँपालिकाको प्रशासनिक तथा वडा कार्यालयका भवन निर्माणको लागि जग्गा व्यवस्थापन, भवन निर्माण र भवनमा आवश्यक फर्निचर, फर्निसिङ, कम्प्युटर तथा सूचना प्रविधिको व्यवस्थापन गरे। गाउँपालिकाको प्रशासनिक भवन, सेवा केन्द्रका भवन तथा वडा कार्यालयका भवन निर्माणको लागि जग्गा प्राप्ति जटिल विषय हुँदाहुँदै पनि जग्गा व्यवस्थापन र भवन निर्माण गर्न केही गाउँपालिकाहरूले गरेका अनुकरणीय अभ्यासहरूलाई यस भागमा समावेश गरिएको छ। नागरिकबाट निशुल्क रूपमा जग्गा प्राप्त गरी नुवाकोटको शिवपुरी गाउँपालिकाले १६ महिनामा नै ४ करोडको २८ कोठे प्रशासनिक भवन निर्माण गरी सेवा सुरु गरेको छ। अधिकाँश गाउँपालिकाहरूमा आफ्नो प्रशासनिक भवन र वडा कार्यालयका भवनहरू निर्माणाधिन रहेका छन्।

संविधान र संघीय कानुन बमोजिम स्थानीय सरकारमा प्राप्त एकल तथा साझा अधिकारहरूको कार्यान्वयन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पर्ने न्युनतम कानुनी प्रबन्ध गर्न गाउँपालिकाहरूले यसबीचमा धेरै प्रयास गरेका छन्। पदवहाली गर्दा स्थानीय तह सञ्चालन आदेश २०७४ मात्र थियो। संविधानले तीन तहको सरकारको व्यवस्था गरेसँगै स्थानीय सरकारलाई कार्यपालिकीय, व्यवस्थापिकीय र सीमित न्यायिक अधिकार प्रदान गरेको छ। यस अवधिमा गाउँसभाले एकल र साझा अधिकार कार्यान्वयनको लागि कानुन (ऐन) हरू तर्जुमा गरेको छ। सभाबाट जारी ऐनको आधारमा कार्यपालिकाले नियमावली, निर्देशिका तथा कार्यविधिहरू जारी गरेका छन्। यस प्रकाशनमा गाउँसभा सञ्चालनका नवीन अभ्यास र विधायिकी अधिकारअनुसार जारी भएका कानुनहरूका केही असल अभ्यासहरूलाई प्रतिनिधिमूलक अभ्यासको रूपमा प्रस्तुत गरिएको छ।

सभाबाट गठन हुने सार्वजनिक लेखा समितिलगायत प्रदेश कानुनले तोकेका समितिहरू गठन भै कृयाशिल रहेका छन्। संविधान, संघीय कानुनले व्यवस्था गरेका र कार्यपालिकाबाट गठन भएका विषयगत समितिहरूको कृयाशिलताका सम्बन्धमा गाउँपालिकाबाट भएका केही उदाहरणीय कार्यलाई समेत प्रतिनिधिमूलक कार्यको रूपमा यहाँ समेटिएको छ। न्यायिक समितिका उदाहरणीय केही कार्यलाई असल अभ्यासको रूपमा यहाँ स्थान दिइएको छ।

गाउँपालिकामा जनप्रतिनिधि वहाल हुने वितिक्कै आ-आफ्ना प्रोफाइल तयार गर्ने, वार्षिक, अल्पकालिन, दीर्घकालिन, रणनीतिक तथा क्षेत्रगत योजनाहरू तर्जुमा गरेर योजनाबद्ध विकासमा केन्द्रित भएका छन्। गाउँपालिका राष्ट्रिय महासंघले गरेको सर्वेक्षणअनुसार ४ सय ६० गाउँपालिका मध्ये २० प्रतिशत अर्थात करिब ९२ वटा गाउँपालिकाले आवधिक वा एकिकृत विकास योजना तर्जुमा गरिसकेका छन्। बाँकी गाउँपालिकाले पनि यस कार्यलाई प्राथमिकतामा राखेर काम गरिरहेका छन्। कुनै एक विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना तर्जुमा गर्ने गाउँपालिका २८ प्रतिशत रहेका छन्। विभिन्न विषय क्षेत्रमध्ये सडक तथा यातायात गुरुयोजना, पर्यटन विकास गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना, कृषि विकास गुरुयोजना, जल उपयोग गुरुयोजना तथा गाउँ शिक्षा योजनाहरू तर्जुमा गरिएका छन्। गाउँपालिकाको नीति तथा कार्यक्रम र वजेट विनियोजनमा सहभागितात्मक योजना तर्जुमा प्रकृयाको अवलम्बन गरी आवश्यकताहरूको प्राथमिकिकरण गर्ने कार्यलाई संस्थागत गरेका छन्।

संविधानले नै स्थानीय सरकारलाई राजश्वका अधिकार क्षेत्रहरू तोकिदिएको छ र स्थानीय सरकार संचालन ऐन २०७४ ले यसलाई थप परिभाषित गरेको छ। गाउँपालिकाहरूले राजश्वका विद्यमान अधिकारहरूको प्रयोग गरी आन्तरिक आय वृद्धि गर्न अनेकौ उपाय र प्रयासहरू गरेका छन्। ती मध्ये केही अनुकरणीय प्रयासहरूलाई यहाँ प्रतिनिधिमूलक कार्यको रूपमा समावेश गरिएको छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आन्तरिक प्रशासनिक संरचना प्रभावकारी बनाउने, कर्मचारी व्यवस्थापन र क्षमता अभिवृद्धि बनाउने कार्यमा गाउँपालिकाले विभिन्न प्रयासहरू गरिरहेका छन्। स्थानीय शासन व्यवस्थालाई सुशासन र पारदर्शिता कायम गर्न विभिन्न अनुकरणीय अभ्यासहरू भैरहेका छन्।

दुई वा दुई भन्दा बढी स्थानीय सरकारसँग प्रत्यक्ष सरोकार राख्ने आयोजनाहरूको कार्यान्वयनमा अन्तर स्थानीय सरकार समन्वय आवश्यक हुन्छ। अन्तर स्थानीय सरकार समन्वयमा भएका केही अभ्यासहरूलाई यहाँ प्राथमिकता दिइएको छ। यसैगरी अन्तर तह सरकार (संघ, प्रदेश र स्थानीय) को साझेदारीमा सम्पादन भएका केही कार्यहरूलाई प्रतिनिधिमूलक अभ्यासको रूपमा यहाँ उल्लेख गरिएको छ।

समग्रमा यो भागमा गाउँपालिकाको शासकीय कार्यलाई प्रभावकारी बनाउन आवश्कय भौतिक, कानुनी तथा संस्थागत क्षेत्रमा गरिएका असल र अनुकरणीय अभ्यासलाई प्रतिनिधिमूलक अभ्यासलाई समावेश गरिएको छ जसको अध्ययन वा सूचनाले अन्य स्थानीय सरकारलाई सन्दर्भ सामग्री बन्ने अपेक्षा गरिएको छ।

शिवपुरी गाउँपालिका, नुवाकोट

आधुनिक भवनबाट एकिकृत सेवा सुरु

सामान्य घर भाडामा लिएर सेवा सुरु गरेको शिवपुरी गाउँपालिकाले आफ्नो तीन वर्षे कार्यकालमा सुविधासम्पन्न भवनबाट सेवा दिन सुरु गरेको छ। सिंहदरवारकै झल्को दिने यस भवनमा २८ ओटा कोठाहरू छन्, जहाँ सबै शाखा तथा एकाईहरू सजिलै अटाएका छन्।

करिब ४ करोडको लागतमा निर्माण भएको यो भवनको निर्माण अवधि २ वर्षको भएता पनि १६ महिनामा नै सम्पन्न गरी हस्तान्तरण गरेको छ। तोकिएको अवधि अगावै निर्माण सम्पन्न गरेकामा सम्बन्धीत निर्माण व्यवसायीले करिब २४ लाख बोनस पाउने भएको छ। सुरुमा केही समय जग्गा व्यवस्थापन गर्न समय लाग्यो। जग्गादाताहरूबाट करिब साढे चार लाख पर्ने जग्गा निशुल्क रूपमा प्राप्त भएपछि भवन निर्माण प्रकृया सुरु गरेको थियो।

१२ ओटा स्थानीय तह रहेको नुवाकोटमा यो नै पहिलो सुविधा सम्पन्न प्रशासकीय भवन भएको अध्यक्ष रामकृष्ण थापाको दावी रहेको छ। ८ ओटा वडा रहेको यस गाउँपालिकामा २ ओटा वडा कार्यालय भवन निर्माण भैसकेको छ भने ३ वटा निर्माणाधिन छन् र २ वटा यसै आ.व.मा निर्माण गरिसक्ने योजना रहेको छ। गाउँपालिकाको मुख्य प्रशासकीय भवनसँगै प्राथमिक स्वास्थ्य केन्द्रको पनि बेग्लै सुविधासम्पन्न भवन निर्माण हुँदैछ।

स्थानीय सरकारले प्रभावकारी सेवा प्रवाह गर्न उचित भौतिक पूर्वाधार र वातावरण हुनु पर्दछ। शिवपुरीले छोटो अवधिमा अत्याधुनिक सुविधा सम्पन्न यो भवनको निर्माण अन्य गाउँपालिकाहरूको लागि पनि अनुकरणीय हुन सक्दछ।

चुरे गाउँपालिका, कैलाली

चुरेको प्रशासनिक भवन उत्कृष्ट

चुरे गाउँपालिकाले आफ्नै प्रशासनिक भवनबाट सेवा दिन सुरु गरेको छ। ४५ कोठे आधुनिकसुविधा सहितको यो भवन अपाङ्गमैत्री रहेको छ। २०७५ भदौमा ठेक्का सम्झौता भई निर्माण थालेकोमा तोकिएको समयावधिभन्दा एक महिना अघि नै निर्माण सम्पन्न गरी हस्तान्तरण भएको थियो।

भवन निर्माणका लागि गाउँपालिकाबाट ४ करोड १७ लाख र जिल्ला समन्वय समिति कैलालीबाट १ करोड विनियोजन भएको थियो। सभाहल, बैठक कक्षहरू र गाउँपालिकाका जनप्रतिनिधि र सबै शाखाहरूलाई आवश्यक पर्ने न्यूनतम कोठाहरू सहित डिजाइन गरिएको यो भवन सुदुरपश्चिम प्रदेशका गाउँपालिकामा बनेका प्रशासकीय भवनहरू मध्ये उत्कृष्ट रहेको चुरे गाउँपालिकाले दावी गरेको छ।

'हामी निर्वाचित भएर आउने वितिक्कै प्रशासनिक भवन निर्माण प्रकृया थालनी गरेका थियौं।' गाउँपालिकाका अध्यक्ष धनबहादुर रोकामगरले भन्नुभयो 'निर्माण व्यवसायीको इमान्दारिता, प्राविधिकको लगनशिलता र जनप्रतिनिधिको निगरानीले समयभन्दा अगावै भवन निर्माण सम्भव भयो।' यसै गरी वडा नं. ६ मा १ करोड ६० लाखको लागतमा वडा कार्यालयको भवन निर्माण सम्पन्न भएको छ भने चालू आवमा वडा नं १ र ५ मा वडा कार्यालय निर्माण सम्पन्न हुँदैछ।

थाक्रे गाउँपालिका, धादिङ

संस्थागत विकास स्वमूल्याङ्कनमा थाक्रे गाउँपालिका उत्कृष्ट

स्थानीय सरकारको संस्थागत विकास स्वमूल्याङ्कन गर्ने प्रकृयामा सहभागि २० वटा गाउँपालिका मध्ये धादिङको थाक्रे गाउँपालिकाले उत्कृष्ट अङ्क प्राप्त गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको स्थानीय सरकार संस्थागत विकास स्वमूल्यांकन (Local Government Institutional Self-Assessment LISA) नमुना कार्यविधिबमोजिम पहिलो चरणमा २८ नगरपालिका र ९ गाउँपालिकामा परीक्षण गरिएको थियो। स्थानीय सरकारहरूको काम कारबाहीको प्रक्रिया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास र सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरूको बीचमा तुलनायोग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराउन स्वमूल्याङ्कनको पद्दती लागु गरेको हो।

LISA कार्यविधिअनुसार स्थानीय सरकारका स्वामूल्याङकनका विषयत क्षेत्रहरू १० ओटा रहेका छन्। जहाँ (१) शासकीय प्रवन्ध, (२) संगठन तथा प्रशासन, (३) वार्षिक बजेट तथा योजना ब्यवस्थापन र (४) वित्तीय एवं आर्थिक ब्यवस्थापन क्षेत्र रहेका छन्। त्यसैगरी (५) सार्वजनिक सेवा प्रवाह, (६) न्यायिक कार्य सम्पादन, (७) भौतिक पूर्वाधार, (८) सामाजिक समावेशीकरण, (९) वातावरण संरक्षण तथा विपद व्यवस्थापन र (१०) सहकार्य र समन्वय रहेका छन्।

कार्यविधिअनुसार मूल्याङकन गर्दा समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थिति गरी तीन तहमा गरिनेछ जसको कुल अङ्कभार १०० रहनेछ। ९ ओटा गाउँपालिकामा परीक्षणको रूपमा गरिएको मूल्याङकनमा उत्कृष्ट देखिएका तीन गाउँपालिकामा क्रमशः थाक्रे (धादिङ) ७३.३७ अंक, छत्रदेव (अर्घाखाँची) ७१.०२ अङ्क र ज्वालामुखी (धादिङ) ७०.३० अंक प्राप्त गरेका थिए।

वार्षिक रूपमा गरिने स्वमूल्याङ्कनमा उत्कृष्ट नतिजा ल्याउन गाउँपालिका र नगरपालिकालाई मन्त्रालयले पुरस्कृत गर्ने व्यवस्था कार्यविधिमा उल्लेख गरिएको छ।

जुगल गाउँपालिका, सिन्धुपाल्चोक

गाउँपालिकाको कार्यालय र व्यवस्थित वस्ती बसाल्न 'ल्याण्ड पुलिङ'

गाउँपालिको कार्यालय निर्माण र वरिपरि व्यवस्थित वस्ती विकासका लागि जग्गा एकिकरण (ल्याण्ड पुलिङ) गरी व्यवस्थित वस्ती बसाल्ने कार्य भइरहेको छ। गाउँपालिका केन्द्र तोकिएसंगै हुनसक्ने अव्यवस्थित वस्ती विस्तारको सम्भावनालाई न्यूनिकरण गर्न जग्गा एकिकरण गरिएको हो। वडा नं ५ चनौटेमा पालिका सदरमुकामको लागि करिव ४ सय रोपनी जग्गा मध्ये स्थानीय जग्गाधनीहरूले गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि निःशुल्क ४० रोपनी जग्गा प्रदान गरेका छन्।

गाउँपालिकाको लागि निःशुल्क जग्गा प्रदान गर्नु अघि उक्त क्षेत्रको सबै जग्गा स्थानीय 'जग्गा व्यवस्थापन समिति' का नाममा पास गरिएको छ। उक्त जग्गालाई विस्तृत इन्जिनियरिङ डिजाइन गरी सडक, खुल्लाक्षेत्र, पार्क लगायतका क्षेत्रमा विभाजन गरिएको छ। प्राकृतिक भूसंरचनामा धेरै खलल नपुऱ्याई जग्गा व्यवस्थापन गरी आवास क्षेत्रका लागि समेत छुट्याइएको छ। उक्त जग्गामा सार्वजनिक उपयोग कटाएर गाउँपालिकाले कम्तिमा ५० प्रतिशत नघट्ने गरी सम्बन्धित जग्गाधनीहरूलाई नै स्वामित्व फिर्ता गर्नेछ।

यस ल्याण्डपुलिङ क्षेत्रमा सडक, विद्युत, ढल, खानेपानी, इन्टरनेट लगायतका आधारभूत सेवा सुविधाको सुनिश्चितता गाउँपालिकाले गर्नेछ। हाल गाउँपालिकाको प्रशासकीय भवन निर्माण भइरहेको छ र वस्ती

विकासका लागि सडक पूर्वाधार निर्माणको कार्य पनि सँगसँगै भैरहेको छ। जग्गा एकिकरण गरी व्यवस्थित बजार निर्माण गर्न यो मोडेलको अभ्यासले अन्य गाउँपालिकाहरूको लागि पनि महत्वपूर्ण सिकाइ प्राप्त हुने देखिन्छ।

मिक्लाजुङ गाउँपालिका, पाँचथर

२ सय ५० रोपनी जग्गा गाउँपालिकाको नाममा निशुल्क प्रदान

गाउँपालिकाभित्र विभिन्न सरकारी पूर्वाधार एवं सार्वजनिक प्रयोजनको लागि स्थानीय नागरिकहरूले मिक्लाजुङ गाउँपालिकालाई २ सय ५० रोपनीभन्दा बढी जग्गा निशुल्क रूपमा उपलब्ध गराएका छन्। नागरिकको स्थानीय सरकारप्रतिको विश्वास कति छ ? भन्ने यो उदाहरणले नै पुष्टि गर्दछ।

गाउँपालिकालाई फरक फरक स्थानमा विभिन्न चरणमा गरेर ७० जनाले निशुल्क रूपमा यो जग्गा उपलब्ध गराएका छन्। एक जनाले २ रोपनी देखि १५ रोपनीसम्म जग्गा दान गरेका र उक्त जग्गाको बजार मूल्य प्रति रोपनी सरदर ५ लाखका दरले झण्डै १३ करोडभन्दा बढी मूल्य पर्ने गाउँपालिकाले जनाएको छ। त्यसैगरी गाउँपालिकाले नै असला माछा पालन गर्न २० लाखमा ४२ रोपनी जग्गा खरिद गरेको छ। अब गाउँपालिकाको नाममा करिब ३ सय रोपनीभन्दा बढी जग्गाको लालपुर्जा रहेको छ।

यसरी प्राप्त जग्गा गाउँपालिकाले विभिन्न सार्वजनिक पूर्वाधार निर्माण गर्न प्रयोग गर्नेछ।

रोपनी	निर्माण गरिने संरचना
१८ रोपनी	गाउँपालिकाको मुख्य प्रशासनिक भवन (करिब ६ करोडको लगानीमा लिफ्ट जडित आधुनिक भवन निर्माण भैरहेको छ)
११ रोपनी	ल्याण्डफिल साइट
२ रोपनी	१/१ रोपनीमा दुई वटा आर्यघाट
१५ रोपनी	कृषि अध्ययन केन्द्र र विउविजन उत्पादन केन्द्र सहितको कृषि कार्यालयको भवन निर्माण
७ रोपनी	हाट वजारः हाट वजार निर्माणको लागि प्रदेश सर कारले ५० लाख उपलब्ध गराएको।
७ रोपनी	अतिथी भवन (प्रदेश सरकारको सहयोगमा ३ करोड ८० लाखमा निर्माणाधीन)
१५ रोपनी	चिडियाखाना निर्माणः दमकबाट नजिक रहेको यस क्षेत्रमा चिडियाखाना निर्माण गर्ने र पर्यटक भित्राउने उद्देश्य रहेको। डिपिआर तयार गरिसकेको
४२ रोपनी	कृषि नमुना फर्मः ५ रोपनीमा असला जातको माछा पालन गर्न ४ वटा पोखरी निर्माण
१८ रोपनी	१५ वेडको अस्पतालः भवन निर्माण गर्न संघीय सर कारले २२ करोड वजेट स्वीकृत गरिसकेको छ
२ रोपनी	कवर्ड हल
१५ रोपनी	५ रोपनीमा मालपोत शाखा, ५ रोपनी नापी शाखा, ५ रोपनीमा आँखा अस्पताल
१५ रोपनी	बसपार्क निर्माण
बाकी जग्गा	विभिन्न वडा कार्यालय, स्वास्थ्य चौकी, खेलकुद मै दान आदी निर्माण

शैलुङ गाउँपालिका, दोलखा

जनप्रतनिधिको ४० लाख सुविधा कोरोना कोषमा जम्मा

धेरैतिर स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले कानुनवमोजिम प्राप्त गर्ने सुविधाका विषयमा पनि विभिन्न टिकाटिप्पणी भैरहँदा शैलुङका जनप्रतिनिधिले भने सुविधा वापत प्राप्त गर्ने रकम गाउँपालिकाको कोरोना रोकथाम कोषमा जम्मा गरिदिएका छन्।

गाउँपालिकाका सबै जनप्रतिनिधिहरूले आफूले प्राप्त गरेको सुविधा वापतको ४० लाख रकम कोरोना विशेष कोषमा जम्मा गर्नुभएको छ। असार १० गते भएको गाउँसभामा सम्पूर्ण ४२ जना जनप्रतिनिधिहरूले ८ महिनाको सबै सुविधा कोरोना नियन्त्रण तथा रोकथाम कोषमा जम्मा गर्ने निर्णय गर्नुभएको थियो। कोषमा संकलित रकम संक्रमितहरूको स्वास्थ्य उपचार, स्वास्थ्य सामग्री खरिद, स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन, क्वारेन्टाइन व्यवस्थापन लगायतमा खर्च गरिएको छ।

गाउँपालिकाको वजेट घटिरहेको सन्दर्भमा विनियोजित वजेट विकास निर्माणमा खर्च गर्ने र कोरोना नियन्त्रणको लागि आवश्यक अतिरिक्त खर्च जनप्रतिनिधिहरूले पाउने सेवा सुविधा बापतको रकमबाट जुटाउने निर्णय गरिएको छ। सामाजिक उत्तरदायित्व वहन गर्न शैलुङका जनप्रतिनिधिले गर्नु भएको योगदान र सहयोग सरहानीय रहेको छ।

ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

इन्द्रावतीको आवधिक योजना तयार

इन्द्रावती गाउँपालिका सिन्धुपाल्चोकले आफ्नो १५ वर्षे दीर्घकालिन योजनासहित प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। पञ्चवर्षीय योजना आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सम्मको लागि तयार गरेको छ भने आ.व. २०९०/९१ सम्मको लागि दीर्घकालिन योजनाको रुपमा लक्ष्य निर्धारण गरेको छ।

आवधिक योजनाले १५७ वटा सूचकहरूमा लक्ष्य निर्धारण गरेको छ। पञ्चवर्षीय योजनाले 'गाउँपालिका र यस अन्तर्गतका अन्य निकाहरूबाट प्रवाह गरिने सेवाको गुणस्तर बढाउँदै स्थानीय उत्पादनमा बृद्धि तथा व्यवसायिक संस्कारको विकास गरी ईन्द्रावती गाउँपालिकाबासीको हाल भएकोबाट बृद्धिगरी कम्तिमा पनि थप २५ प्रतिशत आर्थिक उन्नती प्राप्त गर्ने' लक्ष्य राखेको छ। योजनाले निर्दिष्ट गरेका कार्यक्रम तथा आयोजनाको लागि करिब १५ अरब लगानी आवश्यक गर्ने देखिन्छ।

हाल ३० प्रतिशत गरीवी रहेकोमा ५ वर्षमा २५ प्रतिशतमा झार्ने, सबै घरमा स्वच्छ खानेपानी धारा पुऱ्याउने, सरदर आयु ७२ वर्ष पुऱ्याउने, साक्षरता दर ९९ प्रतिशत पुरऱ्याउने जस्ता क्षेत्रगत सूचकहरू र सोको लक्ष्यहरू योजनाले निर्धारण गरेको छ। आवधिक योजनाले नागरिक अधिकार र सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाज निर्माण कार्यलाई गाउँपालिकाको प्रमुख कार्यसूचीमा राखेको छ।

योजनाले क्षेत्रगत सूचकहरूको कार्यान्वयन रणनीति, लागत तथा सरोकारवालाहरूको भूमिकालाई समेत समावेश गरेको छ। विज्ञहरूको सहयोगमा तयार पारिएको आवधिक योजनाको तर्जुमा प्रकृयामा वस्ती तथा वडास्तरबाट नै नागरिकहरूको चाहना र मागलाई प्राथमिकिकरण गरी समावेश गरिएको छ। पालिकास्तरमा विभिन्न विषयगत समितिहरूमा व्यापक छलफल, राजनीतिक दल तथा बुद्धिजिवीहरूसँगको परामर्श एवं सुझावलाई समेटिएको योजनाले गाउँपालिकाको समग्र विकासको स्पष्ट दिशानिर्देश गरेको अध्यक्ष वंशलाल तामाङले बताउनु भयो।

सिन्धुपाल्चोकका १२ वटा स्थानीय तहमध्ये आवधिक योजना तर्जुमा गर्ने इन्द्रावती पहिलो गाउँपालिका रहेको छ। महासंघले गरेको सर्वेक्षणअनुसार देशभरका ४६० गाउँपालिका मध्ये आवधिक योजना तर्जुमा गर्ने गाउँपालिकाको संख्या करिब ९२ मात्र रहेको देखाएको छ।

चन्द्रनगर गाउँपालिका, सर्लाही

चन्द्रनगरको आन्तरिक आम्दानीको श्रोत 'पोखरीका माछा'

स्थानीय सरकारको मुख्य आम्दानी आन्तरिक श्रोत हो जुन कर, शुल्क, महशुल र दस्तुरको रूपमा संकलन गर्न सकिन्छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन २९७४ ले आन्तरिक श्रोत संकलन गर्न पाउने क्षेत्रहरू स्पष्ट पारेको छ। यी मध्ये बहाल विटौरी शुल्क पनि एक हो। सार्वजनिक जग्गामा रहेका संरचना उपयोग गरेवापत गाउँपालिकाले वहाल विटौरी शुल्क उठाउन पाउँछ। तराई क्षेत्रमा प्रशस्त मात्रामा सार्वजनिक पोखरीमा माछा पालन गर्ने प्रचलन छ। जहाँबाट स्थानीय सरकारले बहाल विटौरी शुल्क संकलन गरेर आन्तरिक श्रोत वृद्धि गरिरहेको हुन्छ।

चन्द्रनगर गाउँपालिकाको प्रमुख आन्तरिक श्रोत पनि नदी ताल र अन्य पोखरीमा लगाइने ठेक्का नै हो जहाँबाट गत आ.व.मा करिब १ करोड ६५ लाख आम्दानी भएको थियो।

गाउँपालिकाको वडा नं. ६ र ७ मा करिब ३४ विगाहा जमिन पानीले ढाकिएको र करिब १० विगाहा खाली भूभाग रहेको ताल छ। यो ताल यहाँको एक उत्कृष्ट पर्यटकीय गन्तब्यको रूपमा विकास भैरहेको छ जसलाई नेपाल सरकारले १ सय नयाँ उत्कृष्ठ पर्यटकीय गन्तब्यको रूपमा समेत घोषणा गरेको छ। यसको किनारमा आधुनिक चिल्ड्रेन पार्कको निर्माण सम्पन्न हुन गइरहेको छ भने भ्यू टावर, स्वीमिङ्ग पुल लगायतका पर्यटकीय पूर्वाधार निर्माण कार्य प्रदेश र संघीय सरकारसँगको साझेदारीमा भैरहेको छ। उल्लेखित पर्यटकीय पूर्वाधार विकास सम्पन्नपश्चात यो गाउँपालिकाको आन्तरिक आम्दानी उल्लेखनीय रूपमा वृद्धि हुने सम्भावना छ।

अन्तर स्थानीय सरकार समन्वय

साझा सवालमा मोरङका सबै स्थानीय सरकार एकै ठाउँमा

मोरङका १७ ओटै स्थानीय सरकारहरूले स्थानीय कानुन तर्जुमा, करका दर निर्धारण र असुली तथा ठेक्कापट्टाको विधिहरू अवलम्बन गर्न एक अर्कालाई सहयोग गर्ने उद्देश्यले समयसमयमा एकैठाउँमा बसेर छलफल गर्ने गर्दछन् । आफूले जारी गरेको कानुन र छिमेकी स्थानीय सरकारले जारी गरेको कानुनका प्रावधानमा धेरै फरक पर्दा कार्यान्वयनमा चुनौती देखियो । करका दर र दायरामा एकरूपता नहुँदा असुलीमा समस्या देखियो । देखिएका चुनौतीहरूका साझा वहश र छलफलबाट समाधान गर्न र असल अभ्यासहरूको एक अर्काबीच आदान प्रदान गर्न यो संयन्त्र निकै प्रभावकारी भएको अनुभव कानेपोखरी गाउँपालिकाका अध्यक्ष ताराबहादुर काफ्लेको रहेको छ । अनौपचारिक फोरमको रूपमा २०७५ जेठ २१ गते गठन गरिएको यस संयन्त्रको बैठक प्रत्येक दुई महिनामा बस्दै आएको छ र हालसम्म ६ पटक बैठक बसिसकेको छ ।

कानुन तर्जुमाका सन्दर्भमा यो संयन्त्रमा धेरै छलफल गरिएको छ । गाउँपालिका राष्ट्रिय महासंघबाट पठाइएका नमुना कानुनहरूमा हाम्रो संयन्त्रमा धेरै छलफल गरियो र ती मध्ये धेरै कानुनहरू मोरङका सबै स्थानीय सरकारहरूले स्वीकृत गरेर कार्यान्वयन गरिरहेको अध्यक्ष काफ्लेले बताउनुभयो ।

यसका अलावा करका दर र दायरा निर्धारण गर्न, ठुला आयोजनाहरूको प्राथमिकिकरण र कार्यान्वयन तथा स्थानीय सरकारको शासन प्रकृयालाई प्रभावकारी बनाउन अनुभव आदान प्रदान गर्ने कार्य संयन्त्रको बैठकमा हुने गर्दछ । सबै स्थानीय सरकारहरूले आलो पालो गरेर बैठकको आयोजना गर्ने गर्दछन् । बैठकको एजेण्डा तयार गर्ने र बैठकको व्यवस्थापकीय कार्य गर्न वेलवारी नगरपालिकाका प्रमुख ज्ञानेन्द्र सुवेदीको संयोजकत्वमा ९ जनाको समिति पनि रहेको छ । अन्तर स्थानीय तह समन्वयको लागि मोरङमा गरिएको अभ्यास अन्य स्थानीय सरकारको लागि पनि अनुकरण योग्य हुने अपेक्षा गरिएको छ ।

कानेपोखरी गाउँपालिका, मोरङ

लागत साझेदारीमा आयोजना सञ्चालन गर्ने कानेपोखरीको नीति प्रभावकारी

स्थानीय तहमा हुने विकास आयोजनामा जनसहभागिता न्यून हुँदै गैरहेको चुनौतीपूर्ण सन्दर्भमा कानेपोखरी गाउँपालिकाले जनसहभागितालाई अझ प्रभावकारी बनाउन 'उपभोक्ता-पालिका साझेदारी कार्यक्रम' नै लागु गरेको छ ।

गाउँपालिकाले साझेदरी योजना सञ्चालन कार्यविधि २०७५ जारी गरी उपभोक्ताहरूको लागत साझेदारीबाट विभिन्न पूर्वाधार निर्माण गरिरहेको छ । कार्यविधि अनुसार सडक कालोपत्रे आयोजनामा गाउँपालिका र उपभोक्ताको क्रमश ६०% र ४०%, सिंचाई र बजार ढल निकास आयोजनाको लागि ८५% र १५% र कृषि क्षेत्रको लागि ९०% र १०% अनुपातको लागत साझेदारी हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी कार्यविधिले सामुदायिक विद्यालय भौतिक पूर्वाधारको लागि ९२% र ८%, नदी नियन्त्रणका आयोजनाको लागि ९३% र ७% र वन वातावरण, पर्यावरण र नर्सरी उत्पादनको लागि ९५% र ५% लागत साझेदारी रहने व्यवस्था गरेको छ । उपभोक्ताको लागत साझेदारी बापतको दायित्व नगदमा नै व्यहोर्नु पर्नेछ । आयोजना सञ्चालनको लागि सम्झौता गर्दा नै साझेदारी वापतको रकम गाउँपालिकाको खातामा जम्मा गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ । लागत साझदारी अन्तर्गत आ.व. २०७५/७६ मा १ करोड र आ.व. २०७६/७७ मा करिब ५० लाख बराबर नगद साझेदारी गाउँपालिकाले प्राप्त गरेको थियो भने यस रकमबाट सडक कालोपत्रे, ढल जडान तथा तटबन्द निर्माण जस्ता आयोजना सञ्चालन भएका थिए ।

समुदायस्तरका आयोजनाहरूमा लागत सहभागिता गर्ने कानेपोखरीको यो अभ्यास अनुकरणीय रहेको छ । शहरोन्मुख क्षेत्रका वस्तीहरूमा नागरिक सहभागिता बढाउन अन्य गाउँपालिकाहरूले यो अभ्यास गर्नु उपयुक्त देखिन्छ ।

रावावेशी गाउँपालिका, खोटाङ

पाँच वर्षमा पूरा गर्ने चुनावी वाचा तीन वर्षमै पुरा गरे रावावेशीका जनप्रतिनिधिले

निर्वाचनका समयमा मतदाता समक्ष अध्यक्षका प्रत्यासी लिलानाथ निरौलाको टोलीले पाँच वर्षभित्र सबै घरधुरीमा बिजुली बाल्ने र खानेपानीका धारा पुऱ्याउने बाचा गरेका थिए । तर उहाँको टोलीले जनताबीच गरेको त्यो बाचा तीन वर्षमा नै पूरा गरेर देखाए । 'हामी गाउँपालिकामा निर्वाचित भएर आउँदा करिब २० प्रतिशत घरमा मात्र बिद्युतीकरण भएको थियो तर आज सबै घरमा बिजुली पुगेको छ ।' चुनावी बाचा सम्झदै अध्यक्ष निरौलाले भन्नुभयो 'म त्यस अघि पनि सामुदायिक बिद्युतीकरणको अभियानमा लागेको हुनाले छिटो काम गर्न सहज भयो ।'

कुल २६ सय ५३ घरधुरी रहेको रावावेशीमा अहिले सबै घरमा केन्द्रिय प्रसारण लाइन पुगेको छ । सामुदायिक बिद्युतीकरण कार्यक्रम अन्तर्गत १० प्रतिशत गाउँपालिकाले व्यहोरेपछि ९० प्रतिशत नेपाल सरकारबाट लगानी हुने भएकाले गाउँपालिकाको करिब ६० लाखमात्र यस क्षेत्रमा लगानी गर्दा पनि पुरै घरपरिवारमा बिद्युत पुऱ्याउन सफल भएको हो । पहिला गाडिएका काठको पोल विस्थापित गरेर पुरै स्टिलका पोल गाडिएको छ ।

योजनाबद्ध विकास र नतिजामा आधारित योजना तर्जुमा प्रकृयाले विकासका उपलब्धिको सहजरूपमा मापन गरी आफ्नो कार्यकालको उपलब्धीको तथ्यांक प्रस्तुत गर्न रावावेशी सफल हुँदैछ ।

चोबिसे गाउँपालिका, धनकुटा

गाउँसभामा संसद कै झझल्को

सभाध्यक्षको आगमनको संकेत भएपछि हलमा सबैजना उठ्छन् र अध्यक्षको आसनग्रहणसँगै सबै जना बस्छन्। सभाका सचिवले अध्यक्षलाई बैठक सञ्चालन गर्न वाचनपत्र उपलब्ध गराउँछन्। अध्यक्षले सभाको बैठक प्रारम्भ भएको जानकारी गराउँदै कार्यसूची सुनाउँछन्। निर्धारित कार्यसूचीअनुसार पालैपालो छलफल र निर्णय हुन्छ। कार्यसूचीमाथिको कारवाही समाप्त भएकाले सभाको अर्को बैठकको मिति तय गर्दै बैठक स्थगित हुन्छ। अध्यक्ष उठ्दै गर्दा सबैजना उठ्छन् र अध्यक्ष पछि पछि बाहिरिन्छन्।

चोबिसे गाउँपालिकाको गाउँसभाको बैठक अवलोकन गर्दा संसद कै बैठकको झझल्को आउँछ। संविधानले गाउँसभाको बैठक सञ्चालन प्रकृया प्रदेश कानुनले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्थाअनुसार प्रदेश १ ले दुई वर्ष पहिले नै सभा सञ्चालन र कानुन निर्माण प्रकृयासम्बन्धी कानुन जारी गरेको छ। 'हामीले प्रदेश कानुनमा उल्लेखित् सबैजसो प्रकृयाहरू अवलम्बन गरेर नै सभाको बैठक सञ्चालन र कानुन निर्माण गर्दछौं।' उपाध्यक्ष यज्ञकुमारी रुचालले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो सभा र कार्यपालिकाबाट गठित समितिहरूको कृयाशिलता, विधेयकको तयारी, सभामा पेश, छलफल, संशोधन, पारित, प्रमाणिकरण र राजपत्रमा प्रकाशित जस्ता प्रकृयाहरू अवलम्बन गरिरहेका छौं।

गाउँपालिका राष्ट्रिय महासंघको सहजीकरणमा गत फागुनमा धनकुटाको चार ओटै गाउँपालिकाका जनप्रतिधिहरूलाई चौविसेमा सञ्चालन गरेको दुई दिने सभा सञ्चालन सम्बन्धी अभ्यास कार्यशालाले संविधान र प्रदेश कानुनबमोजिम सभा सञ्चालन गर्न झनै सहज बनाएको उहाँहरूको अनुभव रहेको छ। **गाउँसभाहरू पहिला हुने गाउँ परिषद्मा मात्र सीमित भएको, संविधान र प्रदेश कानुनले तोकेका प्रकृयाहरू अवलम्बन नभएका कारण स्थानीय तहले सरकारको आकार लिन नसकेको र जारी कानुनहरूमा पनि परिपक्वता नभएको टिप्पणी आइरहेका छन्।** हाल संविधानको धारा २२६ र २२७ बमोजिमका सभा सञ्चालन प्रकृया र सभाबाट कानुन निर्माण प्रकृयासम्बन्धी दुईओटा कानुन प्रदेश नं २ बाहेक सबै प्रदेशहरूले डेढ वर्ष अघिनै जारी गरिसकेका छन्।

बरेङ गाउँपालिका, बागलुङ

सेवा प्रवाहलाई प्रभावकारी बनाउनः 'बरेङ असल राष्ट्रसेवक सम्मान'

गाउँपालिका भित्र कार्यरत कर्मचारी वर्गमा आफ्नो पदीय दायित्वप्रति अझैबढी जिम्मेवार बनाउदै कर्मचारी वर्गलाई प्रोत्साहित गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले बरेङ गाउँपालिकाले 'बरेङ असल राष्ट्रसेवक सम्मान' कार्यको थालनी गरेको छ। गाउँपालिकाले प्रबाह गर्ने सेवालाई छिटो, छरितो, प्रभावकारी हुने र सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारी वर्गमा थप उर्जा प्राप्त हुने गाउँपालिकाले अपेक्षा गरेको छ।

केन्द्रिय स्तरमा सञ्चालन निजामती सम्मान पुरस्कारको संख्या र मापदण्डलाई आधार मानी बरेङ असल राष्ट्रसेवक सम्मान कार्यक्रमको थालनी गरेको। आ.व. ०७६/७७ मा पहिलो पटक शुरु गरेको यो अभ्यासमा सर्वोत्कृष्ट राष्ट्रसेवक सम्मान १ जनालाई, उत्कृष्ट राष्ट्रसेवक सम्मान २ जनालाई र राष्ट्रसेवक सम्मान ३ जनालाई प्रदान गरिएको छ। सम्मान हुने कर्मचारीलाई सम्मानपत्रको साथै क्रमश १५ हजार, १० हजार र ५ हजार रुपैया प्रोत्साहन स्वरुप प्रदान गरिएको छ। अध्यक्ष कृष्णप्रसाख शर्माका अनुसार कर्मचारी पुरस्कृत गर्ने कार्यलाई हरेक वर्ष निरन्रता दिइनेछ। यस कार्यक्रममा निजामती कर्मचारीका लागि मात्र नभई अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीलाई पनि समावेश गरिन्छ। कर्मचारी वर्गलाई तलव सुविधाले मात्र नभई उनीहरूलाई सो वर्गले दिन सक्ने शतप्रतिशत नतिजा दिनका लागि प्रोत्साहित गर्न यो कार्यले सघाउ पुगेको छ।

मोरङ

संयुक्त रूपमा ठुला आयोजना सञ्चालन गर्दै मोरङका ६ ओटा स्थानीय सरकार

उत्तरी मोरङका ६ ओटा स्थानीय सरकारहरूले साझा महत्व राख्ने ठुला आयोजनाहरू संयुक्त रूपमा सञ्चालन गर्न समझदारी गरी कार्यप्रारम्भ गरेका छन्। सार्वजनिक निजी साझेदारी (पिपिपि) अवधारणामा बारुण यन्त्र सञ्चालन, १० मेघावाटको सौर्य उत्पादन र एकिकृत फोहोरमैला व्यवस्थापनमा कार्यगर्ने गरी समझदारी गरेका हुन्।

छ ओटा स्थानीय सरकारहरूमा चारओटा नगरपालिका (बेलबारी, सुन्दरहरैचा, पथरी शनिश्चरे र लेटाङ) तथा दुईओटा गाउँपालिकाहरू (कानेपोखरी र केरावारी) र उदयपुरमा रहेको लिब्रा टेक्नोलोजी प्रा.लि. बीच उल्लेखित तीनओटा आयोजना सञ्चालन गर्न हालै समझदारी (MoU) गरिएको छ।

बारुण यन्त्र व्यवस्थापन र सञ्चालनसम्बन्धी समझदारी

समझदारी अनुसार लिब्रा टेक्नोलोजी प्रा.लि.ले क्यानडामा रहेको आइएनजिओको सहयोगमा ६ ओटा अत्याधुनिक वारुणयन्त्र उपलब्ध गराउनेछ। बारुणयन्त्रलाई सम्बन्धित् स्थानीय तहसम्म ढुवानी गर्न र बीमामा लाग्ने खर्च स्थानीय सरकारले व्यहोर्नुपर्नेछ। ढुवानी तथा बीमा प्रयोजनमा एउटा वारुणयन्त्रलाई सरदर १५ देखि २० लाखसम्म लाग्ने अनुमान गरिएको छ। फायर स्टेशन छओटै स्थानीय तहको बीच भागमा पर्नेगरी सुन्दरहरैचा नगरपालिकामा सबै बारुण यन्त्र राखिनेछ र एउटै व्यवस्थापनमा सञ्चालन गरिनेछ। व्यवस्थापन, रेखदेख र सञ्चालन खर्च सबै स्थानीय सरकारले बराबर व्यहोर्ने गरी सहमति भएको छ। सम्भवत २०२१ भित्र बारुण यन्त्र ल्याइसक्ने योजना रहेको छ।

एकिकृत फोहोरमैला व्यवस्थापन

छओटा स्थानीय सरकार र लिब्रा टेक्नोलोजी प्रा.लि.सँग भएको समझदारीअनुसार बेलबारीमा फोहोरमैला प्रशोधन केन्द्र रहनेछ र जग्गाको व्यवस्थापन बेलवारी नगरपालिकाले गर्नेछ। करिब ७५ मे.टन. क्षमताको यो प्लान्टबाट मल र ग्याँस उत्पादन हुनेछ। नकुहिने फोहोर (प्लाष्टिक, टिन, फलाम जस्ता) बेग्लै बिक्री गरिनेछ। फोहोर संकलन केन्द्र सम्बन्धित् स्थानीय सरकारले निर्माण गर्नुपर्नेछ भने फोहोर उठाउने कामदेखि सम्पूर्ण जिम्मेवारी लिब्रा टेक्नोलोजी प्रा.लि.को हुनेछ।

सार्वजनिक निजी साझेदारी अवधारणाबमोजिम २५ वर्षको लागि सञ्चालन सम्झौता हुनेगरी कार्य अघि बढिरहेको छ।

१० मेगावाटको सौर्य उर्जा

१० मेगावाट उत्पादन क्षमता भएको सोलार प्यानलहरू राख्न करिब २ सय विघा (१५० हेक्टर) जमिनको आवश्यकता पर्ने यो परियोजनाको लागि जग्गा व्यवस्थापन केराबारी गाउँपालिका र लेटाङ नगरपालिकाले गर्ने सहमती भएको छ। १० मेगावाट सौर्य विद्युत उत्पादन लक्ष्य रहेकोमा छओटा स्थानीय तहमा करिब ४ मेगावाट खपत हुनेछ भने ६ मेगावाट विद्युत केन्द्रिय प्रसारण लाइनमा जोडी विक्री गर्ने लक्ष्य रहेको छ।

उल्लेखित परियोजनाहरू सफल भएमा अन्तर स्थानीय सरकार साझेदारी र सार्वजनिक निजी साझेदारीमा ठुला परियोजना सञ्चालन गर्न अन्य स्थानीय सरकारलाई पनि अनुकरण योग्य हुनेछ।

ताराखोला गाउँपालिका, बागलुङ

ताराखोलाको मध्यमकालिन खर्च संरचना तयार

आवधिक योजना र वार्षिक वजेटबीच तालमेल होस् भन्ने उद्देश्यले मध्यमकालिन खर्च संरचना तयार गरिन्छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले पनि संघ, प्रदेश र स्थानीय सरकारले मध्यमकालिन खर्च संरचना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरेको छ तर अधिकांश स्थानीय सरकार बजेटले तयार गरेका पाइँदैन।

ताराखोला गाउँपालिकाले भने जनप्रतिनिधि बहाल भएको ४ बर्ष लाग्दै गर्दा आ.व. २०७७/७८ बाट लागू हुनेगरी मध्यमकालिन खर्च संरचना तयार गरेको छ। यसले वार्षिक नीति तथा कार्यक्रम, बजेट र विभिन्न तहमा बनेका आवधिक योजनासँग तालमेल मिलाउँदा योजनाहरूको लक्ष्य पूरा हुने गाउँपालिकाको अपेक्षा छ।

बैजनाथ गाउँपालिका, बाँके

सभासदस्यको भुमिका बल्ल बुझ्यौं

गाउँसभाका सदस्यहरू गोपाल थारु र कनैया थारुले यस अगि कहिल्यैपनि सभामा बोल्नुभएन तर असारमा भएको वर्षे अधिवेशनमा दुवैजनाले निर्धक्ककासाथ सभामा आफ्नो धारणा राख्नुभयो ।

भूमिसरा थापा, वालकृष्ण आचार्य र नारायण थारुले पनि विगतको सभामा जस्तो प्रतिशोधको भावना नराखी सभाको मर्यादा राखेर अध्यक्षले निर्धारण गरेको समयमा आआफ्ना धारणाहरू राख्नुभयो ।

वैजनाथ गाउँसभाको पछिल्लो अधिवेशनका बैठकहरू अहिले प्रदेश ५ ले बनाइदिएको कानुनअनुसार सबै प्रकृयाहरू पूरागरी व्यवस्थित रूपमा हुने गर्दछ। सभामा शून्यसमयको प्रयोग, समसामयिक विषयमा छलफल, सार्वजनिक महत्वको प्रस्ताव कसरी राख्ने भन्ने विषयमा सबै जानकार छन् ।

सभाको हरेक बैठक संसदीय प्रकृयाबमोजिम सञ्चालन हुन्छ। अध्यक्ष मानबहादुर रुचाल ठकुरीले भन्नुभयो 'गाउँसभा पनि स्थानीय संसद हो । हामीले यसको मर्म र संविधान तथा प्रदेश कानुनले तोकेका सबै प्रकृया पूरागरेर बैठक चलाउँछौं ।'

सार्वजनिक लेखा समितिलगायत सभा र कार्यपालिकाबाट गठन भएका सबै समितिहरू कृयाशिल छन् । अझ लेखा समितिको सभापतिमा अध्यक्षको दलभन्दा फरकदलका सदस्यलाई छनौट गरिएको छ। वडागत रूपमा बजेट बाँडफाँट नगरी पाँचओटा विषयगत रूपमा सिलिङ तोकेर योजना तर्जुमा गरिन्छ।

गाउँपालिका राष्ट्रिय महासंघको सहजीकरणमा गतवर्ष गाउँसभा सञ्चालन र कानुन निर्माणसम्बन्धी २ दिने अभ्यास कार्याशालाका कारण सदस्यहरूमा आत्मविश्वास बढेको र सभाको गरिमा बढाउनुको साथै प्रभाकारी रूपमा सञ्चालन गर्न सघाउ पुगेको उपाध्यक्ष शारदा वि.क.को अनुभव रहेको छ। उहाँले भन्नुभयो "पहिले गर्ने सभाको बैठक र पछिल्ला बैठकहरूको रौनक नै फरक पऱ्यो। सदस्यहरूले आफ्नो भूमिकामा बल्ल गौरव गर्न थालेका छन् ।"

माछापुच्छ्रे गाउँपालिका, कास्की

न्यायिक समितिमा अब्बल बन्दै माछापुच्छ्रे गाउँपालिका

संविधानले स्थानीय सरकारलाई व्यवस्थापिकीय, कार्यपालिकीय र सीमित न्यायिक अधिकार दिएको छ। स्थानीय सरकारलाई निश्चित अधिकार सहितको जिम्मेवारी संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरिसकेपछि स्थानीय तहमा त्यसको प्रयोग र अभ्यास भैरहेको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले कर्मचारी अभाव, कार्यालय भवन, प्रशासकीय भवनको सीमितताको बीचमा पनि कर्मचारी सहितको न्यायिक शाखा नै स्थापना प्राप्त अधिकारको प्रभावकारी रुपमा सम्पादन गरिरहेको छ। त्यस शाखामा खटिने कर्मचारीले विवाद दर्ता, मेलमलिाप वा निरुपणमा लैजाने सम्बन्धी उपाध्यक्षसँग छलफल, मेलमिलाप वा पेसीको समय निर्धारण, त्यसको प्राविधिक तयारी, पक्षहरूलाई जानकारी गराउने, फैसला पश्चात त्यसको अभिलेखीकरण, निर्णय कार्यान्वयनको अवस्थासम्मको कार्य गर्दछन् ।

सवै वडामा कम्तीमा ३ जनाको दरले ४८ घण्टाको आधारभुत तालिम प्राप्त मेलमिलापकर्ताहरू तयार पारिएको छ। आर्थिक वर्ष २०७६/७७ मा २८ वटा विवाद दर्ता भई किनारा लागेकोमा आ व २०७७/७८ मा ३५ वटा विवाद दर्ता भएको छ। जसमध्ये १५ वटा मेलमिलापको माध्यमबाट समाधान भएको छ भने १९ वटा छलफलकै क्रममा रहेको छ। एउटा विवाद भने मिल्न नसकेर प्रतिवेदन सहित जिल्ला अदालत कास्कीमा पठाईएको छ। आफुले समाधान गरेका विषयहरूको कार्यान्वयनको अवस्था कस्तो छ भनेर बेलाबेलामा उपाध्यक्ष आफै उनीहरूको घरघरमा पुग्ने पनि गर्नुहुन्छ। सोही क्रममा गत आर्थिक वर्षमा कार्यान्वयन नभएका २ वटा विषयलाई उहाहरू दुवै पक्ष राखेर सहमत गराई कार्यान्वयन समेत गराउनुभएको छ।

सिरिजङ्गा गाउँपालिका, ताप्लेजुङ

सिरिजङ्घाका टोलः विकासका खोल

स्थानीय विकासमा नागरिकको प्रभावकारी परिचालन अहिले चुनौती बनिरहेको छ। नागरिकलाई समग्र विकासका गतिविधिमा परिचालन गर्ने उद्देश्यले टोल विकास समिति गठन गरी परिचालन गर्ने जुक्ति सिरिजङ्घाले अवलम्बन गरेको छ।

गाउँसभाबाट टोल विकास संस्था गठन तथा परिचालन ऐन, २०७६ जारी गरी सोही बमोजिम टोल विकास संस्थाहरू गठन तथा दर्ता गरी विकास निर्माणमा परिचालन गरिरहेको छ। ऐनबमोजिम प्रत्येक टोलमा एक घर, एक सदस्यको अवधारणाबमोजिम संस्थाको साधारण सदस्य रहने छन् र सोही साधारण सदस्यको भेलाले लोकतान्त्रिक विधिबाट पाँच जना पदाधिकारीसहित १३ जनाको कार्यकारी समिति चयन गर्नेछन्, जहाँ कम्तिमा पाँच जना महिला हुनुपर्ने छ।

साविकका गाविसका वडाहरूलाई नै टोलका रूपमा विभाजन गरेको छ, जहाँ अहिले ७२ वटा टोल विकास संस्थाहरू दर्ता भएका छन्। वडा अध्यक्षको रोहवरमा गठित संस्था सम्बन्धित् वडा र गाउँपालिकामा दर्ता तथा नवीकरण गर्नुपर्दछ। प्रत्येक २ वर्षमा बस्ने संस्थाको वार्षिक साधारण सभाले संस्थाको नयाँ कार्यकारी समिति गठन गर्नुपर्दछ। यी संस्थाहरूको मुख्य जिम्मेवारी सम्बन्धित टोलका भूगोलभित्रका आवश्यकता पहिचान, प्राथमिकिकरण र १० लाखभन्दा तलका आयोजनाहरू सञ्चालन गर्ने, टोलमा रहेका सबै आयोजनाहरूको रेखदेख तथा मर्मतसम्भार गर्ने रहेका छन्। सबै संस्थाको छुट्टै एक कोष हुने र कार्यालयले तोकेको बैंकमा खाता रहने छ। वर्षमा उत्कृष्ट कार्य गर्ने तीनवटा संस्थालाई क्रमश १ लाख, ७५ हजार र ५० हजार नगदसहित पुरस्कृतसमेत गरिन्छ।

संस्थाको कोषको लेखापरीक्षण कार्यालयले तोकेको

लेखापरीक्षकबाट गराउनु पर्ने समेत व्यवस्था ऐनले गरेको छ। ऐन विपरीत कार्य गर्ने टोल विकास संस्थाको कार्यकारी समितिलाई सम्बन्धित् वडा समितिको सिफारिसमा निर्देशक समितिले निलम्बन वा खारेजीसमेत गर्न सकिने व्यवस्था प्रष्ट गरेको छ।

टोल विकास संस्था सम्बन्धी गाउँपालिकाको यो अभ्यास मुलुककै पहिलो अभ्यास हुन सक्ने अध्यक्ष टीकाराम गुरुङको दावी रहेको छ। चालु आ.व.को नीति तथा कार्यक्रम कार्यान्वयनमा मुख्य भूमिका यिनै संस्थाहरूलाई दिइएको छ। हाम्रो विकासको मेरुदण्ड यिनै टोल विकास संस्थाहरू हुन्। अध्यक्ष गुरुङले थप्नुभयो "यी संस्थाहरूलाई प्रशिक्षित गरेर इमान्दारीकासाथ गाउँको विकासमा लाग्न प्रेरित गरिरहेका छौं। त्यसैले हामीले भनेका छौं सिरिजङ्घाको टोलः विकासको खोल।"

विकासमा नागरिक परिचालनको सन्दर्भभमा सिरिजङ्घाको यो प्रयास अन्य स्थानीय सरकारको लागि पनि अनुकरणीय हुन सक्दछ।

राक्सिराङ गाउँपालिका, मकवानपुर

वडावडामै गएर आयोजना सम्झौता

गाउँघरमा सरकारको अनुभूति दिलाउन गाउँपालिकाले घरदैलोमै पुगेर सेवा दिने गरेको छ। विकास निर्माणका आयोजनाहरूको वडावडामा पुगेर उपभोक्ता समितिहरूसँग सम्झौता गर्ने गरेको छ। विशेषगरी दुर्गम वडाहरूमा अध्यक्षको नेतृत्वमा प्रशासनिक र प्राविधिक कर्मचारीसहितको टोली वडामा नै गएर सम्झौता गर्ने गरेको छ।

अहिलेसम्म करिब २ सय वटा आयोजना वडामा नै पुगेर सम्झौता गरिएको छ जसले गर्दा विकट ठाउँको वडाबाट सम्झौता गर्न घण्टौ धाएर गाउँपलिकासम्म आउने समय, खर्च बचत भएको छ। गाउँगाउँमा सिंहदरबार पुगेको अनुभूति दिलाउन र आयोजनाको सम्झौता गर्न पनि सहज हुने उद्देश्यका साथ यो अभियान सञ्चालन गरेको गाउँपालिकाका

अध्यक्ष राजकुमार मल्लले बताउनुभयो। गाउँमा नै पुगेर सम्झौता गर्दा विकास निर्माणको काम पनि पारदर्शि हुने र नागरिकलाई तत्काल आवश्यक परेका सेवाहरू उपलब्ध समेत गराइएको छ।

कालिन्चोक गाउँपालिका, दोलखा

समृद्ध कालिन्चोकको लागि "विकास शिविर"

हाम्रो संघीय प्रणालीमा गाउँगाउँमा सिंहदरवार भनिएता पनि उच्च पहाडी क्षेत्रमा एउटा वडाबाट गाउँपालिकाको केन्द्रमा सेवा लिन जान जिल्ला सदरमुकाम गएजस्तै टाढा हुने गर्दछ। यही भएर सेवाग्राहीहरूलाई घरदैलोमा नै पुगी सेवा दिने उद्देश्यले कालिञ्चोक गाउँपालिकाले नियमित रूपमा 'विकास शिविर' सञ्चालन गर्दै आएको छ।

शिविरमार्फत गाउँपालिकाको टोली वडा केन्द्रहरूमा गई गत आ.व.को समीक्षा, चालु आ.व.का आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनको लागि उपभोक्ता समितिहहरू गठन, अभिमुखिकरण तथा सम्झौता जस्ता कार्य वडास्तरमा नै गर्ने गरेको छ। शिविरमा वार्षिक खरिद योजना तथा आयोजना सञ्चालन सम्बन्धी तालिम, जेष्ठ नागरीकहरूको स्वास्थ्य परीक्षण, कृषि तथा पशुसम्बन्धी प्राविधिक तथा परामर्श सेवा, बिउविजन वितरण जस्ता सेवाहरू पनि प्रदान गरिन्छ। 'समृद्ध कालिन्चोकको लागि विकास शिविर २०७६' नाम दिइएको यस अभियानमा चालू आ.व. को विकास शिविरमा २ सय ७४ वटा आयोजना तथा कार्यक्रमहरू सम्झौता भई प्रभावकारी कार्यान्वयनका

लागि अभिमुखीकरण गरिएको थियो भने वार्षिक खरिद योजनाको सम्पूर्ण विवरण वडा कार्यालयमा टाँस गरी सार्वजानिक गरिएको थियो।

यसप्रकारको विकास शिविरले गाउँपालिका कार्यालयदेखि टाढाका नागरिकहरूलाई सेवा लिन कार्यालयसम्म जानुपर्ने समय तथा खर्चको वचत हुने, प्रशासनिक सरलता हुने तथा नागरकिसँग प्रत्यक्ष अन्तरक्रिया गर्दा पालिकाको सेवा प्रवाह र आयोजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता आएको नेतृत्वको अनुभव रहेको छ।

मकवानपुरगढी गा.पा., मकवानपुर

जनप्रतिनिधिलाई महिनाको तीन दिन अनिवार्य श्रमदान

स्थानीय सरकारका जनप्रतिनिधिहरू सेवा सुविधामा मात्र केन्द्रित भएको आरोप लाग्ने गरेकोमा मकवानपुरगढी गाउँपालिकाका जनप्रतिनिधिहरूले भने महिनाको कम्तिमा तीन दिन जनश्रमदान गर्ने संस्कृतिको विकास गरेका छन्।

प्रत्येक जनप्रतिनिधिहरूले महिनाको कम्तिमा ३ दिन जनश्रमदान गर्नुपर्ने व्यवस्था दुई वर्ष अघिदेखि सुरु गरिएको हो र यो अभियानलाई "जनश्रमदान परिचालन कार्यविधि २०७५" बनाएर नै व्यवस्थित गरिएको छ। आफ्नो क्षेत्रमा थालिएका विकास निर्माण कार्यमा उपभोक्ता सँगसँगै श्रमदान गर्दा योजना अनुगमनमा पनि सहज भएको जनप्रतिनिधिसँग अनुभव रहेको छ।

जनप्रतिनिधिहरूको जनश्रमदान गर्ने परिपाटीले नागरिकहरूमा पनि थप उत्साह थपिदिएको छ। आफूले मतदान गरेको प्रतिनिधि आफैं श्रमदान गर्न फिल्डमा खटिएको देखेपछि नागरिकहरूमा पनि जनश्रमदान गर्ने संस्कृतिको विकास भएको छ। मकवानपुरगढीका जनप्रतिनिधिको यो अभ्यास अन्य क्षेत्रमा समेत अनुकरणीय हुन सक्दछ।

त्रिपुरासुन्दरी गा.पा., सिन्धुपाल्चोक

समग्र विकासमा एउटा वडाको प्रयास !

स्थानीय सरकारको तल्लो इकाइको रूपमा रहेको वडाको समग्र विकासमा वडाअध्यक्ष र वडा समितिको सकृयताले कति प्रभाव पार्दछ ? भन्ने उदाहरण धुस्कुन गाउँपालिका वडा नं. ३ सिन्धुपाल्चोकले देखाएको छ। वडाध्यक्ष सुकदेव रिसालको नेतृत्वमा रहेको वडासमितिले वडाको नियमित कार्यसञ्चालनको अलावा वडाको पाँचवर्षे समृद्धिको स्पष्ट मार्ग चित्र कोरेको छ र तोकिएको लक्ष्य प्राप्त गर्न कृयाशिल छ।

कार्यकालमा ६० करोड विकास वजेट परिचालन: तीन तहकै सरकार र विभिन्न संघ/संस्थासँगको सहयोगमा वडाको समग्र विकास गर्न पाँच वर्षमा करिब ६० करोड विकास वजेट परिचालनको लक्ष्य राखेको छ। निर्माण हुने मुख्य ठुला पूर्वाधाहरूमा १२ किमि सडक कालोपत्रे, अन्य सडक स्तरोन्नती, सडक तथा झोलुँगे पुल, कल्भर्ट, कृषि सहकारी भवन, विद्यालय भवन तथा शिक्षक आवास, खानेपानी, सिंचाई, गुम्बा लगायतका छन्।

वार्षिक १२ करोडको कृषि उपज निकासी गर्ने: वडाले कृषि क्षेत्रको विकासमा जोड दिएको छ। एउटै कृषि सहकारी संस्थाले एकद्धार प्रणालीमा कृषिको समग्र क्षेत्रलाई कार्यान्वयन गर्नेछ। सबै कृषि उपज सहकारीले नै खरिद गरी बिक्री गर्दछ। दुध प्रशोधन केन्द्र, गाई भैसी पालनमा अनुदान तथा बिमा, कुखुराको मासु फ्रिजिङ गरेर तयारी मासु निर्यात जस्ता कार्य भैरहेको छ। यी सबै पूर्वाधारको निर्माणपश्चात् वार्षिक करिब १२ करोडको कृषि उपज निकासी गर्ने लक्ष्य राखेको छ।

कोभिडमा पनि व्यस्त रहेका यहाँका शिक्षक र विद्यार्थी: कोभिड १९ को कारण देशभरका विद्यालयका पठनपाठन बन्द हुँदा पनि धुस्कुनले 'डोर टु डोर टिचिङ प्रणाली' मा टोलटोलमा अध्यापन गरिरह्यो। यस अवधारणामा वडालाई १४ वटा क्लष्टरमा विभाजन गरी सबै ५५ जना शिक्षकलाई ३/४ जनाका दरले परिचालन गरियो। ५ सय ५० जना विद्यार्थीलाई जेठको पहिलो हप्तादेखि श्रावणको १५ सम्म टोलटोलमा कक्षा संचालन भयो। यो अवधारणामा कक्षा सुरु भएको १ हप्तामा नै प्रदेश सरकारले बैकल्पिक शिक्षण पद्धति शुरु गर्न विज्ञप्ती निकाले। स्थानीय प्रशासनले नै अवरोध गरेपछि बन्द भएको यो शिक्षण पद्धति असोज १ गतेबाट पुनः सुचारु भएको छ। शिक्षा क्षेत्रको विकासमा ११ र १२ निशुल्क गराउने, कृषि प्राविधिक शिक्षा सुरु भएको, तीनवटा विद्यालय मर्ज गर्ने प्रकृयामा रहेको, सबै माध्यमिक विद्यालयमा साइन्स ल्याव, कम्प्युटर ल्याब बनाएको छ भने टाढाका शिक्षक र विद्यार्थीको लागि विद्यालय हाताभित्रै आवासको सुविधा दिएको छ।

सरकारी वजेट विना नै क्वारेण्टिन र आइसोलेसन: कोभिड १९ को संक्रमणबाट जोगिन वडा कार्यालयले शुरुमै चन्दा उठाएरै १५ बेडको क्वारेण्टिन निर्माण गर्‍यो। 'एक व्यक्ति एक हजार' को अवधारणमा ४५ जनाबाट ४५ हजार र लि बर्ड भन्ने संस्थाको २ लाखबाट न्युनतम स्वास्थ्य मापदण्डको १५ बेडको क्वारेण्टिन संचालनमा ल्यायो। इसार्ड भन्ने संस्थाले १ लाख बराबरको स्वास्थ्य उपकरण उपलब्ध गराएपछि इलेक्टिकल अक्शिसन मेशिन र न्युनतम स्वास्थ्य सामग्रीसहितको १० बेडको आइसोलेसन कक्ष तयार पाऱ्यो। यो कार्य गर्न वडाले गाउँपालिकाको वा कुनै सरकारी रकम खर्च गर्नुपरेन। पाँच वर्षे आफ्नो कार्यकालमा वडामा नै अस्पताल बनाउने लक्ष्य वडाध्यक्षले लिएका छन्।

एउटा वडाध्यक्षको सकृयता र इच्छाशक्तिले स्थानीय विकासमा कसरी गतिशिलता प्राप्त गर्छ भन्ने धुस्कुन ३ एउटा प्रतिनिधिमूलक वडा हो। देशभरका सबै ६ हजार ७ सय ४३ वडाहरू यसैगरी गतिशिल बन्नसक्दा 'समृद्ध नेपाल सुखी नेपाली' टाढा छैन।

सन्दकपुर गाउँपालिका, इलाम

पालिका र सबै वडामा प्रशासनिक भवन निर्माण सम्पन्न

प्रभावकारी सेवा प्रवाह गर्ने निकाय आफैमा श्रोत साधन सम्पन्न र सेवामैत्री भौतिक पूर्वाधारयुक्त हुन जरुरी छ। नागरिकलाई सेवा प्रवाह गर्न सहज र कार्यालयको महत्वपूर्ण दस्तावेजहरूको सुरक्षार्थ सन्दकपुरले आफूलाई आवश्यक न्यूनतम प्रशासनिक भवनहरूको निर्माण सम्पन्न गरेको छ।

केन्द्र र सबै पाँचओटा वडामा प्रशासनिक भवन निर्माण सम्पन्न गरेको छ। गाउँपालिकाले ४८ लाखमा एक प्रशासनिक भवन र ४० लाखमा एक स्टोर भवन निर्माण गरेको छ भने ५ ओटा वडा कार्यालयको भवनको लागि प्रति भवन सरदर ३९ लाख खर्च भएको छ। जनप्रतिनिधिहरू निर्वाचित भएर आउँदा पालिका तथा वडा कार्यालयहरू सवैजसो भाडामा थिए तर अहिले सबै कार्यालयहरू आफ्नै भवनमा सञ्चालन गर्न सक्षम भएका छौं गाउँपालिकाका अध्यक्ष उदयबहादुर राइले भन्नुभयो।

कार्यकक्षको राम्रो सुविधाले जनप्रतिनिधि र कर्मचारीमा सेवा प्रवाह गर्न उत्साह जागेको छ भने सरकारी कोषबाट वर्षेनी हुने घरभाडाको खर्चमा समेत कटौती भएको छ।

महाशिला गाउँपालिका, पर्वत

महाशिला विकास स्वयंसेवक कार्यक्रम संचालन

महाशिला गाउँपालिकाले 'एक घर एक रोजगार चाहना: जनजनमा गतिशिलता, स्वस्थ व्यक्ति र स्वयंसेवी भावना' भन्ने नारासहित 'विकास स्वयंसेवक' कार्यक्रम सञ्चालन गरेको छ। यसलाई गाउँपालिकाले रोजगारी सृजना र उत्पादनलाई वढावा दिने लक्ष्यका साथ महाशिला गौरवको आयोजनाको रूपमा सञ्चालन गरिरहेको छ।

यो कार्यक्रमअन्तर्गत गाउँपालिकाभित्रका १८ देखि ५५ वर्षसम्मका व्यक्तिहरूलाई ज्ञान, सीप दक्षता अभिवृद्धि गरी स्वरोजगार बनाइने छ। लक्ष्यअनुसार ३ सय जना स्वयम्सेवकहरू सडक मर्मत, विद्यालय शिक्षण, सामाजिक परिचालक, प्लम्बर, गाउँ रक्षक, कृषि, पशु स्वास्थ्य कार्यकर्ता, सहकारीलगायतका क्षेत्रमा गाउँपालिकाका वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनसँग आवद्ध भएर काम गर्दै आइरहेका छन्।

मासिक न्यूनतम् १५ दिन रोजगार दिने र वाँकी १५ दिन स्वरोजगार बन्ने उद्देश्यले स्वयंसेवकहरू परिचालित भइरहँदा विकास निर्माण र उत्पादनको क्षेत्रमा उल्लेख्य प्रगति भएको छ। यस कार्यक्रमले विदेशिने युवाशक्तिलाई समेत रोक्न सफल भई स्थानीय उत्पादनमा वृद्धि भएको गाउँपालिकाको दावी रहेको छ।

उनीहरू मध्ये केही दरवन्दी नभएका विद्यालयहरूमा शिक्षक स्वयम्सेवक रहेका छन्। सामुदायिक विद्यालयमा समेत बालकक्षा र १ कक्षाको बीचमा हुने एलकेजी र युकेजी जस्ता कक्षा सञ्चालनले सामुदायिक विद्यालयमा विद्यार्थी घट्दो क्रमलाई रोक्न सफल भएको छ। स्थानीय तहमा श्रममूलक कामबाट रोजगारी सृजना साथै आयआर्जनका काममा जोड दिई कार्यक्रम वर्षभरि नै सञ्चालन गरिएको छ।

यस कार्यक्रममा संलग्नहरूलाई स्वयंसेवकीय तालिममार्फत क्षमता विकासका कामसमेत गरिएको छ।

युवालाई रोजगारी दिने महाशिलाको यो अवधारणाको प्रशंसा भैरहेको छ। नागरिकको रोजगार प्राप्त गर्ने मौलिक अधिकारको कार्यान्वयनमा यस अवधारणाले सघाउ पुगेको छ।

सुनिलस्मृती गाउँपालिका, रोल्पा

सबैभन्दा कम बेरुजु "सुनिलस्मृति गाउँपालिकामा"

वित्तीय अनुशासन कायम गर्न स्थानीय सरकारहरूले ध्यान दिन सकेनन् भनेर आलोचना भैरहँदा गाउँपालिकाहरूले सुनिल स्मृति गाउँपालिका बित्तीय सुशासनका हिसाबले अब्बल देखिएको छ। महालेखा परीक्षकको प्रतिवेदनअनुसार आव ०७५/७६ मा ४६० गाउँपालिकामध्ये सुनिलस्मृतिको बेरुजु सबैभन्दा कम (०.१४ प्रतिशत) छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशबराज पार्धे भन्नुहुन्छ, "जनप्रतिनिधिले निर्णय नियमसम्मतमात्र गर्ने र कर्मचारीले परिपक्व तरिकाले निर्णय कार्यान्वयन गर्ने परिपाटीले बेरुजु न्यून भएको हो।"

समयमा बजेट ल्याउने र बजेटले व्यवस्था गरेभन्दा बाहिर गएर खर्च नगर्ने गाउँपालिकाको मुख्य बिषेशता हो। गाउँपालिकाले बजेटभन्दा बाहिर गएर कुनै किसिमको रकमान्तर गरेर खर्च गरेको छैन। म्रेस्ता दुरुस्त राखेको र लेखापरीक्षकलाई पुष्टीसहितको जवाफ दिएका कारण बेरुजु थोरै कायम भएको हो। यसैगरी गाउँपालिकाले उपभोक्ता समितिको 'रुची र क्षमता' का आधारमामात्रै उपभोक्ता समितिमार्फत काम गराउँदै आएको छ।

"थोरै बजेट भनेर मात्र नहुँदो रहेछ। उपभोक्ताले लागत व्यर्होन सक्ने र लागत ब्यर्होन इच्छुक योजनामात्रै उपभोक्ता समितिलाई दियौं," उहाँले भन्नुभयो, "जसले गर्दा उपभोक्ता समितिको योजना अलपत्र पर्ने, लागत उठाउन नसक्ने, भुक्तानी रोकिनेजस्ता समस्या आएन।" गाउँपालिकाले पेस्की लिएकै आवमा फछ्र्योट गराउन जोड दिएका कारण पेस्कीतर्फ पनि बेरुजु शून्य छ। म्रेस्ता दुरुस्त भएका कारण नियमित गर्नुपर्ने बेरुजु पनि एकदमै कम निस्किएको र त्यस्ता बेरुजुलाई पनि तत्काल नियमित गर्दै आएको छ। प्रतिवेदनअनुसार आ.व. २०७५/७६ मा देशभरका ४६० ओटा गाउँपालिका मध्ये ३० ओटा गाउँपालिकाले आफ्नो कुल बजेटको बेरुजुलाई १ प्रतिशतभन्दा कममा सीमित गर्न सफल भएका छन्। सबैभन्दा कम बेरुजु हुने १० ओटा गाउँपालिका मध्ये क्रमश सुनिल स्मृति रोल्पा ०.१४, ऐँसेलुखर्क खोटाङ ०.२२, मदाने गुल्मी ०.३३, रुण्टीगढी गा.पा. रोल्पा ०.४२, मेघाङ नुवाकोट ०.४३ रहेको छ। त्यसैगरी कचनकवल झापा ०.४७, लुङग्री रोल्पा ०.५४, अन्नपूर्ण कास्की ०.५८, सिलिचोङ संखुवासभा ०.६२ र डोल्पोबुद्ध गाउँपालिका डोल्पाको ०.६६ प्रतिशत बेरुजु रहेको छ।

रिब्दीकोट गाउँपालिका, पाल्पा

सुशासन र पारदर्शीतामा रिब्दिकोटको प्रयास

स्थानीय सरकारमा सुशासन र पारदर्शीतामा यदाकदा प्रश्नहरू उठिरहेका छन् तर स्थानीय सरकारहरूले सुशासनमा अधिकतम प्रयासहरू नगरेका भने होइन। यसैबीच स्थानीय शासन व्यवस्थालाई पारदर्शी र सुशासन बनाउने कामलाई रिब्दिकोटले पहिलो प्राथमिकतामा राखेको छ। यस कार्यमा गाउँपालिकाबाट गरिएका केही अभ्यासहरू अध्यक्ष नारायणबहादुर जिशि कै शब्दमाः

चौमासिक रूपमा सबै वडामा सार्वजनिक सुनुवाईः गाउँपालिकाबाट सम्पादन भएका गतिविधिहरू, सूचना र नागरिकका समस्याहरूमा छलफल गर्न चौमासिक रूपमा सबै वडा र पालिकामा सार्वजनिक सुनुवाई गरिन्छ। जहाँ चौमासिक प्रतिवेदन नै प्रस्तुत गरिन्छ।

वार्षिक क्यालेण्डर सार्वजनिकः आ.व.को सुरुमै कार्यपालिकाले वार्षिक कार्यतालिका स्वीकृत गरी सार्वजनिक गर्छ। जस्तैः भाद्र १५ भित्र उपभोक्ता समिति गठन, भाद मसान्तभित्र लागत स्टमेट तयारी, असोजभित्र सबै योजना तथा कार्यक्रम सम्झौता, बैशाख मसान्तभित्र काम सम्पन्न र जेठमा भुक्तानी सम्पन्न।

वडालाई अधिकारः वडास्तरीय आयोजनाको सम्झौता वडा कार्यालयमा र पालिकास्तरको योजना गाउँपालिकामा हुन्छ तर आर्थिक कारोबार केन्द्रबाट नै हुन्छ।

सँगै मनाउँछौ विपि र पुष्पलालको स्मृति दिवशः पहिलो वर्षदेखि

नै गाउँपालिकाको आयोजनामा विपि र पुष्पलालको स्मृति दिवश एकैदिन मनाउँछौं। कार्यालयमा दुवै नेताको फोटोसँगै राखेको छु। उपभोक्ता समितिदेखि सभाबाट गठन हुने समितिमा बहुमतको आधारमा नभै निर्वाचनमा निकट्तम प्रतिद्धन्द्धी दललाई समेत समावेश गरिन्छ। निर्वाचनमा कोही जित्यौ कोही हार्यौं तर विकासमा सँगसँगै छौं।

आइटीको अधिक प्रयोग, पेपरलेसको चरणमा जाँदैः गाउँपालिकाका सबै सूचना, सन्देश, विवरणहरू नियमित रूपमा वेभसाइट, फेसबुक, टीवट्र, इमेल र स्थानीय एफएमबाट जारी गरिन्छ। नागरिकका गुनासाहरू यिनै सामाजिक सञ्जालबाट लिने गर्दछौं। अन्तरशाखा सञ्चार र पालिका कार्यालय तथा वडा कार्यालयबीच सबै सञ्चार अनलाइन प्रविधिबाट हुन्छ। सकेसम्म कागजको प्रयोगलाई कम गर्दै लैजाने चरणमा छौं।

सबै समिति कृयाशिलः कार्यविधिबमोजिम आ-आफ्ना काम, कर्तव्य र अधिकारअनुसार सार्वजनिक लेखा समितिलगायतका सबै समितिहरू कृयालिश छन्।

सुनिलस्मृती गाउँपालिका, रोल्पा

महाशिलाले जारी गरिसक्यो न्यूनतम कानुन

महाशिला गाउँपालिकाले आवश्यक न्यूनतम कानुनबजेट जारी गरिसकेको जनाएको छ। गाउँसभाबाट हालसम्म २४ ओटा ऐन जारी गरेको छ भने सोही ऐनका आधारमा ६ ओटा नियमावली र २३ ओटा कार्यविधि तथा निर्देशिकाबजेट जारी गरी कार्यान्वयनमा ल्याएको छ। ती सबै कानुन महाशिलाको स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ।

महाशिला गाउँपालिका

स्थानीय राजपत्र

भाग-१

महाशिला गाउँपालिका

महाशिला गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५

जारी गरिएका अधिकांश कानुन संविधानको अनुसूची ८ मा रहेका स्थानीय सरकारका एकल अधिकारको सूचीमा रहेका अधिकार को कार्यान्वयनमा आधारित छन्। संविधानको धारा ५७ (४) बमोजिम एकल अधिकारका क्षेत्रलाई कार्यान्वयन गर्न कानुन जारी गरिएको र साझा अधिकारका सम्बन्धमा भने माथिका कानुन को पर्खाइमा रहेको छ। जारी गरिएका मुख्य ऐनमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, नगर प्रहरी, एफ.एम. रेडियो, सहकारी, विपद व्यवस्थापन, सार्वजनिक निजी साझेदारी सम्बन्धी रहेका छन्। त्यसैगरी संघ/संस्था दर्ता, उद्योग, वन, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण, स्वयमसेवक परिचालन सम्बन्धी ऐन रहेका छन्। शिक्षा ऐन, स्वास्थ्य तथा सरसफाई ऐन र स्थानीय पूर्वाधार ऐनको प्रथम संशोधन समेत भैसकेको छ।

संविधान बमोजिम आफ्नो अधिकारक्षेत्रको कार्यान्वयन गर्न महाशिला जस्तै सबै गाउँपालिकाहरूले न्यूनतम कानुन जारी गरी कार्यान्वयन गर्न जरुरी छ। उपल्लो तहका सरकारले अधिकार दिएपछि मात्र प्रयोग गर्ने भन्ने सोचको यो संघीय प्रणालीले परिकल्पना गर्दैन।

शुद्धोधन गाउँपालिका, रुपन्देही

संगठन तथा व्यवस्थापन अध्ययन सम्पन्न

सेवा प्रवाह र विकास निर्माण कार्यमा गाउँपालिकाको संगठन संरचना चुस्त र दुरुस्त बनाउन ध्यान दिनुपर्दछ। शुद्धोधन गाउँपालिकाले आफ्नो संगठन तथा व्यवस्थापन (O&M) अध्ययन गरी प्रतिवेदन स्वीकृत गरेको छ।

नेपाल सरकारबाट कर्मचारी समायोजन भएर आइसकेकाले गाउँपालिकाको संगठन संरचनालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन अध्ययन गरिएको गाउँपालिकाले जनाएको छ। गाउँसभाबाट स्वीकृत अध्ययन प्रतिवेदनअनुसार गाउँपालिकामा ८ ओटा शाखा, २२ उपशाखा र वडा कार्यालयहरू रहने छन्। संगठन संरचनामा अधिकृतस्तर २३ जना, सहायकस्तर ६४ जना र सहयोगीस्तरका २२ जना गरी जम्मा १०९ जना दरबन्दी रहने गरी संगठन संरचना प्रस्ताव गरिएको छ। पद तथा कार्यस्थलअनुसार केन्द्र, वडा तथा सेवा केन्द्रमा रहने पदहरू र संख्या प्रतिवेदनमा उल्लेख गरिएको छ।

कर्मचारी समायोजन ऐन, २०७५ ले स्थानीयतहमा कर्मचारी समायोजनको कार्य सम्पन्न भएपश्चात स्थानीयतहले आवश्यकताअनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने ब्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयतहले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र ओएनएमका आधारमा स्थानीयतहमा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने ब्यवस्था गरिएको छ।

शुद्धोधनमा नक्शा पास अनिवार्य, भवन आचारसंहिता लागु

शुद्धाधनले गाउँपालिका क्षेत्रभित्र निर्माण हुने घर तथा भवनहरूको अनिवार्य रूपमा नक्शा पास गर्नुपर्ने व्यवस्था गरेको छ। २०७५ बैशाख १ गतेबाट नक्शा पास तथा भवन आचारसंहिता पालना गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। त्यसभन्दा पहिले निर्माण भएका घरहरूको भने जे जस्तो अवस्थामा छ सोही बमोजिम अभिलेख गरिनेछ।

यो नियम लागू भएपछि हालसम्म करिब ८ सय घरहरूको नक्शापास भएको छ भने २ सय घरहरूको अभिलेखिकरण गरिएको छ। नगर प्रहरी नियुक्त गरी पुराना घरहरूको अभिलेखिकरण गर्नको लागि नगर प्रहरीमार्फत सचेतिकरण अभियान सञ्चालन गर्न सुरुवात गरिएको छ। स्थानीय सरकारको रूपमा रहेका गाउँपालिकाहरूले भवन आचारसंहिताको क्रमश पालना गर्दै जानु पर्दछ भने नक्शा पास गरेरमात्र घर तथा भवन निर्माण गर्नुपर्ने प्रावधान अहिलेबाट नै सुरुमा गर्नुपर्ने देखिन्छ। शुद्धोधनको यो प्रयास अनुकरणीय रहेको छ।

सुशासन, पारदर्शीता र इ-गर्भनान्समा अग्रसरः शुद्धोधन गाउँपालिका

स्थानीय सरकारका सेवाहरू पारदर्शी, मितव्ययी, छिटोछरितो र सेवाग्राहीमैत्री बनाउन गाउँपालिकाहरूले हरसम्भवका विधिहरू अवलम्बन गरिरहेका छन्। यसैक्रममा शुद्धोधन गाउँपालिकाले पनि यस क्षेत्रमा केही अनुकरणीय प्रयासहरू गरिरहेको छन्।

शतप्रतिशत सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गरिरहेको छ। गाउँपालिकाको आम्दानी खर्च र सो सम्बन्धी सबै अभिलेखहरू अनलाइनमा राखेको छ। वडा तथा पालिका केन्द्रबाट उठ्ने सबै राजश्वहरू अनलाइनबाट नै संकलन गर्दछ। गाउँपालिकाले जारी गरेका नियमित सूचनाहरू, सभा र कार्यपालिकाबाट भएका नियमित निर्णयहरू, कानुन, नीति तथा कार्यक्रम र वजेट जो कोहिले वेवसाइटबाटै प्राप्त गर्न सक्दछन्। यी कार्यहरूले पालिकालाई प्रविधिमैत्री र पेपरलेस बनाउँदै लगेको छ। आ.व. २०७५/७६ को लेखापरीक्षणमा रूपन्देहीका १६ ओटा स्थानीय तह मध्ये बेरुजुलाई सबैभन्दा कम १.७६ प्रतिशतमा सीमित गर्न सफल भएको छ। उक्त बेरुजुमध्ये नियमित गर्नुपर्ने धेरै छन्। अघिल्लो आ.व.को सामाजिक परीक्षण गरेको छ। सामाजिक परीक्षण गर्ने स्थानीय सरकारमा शुद्धोधन रूपन्देही जिल्लामा नै पहिलो रहेको प्रमुख प्रशासकीय अधिकृत अनन्त मरासिनीको दावी रहेको छ। सुशासन, पारदर्शीता र वित्तीय अनुशासनमा शुद्धोधनको प्रयासहरू प्रसंशायोग्य रहेका छन्। अन्य स्थानीय सरकारहरूले गरिरहेका प्रयासमा शुद्धोधनबाट समेत केही सिकाइ पक्कै मिल्नेछ।

सुस्ता गाउँपालिका, नवलपरासी

संघ र प्रदेशसँग हातेमालोः विकासको लहर

गाउँपालिकाहरू संघ र प्रदेशसँगको साझेदारीमा ठुला भौतिक पूर्वाधार आयोजनाहरू धमाधम निर्माण गरिरहेका छन्। यसैक्रममा सुस्ता गाउँपालिकाले संघ र प्रदेशसँगको सहकार्यमा भौतिक पूर्वाधार निर्माणलाई तीब्रता दिएको छ। संघसँगको सहकार्यमा अतिक्रमणमा परेको सुस्ता गाउँलाई जोड्न नारायणी नदीमाथी २४ करोडको लागतमा १ हजार ५ सय ७१ मिटर लम्बाईको झोलुङ्गे पूल निर्माण भैरहेको छ।

संघको ५ करोड रूपैयाँ र गाउँपालिकाको १ करोड ९१ लाख रूपैयाँमा १ सय किलोवाटको सोलार मिनिग्रीड जडान हुँदैछ। प्रदेश र गाउँपालिकाको ६ करोड २५ लाखको लागत सहभागितामा ५ सय मेट्रिक टन भण्डारण क्षमताको कोल्डस्टोर निर्माण भैरहेको छ। प्रदेश र गाउँपालिकाकै लागत साझेदारीमा १ करोड २० लाख रूपैयाँ लागतमा बहुउद्देश्यीय सभाहल निर्माण भैरहेको छ। १५ शैयाको अस्पताल यसै बर्षदेखि निर्माण हुँदैछ।

जनता आवास कार्यक्रमअन्तर्गत अहिले सुस्तामा ५ सय ओटा घर निर्माण सम्पन्न भइसकेको छ। गाउँपालिकाले पशुपालनका लागि गोठ सुधार, बीमा र भेटेनरीतर्फ अनुदान दिएको छ। ३ बर्षयता सुस्तामा १ सय ४ ओटा व्यवसायिक पशुपालन फर्म सञ्चालनमा रहेका छन्। यसैगरि १० ओटासम्म भैंसी पाल्नेलाई ४० हजार रूपैयाँ र त्यसभन्दा धेरै पाल्नेलाई ६० हजार रूपैयाँ अनुदान दिँदै पनि आएको छ।

३ बर्षयता १७ कि.मि. आन्तरिक सडक कालोपत्रे भएका छन्। पिसिसि र आरसिसि सडक ३ किमि निर्माण भएका छन्। कृषिका लागि ३ सय ६० ओटा बोरिङ, सडक ग्राभेल ३० किमि, पक्की नाली

१४ किमि, कर्ल्भड १५ ओटा, नारायणी नदीमा तटबन्ध करिब २ किमि, सामुदायिक भवन ४२ ओटा, विद्यालयको कम्पाउन्ड १४९६ मिटर, यात्रु प्रतिक्षालय ११ ओटा, विपन्न परिवारलाई पानीका धारा १५३ ओटा र ३ कि.मि. पक्की कुलो निर्माण सम्पन्न भएको छ।

तीनतहकै सरकारबीचको संयुक्त साझेदारीमा सुस्ता गाउँपालिकाको प्रयासले छिमेकीबाट अतिक्रमणको चपेटा खेपिरहेको सिमावर्ती क्षेत्र सुस्ताका नागरिकले राज्यको उपस्थितीको अनुभूति बल्ल गर्न पाइरहेका छन्। थालनी गरिएका यी ठुला पूर्वाधारहरूको निर्माणसम्पन्नले यहाँको सामाजिक आर्थिक विकासमा योगदान दिनेछ।

जोरायल गाउँपालिका, डोटी

जोरायलको न्यायिक समिति जिल्लामै उत्कृष्ट

डोटीका ९ ओटा स्थानीय तहमध्ये जोरायलको न्यायिक समिति कार्यसम्पादनका हिसाबले उत्कृष्ट भएको छ। जिल्ला अदालत डोटीका न्यायाधिश विदुर काफ्लेले २०७६ सालमा गर्नुभएको मूल्याङ्कनका आधारमा उत्कृष्ट ठहरिएको हो।

विद्यमान संबैधानिक तथा कानुनी प्रबन्धअनुसार जिल्लाका न्यायिक समितिहरूको निरीक्षण तथा मूल्याङ्कन गरिएको र त्यसको आधारमा जोरायलको न्यायिक समितिले गरेको काम उत्कृष्ट रहेको ठहर गरिएको थियो। जोरायलको न्यायिक समितिले अदालतकै शैलीमा न्याय सम्पादन प्रक्रिया अपनाएको छ। मुद्दा दर्तादेखि फैसलासम्मका विधि र प्रक्रिया अवलम्बन गरी न्यायिक समितिको कार्यसम्पादन व्यवस्थित गरेको छ।

न्यायिक समितिले तोकिएको ढाँचामा फिराद लिने, बैठक रजिष्टर, राय पुस्तिकालगाएत विभिन्न रजिष्टर तथा मुद्दा फाईल रेकर्ड राख्ने, इजलासको व्यवस्थापन, पेशी सूचना पाटी, अभिलेख शाखा, पुस्तकालय व्यवस्थापन, न्यायिक समिति कार्यविधि ऐन, २०७४ गाउँसभाबाट पारित भई लागू भएको, कानुनी सल्लाहकार नियुक्त गरी काम गरिरहेको गरेको छ।

न्यायिक समितिमा हालसम्म ९५ ओटा विवादहरू दर्ता भएकामा ८२ ओटाको फछर्यौट भैसकेको छ भने ३ विवादहरू विचाराधिन अवस्थामा रहेको संयोजक जमुना बोहोराले जानकारी दिनुभयो। आफूहरू काम गर्दै सिक्दै को अवस्थामा रहेको र आगामी दिनमा थप परिस्कृत गर्दै लैजाने उहाँको प्रतिवद्धता रहेको छ। हालसम्म आफूहरूले सम्पादन गरेका कुनै पनि मुद्दामा पुनरावेदन नभएकाले न्यायिक समितिप्रति सबैले विश्वास गरेको उहाँको दावी रहेको छ।

छत्रकोट गाउँपालिका, गुल्मी

योजनाबद्ध विकासका लागि प्रत्येक वर्ष 'विकास वर्ष'

छत्रकोट गाउँपालिकाले आफ्नो पाँचवर्षे कार्यकालको स्पष्ट कार्यदिशा तय गरेको छ। गाउँपालिकाले प्रत्येक आर्थिक बर्षलाई छुट्टाछुट्टै "पूर्वाधार बर्ष" घोषणा गरेर योजनावद्ध पूर्वाधार विकासलाई नतिजामुखी बनाएको छ।

पहिलो वर्ष तयारी वर्ष, दोश्रो वर्षलाई खानेपानी बर्ष, तेस्रो वर्षलाई सडक बर्ष र चालू आवलाई कृषि बर्ष घोषणा गरेर काम गरिरहेको छ। गाउँपालिकाको अनुसार पानी बर्षमा दौघाको लिफ्ट खानेपानी योजना सम्पन्न भएको छ। साविकको सिँगो दौघा गाविसमा पहिलो पटक खानेपानी पुऱ्याइएको छ। यसका साथै हुँगा, पल्लिकोट र धरमपानीमा खानेपानी योजना सम्पन्न हुने चरणमा छन्।

गत बर्षलाई सडक बर्ष घोषणा गरेको थियो। अहिलेसम्म ६ ओटामध्ये ५ ओटा वडा कार्यालयसम्म ८ मिटर चौडा सडक निर्माण भइसकेको छ। सडक पुग्न बाँकी बडिगाडको वडा कार्यालयसम्म पनि यसै बर्ष सडक पुऱ्याउने लक्ष्य राखिएको छ। एउटा वडाको प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा छ भने २ ओटामा बन्न बाँकी छ। सभाहलको भवन निर्माणको ६० प्रतिशत काम सकिएको छ। कृषि तथा पशु सेवा शाखाको भवन निर्माण भइसकेको छ।

यस बर्षलाई भने गाउँपालिकाले कृषि बर्ष घोषणा गरेको छ। वडा नं. १ लाई तरकारी, २ लाई मासु, ३ र ४ लाई दुध, ५ लाई केरा र बाख्रापालनको पकेट क्षेत्र घोषणा गरेको छ। यसबाहेक समग्र गाउँपालिकालाई उखु उत्पादनको पकेट क्षेत्र घोषणा गरेको छ। उखुलगायतका अन्य उत्पादन बढाउन गाउँपालिकाले कृषकलाई हाते ट्याक्टरसहित विभिन्न उपकरणहरू अनुदानमा उपलब्ध गराएको छ। यसबाहेक कफी र कागतीको उत्पादनलाई पनि जोड दिइएको छ।

अन्तिम वर्ष भने थालनी गरिएका उल्लेखित सबै विकासका लक्ष्यहरू पूरा गर्ने अर्थात 'सम्पन्न वर्ष' को रूपमा लिएको छ। योजनाबद्ध विकासको प्रयासले आफ्नो पाँचवर्षे कार्यकाल समाप्त हुँदैगर्दा छत्रकोटका नागरिकलाई परिवर्तनको स्पष्ट खाका प्रस्तुत गर्ने तयारीमा गाउँपालिका रहेको छ।

मालिकार्जुन गाउँपालिका, दार्चुला

शिखरधाममा अन्तरसरकार लगानी

भगवान शिवको १२ ओटा ज्योर्तिलिङ्ग मध्येको एक शिखरधामलाई गाउँपालिकाले प्रमुख गन्तब्य बनाउने लक्ष्यका साथ योजना कार्यान्वयन गरिरहेको छ। भ्रमण बर्षको अवसर पारेर शिखरधाममा राष्ट्रपति बिद्यादेवी भण्डारीले समेत दर्शन गर्नुभएको र अखण्ड दीप प्रज्वलन पनि गर्नुभएको थियो।

शिखरधामलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न संघीय सरकारले १ करोड, गाउँपालिकाले २८ लाख र शैल्य शिखर नगरपालिकाले १५ लाख विनियोजन गरेको थियो। अहिलेसम्म मालिकार्जुन मन्दिरसम्म ९ सय मिटर र शिखरधामदेखि मौसामैटीसम्म १४ सय मिटर पिसिसि ढलान भइसकेको छ। योजना निर्माणपछि पर्यटक भित्र्याउन सकिने गाउँपालिकाको विश्वास छ। साथै यसको लाभ मालिकाअर्जुन गाउँपालिले पनि लिने विश्वास छ।

शिखरधामको समग्र विकास गरी पर्यटन प्रबर्द्धन गर्न अन्तर सरकार साझेदारीलाई समेत जोड गरिएको मालिकार्जुनको यो अभ्यास प्रशंसनीय रहेको छ।

रामारोसन गाउँपालिका, अछाम

रामारोसन पर्यटन गुरुयोजना तयार

सुदुरपश्चिमको बिकट तथा रमणीय प्राकृतिक सौन्दर्यको रूपमा चिनिन्छ अछामको रामारोसन क्षेत्र। चिसो मौसम मनमोहक प्राकृतिक दृश्य र मन लोभ्याउने थरिथरिका फूल र वनस्पतिहरूको चमत्कारीक भूमि रामारोसनमा १२ ओटा ताल र ठुला ठुला १८ ओटा घाँसेमैदान रहेका छन्।

पर्यटकीय क्षेत्रलाई रामारोसन गाउँपालिकाको आन्तरिक आयस्रोतको अभिन्न अंगका रूपमा लिँदै 'कृषि, पर्यटन, मौलिक संस्कृति हाम्रो पहिचान, आर्थिक सामाजिक तथा समृद्ध रामारोशन हाम्रो अभियान' नामक अभियान सुरू गरिएको छ। आन्तरिक तथा बाह्य पर्यटन भित्र्याउने लक्ष्यका साथ रामारोसन पर्यटन गुरुयोजना निर्माण गरिएको छ। यो योजना सफल पार्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग हातेमालो गरेर अगाडि बढने रणनीति अपनाइएको छ। हाल गाउँपालिकाले ३० लाखको लगानीमा २ ओटा डुङ्गामार्फत ती पोखरीहरूमा पर्यटकलाई मनोरञ्जन दिइरहेको छ।

पर्यटन बर्ष २०२० लाई लक्षित गरी आन्तरिक तथा बाहय पर्यटक ल्याउन बिभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो। तर कोरोना भाइरसका कारण यस कार्यक्रमलाई सफल पार्न सकिएन। गाउँपालिकाकी उपाध्यक्ष सरस्वती रावलका अनुसार आगामी दिनमा आन्तरिक आयको लागि रामारोशन क्षेत्रको पर्यटन विकास महत्वपूर्ण हुनेछ।

धार्चे गाउँपालिका, गोरखा

योजनाबद्ध विकासमा धार्चेको प्रयास

गोरखाको दुर्गम उत्तरी क्षेत्रमा रहेको धार्चेले गाउँपालिकाको समग्र विकासका आधार तयार पारेको छ। गाउँपालिकाले शुरुवाती चरणमा नै वस्तुस्थिती विवरण (प्रोफाइल) तयार पाऱ्यो र सोही विवरणको आधारमा पहिलो पञ्चवर्षे योजना तर्जुमा गरिसकेको छ।

गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजना (वास प्लान) तर्जुमा गरिसकेको छ भने खानेपानीका श्रोत तथा आयोजनाहरूलाई राष्ट्रिय पोर्टलमा समावेश गरिसकेको छ। त्यसैगरी गाउँपालिकाको राजश्व सुधार योजना तयार पारेको छ। गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (जेसी अडिट) गरेको छ। यस परीक्षण कार्यले गाउँपालिकाको समग्र क्षेत्रको विकासमा लैङ्गिक र वञ्चितिकरणमा परेका नागरिकहरूमा सेवाको पहुँचको अवस्था देखाइदिएको छ

प्रतिवेदनको आधारमा गाउँपालिकाले रणनैतिक कार्ययोजना बनाई प्राथमिकताको आधारमा कार्यान्वयन गरिरहेको छ। यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको स्थानीय सरकारको संस्थागत स्वामूल्याङ्कन (LISA) गरेको छ र सोही आधारमा रणनीतिक योजना बनाई सुधारका क्षेत्रलाई प्राथमिकता दिइरहेको छ।

गाउँपालिकाको समग्र क्षेत्रलाई देश विदेशमा प्रचारप्रसार गर्न वृतचित्र निर्माण गरेको छ। गाउँपालिकाको मोवाइल एप बनाएको छ भने पालिकाको मौलिकता झल्कने आफ्नै लोगो समेत प्रचलनमा ल्याएको छ। नागरिकको नजिकको सरकारको अनुभूति दिलाउन 'हेलो गाउँले प्रमुख' टोल फ्रि नम्बर प्रचलनमा ल्याएको छ। धार्चेको पर्यटन प्रबर्द्धन र प्रचार प्रसारको लागि महत्वपूर्ण पर्यटनस्थलहरू समावेश गरी ब्रोसर निर्माण गरेको छ। यसैगरी सम्भावित विपद्बाट जोखिममा पर्नसक्ने नागरिकहरू (संकटासन्न वर्ग) को अभिलेख तयार पारी अद्यावधिक गरिरहेको छ।

'कुनै काम कार्यको प्रभावकारी योजना निर्माण गर्नु भनेको आधा काम सकिनु हो' भनाई छ। सबैक्षेत्रको योजनाबद्ध विकास गर्न धार्चेले गरेको प्रयास अनुकरणीय रहेको छ।

महाँकाल गाउँपालिका, ललितपुर

महाँकालको १२ वर्षे एकिकृत विकास गुरुयोजना तयार
प्रति व्यक्ति आय २ हजार डलर पुऱ्याउने

दिर्घकालिन सोचसहितको समग्र विकासको लागि एकिकृत विकास गुरुयोजना (सन् २०१९-०३०) निर्माण गरेको छ। 'महाङ्कालको प्रतिवद्धता सुशासन समृद्ध हाम्रो गाउँपालिका' भन्ने आदर्श वाक्यले गाउँपालिकाको विकासको दुरदृष्टिलाई परिभाषित गरेको छ।

गुरुयोजनाले मुख्यगरी सामाजिक, आर्थिक र भौतिक विकास गरी तीन क्षेत्रमा सूचकहरू निर्धारण गरी १२ वर्षे लक्ष्यहरू निर्धारण गरेको छ र ती लक्ष्य प्राप्तिका लागि विषयगतरूपमा १२ ओटा उद्देश्यहरू निर्धारण गरेको छ। सामाजिक विकास तर्फ ९ वटा योजनाहरू, १६ ओटा बहुक्षेत्रीय लगानीका आयोजनाहरू र ६३ परिणात्मक लक्ष्यहरू तय गरिएको छन्। त्यसैगरी भौतिक विकास तर्फ १२ वटा योजनाहरूको तर्जुमा, ११ ओटा फरक फरक बहुक्षेत्रीय लगानीका आयोजनाहरू तय गरिएका छन् भने २ ९ ओटा परिणात्मक लक्ष्यहरू समावेश गरिएका हुन्।

यसरी गुरुयोजनाले परिलक्षित गरेका योजनाहरू को प्रतिफलका आधारमा ३१ वटा आयोजनालाई गाउँपालिकाको गौरवको आयोजनाको रूपमा सूचिकृत गरेको छ। गुरुयोजनाले १२ वर्षीभित्रमा प्रति व्यक्ति आय २००० अमेरिकी डलरल पुऱ्याउने लक्ष्य राखेको छ।

महांकाल: सबै व्यक्तिगत घटना दर्ता डिजिटलाइज गर्ने पहिलो गाउँपालिका

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सहकार्यमा महाङ्काल गाउँपालिकाअन्तर्गतका सबै वडाहरूमा रहेका पुराना २०३५ सालदेखि हाल सम्मका घटना दर्ता किताबलाई डिजिटलाइज्ड गर्ने कार्य सम्पन्न भएको छ।

विभागको पाइलटिङ प्रोजेक्टको रूपमा पहिलो चरणमा महाङ्काल गाउँपालिकाका दर्ता किताबमा रहेका सबै विवरणलाई डिजिटलाइज्ड गर्ने कार्य सम्पन्न भइसकेको छ। सबै वडा कार्यालयहरूमा फाइबरसहितको उच्च गतिको इन्टरनेट सेवा सुचारु भैइसकेकाले घटना दर्ता अनलाइनमार्फत गर्ने कार्य अन्तिम चरणमा रहेको छ। सो पश्चात सबै घटना दर्ता अनलाइनमार्फत भएको नेपालको पहिलो गाउँपालिका घोषणा गर्ने कार्यक्रम विभागको रहेको छ।

ललितपुरको कर्णालीका रूपमा चिनिने यस गाउँपालिकामा जनप्रतिनिधिहरू निर्वाचित भएर आएपछि सबै वडाहरूमा इन्टरनेट सेवा विस्तार गरी गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउने नीति अनुरूप यहाँ रहेका सबै कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरू समेतलाई नेटवर्किङमा आवद्ध गरी अनलाइन सिस्टमको थालनी र विद्यालयहरूबाट सम्पादन हुने कार्यहरूलाई प्रविधीमैत्री बनाउँदै लगिएको छ।

कैलारी गाउँपालिका, कैलाली

कार्यविधि नै बनाई गै.स.स. सँग समन्वय

कैलारी गाउँपालिका क्षेत्रमा कुनैपनि कार्यक्रम संचालन गर्न चाहने गैरसरकारी संघ/संस्थाहरूले कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकाको सामाजिक विकास शाखाबाट अनुमति लिनुपर्दछ। गाउँपालिकासँगको समन्वय बिना आफ्नो क्षेत्रमा कुनै पनि कार्यक्रम सञ्चालन गर्न नपाउने नीतिगत व्यवस्था समेत गरेको छ।

"**सँगै बसौं, सँगै काम गरौं र सँगै सेवा गरौं**" भन्ने नीतिलाई आत्मसाथ गर्दै "गैह्र सरकारी संस्था समन्वय कार्यविधि, २०७६" स्वीकृत गरी यहाँ क्रियाशिल गैर सरकारी संघ/संस्थासँगको समन्वयमा विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। यहाँ क्रियाशिल गैरसरकारी संघ/संस्थाको समन्वयमा गाउँपालिकाले सामाजिक रूपान्तरण, लैंगिक समता तथा सामाजिक समावेशीकरण, विपद जोखिम न्यूनिकरण, आय आर्जनका साथै विभिन्न क्षमता विकासका कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। गाउँपालिका र यहाँ कार्यरत गैर सरकारी संघ/संस्थाहरूबीच समन्वयात्मक बैठक बसी आवश्यक नीति तथा कार्यक्रम तर्जुमासमेत गर्ने गर्दछन्। हाल गाउँपालिकामा समन्वय गरी कार्यरत गैह्र सरकारी संघ/संस्थाहरूमा दलित महिला अधिकार मञ्च, ग्राम विकास तथा अनुसन्धान केन्द्र, मर्सिकोर, नेपाल रेडक्रस सोसाइटीलगायत आधा दर्जन संघ संस्थाले कार्य गरिरहेका छन्

ज्वालामुखी गाउँपालिका, धादिङ

ज्वालामुखीको सेवा प्रवाहमा प्रविधिको प्रयोग

गाउँपालिकाहरू सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइरहेका छन्। यसैक्रममा धादिङको ज्वालामुखी गाउँपालिकाले सम्पादन हुने हरेक कार्यलाई प्रविधिमैत्री बनाउँदै लगेको छ। गाउँपालिकाले बैंकिङ्ग प्रणाली, योजना सम्झौता, दर्ता चलानी, जिन्सि, नक्सा पास, योजना सम्झौतादेखि भुक्तानीसम्म, जन्म, मृत्यु, विवाह दर्ता (पञ्जिकरण), सामाजिक सुरक्षा भत्तालगायतका कार्यहरू डिजिटलाईज्ड गरेको छ।

गाउँपालिकाको सबै वडा कार्यालयहरूमा इन्टरनेट सेवा पुऱ्याएको छ भने हरेक वडामा संकलन हुने राजश्व अनलाइनमार्फत संकलन गरिन्छ। वडाबाट हुने सबै प्रकारका सिफारिसहरू अनलाइ प्रणालीमा प्रदान गरिन्छ। वडाबाट भएका सबै सेवाहरूको विवरण गाउँपालिकामा गएर रेकर्ड बस्दछ। त्यसैगरी विद्युतीय हाजिरीलाई पनि केन्द्रिकरण गरेको छ। जसले गर्दा तुरुन्तै कुन वडाबाट कति राजश्व संकलन भयो, बिलिङ्ग कसले गऱ्यो भन्ने हरेक विवरण थाहा पाउन सकिन्छ। गाउँपालिकाको बिल प्याड काटेर संकलन गर्ने समयमा १५/१५ दिनमा राजश्व दाखिला गर्थ्यो भने अहिले साप्ताहिक रूपमा दाखिला गर्ने गरेको छ। गाउँपालिकाको सेवासम्बन्धी जानकारी प्राप्त

गर्न मोवाइल एप्स पनि सञ्चालनमा ल्याएको छ।

ई-गर्भनेन्स र पेपरलेस गर्भनेन्सको अवधारणाअनुसार स्थानीय सेवा प्रवाहलाई प्रविधिको उच्चतम प्रयोगले कम जनशक्तिले, थोरै समयमा प्रभावकारी सेवा प्रवाह गर्न सक्दछ। ज्वालामुखीले गरेको प्रविधिको प्रयोगको अभ्यास सबै स्थानीय सरकारहरूले अवलम्बन गर्नु उपयुक्त हुनेछ।

पाल्हीनन्दन गाउँपालिका, पश्चिम नवलपरासी

पाल्हीनन्दनले बनायो सुविधासम्पन्न ८४ कोठे प्रशासनिक भवन

पश्चिम नवलपरासीको सीमावर्ती गाउँपालिका पाल्हीनन्दनले हेलिप्याडसहितको सुविधासम्पन्न ८४ कोठे भवन निर्माण गरेको छ। एक बिघा क्षेत्रफलमा फैलिएको सो प्रशासनिक भवन देशैभरका पालिका कार्यालयभन्दा सबैभन्दा ठूलो रहेको गाउँपालिकाको दाबी रहेको छ।

निर्माण कार्यको अन्तिम चरणमा पुगेको यो भवन पाँच तल्लाको रहेको छ भने लागत आठ करोड ४७ लाख रूपैयाँ रहेको छ। भवनमा कार्यक्रम हलदेखि बैठक कक्ष, पदाधिकारीका कार्यकक्ष र लिफ्ट पनि जडान भएको छ। 'तीन तल्लासम्म फिनिसिङ भइसकेको छ भने केही दिनमा दुई तल्लाको काम सकिन्छ', पालिका अध्यक्ष बैजुप्रसाद गुप्ता भन्नुहुन्छ, 'रङरोगन सकिनेबित्तिकै नयाँ भवनबाट कार्यालयको काम सुरु गर्छौं।' भवनमा एकातिर हेलिप्याड छ भने अर्कोतर्फ आन्तरिक पर्यटनलाई आकर्षित गर्न दृश्यावलोकनका लागि भ्यु टावर निर्माण भइरहेको छ। गेटबाट भित्र पानीको फोहोरासहितको वाटर फाउन्टेन र पार्किङ स्थलको व्यवस्था छ। चारैतर्फ कम्पाउडसहितको भवनमा विभिन्न प्रजातिका फूल रोप्ने योजना रहेको छ।

प्रशासनिक भवन पालिकाको गौरवको योजना हो। पाल्हीनन्दन गाउँपालिकाको केन्द्र बेलासपुर हो, जुन सदरमुकाम परासीभन्दा दक्षिण पर्छ। पाल्ही भगवती मन्दिर र नन्दन तालललाई जोडेर पाल्हीनन्दन गाउँपालिका नामकरण गरिएको हो।

बंगलाचुली गाउँपालिका, दाङ

बंगलाचुलीमा विकास योजनाहरूमा डोजर र स्काभेटर प्रयोग गर्न नपाइने

स्थानीय सरकारहरू 'डोजरे विकास'मा केन्द्रित भए भन्ने आलोचना भैरहेको सन्दर्भमा बंगलाचुली गाउँपालिकाले भने चालु आर्थिक वर्षका लागि छनोट भएका योजनाहरूलाई डोजर र स्काभेटर प्रयोग नगरी सम्पन्न गर्ने भएको छ।

गाउँपालिकाको आठ ओटै वडामा छनोट भएका विकास निर्माणका योजनाहरूमा उपभोक्ता समितिमार्फत स्थानीयहरूलाई नै श्रममा लगाई सम्पन्न गर्नुपर्ने नीतिगत निर्णय गरेको छ। स्थानीयलाई श्रममा लगाएर सम्पन्न गरिने योजनाले कोभिड-१९ का कारण गाउँमा रहेका बेरोजगार जनशक्तिले रोजगार पाउने र उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने अपेक्षा राखिएको छ। अब गाउँपालिकामा उपभोक्ता समितिका पदाधिकारीहरूले छनोट भएका योजनाहरू सम्पन्न गर्दा डोजर र स्काभेटरबिनै काम गर्नुपर्नेछ। गाउँपालिकाद्वारा उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना सम्पन्न गर्नका लागि अभिमुखीकरण कार्यक्रममार्फत प्रशिक्षित गर्ने काम गरिसकेको छ। विकास निर्माणका योजनाहरूमा डोजर लगाउँदा स्थानीय बेरोजगार भएको हुँदा गाउँपालिकाले श्रममा आधारित योजना सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष भक्तबहादुर वलीले बताउनुभयो।

कोभिड १९ का कारण देशविदेशबाट रोजगारी गुमाई गाउँ

फर्केका वेरोजगार युवाहरूलाई केन्द्रित गरी गाउँमा नै रोजगार दिन बंगलाचुलीको यो प्रयास अनुकरणीय रहेको छ। श्रमबाट गरिने विकास ढिलो हुनसक्ला! तर मेशिनको प्रयोग गर्दा पैसा देश बाहिर जाने र बेरोजगारीले काम नपाउने हुन्छ समस्या भने रहिरहन्छ। गाउँमा रहेको श्रमशक्तिलाई विकास निर्माण कार्यमा लगाउने र वजेट गाउँमा नै वितरण गर्ने तर्फ सबै स्थानीय सरकारहरूले ध्यान दिनुपर्दछ।

शुद्धोधन गाउँपालिका रुपन्देहीको हालै निर्माण सम्पन्न प्रशासनिक भवन।

विषय क्षेत्र २

भौतिक पूर्वाधार विकास

संविधानको अनुसूची ८ मा स्थानीय सरकारको २२ वटा एकल अधिकर क्षेत्रभित्र भौतिक पूर्वाधारका अधिकारलाई ३ वटा अधिकारक्षेत्रमा समावेश गरिदिएको छ। स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू (बुँदा नं. ७), स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई (बुँदा नं ११), र खानेपानी, साना जलबिद्यतु आयोजना, वैकल्पिक उर्जा (बुँदा नं. १९) रहेका छन्। यि सबै भौतिक पूर्वाधारको नीति, कानुन तथा मादण्ड निर्धारण गर्ने, योजना बनाउने, पूर्वाधार निर्माण गर्ने र लाभको समुचित बाँडफाँट गर्ने सम्बन्धी सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।

लगानीको आकारको हिसाबले गाउँपालिकाका पहिलो प्राथमिकता भौतिक पूर्वाधारमा नै रहेको देखिन्छ। गाउँपालिकाका अधिकांश क्षेत्रहरू भौगोलिक हिसाबले दुर्गम र वस्तीहरू छरिएर रहेको अवस्थामा छन्। सडक, पक्की पुल, झोलुङ्गे पुल, खानेपानी, सिंचाई, विद्युत र सार्वजनिक भवनहरू निर्माणलाई अधिक प्राथमिकता दिनुपर्ने बाध्यताले धेरै श्रोत साधन यिनै पूर्वाधार निर्माणमा लगानी भैरहेको छ। कतिपय गाउँपालिकाले ग्रामीण सडक गुरुयोजना तर्जुमा र स्थानीय सडकको मापदण्ड तोक्ने, खानेपानी तथा सरसफाई योजना र एकिकृत जलश्रोत उपयोग योजना तर्जुमा गरेका छन्।

सडक नपुगेका वस्तीमा नयाँ ट्र्याक खोल्ने र स्तरोन्नती गरी बाह्रै महिना यातायात सेवा सञ्चालन गर्नमा बढी नै मेहनत परिरहेको छ। सडकको स्तरोन्नती गर्ने र सकेसम्म कालोपत्रे गर्दै जाने कार्यलाई प्राथमिकतामा राखेका छन्। बाँकेको खजुरा गाउँपालिकाले प्रत्येक वर्ष १६ कि.मि. सडक कालोपत्रे गर्ने कार्यलाई पालिकाको गौरवको आयोजनाको रूपमा राखेर काम गरिरहेको छ भने मोरङको कानेपोखरीले आफ्नो कार्यअवधिमा ५० कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य राखेको छ। मकवानपुरको मनहरी गाउँपालिकाले आफ्नो कार्यकालभित्र करिब ५३ करोडका ५ वटा ठुला सडक पुल एक्लै निर्माण गरिसक्छु भनेर ठेक्कामार्फत निर्माण थालेको छ। यी केही प्रतिनिधिमूलक उदाहरण हुन् जुन गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुनेछन्। हरेक गाउँपालिकाले आफ्नो अवस्था र प्राथमिकताअनुसार सडक र पुल निर्माणलाई उच्च प्राथमिकता दिएका छन्।

नागरिकलाई घरघरमा स्वच्छ खानेपानी सेवा पुऱ्याउन अधिकाँश गाउँपालिकाले 'एक घर एक धारा' को नारालाई आत्मसाथ गरी आफ्नो कार्यकालमा पुरा गर्ने अठोटकासाथ काम गरिरहेको पाएका छौं। कोभिड १९ को प्रभाव पनि हुनसक्दछ चालु आ.व.बाट गाउँपालिकाले कृषि क्षेत्रको उन्नतीको लागि लगानी बढाएका छन् र सिञ्चाई पूर्वाधारका आयोजनालाई प्राथमिकता दिएका छन्।

उर्जाको मुख्य श्रोतको रूपमा रहेको जलविद्युतको लाईन विस्तारमा लगानी बढाइएका छन्। केन्द्रिय प्रसारण लाइनले नछोएका र भर्खर विद्युत पुगेका दुर्गमका गाउँपालिकाहरूले जतिछिटो विद्युत सेवा विस्तार गरेर 'उज्यालो पालिका' घोषणा गर्ने अभियान नै चलाएका छन्। खोटाङको रावावेशीले ५ वर्षमा सबै घरमा विद्युत पुऱ्याउँदछु भनेर चुनावमा गरेको प्रतिवद्धता ३ वर्षमा नै पुरा गऱ्यो, भोजपुरको टेम्केमैयुङमले 'उज्यालो पालिका' घोषणाको तयारी गरिरहेको छ भने एउटा पनि बत्ती नबलेको बझाङ साइपाल गाउँपालिले लघुजलबिद्युत आयोजनामार्फत एउटा वडा बाहेक सबैमा बत्ती बालिसक्यो। तत्काल केन्द्रिय प्रसारण लाइन विस्तार हुन नसक्ने गाउँपालिकाहरूले लघु जलबिद्युतका आयोजनाहरू धमाधम निर्माण गरी बिद्युतीकरण गरिरहेका छन्।

शहरोन्मुख गाउँपालिकाहरूले भवन आचारसंहिताको पालना गर्न सुरु गरेका छन् भने व्यवस्थित वस्ती विकासको लागि शहरोन्मुख गाउँपालिकाहरूले योजना बनाई काम गरिरहेका छन्। रूपन्देहीको शुद्धोधन गाउँपालिकाले दुई वर्षअघिबाटै नक्शापास अनिवार्य गरेको छ। बाँकेको खजुरा र बैजनाथ, झापाको कमल गाउँपालिकाहरूले नक्शा पासलाई अनिवार्य गरेका छन्।

अहिले करिब/करिब सबै गाउँपालिका कार्यालयमा इन्टरनेट र सञ्चार सुविधा पुगेको छ। इन्टरनेट सेवा प्रदायकहरूसँगको समन्वयमा इन्टरनेट सेवालाई वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थासम्म विस्तार गर्न गाउँपालिकाले प्राथमिकता दिएका छन्।

गाउँपालिकाले प्रशासनिक तथा वडा भवनहरू, स्वास्थ्य संस्थाका भवन, विद्यालय भवन, शितभण्डार, सामुदायिक भवनलगायतका पूर्वाधार निर्माणमा प्राथकिता दिएका छन्। अधिकाँश गाउँपालिकामा आफ्नो प्रशासनिक भवन र वडा कार्यालयका भवनहरू निर्माणाधिन रहेका छन्। बहुउपयोगी ठूला सभा भवनहरू निर्माण भैरहेका छन्। खेलकुदको लागि क्षेत्रीय एवं जिल्लास्तरीय रंगशाला निर्माण गरिरहेका छन्। स्थानीयस्तरमा रहेका पुरातात्विक सम्पदाहरूको संरक्षण गर्ने प्राचिन स्मारक र संग्राहलयहरूको संरक्षण, सम्बर्द्धन र पुननिर्माणमा ध्यान दिइरहेका छन् भने महान सहिदहरूको सम्झनामा विभिन्न पार्क निर्माण पनि भैरहेका छन्।

उल्लेखित पूर्वाधार निर्माणका क्षेत्रमा गाउँपालिकाहरूले गरेका कार्य प्रगतिले स्वच्छ खानेपानी प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण भएको छ। स्वास्थ्य संस्थाका भवन र सडक पूर्वाधारको पहुँच वृद्धिले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सहज भएको छ। बिद्युतीकरणको विस्तारले सूचना र सञ्चारको पहुँच गाउँगाउँमा पुगेको छ जसले नागरिकमा सचेतना वृद्धि भएको छ। उज्यालोको लागि नागरिकले प्रयोग गर्ने टुकी बत्तीलाई विस्थापन गरी बालबालिका र जेष्ठ नागरिकको स्वास्थ्य खराब हुनबाट जोगिएको छ। सिंचाई तथा शितभण्डार जस्ता ठुला पूर्वाधार निर्माणले कृषि क्षेत्रको विकास भएको छ जसले ग्रामिण स्वरोजगारमा वृद्धि भएको भने खाद्य सुरक्षामा समेत सघाउ पुगेको छ।

पूर्वाधार निर्माणका क्षेत्रमा गाउँपालिकाहरूले गरेका यिनै अभ्यासहरूलाई प्रतिनिधिमुलक असल अभ्यासको रूपमा यस भागमा उल्लेख गरिएको छ। गाउँपालिकाहरूको भौतिक पूर्वाधारमा गरिएको प्रयासले दिगो विकास लक्ष्य (SDG) को सबैको लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दीगो विकास सुनिश्चित गर्ने लक्ष्य (SDG-6), सबैको लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने सम्बन्धी लक्ष्य (SDG-7) तथा उत्थानशिल पूर्वाधारको निर्माण सम्बन्धी लक्ष्य (SDG-9) जस्ता लक्ष्यहरू प्राप्तिमा सहयोग पुगिरहेको छ।

खुम्बु पासाङल्हामु र माप्य दुधकोशी गा.पा., सोलुखुम्बु

'माप्य खुम्बु मितेरी ट्रस पुल' अन्तर सरकार साझेदारीको सफल अभ्यास

सोलुखुम्बु जिल्लाको २ ओटा दुर्गम गाउँपालिकाहरू मिलेर एउटा महत्वाकांक्षी परियोजना (सडक पुल) निर्माण सम्पन्न गरेका छन् जुन सदरमुकाम सल्लेरी हुँदै खुम्बु सगरमाथा क्षेत्रलाई सडकमार्फत जोड्ने कडीका रूपमा यसलाई लिइएको छ।

स्वदेशी र विदेशी पर्यटकहरू हवाइजहाज चढेर लुक्ला हुँदै नाम्चे जाने गरेका भएपनि त्यस क्षेत्रका गरिब जनताको दिनचर्या ढाकर र पैदलयात्रा मै सीमित थियो। तसर्थ खुम्बु गाउँपालिका अध्यक्ष स्व. डिमदोर्जी सेर्पाको सपना र सो क्षेत्रका स्थानीय जनप्रतिनिधि तथ प्रदेशका सभासदहरूको पहलकदमीमा सुरु गरिएको दुधकोशी ओर्लाङघाट स्थित ४८ मिटर लामो र ५० टन भारबहन क्षमताको 'माप्य खुम्बु मितेरी पुल' सो क्षेत्रकै गौरबको आयोजना हो। आ.व. २०७५/७६ मा संयुक्त लगानी योजना तर्जुमा गरी २०७६ पुसदेखि निर्माण सुरु भई ५ महिना भित्रै पूरा गर्ने लक्ष्य राखिएकामा कोरोना महामारीका कारण २ महिना ढिलो गरी २०७७ असारमा सम्पन्न भई हाल प्रयोगमा आइसकेको छ।

पुल निर्माणका लागि माप्य दुधकोशी र खुम्बु गाउँपालिकाले ३/३ करोड र प्रदेश सरकारले २ करोड बजेट बिनियोजन गरेका थिए। सल्लेरीदेखि ३५ किलोमिटरको दुरीमा रहेको सो मोटरेबल पुल तरेपछि खुम्बु पासाङल्हामु गाउँपालिकाको खरीखोलासम्म कच्ची सडक निर्माण सम्पन्न भइसकेको र चालू आर्थिक वर्षमा लुक्लासम्म मोटर पुऱ्याउन सकिने लक्ष्य छ।

यो पुलको निर्माणले सगरमाथा क्षेत्रमा मोटरमार्फत सामान ढुवानी गराई उपभोग्य बस्तुहरूको मूल्य घटाउने र पर्यटकलाई सडक मार्ग हुँदै खुम्बु यात्रा गराएर तल्लो भेगका जनतालाई समेत आर्थिक रूपले सम्पन्न बनाउन सकिने छ। यस आयोजनाबाट दुई वा दुई भन्दा बढी स्थानीय तह लाभान्वित हुने ठुला पूर्वाधारहरू संयुक्त लगानीमा कार्यान्वयनमा ल्याउन सकिने अभ्यासको थालनी भएको छ।

मनहरी गाउँपालिका, मकवानपुर

मनहरीले आफै बनाउँदै छ '५३ करोडका ५ वटा पक्की पुल'

मेशिनबाट हुने पूर्वाधार निर्माणमा स्थानीय सरकारहरू बढी केन्द्रित भए भन्ने आलोचना भैरहेकोमा मनहरी गाउँपालिकाले भने ठुला पूर्वाधारमा लगानी केन्द्रित गरेको छ जहाँ एकै पटक ५३ करोड लागतका ५ वटा पक्की पुल निर्माण भैरहेका छन्।

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Bid

First Date of Publication: 2077/02/27

The Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaya, Makwanpur invites electronic bids for the following works under National Competitive Biddings (NCB).

Bids-Works

S N	Contract Identification No	Name of the Project	Estimate Amount (Without VAT, PS & Contingency) (NRs.)	Average annual Construction Turnover (NRs.)	Bid Security Amount (NRs)	Bid Document Cost (NRs.) (Non-refundable)
1	BRIDGE/NCB/MAN-36-2076/077	Construction of Pre-Stressed Multispan Bridge (3x30m Span) at Thadokhola	NA	79.50 Million	3600000.00	10000.00
2	BRIDGE/NCB/MAN-37-2076/077	Construction of Pre-Stressed Multispan Bridge (2x35m Span) at Masinekhola	NA	75.70 Million	2800000.00	10000.00
3	BRIDGE/NCB/MAN-38-2076/077	Construction of Pre-Stressed Multispan Bridge (2x30m Span) at Twangrakhola	NA	74.80 Million	2700000.00	10000.00
4	BRIDGE/NCB/MAN-39-2076/077	Construction of Pre-Stressed Multispan Bridge (1x35m Span) at Handikhola	NA	58.60 Million	2150000.00	5000.00
5	BRIDGE/NCB/MAN-40-2076/077	Construction of Pre-Stressed Multispan Bridge (3x30m Span) at Chyapalkhola	NA	73.20 Million	2650000.00	10000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/eprocr Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaya, Makwanpur.

CHIEF ADMINISTRATIVE OFFICER

गाउँपालिकाको आफ्नै वजेटबाट ८ देखि १३ करोड लागत लाग्ने दुई स्थानसम्मका पक्की पुल निर्माण सुरु गरेको छ। ठेक्का सम्झौता भै कार्यान्वयन सुरु भएका यी पाँचओटै पुल आफ्नै कार्यकाल (साढे दुई वर्ष) मा सम्पन्न गर्ने लक्ष्य गाउँपालिकाको रहेको छ। यी पुलहरू गाउँपालिकाको ट्वाँग्रा खोला, मसिने खोला, हाँडी खोला, ठाडो खोला र च्यापल खोलामा निर्माण भैरहेका छन् जसले ४ ओटा वडालाई यातायात सेवाले जोड्ने छ। जहाँ आवश्यकता छ त्यही प्राथमिकता दिने गाउँपालिकाको नीतिअनुसार सडक पूर्वाधारको स्तरोन्नतीमा ध्यान दिइएको छ। गाउँपालिकाको अनुसार ३४ करोड लागत लाग्ने २० फिट चौडाइ रहने १९ कि.मि. सडकको डिपिआर तयार भई स्ट्रकचर निर्माणको काम भैरहको छ।

गाउँपालिकाले ठेक्कामार्फत यति धेरै वजेटको भौतिक पूर्वाधारका आयोजना निर्माण गरीरहेको सम्भवत पहिलो गाउँपालिका मनहरी रहेको छ। ठुला पूर्वाधारमा लगानी गर्ने मनहरीको यो प्रयास अन्य स्थानीय सरकारले पनि अवलम्बन गर्नुपर्ने देखिन्छ।

बारेकोट गाउँपालिका, जाजरकोट

सडक यातायातले बल्ल छोयो बारेकोटलाई

दुर्गम जिल्ला जाजरकोटको पनि दुर्गममा रहेको बारेकोट गाउँपालिका हालैमात्र सडक सञ्जालसँग जोडिएको छ, जहाँ ९ वडा मध्ये ६ ओटा वडालाई सडक सञ्जालमा जोडेको छ। तीन वर्षमा गाउँपालिकाको झण्डै ९ करोडको लगानीमा ८५ कि.मि. सडक निर्माण गरी २७ सय ३८ घरधुरीहरूलाई सडकको पहुँचमा पुऱ्याउन सफल भएको छ। त्यसअगि गाउँपालिकालाई सडक सञ्जालले कतैबाट पनि छोएको थिएन।

बारेकोटमा सडक सञ्जालले छोएपछि स्थानीय नागरिकमा नयाँ खुसीयाली छाएको छ। सदरमुकाम खलंगाबाट रिम्ना, मछाइना, कालिमाटी हुँदै बारेकोटसम्मका पैदलयात्री र भरियाको जीवनमा परिवर्तन आएको महसुस भएको छ। यो सुविधासँगै महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गलाई सहज रूपमा सेवा सुविधा लिन सजिलो भएको छ भने समग्र विकास प्रतिको नागरिकको सोचमा पनि परिवर्तन हुँदै गएको छ।

कानेपोखरी गाउँपालिका, मोरङ

कानेपोखरीले गऱ्यो १८ कि.मि. कालोपत्रे, १०२ कि.मि. ग्राभेल

नागरिकहरूको पूर्वाधार निर्माणमा देखिएको बढ्दो आकाँक्षालाई कानेपोखरी गाउँपालिकाले प्राथमिकतामा राखेको छ। नागरिकलाई न्युनतम भौतिक पूर्वाधारको सेवा पुऱ्याउने उद्देश्यले दिगो पूर्वाधार विकास गरिरहेको छ।

जनप्रतिनिधि वहाल हुँदा गाउँपालिका क्षेत्रमा जम्माजम्मी ५ कि.मि. कालोपत्रे र २५ कि.मि. जति ग्राभेल सडक थियो तर तीन वर्षभित्र थप १८ कि.मि. सडक कालोपत्रे गरेको छ भने १०२ कि.मि. सडक ग्राभेल गरिसकेको छ। सबै वडाका केन्द्रलाई गाउँपालिकाको केन्द्रसँग जोड्ने सडकलाई कालोपत्रे गर्ने र वस्तीलाई वडा केन्द्रसम्म जोड्ने सडकलाई ग्राभेल गर्नेगरी प्राथमिकतामा राखी निर्माण काम भैरहेको छ।

यस अवधिमा गाउँपालिका क्षेत्रमा साना ठुला गरी ३६ ओटा पुल तथा कल्भर्ट, ७ कि.मि. ढल, १०१ थान हयुम पाइप जडान गरेको छ जहाँ बाह्रै महिना सडक सञ्चालन हुने गरेको छ। आफ्नो कार्यकालभित्र ५० कि.मि. सडक कालोपत्रे र १५० कि.मि. ग्राभेल गर्ने लक्ष्य रहेको अध्यक्ष ताराबहादुर काफ्लेले बताउनुभयो। हालसम्म सडक कालोपत्रे तथा ग्राभेल गर्नका लागि करिब १८ करोड खर्च भइसकेको छ।

गाउँपालिकालाई पक्की छानायुक्त बनाउने नीतिअन्तर्गत ९८६ खरको छाना रहेको घरधुरी मध्ये २०५ घरमा जस्तापाता वितरण गरिएको छ भने बाँकी रहेको अवधिमा पालिका नै खरको छानामुक्त हुनेछ।

खजुरा गाउँपालिका, बाँके

खजुराको प्राथमिकतामा छन् १० ओटा गौरवका आयोजना



संविधानले व्यवस्था गरेबमोजिमको स्थानीय सरकार गठन भएको केही बर्ष मात्रै भएको छ। त्यसैले स्थानीय सरकारले गर्ने कामहरू गर्दै र सिक्दैको चरणमा छ। खजुरा गाउँपालिकाले भने संविधानको परिकल्पनाअनुसार योजनाबद्ध विकास गरिरहेको छ।

खजुरा गाउँपालिकाले १० ओटा आयोजना तथा कार्यक्रमहरूलाई गाउँपालिकाको "गौरवको आयोजना" को रूपमा प्राथमिकतामा राखी कार्यान्वयन गरिरहेको छ। गाउँपालिकाले ५ वर्षे, १० वर्षे र १५ वर्षे आवधिक योजना तर्जुमा गरी यी आयोजनाहरूलाई गौरवका आयोजनाको रूपमा प्राथमिकतामा राखी निर्माण अगाडि बढाएको छ।

- **प्रदेश स्तरीय विश्वविद्यालय:** वडा नं.८ को रनियापुरमा रहने यो विश्वविद्यालय निर्माणको लागि पहिलो चरणमा प्रदेश सरकारबाट ७ करोड विनियोजन भई पूर्वाधार निर्माणको कार्य भैरहेको छ। यसको लागि गाउँपालिकाले १ सय विगाहा जग्गा व्यवस्थापन गरिदिएको छ।
- **मदन भण्डारी बहुउद्देश्यीय सभा गृह:** ७ करोडको लागतमा निर्माणाधिन यो बहुउद्देश्यीय सभागृह ५ सय जनाको क्षमताको हुनेछ र अबको ६ महिनामा सम्पन्न हुनेछ।
- **खजुरा कृषि कलेज:** प्राकृतिक श्रोत व्यवस्थापन कलेज (विएससी एजी) नाम रहेको र मुख्यमन्त्रीबाट उद्घाटन भै सञ्चालनमा आइसकेको यो कलेजलाई जनता नमुना माध्यमिक विद्यालयको १० विगाहा जग्गा उपलब्ध गराइएको छ। यसै शैक्षिकसत्रबाट ४२ जना विद्यार्थीले अध्ययन सुरु गरेका छन्।
- **खजुरा औद्योगिक ग्राम:** गत आ.व.मा नेपाल सरकारले ३२ स्थानीयतहमा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय भएकोमा खजुरामा पनि एउटा परेको थियो। सुरुमा नेपाल सरकारले ९२ लाख पूर्वाधार निर्माणको लागि उपलब्ध गराएको छ। वडा नं. ६ पुरैनामा २१ विगाहा जग्गाभित्र निर्माण हुने ओद्योगिक ग्राममा तीन तहका उद्योग (साना, मझौला र ठुला) हरू रहनेछन्। प्रदेश सरकारले बनाइदिएको डिपिआरअनुसार कुल लागत करिब २५ करोड लाग्नेछ।
- **शुक्र स्टेडियम:** आठौ राष्ट्रिय खेलकुदको महिला तथा पुरुष भलिवल प्रतियोगिता भएको यो स्टेडियम४ विगाहा जमिनमा फैलिएको छ। डिपिआरअनुसार ५७ करोड लागत लाग्ने यस स्टेडियमलाई खेलकुद ग्रामको रूपमा स्तरोन्नती कार्य भैरहेको छ।
- **शित भण्डर:** वडा नं. ७ को सोनपुरमा निर्माणाधिन शितभण्डारको कुल लागत ८ करोड लाग्ने अनुमान गरिएको छ। प्रदेश सरकार, स्थानीय सरकार र सहकारी संस्थाको संयुक्त लगानीमा निर्माणाधिन यो शित भण्डार सार्वजनिक, निजी, सहकारी मोडलमा सञ्चालन हुनेछ। यसको व्यवस्थापन सहकारीले गर्छ भने अनुगमन र नियमन गाउँपालिकाले गर्नेछ। १५ सय मे.टन. क्षमताको यो भण्डार यसै वर्षको अन्तसम्ममा सञ्चालनमा ल्याउने लक्ष्य रहेको छ।
- **हरेक वर्ष १६ कि.मि. सडक कालोपत्रे:** गाउँपालिकाले प्रत्येक वर्ष कम्तिमा १६ कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य राखेको छ। हालसम्म ३२ कि.मि. सम्पन्न भैसकेको छ।
- **हरित शहर (Green City) निर्माण:** खजुरालाई हरित शहरको रूपमा विकास गर्न गाउँपालिका र युनाइटेड नेशन अफ साउथ साउथ कोअपरेशन (UNOSSC) बीच समझदारी (MoU) भइसकेको छ। गतवर्ष युजवेकिस्थानको राजधानी टास्केण्टमा युएनको प्रतिनिधिको रोहवरमा सम्झौता भई अध्ययनको लागि चीनको युसी शहरमा जाने र त्यहीबाट अन्तिम मोडालिटी तय गर्ने कार्यक्रम रहेकोमा कोभिड १९ को कारण स्थगित भएको छ। Green City व्यवथित शहरको परिकल्पना हो र यो कृषिमा केन्द्रित हुन्छ। यो करिब २ अरबको आयोजना हुने अनुमान गरिएको छ। यसको लागि बर्ल्ड फुड प्रोग्राम, युएनडिपि, डब्लु डब्लु एफपी लगायतका ६ ओटा दातृ निकायहरूको सहयोग रहनेछ।
- **फुटबलको लागि मिनी रंगशाला:** प्रदेश सरकारको एक स्थानीयतहमा एक खेल मैदान अवधारणानुसार वडा नं. ४ डिही गाउँमा रहेको यो रंगशालामा १ करोडको लगानीमा प्याराफिटसहितको मैदान बनिरहेको छ। यो फुटवल मैदानमा आठौ राष्ट्रिय खेलकुद प्रतियोगिताको महिला तथा पुरुष फुटवल प्रतियोगिता भएको थियो।
- **२ ओटा नमुना विद्यालय:** गाउँपालिकाले २ ओटा माध्यमिक विद्यालयलाई गौरवको आयोजनाको रूपमा विकास गरिरहेको छ। ती मध्ये एउटा विद्यालयमा सिभिलतर्फको डिप्लोमा इन्जिनियरिङ र अर्कोमा कृषि पढाई हुन्छ।

पूर्वीचौकी गाउँपालिका, डोटी

कार्यकालभित्र झोलुङ्गे पुल, सडक, बत्ती र खानेपानीका पूर्वाधार पूरा हुने

पूर्विचौकीका जनप्रतिनिधिले पद वहाली गर्दैगर्दा झोलुङ्गे पुल, सडक, बत्ती र खानेपानीका पूर्वाधार निर्माणमा गरेका प्रतिबद्धता क्रमश पूरा गरिरहेका र कार्यकालभित्र सम्पन्न गर्ने बताउनुभएको छ।

गरिएका प्रतिबद्धता र हालसम्मको प्रगतिका सम्बन्धमा अध्यक्ष दीर्घ बोगटीका धारणा उहाँको आफ्नै शब्दमाः

सबैघरमा बिजुली बत्ती पुऱ्याउँछौ भन्ने प्रतिशद्धता करिब पूराहुन लागेको छ। २ ओटा वडाका केही घरमामात्र विजुली बलेकोमा अब केही समयभित्र उज्यालो 'पूर्विचौकी घोषणा' गर्दैछौं। गाउँपालिकाको करिब अढाई करोड, नेपाल सरकारबाट डेढ करोड र बाँकी बिद्युत प्राधिकरणको संयुक्त लगानीमा बिद्युतीकणको काम अन्तिमचरणमा पुगेको छ।

गाउँपालिका क्षेत्रमा ८ ओटा झोलुङ्गे पुलको आवश्यकता रहेकोमा ४ ओटा निर्माण सम्पन्न भैसक्यो भने ४ ओटा निर्माण प्रकृयामा रहेका छन्। ती मध्ये एउटा पुल गाउँपालिका एक्लैले करिब ३५ लाखको लगानीमा निर्माण गऱ्यो भने दुइटा संघीय सरकार र एउटा प्रदेश सरकारसँगको साझेदारी निर्माण सम्पन्न भएको थियो।

सबै वडामा सडक लैजाने काम पूरा भयो, अब बाँकी अवधिमा यी सडकको स्तरोन्नति गरेर बाह्रै महिना यातायात सञ्चालन हुने अवस्थामा पुऱ्याउँनेछौं। एक घर एक धाराको अवधारणामा खानेपानीका आयोजनाहरू निर्माण गरिरहेका छौं। संघीय सरकारको लगानीमा करिब १ अरब लागतको खानेपानी आयोजना निर्माणको चरणमा छ। कार्यकालभित्र यो अवधारणा पनि पूरा गर्नेछौं।

सिमिकोट गाउँपालिका, हुम्ला

गाउँपालिकाको सबै वडामा सडकको पहुँच

सिमकोट गाउँपालिकाले सबै वडाहरूमा सडकको पहुँच विस्तार गरेको छ। जिल्लाको सदरमुकाम नै भएको स्थानीय तहमा राष्ट्रिय मार्ग (कर्णाली राजमार्ग) ले छोएसँगै गाउँपालिकाले सबै वडाहरूमा सडक सञ्जालले जोडेको छ।

सिमकोट गाउँपालिकालाई अघिल्लो आ.ब. मा मात्र सडक सञ्जालले छोएपछि गाउँपालिकाले पहिलो प्राथमिकतामा सडक विस्तार गरी पालिका तथा वडा कार्यालयसम्म सडक सञ्जालले जोड्न सफल भएको छ। 'सुगम ठाउँको लागि यो सामान्य काम होला तर हुम्लाको लागि यो गरौवपूर्ण उपलब्धी हो।' गाउँपालिका अध्यक्ष पदमबहादुर लामा भन्नुहुन्छ 'हामी निर्वाचित भएर आउँदा सडकको डोब पनि थिएन। तर अहिले ८ ओटा वडा मध्ये ७ ओटामा सडक विस्तार गरिसकेका छौं भने बाँकी भागमा क्रमशः सडक विस्तार गर्दैछौं।'

गाउँपालिकाको करिब ७ करोड लगानीमा २५ कि.मि. सडक निर्माण गरी करिब २४ सय घरधुरीमा सडक सेवा पुगेको छ। सडकसँगै गाडीहरू गाउँमा पुग्दा साच्चिकै सिंहदरबार गाउँमा आएको अनुभूति यहाँका नागरिकले गर्न थालेका छन्।

कुनै पनि विकास र अभ्यासलाई सापेक्षतामा हेर्नुपर्दछ। गाउँपालिकामा भर्खर सडक सञ्जालले छोएको सिमकोट गाउँपालिकालाई सबै वडामा सडक पुऱ्याउनु नै अनुकरणीय कार्य ठानेको छ।

मिक्लाजुङ गाउँपालिका, मोरङ

मिक्लाजुङको पूर्वाधार निर्माणमा नतिजामुलक कार्य

तीन वर्षमा गाउँपालिकाले पूर्वाधार विकासमा महत्वपूर्ण फड्को मारेको छ। यसबीचमा तीनओटा वडा कार्यालय भवन निर्माण गरी सञ्चालनमा ल्याएको छ भने दुईओटा भवन निर्माणधिन रहेको छ। आधारभूत स्वास्थ्य केन्द्रको छओटा भवन निर्माणाधिन रहेको छ। गाउँपालिकाका सडक कालोपत्रे गर्ने कार्यलाई गौरवका आयोजनाका रूपमा घोषणा गरी आफ्नै श्रोतबाट बहुवर्षीय योजना बनाई कालोपत्रे गर्ने कार्य भैरहेको छ। हालसम्म विभिन्न वडामा गरी ८ कि.मि. सडक कालोपत्रे गरिसकेको छ।

भौगोलिक हिसाबले दुर्गम यो गाउँपालिकामा तत्काल कालोपत्रे हुन नसक्ने सडकहरूमा ए लेभलको ग्राभेल गरेर सबै वडामा बाह्रै महिना यातायात सञ्चालन गरिरहेको छ। नुनसरी, मावा र साखरे खोलामा तटबन्द निर्माण गरी जग्गा कटान नियन्त्रण गरेको छ भने बाँकी क्षेत्रमा तटबन्द निर्माण भैरहेको छ। यसैगरी बहुवर्षीय योजनाअन्तर्गत

कुइनेटार चुलिपोखरी पदमार्ग निर्माण भैरहेको छ। बेततेनी सिम्सार क्षेत्र र देविस्थान सिम्सार क्षेत्रमा दुईओटा पोखरी निर्माण सम्पन्न भएको छ भने नेशेलुङ भ्युटावरको पाँचौ तला निर्माण भैरहेको छ।

कार्यकाल भरमा ४० कि.मि. सडक कालोपत्रे, ८० कि.मि. सडक ग्राभेल गर्ने लक्ष्य गाउँपालिकाको रहेको छ। नतिजामूलक दिगो भौतिक पूर्वाधार निर्माणमा केन्द्रित गाउँपालिकाको यो प्रयासको मिक्लाजुङवासीमा प्रशंसायोग्य रहेको बताइन्छ।

ठाँटीकाँध गाउँपालिका, दैलेख

२१ कि.मि. टाढाबाट पानी ल्याएर खुवायो ठाँटीकाँधले

दैलेखको विकट पश्चिमी क्षेत्रमा अवस्थित ठाटीकाँध गाउँपालिकाको ठाँटीकाँध क्षेत्रमा व्याप्त खानेपानीको समस्या समाधान भएको छ। नजिकै खानेपानीको श्रोत नभएको कारण २१ कि.मि. टाढाको कागतेपानी मुहानबाट पानी ल्याई वितरण गरेको छ।

ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको १ करोड २४ लाख र गाउँपालिकाको १ करोड २२ लाख साझेदारीमा सम्पन्न यो योजनाले एक घर एक धारासहित १ सय ९० निजी धाराबाट खानेपानी वितरण गरेको छ। घना बस्तीपछिको करिब १२/१३ बर्षदेखिको कष्टपुर्ण खानेपानी समस्याको समाधान भएको छ भने यस क्षेत्रका नागरिकको स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि भई सरसफाईसम्वन्धी आनीवानीमा समेत परिवर्तन आइरहेको छ। नागरिकलाई स्वच्छ खानेपानी आपूर्ति गर्ने कार्यमा स्थानीय सरकारहरूले धेरै प्रयत्न गरिरहेका छन्। मुहानको अभावमा २१ कि.मि. टाढाबाट खानेपानी ल्याउन ठाँटीकाँधको यो प्रयास प्रशंसायोग्य रहेको छ।

कमल गाउँपालिका, मोरङ

पूर्वाधार निर्माणमा ६०/४० को अवधारणा कार्यान्वयन

कमल गाउँपालिकाले पूर्वाधार निर्माणमा उपभोक्ताहरूको साझेदारीलाई आकर्षित गर्न ६०/४० को अवधारणा लागु गरेको छ। पूर्वाधार निर्माण साझेदारी कार्यविधिअनुसार आयोजनाको कुल लागतमा गाउँपालिकाले ६० प्रतिशत र उपभोक्ताले ४० प्रतिशत लगानी गर्नुपर्नेछ।

अघिल्लो दुई आ.व.मा यस अवधारणाअनुसार ६ वटा सडकको ड्रेन निर्माण गर्ने तथा कालोपत्रे गर्ने कार्य भएको थियो। जहाँ करिब १ किमि. सडकको ड्रेन निर्माण र करिब डेढ कि.मि. सडक कालोपत्रे गरिएको थियो। कार्यविधिअनुसार आयोजना सम्झौता गर्दा नै उपभोक्ताले योगदान गर्नुपर्ने ४० प्रतिशत रकम गाउँपालिकाको खातामा जम्मा गर्नुपर्दछ। आयोजना निर्माणको क्रममा पहिला उपभोत्ताले जम्मा गरेको रकम भुक्तानी गरिन्छ र पछि मात्र गाउँपालिकाको रकम निकासा गरिन्छ। यसरी संचालित ती आयोजनाहरूमा ६० प्रतिशत अर्थात १५ देखि २० लाखसम्म गाउँपालिकाले लगानी गरेको छ भने ४० प्रतिशतले हुन आउने रकम सम्बन्धित् उपभोक्ताहरूले लगानी गरेका छन्।

शहरोन्मुख वस्तीहरूमा सडक तथा ढल निर्माणमा यो अवधारणा उपयोगी हुने देखिन्छ। जनसहभागिता वृद्धि गर्न ५०/५०, ६०/४०, ७०/३० वा ८०/२० साझेदारी अनुदान सहयोग जस्ता अवधारणा बनाई उपभोक्ताको सहभागितामा पूर्वाधार निर्माण गर्न अन्य स्थानीय सरकारको लागि पनि उपयोगी हुने देखिन्छ।

साइपाल गाउँपालिका, बझाङ

विकासका सबै काम शुन्यबाटै थाल्नु परेको छ

'एउटै गाविस एउटै गाउँपालिका' को रूपमा पुनर्संरचित भएको बझाङको दुर्गममा रहेको साइपाल गाउँपालिकाले विकासका सबै प्रयास शुन्यबाट शुरुवात गर्नुपरेको छ। विगतमा काँडा गाउँ विकास समितिको रूपमा परिचित यो गाउँपालिकाको नामाकरण बझाङमा पर्ने साइपाल हिमालको नामबाट गरिएको छ।

विगतमा एउटैमात्र स्वास्थ्य चौकी थियो अहिले सबै वडामा सामुदायिक स्वास्थ्य चौकी स्थापना गरेको छ। गाउँपालिमामा एउटा पनि माध्यमिक विद्यालय थिएन तर पछिल्लो चरणमा तीनवटा मा.वि. संचालनमा ल्याइएको छ। स्वयमसेवक शिक्षक कार्यविधि बनाएर आन्तरिक आयबाट शिक्षक व्यवस्थापन गरेको छ। यहाँ सञ्चारको कुनै सुविधा थिएन तर टेलिकम र संचार मन्त्रालयसँगको समन्वयमा सबै वस्तीमा मोवाइल टिप्ने भैसकेको छ। २ हजार देखि ३५ मिटरको उचाईमा रहेको यहाँका नागरिकलाई १२ महिना काम गरेर तीन महिना खानमात्र पुग्छ। परम्परागत वाली लगाउने चलनलाई परिवर्तन गर्दै स्याउ, आलु, फापर, जौ, भेडा च्याङ्ग्राको पकेट क्षेत्र बनाई उत्पादन वृद्धि र बजारीकरणमा जोड दिएको छ। पछिल्लो चरणमा यहाँको भेडाच्याङ्ग्रा काठमाडौं र पोखरा पुऱ्याइन्छ जहाँ एक सिजनमा नै ५ करोडको निकासी हुन्छ। करिब ३ हजार जनसंख्या रहेको यहाँ अहिले फर्म दर्ता गराएर व्यवसायिक रूपमा कृषि तथा पशुपालनमा जोड गरिएको छ।

पहिला गाविस हुँदा यहाँ खाद्यको अतिनै अभाव हुन्थ्यो। अहिले प्रत्येक वडामा डिपो राखिएको छ। खाद्य संस्थानले आयोडिनयुक्त नुन, चामल गाउँपालिकासम्म खाद्यान्न पुऱ्याउँछ र गाउँपालिकाले प्रत्येक वडामा रहेको डिपो मार्फत वितरण गर्दछ। विजुली बत्ती एउटा घरमा पनि थिएन तर अहिले २० देखि २५ किलोवाटसम्मका तीनवटा माइक्रो हाइड्रोबाट वडा नं. १ बाहेक सबै वडाका सबै घरमा बत्ती बलेको छ।

साइपाल हिमाल यही गाउँपालिकामा पर्दछ र मानसरोवर र कैलाश क्षेत्र जाने बाटो पनि यही बाट छ। पर्यटकलाई आकर्षिक तगर्न २० वटा होमस्टे र पर्यटन सूचना केन्द्र सञ्चालनमा ल्याएको छ। ठाउँठाउँमा सामुदायिक वन वनाएर जडिबुटी संरक्षण गर्ने काम भैरहेको। यस क्षेत्रमा चर्चित 'याशर्गुम्बा' र अन्य जडिबुटी पाप्त गर्न सकिन्छ। पर्यटन र जडिबुटी नै यहाँको समृद्धिको मुख्य आधार हो। साइपाललाई अहिलेसम्म सडकले छोएको छैन। छिमेकी तलकोट गाउँपालिकामा बल्ल सडक पुगेको छ। साइपालका अध्यक्ष राजेन्द्र धामी भन्नुहुन्छ 'हामीले हरेक विकासका गतिविधि शुन्यबाट नै शुरु गर्नुपरेको छ तर पनि यो तीन वर्षमा समृद्ध साइपालको स्पष्ट मार्गचित्र कोर्न सफल भएका छौं। अबको बाँकी अवधी थालिएका कामलाइ पुरा गर्न केन्द्रित गर्नेछौं।'

तुर्माखाँद गाउँपालिका अछाम

तुर्माखाँदले शुरु गऱ्यो 'वाटर गभर्नान्स'

अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकामा बिगतदेखि नै केहि खानेपानीका सँरचनाहरू निर्माण भएका थिए तर नियमित मर्मत सम्भारको अभावमा ती आयोजनाहरू डिजाइन अवधिभन्दा चाँडै बिग्रने गर्दथ्यो। गाउँपालिकाले यि संरचनाहरूको दिगोपनाको लागि 'वाटर गभर्नान्स' अर्थात खानेपानीको आन्तरिक शासन प्रणाली स्थापित गरेको छ र यसको लागि 'खानेपानी, सरसफाई तथा स्वच्छता व्यबस्थापन निर्देशिका २०७७' जारी गरेको छ।

निर्देशिकाले खानेपानी उपभोक्ता समिति दर्ता गर्ने, प्रत्येक उपभोक्ता समितिको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका बनाउनु पर्ने, मर्मत सम्भार कोष र कार्यकर्ता राख्ने र आवश्यक पाटपुर्जा मौज्जाद राख्ने जस्ता अनिवार्य व्यवस्था गरेको छ। त्यसैगरी धाराको प्रयोग गर्नेहरूको महिला समूह निर्माण गर्ने, पानीमा निश्चित शुल्क लगाउने, उपभोक्ता समितिको बार्षिक साधारण सभा गर्ने, गाउँपालिका स्तरमा खानेपानी उपभोक्ता समिति सञ्जाल, खानेपानी, सरसफाई तथा स्वच्छता ब्यबस्थापन समिति (WASH Board) र सो को मातहतमा WASH इकाइ गठन गर्ने व्यवस्था निर्देशिकाले गरेको छ। खानेपानी आयोजनाको दिगोपनाका लागि यी सबै चरणहरू पार गरिसकेपछि अन्तिममा सबै उपभोक्ता समितिहरूको बार्षिक मूल्यांकन गरि दण्ड एवं पुरस्कारको समेत ब्यबस्था गर्ने कार्यविधिले गरेको छ।

गाउँपालिका भित्रका सबै खानेपानी आयोजनाहरूको बिबरण अद्याबधिक गरि WASH ब्यबस्थापन सुचना प्रणालीमा प्रबिष्टि गर्ने रणनीतिका साथ गाउँ कार्यपालिकाबाट २०७७ साल अषार १५ गते निर्देशिका जारी गरि स्थानीय राजपत्रमा समेत प्रकाशित भैसकेको छ। खानेपानीको दिगो आपुर्ति व्यवस्थापनको लागि तुर्माखाँदको 'वाटर गभर्नान्स' अवधारणा अन्य स्थानीय सरकारको लागि अनुकरणीय कार्य हो।

भैरवी, नौमुले र भगवतीमाई गाउँपालिका, दैलेख

गाउँपालिकाको 'जलउपयोग गुरुयोजना' निर्माण

दैलेख जिल्लाका भैरवी, नौमुले र भगवतीमाई गाउँपालिकाले जलउपयोग गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याएका छन्। पालिकाको वाताबरण संरक्षण तथा विपद ब्यवस्थापनका विविध पक्षहरू जस्तैः हरियाली तथा वृक्षारोपण, भू-जलाधार संरक्षण, पर्यावरणीय तथा जलबायु अनुकुलन, फोहोरमैला ब्यवस्थापनका पक्षलाई विशेष ध्यान दिएर गुरुयोजना निर्माण गरेको छ।

फिनल्याण्ड सरकार र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालित ग्रामिण जलस्रोत ब्यवस्थापन कार्यक्रममार्फत गुरुयोजना तर्जुमा गरेको छ। गुरुयोजनाले पानीका स्रोतको पहिचान र उपभोगको प्राथमिकिकरण औल्याएको छ। दिगो स्रोत ब्यवस्थापनलाई मध्यनजर राखी उपभोक्ता संस्थाको क्षमतालाई विशेष महत्व दिएको छ। त्यसैगरी खानेपानी संरचनाको दिगोपनाका लागि मर्मत संभार कोषको निर्माण, मर्मत संभार कार्यकर्ताको ब्यवस्थापन तथा परिचालन, पानी महसुल संकलन प्रणालीको विकास, पानी सुरक्षा योजनाको पूर्णपालना, पोषण र पोषण सुधार योजनालाई समावेश गरेको छ। दिगो सरसफाई तथा स्वच्छता प्रबर्द्धन, क्षमता विकास तथा दिगो जिविकोपार्जन कार्यक्रम, पोषण ब्यवस्थापन, प्रकोप जोखीम न्यूनिकरण तथा जलबायु परिवर्तन तथा अनुकुलन कार्यक्रम, पानीको बहु उपयोगिता, घरबारी ब्यवस्थापन, समूह सहकारी विकास जस्ता बहुआयामिक तथा बहुपक्षिय क्षेत्र विकासलाई ब्यवस्थित बनाउन जलउपयोग गुरुयोजनाले कार्य गर्दछ।

चौकुने गाउँपालिका, सुर्खेत

जलबिद्युतको विकल्पमा 'सौर्य उर्जा'

कर्णाली प्रदेशको राजधानी सुर्खेत र सुर्खेतको कर्णाली भनेर चिनिने चौकुने गाउँपालिका राष्ट्रिय बिद्युत प्रशारण लाइनको पहुँचबाट अझै टाढा रहेको छ। अँध्यारो चौकुनेलाई जनप्रतिनिधिले आफ्नो पदको बहालसँगै 'उज्यालो चौकुने' बनाउने संकल्प गरेका थिए।

केन्द्रिय प्रसारणको तत्काल सम्भावना नदेखेपछि वडा नं. ८ गुठुमा सोलार प्लान्ट स्थापना गरेर सय वाटको बिजुली निकालियो। ३ सय ४४ घरधुरीमा बत्ती बाल्न पुग्नेगरी निर्माण गरिएको बिद्युत हाल ३ सयभन्दा बढी घरमा जडान भैसकेको छ। सौर्य बिद्युत व्यवस्थापनको जिम्मा चौकुने शौर्य बिद्युत उपभोक्ता सहकारी संस्थालाई दिइएको छ।

३ सय ८ ओटा सोलार पाता जडान गरी बिद्युत निकालिएको उक्त योजना बैकल्पिक उर्जा प्रबन्ध केन्द्रसँगको सहकार्यमा निर्माण गरिएको हो। ग्रामीण जीवनका लागि नवीकरणीय उर्जा कार्यक्रममार्फत प्रबर्द्धन केन्द्रको ९० प्रतिशत अनुदान र स्थानीय उपभोक्ताको तर्फबाट १० प्रतिशत लगानीमा सोलार बिद्युत निकालिएको हो। परियोजनामा गाउँपालिकाको ३३ लाख र १५ लाख स्थानीय समुदायको लगानी रहेको छ।

यसैगरी वडा नं. ५ को रेक्चास्थित बेतखोली लघु जलबिद्युत आयोजना सम्पन्न भएपछि २२ किलोवाट बिद्युतबाट १ सय ५० घरमा बिद्युतीकरण भएको छ। २०६८ सालमा आयोजना सुरु गरेपनि ठेकेदार कम्पनीले काम बिचमै छाडी अल्पत्र पारेपछि जनप्रतिनिधिको आगमन पछि सम्पन्न भएको छ। करिब ८४ लाख लगानी रहेकोमा गाउँपालिकाको ३० लाख लगानी रहेको छ। बैकल्पिक उर्जाको प्रयोगलाई गाउँपालिकाले दिएको प्राथमिकताले चौकुनेका नागरिकमा उज्यालो छाएको छ।

सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक

सुख्खाग्रस्त ठोकर्पामा डिपबोरिङबाट खानेपानी

गाउँपालिकाको वडा नं १ स्थित ठोकर्पा जिल्लाकै सुख्खाग्रस्त क्षेत्रभित्र पर्दछ। वडाको माथिल्लो क्षेत्रका बासिन्दाले पुस्तौदेखि खानेपानीको अभाव बेहोरिरहेका छन् भने यसकै कारण बसाइसराइसमेत बढिरहेको छ। गाउँपालिकामा जनप्रतिनिधिको बहालीसँगै खानेपानी उपलब्ध गराउने अनेकौ विधिहरूमा छलफल भयो। डिपबोरिङबाट पानी निकाल्न सम्भव हुने देखेपछि प्राविधिहरूको लामो प्रयासका बाबजुद पानी निकाल्न सम्भव भएको छ।

पानीको स्रोत नभएको, भुकम्पपछि भएका स-साना स्रोत पनि सुक्दै गएको थियो। **डिपबोरिङमार्फत पानी निकाल्न सम्भव भएपछि त्यस क्षेत्रका ३०० घरधुरी लाभान्वित भएका छन्। यसको साथै सोलार लिफ्टिङबाट पानी तानी २५० घरधुरीलाई खानेपानी आपुर्ति गरेसँगै करिब ८५ प्रतिशत घरधुरीलाई खानेपानीको समस्याबाट मुक्ति मिलेको छ।** गाउँपालिकाले यी दुवै परियोजनाको लागि करिब साढे २ करोड वजेट खर्च गरेको छ भने बचत भएको पानीबाट नागरिकहरू करेसाबारी र तरकारी खेतीमा समेत आकर्षित भएका छन्।

पहाडी क्षेत्रमा पनि डिपबोरिङ प्रविधिबाट खानेपानी निकाल्न सम्भव देखिएपछि खानेपानीको मुहानको समस्या भएका अन्य क्षेत्रमा पनि स्वच्छ खानेपानी वितरण गर्न ठोकर्पाको यो अभ्यास सिकाइ हुनसक्दछ।

भोटेकोशी गा.पा., सिन्धुपाल्चोक

भैरवकुण्ड पुग्न पर्यटकीय पदमार्ग निर्माण

संघीयतासँगै विकासका लागि हुटहुटीएका नवनिर्वाचित भोटेकोशीका जनप्रतिनिधिहरूले धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी पर्यटकीय गतिविधि बढाउने कार्यको पनि थालनी गरेका छन्। सडक मार्गसँगै पैदल मार्गको पनि विकास गर्ने उद्देश्यले भैरवकुण्ड पर्यटकीय पदमार्ग जनप्रतिनिधिहरूको आगमनपश्चात् प्रथमिकतामा परेको छ।

लार्चामा रहेको नेपालको दोश्रो ठूलो तातोपानी सुख्खा बन्दरगाह हुँदै दुगुनागढी र भैरवकुण्ड जोड्ने यो पदमार्गको निर्माण अघिल्लो वर्षबाट सुरुवात गरेको हो। संघीय सरकारको समपुरक अनुदान र गाउँपालिकाको साझेदारीमा ८० लाखमा २.६७ कि.मि. पैदल मार्ग निर्माण भैसकेको छ, जहाँ रेलिङसहित ५ फिट चौडाईका पक्की खुड्किला रहेका छन्। ग्रामीण जीवनशैलीलाई नियाल्दै र मनोरम वातावरणमा रमाउँदै दुगुनागढी तथा भैरवकुण्डसम्मको पदयात्राको लागि यो मार्गको निर्माणबाट पर्यटकहरूले स्वर्गानुभूति प्राप्त गर्ने गाउँपालिकाको अपेक्षा रहेको छ।

ऐतिहासिक क्षेत्र दुगुनागढी र धार्मिक क्षेत्र भैरवकुण्ड पैदल नै जान चाहने साहसिक पर्यटकहरूको लागि यो मार्गको निर्माणले दुरगामी प्रभाव पार्नेछ। भुकम्पले थिलथिलो र बाढी पहिरोको उच्च चपेटामा परेको भोटेकोशी क्षेत्रमा डोजरको सट्टा श्रमिकबाट नै बाटो निर्माण गर्ने यस अनुकरणीय प्रयासले पर्यावरण र भूसंरक्षणमा समेत सहयोग पुग्नेछ।

रावावेशी गाउँपालिका, खोटाङ

रावावेशीका सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी

लेक र बेशी दुवै भूभागमा अवस्थित् रावावेशी गाउँपालिकालाई लेकका वस्तीमा खानेपानी सहज आपुर्ति गर्नु मुख्य चुनौती रहेको छ। लेकाली क्षेत्रका वस्तीभन्दा माथि खानेपानीका कुनै मुहान छैनन् भने वर्षायाममा समेत पर्याप्त पानी नपर्ने यस क्षेत्रका नागरिकहरू दुई घण्टा धाएर खानेपानीको जोहो गर्छन्। "धाएर पानी" ल्याउने ठाउँ भनेर यहाँको एउटा गाउँको नाम नै "धारापानी" समेत रहन गयो।

यही धाएर पानी ल्याउनुपर्ने "धारापानी" क्षेत्रमा गाउँपालिकाले तल्लो क्षेत्रको खहरेखोलाबाट लिफ्टिङ गरेर खानेपानी आपूर्ति गरेको छ। वडा नं. ४ का २ सय ५६ घरधुरीलाई २६ सय मिटर तलबाट पानी लिफ्टिङ गरेर वितरण गरेको छ। यो योजना सम्पन्न गर्न गाउँपालिकाले करिब ३९ लाख खर्च गरेको छ। बिद्युतबाट लिफ्टिङ मेशिन सञ्चालन हुने भएकाले बिद्युत महशुल तिर्न, समयसमयमा मेशिन मर्मत गर्न तथा पानी वितरण गर्न उपभोक्ता समितिलाई जिम्मेवारी दिएको छ।

अहिले माथिल्लो क्षेत्रमा खानेपानीको मुहान नभएको रावावेशीका अन्य वस्तीहरूमा लिफ्टिङ गर्ने कार्य भैरहेको छ। यस वर्ष प्रदेश सरकारबाट २ ओटा र संघीय सरकारबाट १ ओटा थप आयोजना निर्माण सम्पन्न हुनेछन्।

सन् २०३० सम्ममा नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउने दिगो विकासका लक्ष्य प्राप्तिका लागि गाउँपालिकाको यी अभ्यास अनुकरणीय छन्।

थाक्रे गाउँपालिका, धादिङ

केवलपुरमा डिप वोरीङ्गको पानी : वदलियो स्थानीयको दैनिकी

गाउँपालिका वडा नं ९ र १० का वासिन्दाहरूको वर्षौंदेखिको डोकामा पानी वोकेर खानु पर्ने समस्या समाधान भएपछि स्थानीयहरू उत्साहित भएका छन। साविकको केवलपुर गाविसका गाउँहरू देशको राजधानी काठमाडौंबाट ३५ किलोमिटर मात्र टाढा रहे पनि वर्षौंदेखि यहाँका वासिन्दाहरूले पानीको प्यास मेटाउन खोला धाउनु पर्ने अवस्था थियो।

गाउँपालिकाले केवलपुरका जनताहरूको खानेपानीको समस्यालाई सम्बोधन गर्दै केवलपुर खानेपानी डिप बोरिङ योजना कार्यान्वयन गरेपछि भने केवलपुरवासीको सहजरूपमा पानी पिउने सपना पूरा भएको छ। २०७५ फाल्गुणबाट खानेपानी आयोजनाको काम सुरु भई २०७६ फागुनभित्रै सबै काम सम्पन्न भइसकेको छ।

यसबाट सातसय घरधुरीका करिब तीन हजार पाँच सय जना प्रत्यक्ष लाभान्वित भएका छन्। टाढाबाट खानेपानी बोक्नु पर्ने र महंगो महसुलबाट छुटकारा पाएपछि स्थानीयको दैनिकी नै बदलिएको छ। घरमै खानेपानीको सुविधा उपलब्ध भएपछि स्थानीय महिलाहरू पानी बोक्नको लागि लाग्ने समयमा घरको अन्य काम गर्न सक्ने भएका छन् भने सवैको घरमा करेसावारीले हरियाली देखिएको छ। मौसमअनुसारका तरकारी बारीमै उत्पादन हुन थालेको छ।

गाउँपालिकाको कुल एक करोड पैतीस लाख लागतमा सम्पन्न भएको डिप बोरिङ योजनाबाट वडा नं ९ का कोइरालचोक, पण्डीतपौवा,

छापागाउँ, पाडेगाउँ, रेग्मीगाउँ, सन्तेडी, आचार्य पोखरी र भुजेलटोल र वडा नं १० का ठुलोपोखरी, चिउरीपाटी, जफती, पाडेपौवा, देवलगाउँ लगायतका, स्थानीय वासिन्दाहरू प्रत्यक्षरूपमा लाभान्वित भएका छन। करिव दुइसय मिटर तलबाट वोरिङ गरी निकालिएको पानी विभिन्न १५ वटा टयांकी तयार गरी वितरण गरिएको छ।

गाउँपालिकाको यस कार्यले सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता सम्बन्धी दिगो विकास लक्ष्य (SDG 6) को प्राप्तिमा समेत योगदान दिनेछ।

मर्स्याङ्दी गाउँपालिका, लमजुङ

पहाडमा पनि भूमिगत सिँचाइ सफल

मर्स्याङ्दी गाउँपालिकाको वडा नं ८ स्थित सिमलचौर भूमिगत सिचाई योजनाबाट गाउँपालिका नै सर्वप्रथम बोरिङबाट पानी निकालेर सिचाई सुरु भएको छ। तराई र समथर भुभागमा सामान्य भएतापनि पहाडी र उच्च भेगमा सम्भावना कम हुने यस्तो महत्वपूर्ण र महत्वाकांक्षी योजनाको सफल उदाहरण भएको छ।

यो योजनाबाट १ सय २० घरधुरीको स्वामित्वमा रहेको करिब २ सय रोपनी जमिनमा सिंचाई हुनेछ। भने बाह्रमासे खेतीमा हुने सिचाईले नगदेवाली, वेमौसमी खेती, अन्नवाली लगायत सबै तरकारी र कृषि उपज उत्पादनमा उल्लेख्य योगदान पुग्नेछ। कुल ५० लाख लागतमा निर्माण गरिएको यो आयोजना डि.टी.एच. प्रविधिको Deep Boring बाट १ सय ३२ मि. गहिराईबाट पानी निकालिएको छ जसबाट प्रारम्भिक परीक्षणमा ७ लिटर प्रति सेकेन्डका दरले पानी निस्किएको छ। यसमा सतहबाट ५० मि. तल १२.५ एच.पी. क्षमताको सब मर्जीबल मोटर राखी पानी तानिएको छ। यसरी निस्किएको पानीलाई १ लाख २० हजार लिटर क्षमताको सिञ्चित ट्याङ्की बनाई संकलन गरिनेछ र

संकलित पानीलाई दुईओटा आउटलेट बनाई वितरण गर्ने योजना रहेको छ। ट्रान्सफर्मर र सर्क्युट प्यानल राख्नका लागि छुट्टै बिद्युतगृह बनाई सञ्चालन गरिनेछ। यसको संरक्षण, सम्बर्द्धन र सञ्चालनको जिम्मा उपभोक्ता समितिको हुनेछ।

गाउँपालिकाको प्रमुख प्राथमिकतामा रहेको कृषि क्षेत्रलाई मध्यनजर गर्दै गौरवको योजनामा समेटिएको र यसको परीक्षण सफल भएकाले अन्य स्थानमा पनि अध्ययन भैरहेको गाउँपालिकाले जनाएको छ।

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक

पर्यटन प्रवर्द्धनका लागि "हेलम्बु ग्रेट ट्रेल"

सांस्कृतिक र साहसिक पर्यटनका लागि काठमाडौबाट नजिकको गन्तव्य हेलम्बुमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दन गर्ने उद्देश्यका साथ गाउँपालिकाले "हेलम्बु ग्रेट ट्रेल" निर्माण सुरु गरेको छ।

डिपिआरअनुसार यो ट्रेलको लम्बाई ६० कि.मि. को रहनेछ। चौडाई ३.५ मिटरको हुने यो ट्रेलको करिब ३ सय मिटर निर्माण भएको छ। चीनको ग्रेट वालको झल्को दिने यो महत्वकांक्षी परियोजना सम्पन्न गर्न २ अर्ब ४० करोड लाग्ने अनुमान गरिएको छ। तीन तहकै सरकारको संयुक्त लगानीको अपेक्षा गरिएको यो परियोजनामा गत वर्ष वागमती प्रदेश सरकारबाट ५० लाख बजेट निकासा भएको थियो।

यस पदमार्गबाट नेपालमा प्रख्यात रहेको माउन्टेन फलाईटबाट अवलोकन गर्न सकिने हिमालहरू मध्यको ८० प्रतिशत हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ। ग्रेट ट्रेलको करिब १ कि.मि. को दुरीमा पवित्र तिर्थस्थल गोसाईकुण्ड रहेको छ। पदमार्गको निर्माण सम्पन्न भएपछि रसुवाको धार्मिक स्थल गोसाईकुण्ड आवतजावतमा पनि सहज हुने बताइएको छ। उक्त पदमार्ग अंग्रेजी अक्षरको सी अर्थात अर्धचन्द्राकरको हुनेछ।

हाल मोटरबाटोको पहुँच प्राय सबै स्थानमा पुगेकाले पदयात्रा गर्ने पदयात्रीको संख्या घट्दै गएकोले यस ट्रेलले पदयात्रामा आकर्षण

बढाउने र हेलम्बुका प्रमुख धार्मिक स्थलहरू जस्तै ढुक्पु, आमायाङ्ग्री तथा मनोरम डाँडाकाँडाहरू हुँदै सांस्कृतिक महत्वका गाउँहरू पनि पुग्न सकिन्छ।

हेलम्बु ग्रेट ट्रेल निर्माणमा स्थानीय स्रोतसाधन प्रयोग गरिएकोले स्थानीयलाई रोजगारको अवसर पनि प्राप्त भएको छ। विश्वमा चाईना पछिको दोस्रो ग्रेट ट्रेलको रूपमा यस ट्रेल रहेकाले हेलम्बुको लागिमात्र नभई नेपालका लागि गौरवको योजना बन्न सक्ने सम्भावना रहको छ।

सहिदभूमि गाउँपालिका, धनकुटा

सहिदको सम्झानामा पार्क निर्माण

व्यवस्था परिवर्तनको लागि पटक पटक भएका आन्दोलनमा सहादत प्राप्त गरेका वीर सहिदहरूको सम्मान गर्नु राज्यको दायित्व हो। धनकुटाको ऐतिहासिक क्षेत्र खोकु र छिन्ताङ क्षेत्रसमेत समेटिएर बनेको सहिदभूमि गाउँपालिकाले सहिदहरूको सम्मानस्वरूप सहादत प्राप्त गरेका स्थानमा पार्क तथा शिलालेख बनाइरहेछ।

पञ्चायती व्यवस्थाको बर्बरताबाट आँखीसल्ला, खोकु र छिन्ताङमा गरी १६ जनाले सहादत प्राप्त गरेका थिए भने यस क्षेत्रमा पञ्चायतकाल र १० वर्षे सशस्त्र युद्धमा परी २० जनाले सहादत प्राप्त गरेका थिए।

जुन जुन ठाउँमा सहिदहरूले सहादत प्राप्त गरेका छन् सोही स्थानमा सहिदहरूको शिलालेखसहित पार्क बनाउने काम अन्तिम चरणमा पुगेको छ। वीर सहिदहरूको योगदानलाई स्थानीय सरकारले सधै सम्मान गर्नेछ र भावी पुस्ताको जानकारीको लागि यी पूर्वाधारहरू निर्माण गरिरहेका गाउँपालिकाका अध्यक्ष मनोज राईले बताउनुभयो।



गैडहवा गाउँपालिका, रुपन्देही

पर्यटन पूर्वाधार विकासमा लुम्बिनी सँगसँगै

पर्यटकका लागि गौतम बुद्धको जन्मस्थान लुम्बिनी जत्तिकै त्यस आसपासका क्षेत्र महत्वपूर्ण मानिन्छ। यही महत्वलाई मध्यनजर गरेर गाउँपालिकाले वडा नं. ६ सूर्यपुरामा गौतम बुद्धकी आमा यशोधराको नामबाट पार्क निर्माण गर्दैछ। गाउँपालिका र प्रदेशको १० करोडको लागत सहभागितामा यशोधरा पार्क निर्माण भैरहेको छ।

यसैगरि लुम्बिनी, गैडहवा र कञ्चन गाउँपालिका क्षेत्रमा रहेका तालहरूसहित विभिन्न पर्यटकीय क्षेत्रलाई जोड्ने गरी पर्यटकीय पूर्वाधारहरूको निर्माण गरिरहेको छ। यसका लागि संघ, प्रदेश र गाउँपालिकाको ४२ करोड रूपैयाँ लागत सहभागिता रहेको छ। यसका साथै, वडा नं. ८ मा १५ करोड रूपैयाँमा बन्ने देउराली वाल उद्यान पार्कको पनि डीपीआर तयार भइसकेको छ। यस पार्क पनि प्रदेश र गाउँपालिकाको लागत सहभागिता रहने छ। शिवनगरमा वन र मठमन्दिरलाई समेट्ने गरी बोटानिकल पार्क निर्माण भइरहेको छ। साथै, सबै वडामा पर्यटकीय पार्कहरू निर्माण भइरहेको छ।

लुम्बिनी आउने पर्यटकहरूलाई आकर्षित गर्ने र थप एक दिन बसाई लम्ब्याउन गेडहवाले प्रयत्न गरिरहेको छ। थालनी गरिएका पर्यटकीय ठुला पूर्वाधारको निर्माणले यस क्षेत्रको पर्यटन विकासमा ठुलो सघाउ पुग्ने निश्चित छ।

कोटहीमाई गाउँपालिका, रुपन्देही

साना आयोजना पनि टेण्डरबाटै निर्माण

एक करोडसम्मका आयोजनाहरू उपभोक्ता समितिमार्फत निर्माण गर्न पाउने कानुनी व्यवस्था भए पनि गाउँपालिकाले प्राविधिक हिसाबका साना आयोजना पनि टेण्डरमार्फत निर्माण गर्दै आएको छ। यसैगरि प्राविधिक जटिलता नभएका १० लाख रूपैयाँभन्दा धेरै लागतका आयोजनाहरू पनि टेण्डरमार्फत नै निर्माण गर्दै आएको छ।

गतबर्ष गाउँपालकाको ७ ओटै वडामा गरिएको सडक कालोपत्रे पनि टेण्डरबाटै सम्पन्न गरेका छन्। ५ ओटा वडामा ५०/५० लाख र २ ओटा वडामा १/१ करोड रकमका कालोपत्रे टेण्डरबाटै निर्माण गरेका छन् भने धर्मशाला पनि टेण्डरमार्फत नै निर्माणाधिन छ। यसैगरि औषधीलगायतका अन्य सेवा तथा वस्तु खरिद पनि टेण्डरमार्फत नै गर्दै आएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद घिमिरे भन्नुहुन्छ, "यी मुख्य संरचनाहरू मात्रै हुन्। टेण्डरबाट गरिएका छिटफुट काम धेरै छन्। गुणस्तर र पारदर्शीताका लागि टेण्डरलाई नै प्राथमिकतामा राखेका छौं। लागत ५ लाख रूपैयाँ भए पनि प्राविधिक जटिलता भएका कामहरू टेण्डरमार्फत गर्दै आएका छौं। यसले जवाफदेहितामा पनि बलियो भएको छ।"

उपभोक्ता समितिहरू मिनि ठेकेदार भने भन्ने गुनासो बढिरहँदा प्राविधिक क्षमता राख्ने स-साना आयोजनाहरू पनि टेण्डरबाट नै गर्ने प्रयास गाउँपालिकाले गरेको छ।

शिवपुरी गाउँपालिका, नुवाकोट

गाउँपालिकाको गौरवका आयोजनाः कृषि रिङ रोड, कोल्ड स्टोर र क्षेत्रीय रंगशाला

गाउँपालिकाहरूले आयोजनाहरूको प्राथमिकिकरण गरेर कार्यान्वयन गरिरहेका छन्। नेपाल सरकारले पछिल्लो समयमा अवलम्बन गरेको गौरवको आयोजनाको रूपमा घोषणा गर्ने र ती आयोजनालाई श्रोत साधन अभाव हुन नदिई समयमा नै सम्पन्न गर्ने गर्दछ। नेपाल सरकारले झैं शिवपुरी गाउँपालिकाले पनि गौरवका आयोजनाको रूपमा कृषि रिङ रोड, कोल्ड स्टोर र क्षेत्रीय रंगशालालाई प्राथमिकतामा राखी कार्यान्वयन गरिरहेको छ। सबै वडाका मुख्य मुख्य कृषि क्षेत्रलाई समेट्नेगरी करिब ७० कि.मि. लम्बाईको कृषि रिङ रोड निर्माण गरिरहेको छ। यस रिङ रोडको निर्माणले कृषिजन्य उत्पादनलाई सजिलै वजारसम्म लैजान सहज हुनेछ।

मध्यपहाडी लोकमार्ग गाउँपालिकाको बीचभागबाट ८ ओटै वडामा पर्नेगरी जानु पनि यहाँको लागि अवसर भएको छ। शिवपुरीको समृद्धि भनेकै कृषि हो। यहाँ प्राकृतिक सिंचाईको सुविधा छ र काठमाडौं नजिक भएकोले बजारको कुनै समस्या छैन।

गत आ.व.मा व्यवसायिक कृषि तथा पशुपालनको लागि करिब सवा २ करोड खर्च गरेको थियो भने चालु आ.व.को लागि सोही बराबर वजेट विनियोजन गरेको छ। कोभिड १९ का कारण रोजगार गुमाएर गाउँ फर्किएका युवाहरूको स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न ८० लाख विनियोजन गरेको छ। गतवर्ष टनेल बाढ्ने, ट्याक्टर बाढ्ने काम भयो तर यो वर्ष व्यवसायिक रूपमा खेती गर्ने किसानलाई मात्र छनौट गरेर कृषि औजार, मल विउ तथा अन्य जिन्सी सहयोग गर्दछौं। बाँदरबाट अतिनै प्रभावित यो क्षेत्रमा बाँदरबाट जोगिने खालका फलफूलका बिरुवा रोपणमा जोड दिइएको छ। किसान र गाउँपालिकाको ५०/५० लागत साझेदारीमा फलफुलका बिरुवा रोपिएको छ।

गाउँपालिकाले कोल्ड स्टोर भवन बनाइसक्यो र यसमा आवश्यक

निर्माणाधिन क्षेत्रीय रंगशाला

मेशिन औजारको लागि संघीय सरकारसँग समपुरकको योजनामार्फत काम भैरहेको छ। गाउँपालिकामा कृषि उपज संकलन केन्द्र बनिसकेको छ। प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रमसँगको साझेदारीमा गाडी खरिद गरेर सहकारीलाई उपलब्ध गराएको छ। संकलन केन्द्रमा नै खुर्पाने तथा सबै प्रकारका फलफूलको जाम तथा वाइन बनाउने मेशिन स्टल भैसक्यो। अब उत्पादन सुरु हुनेछ र अबदेखि यहाँ उत्पादित फलफूलको 'भ्यालु एड' गरी निकासी हुनेछ।

गाउँपालिकाले क्षेत्रीयस्तरको रंगशाला निर्माण गरिरहेको छ। प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा निर्माणाधिन यो रंगशाला यसैवर्ष सम्पन्न हुनेछ। प्याराफिट बनिसक्यो र थप केही पूर्वाधार बनाउन बाँकी रहेको छ। यस वर्षमा नै जिल्लास्तरको फुटवल खेलको आयोजना कार्यक्रम रहेको छ। यस रंगशालामा फुटवलको अलावा एथलेटिक्सका अन्य खेलहरू खेलाउन सकिनेछ।

रुपा गाउँपालिका, कास्की

पहिलो वर्ष नै आयोजना बैंक स्थापना

प्रदेश र संघीय सरकारले स्थानीय तहमा ठुला पूर्वाधारमा लगानी गर्न परियोजना बैंक बनाउने र बैंकमा रहेका आयोजनामा लगानी गर्ने नीति लिएको छ। परियोजना बैकमा आयोजना राख्न सबै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको हुनुपर्दछ।

रूपा गाउँपालिकाले सुरुको वर्ष १२ ओटा ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना बैंक स्थापना गऱ्यो। पछिल्ला वर्षहरूमा सोही डिपिआर भएका आयोजनाहरू क्रमश कार्यान्वयन गरिरहेको छ। संघ र प्रदेश सरकारको नीति बुझेर नै पहिलो वर्ष आयोजना बैंक बनाउन खर्च गऱ्यो, जसले गाउँपलिकालाई प्रदेश र संघीय सरकारसँग योजना पेस गर्न सजिलो भयो। गाउँपालिकाले संघ र प्रदेशलाई डिपिआर गरिसकेका ९ आयोजना पेश गरेर बजेट पारिरहेको छ।

गाउँपालिकाले आफ्नै श्रोतबाट हालसम्म ५.२ कि.मि. सडक कालोपत्रे, गरिसकेको छ भने बाँकी सडक ग्राभेल गरेर सबै वडाका सबै वस्ती लाई सडक सञ्जालमा जोडिसकेको छ। ३ वर्षभित्र 'एक घर एक धारा' पुऱ्याउने योजनाअनुसार ४२ खानेपानी योजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेकोमा हालसम्म २२ योजना सम्पन्न भइसकेका छन्। बाँकी २० योजना अन्तिम चरणमा छन्। केन्द्र र प्रदेश सरकारबाट १६ ठुला खानेपानी आयोजना सञ्चालनमा छन्। पहुँचका आधारमा तहगत सरकारबाट बजेट पार्ने हाम्रो खराब परिपाटीलाई आयोजना बैंकको अवधारणाले वास्तविक र प्राथमिकताप्राप्त आयोजनामा मात्र श्रोतको सदुपयोग गर्न सघाउ पुग्छ। रूपाले गरेको आयोजना बैंकको अवधारणा अन्य स्थानीय तहको लागि पनि अनुकरणयोग्य हुनसक्दछ।

अपि हिमाल गाउँपालिका, दार्चुला

पालिकाले बनायो सिद्धमकरिकोट पर्यटन पदमार्ग

सुदुरपश्चिम प्रदेशकै अग्लो अपि हिमालको नामबाट नामाकरण गरिएको नाम हो अपि हिमाल गाउँपालिका। यो गाउँपालिका भौगोलोकि बिकट्ताका साथै प्राकृतिक र सांस्कृतिक रूपमा भरिपूर्ण रहेको छ। यस मध्ये सिद्धमकरिकोट क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न गाउँपालिकाले विशेष जोड दिएको छ।

मकरिकोटको टापु जहाँ नेपाल बाईसे र चौबीसे राज्यहरू रहँदा मलदेश राज्यका राजा जातर सिँहको दरबार रहेको थियो। राजाले मकरिघाटको बसुधारा भन्ने ठाउँमा स्नान गर्थे। त्यहाँबाट सिँगो अपिहिमाल गाउँपालिका र अपि हिमालको दृश्य देखिन्छ तर आउन जान भने अत्यन्तै कठिन थियो। **ऐतिहासिक एवं पुरातात्विक रूपमा समेत महत्वपूर्ण रहेको क्षेत्रमा आवतजावतमा सहज होस् भन्ने उद्देश्यले करिब २ कि.मि. बाटोमा सिढी हालिएको छ।** गाउँपालिका र संघीय सरकारसँगको समपुरक अनुदान गरी करिब साढे ४ करोड लागतमा रेलिङसहितको करिब ४ हजार सिढी निर्माण भएको छ।

यो क्षेत्रमा अपि हिमालको वेश क्याम्प पनि रहेको छ। गाउँपालिकाले सिद्धमकरिकोट अपि बेश क्याम्पको निर्माणको लागि डिपिआर बनाइ संघीय पर्यटन मन्त्रालयमा वजेटको लागि पेश गरेको छ।

हिलो मुक्त क्षेत्र: सडक सञ्जालले बल्लमात्र छोएको यो गाउँपालिकाका टोलटोलका गोरेटो बाटोको स्तरोन्नती गरी हिलो मुक्त क्षेत्र बनाएको छ। २ मिटर चौडाइका करिब ११ कि.मि. गोरेटो बाटोमा पिसिसि ढलान गरेर गोरेटो बाटो हिलो मुक्त बनाएको छ।

दुर्गम क्षेत्र अपिको यी पूर्वाधार निर्माणले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेछ भने गोरोटो बाटोको स्तरोन्नतीले नागरिकलाई हिडँडुल गर्न सहज भएको छ।

लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक

सबै आयोजनाको स्टमेट र मूल्याङ्कन नेपाली भाषामा



गाउँपालिकाले आफ्ना विकास आयोजनाहरूको लागत अनुमान (स्टमेट) र मूल्याङ्कन नेपाली भाषामा तयार गर्ने गरेको छ। अँग्रेजी भाषामा तयार गरेको स्टमेट तथा मूल्याङ्कन उपभोक्ताहरूले सहजै बुझ्न नसक्दा काममा अलमल तथा गुणस्तरमा तलमाथि हुने गर्दथ्यो। नेपाली भाषामा स्टमेट तयार हुन थालेपछि निर्माण सामग्री खरिद गर्न र गुणस्तरीय काम गर्न निकै सहज भएको उपभोक्ता समितिका पदाधिकारीहरूको अनुभव रहेको छ।

उपभोक्ताहरूले धेरै पहिलेदेखि नै यो आवाज उठाउँदै आएता पनि कार्यान्वयन भएको थिएन। कार्यपालिकाले नै अबदेखि कुनै पनि आयोजनाहरूको लागत स्टमेट तथा मूल्याङ्कन प्रतिवेदन तयार गर्दा नेपाली भाषामा उपभोक्ताले बुझ्ने गरी तयार गर्ने निर्णय गरेपछि प्राविधिकहरूले सोही बमोजिम तयार गर्ने गरेका छन्। केही शब्दावलीहरू नेपालीमा नरहेको र अँग्रेजीमा नै लेख्नु परेका कारण सुरुसुरुमा केही असजिलो भएता पनि अब क्रमश सहज हुँदै गएको प्राविधिकहरूको अनुभव रहेको छ। हेर्दा सामान्यजस्तो लाग्ने यो कार्यले उपभोक्ता समितिहरूलाई भने निर्माण सामग्रीको जोहो गर्न, कार्यान्वयन तथा अनुगमन गर्न धेरै सहज बनाएको छ। लिसंखु पाखरको यो अभ्यास सबै स्थानीय सरकारको लागि अनुकरणयोग्य कार्य हो।

देवघाट गाउँपालिका, तनहुँ

नेपालकै पहिलो सुरक्षित खानेपानीयुक्त वडा घोषणा


unicef
for every child
प्रमाण पत्र

देवघाट गाउँपालिका वडा नं. ५ लाई गत पौष १३ गते नेपालकै पहिलो सुरक्षित खानेपानीयुक्त वडा घोषणा गरिएको छ। कोस्डर गोरखाको प्राविधिक सहयोग तथा गाउँपालिका र युनिसेफको आर्थिक सहयोगमा संचालित वास अभियान अन्तर्गत पूर्ण सरसफाई अभियानलाई साकार पार्नका लागि वडा घोषणा गरिएको हो।

यस वडामा ९ ओटा सानाठुला खानेपानी आयोजनाबाट १ हजार ४ सय ८६ घरधुरीमा व्यक्तिगत धारा जडान गरेको छ। यी खानेपानी आयोजना मा नियमित रूपमा पानी परीक्षण गरी ब्लिचिङ्ग गर्ने गरिन्छ। निकै व्यवस्थित यी खानेपानी आयोजनाका उपभोक्ताबजेट सुरक्षित पानी प्रयोगका लागि सजग छन्।

पानी सुरक्षित नहुँदा विभिन्न पानीजन्य रोगव्याधी लाग्ने हुँदा सुरक्षित खानेपानी नै प्रयोग गर्नुपर्छ भन्ने जानकारी भएकै कारण यो वडालाई नेपालकै प्रथम सुरक्षित खानेपानीयुक्त वडा घोषणा गरिएको हो। वडा घोषणाका लागि उपभोक्ता समितिलाई पानी सुरक्षासम्वन्धी अभिमुखीकरण तालिम, पानी सुरक्षा टोली गठन, पानी शुद्धिकरणका विधि, ब्लिचिङ्ग गर्ने तरिका, 'मुहानदेखि मुखसम्म' पानी शुद्धीकरण गर्नुपर्छ भन्ने जानकारी गराइएको थियो। त्यसैगरी बालक्लव गठन र परिचालन, टोल विकास संस्था सचेतिकरण तालिम, पूर्ण सरसफाई सम्वन्धी अभिमुखीकरण, विद्यालय वाश कार्यक्रम संचालन, विभिन्न स्थानमा भित्ते लेखनलगायतका क्रियाकलाप गरिएका कारण यो सुरक्षित खानेपानीयुक्त वडा घोषणा गरिएको गाउँपालिकाले जनाएको छ।

टेम्केमैयुङ गाउँपालिका, भोजपुर

टेम्केमैयुङलाई उज्यालो पालिका घोषणा गर्ने तयारी

टेम्केमैयुङ गाउँपालिकालाई उज्यालो पालिकाको रूपमा घोषणा गर्ने तयारी गरिएको छ। शतप्रतिशत घरधुरीमा बिद्युत सेवा पुऱ्याउन सफल भएका कारण उज्यालो गाउँपालिकाको रूपमा घोषणा गर्न लागिएको जनाइएको छ। जम्मा ३ हजार ७ सय ३८ घरधुरी रहेको यस गाउँपालिकामा जनप्रतिनिधि वहाल हुँदा केन्द्रिय प्रशारणबाट ६०/७० र वडा नं. १ मा रहेको लघु जलबिद्युत आयोजनाबाट केही मात्रामा बिजुली बलेको अवस्था थियो।

तर हाल ७ ओटा वडामा केन्द्रिय प्रसारणको लाइनबाट र वडा नं. १ र ३ मा लघु जलबिद्युत आयोजनाबाट बिद्युतीकरण सम्पन्न भएको छ। यसबीचमा गाउँपालिकाले ट्रान्सफर्मर र पोल खर्चको लागि ७ करोड लगानी गरेको छ भने अन्य खर्च प्राधिकरणबाट भएको गाउँपालिकाका अध्यक्ष ध्रुवराज राईले बताउनुभयो।

'हाम्रो चाहना गाउँपालिकालाई जतिसक्दो छिटो बिद्युतीकरण गर्नु थियो, जुन करिब ३ वर्षमा नै टेम्केमैयुङवासीलाई उज्यालो दिन सक्यौ।' अध्यक्ष राइले भन्नुभयो 'अब हाम्रो बाँकी अवधि सडक खानेपानी, शिक्षा र रोजगारमा केन्द्रित गर्दछौं।'

राप्ती गाउँपालिका, दाङ

राप्तीको गौरवको आयोजना "राप्ती चक्रपथ"

कुनै इन्जिनियरिङ डिजाइन बिना नै सडक निर्माण गर्ने परिपाटी रहेकोमा राप्ती गाउँपालिकाले आफ्नो क्षेत्रको सबै सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सहितको सडक गुरुयोजना बनाएको छ। गाउँपालिकाले सबै वडालाई छुने चक्रपथको एकिकृत गुरुयोजना बनाएर राप्ती गौरबको आयोजना घोषणा गरेको छ।

३४ कि.मि. लामो यो चक्रपथ आयोजनामा करिब ५ कि.मि. ट्र्याक खोल्न बाँकी छ। गुरुयोजनामा समावेश चक्रपथभित्र उत्तर-दक्षिण ६ ओटा सडकको स्तरोन्नती भइरहेको छ। त्यसमध्ये करिब २० कि.मि. सडक त कालोपत्रे नै गरिसकिएको छ। चक्रपथ र अन्य सडकहरूमा लामो तथा छोटो दुरीका यात्रुवाहेक सवारी साधन नियमित सञ्चालन गरिएको छ। सार्वजनिक यातायातका लागि वडा नं. १ भालुवाङ्गमा निर्माण भइरहेको बसपार्क अन्तिम चरणमा पुगेको छ। २ ओटा पक्की मोटरेवलपुलको निर्माण सम्पन्न हुने चरणमा छ।

यसबाहेक शिक्षा, स्वास्थ्य र कृषिलाई पनि उत्तिकै प्राथमिकता



दिँदै आएको यो गाउँपालिका मासु र दुधमा भने आत्मनिर्भर भैसकेको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाको दिगो र योजनाबद्ध पूर्वाधारको विकासले स्थानीय सरकारको पहिलो कार्यकाल प्रभावकारी बनाउन सिंगो गाउँपालिका परिवार लागी परेको छ।

जुगल गाउँपालिका, सिन्धुपाल्चोक

उपभोक्ताको सहजताको लागि 'आयोजना पुस्तिका'

उपभोक्ता समितिलाई काम गर्न भन्दा कागजपत्र मिलाउन नै झन्झट हुँदा गाउँपालिकाको सेवा प्रवाहमा उपभोक्ताबाट गुनासो आइरहन्थ्यो। तर जुगल गाउँपालिकाले कुनै पनि आयोजनाको सुरुदेखि अन्तसम्म समावेश गर्नुपर्ने कागजपत्रहरूलाई एउटै पुस्तक (आयोजना पुस्तक) मा समावेश गरी उपभोक्ता समितिलाई जिम्मा लगाएपछि भने यो समस्या हटेको छ।



हरेक आयोजनाको एउटा एउटा आयोजना पुस्तक हुनेछ जहाँ उपभोक्ताहरूको भेलाका उपस्थिती तथा निर्णय, लागत स्टमेट, समितिको माइन्युट, विभिन्न निवेदनहरू, आयोजना सम्झौता पत्र, अनुगमन समितिको प्रतिवेदन, आयोजना फरफारक लगायतका सम्पूर्ण प्रकृयाका कागजपत्र समावेश गरिएको छ। उपभोक्ताहरूलाई कागजपत्र मिलाउन र तोकिएका प्रकृया पूरा गर्न सधै समस्या आइरहन्थ्यो तर आयोजना पुस्तक उपलब्ध गराएपछि भने यो समस्या हटेको छ। गाउँपालिकाका अध्यक्ष होमनारायण श्रेष्ठको अनुभवमा पनि कागजपत्र मिलाउन नजान्दा उपभोक्ताहरूमा कार्यालयले झमेला दिएको अनुभूति हुन्थ्यो तर अब आयोजना पुस्तिकामा समावेश भएपछि झन्झट हट्यो।

जुगलले सुशासन, पारदर्शिता र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ। कार्यालयमा लेखाको सुत्र, योजना, राजश्व र जिन्सीका सफ्टवयर प्रयोगमा ल्याएको छ भने वडा कार्यालयबाट हुने सबै प्रकारका सिफारिसहरू अनलाइनबाट सिफारिस गरिन्छ। राजश्व सफ्टवेयरको प्रयोले राजश्वमा सामान्य वृद्धि भएको छ भने सामाग्रीहरूको मौज्दातको अनुगमन गर्न सहज र मितव्ययी भएको छ। सुशासन, पारदर्शिता र सेवा प्रवाहमा जुगलले गरेको प्रयास अनुकरणीय रहेको छ।

अजिरकोट गाउँपालिका, गोरखा

पर्यटन प्रवर्द्धनका निम्ति पदमार्ग

अजिरकोट गाउँपालिकाले पर्यटन प्रवर्द्धनका निम्ति २ किमि लामो पदमार्ग निर्माण गरेको छ। गाउँपालिकाभित्र रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्र संरक्षण र प्रर्वद्धन गरी पर्यटकीय गतिविधि बढाउने र आफ्ना क्षेत्रमा आईपुगेका पर्यटकहरूको बसाई लम्ब्याउने उद्देश्यले पदमार्ग निर्माण गरिएको छ।

वडा नं २ को बागखोर भन्ने स्थान देखि वडा न १ को नागेपोखरीसम्म पुग्नको लागि पदमार्ग निर्माण गरिएको छ। नागेपोखरीमा एउटा सानो पार्क, चौतारा लगायतका संरचना समेत निर्माण गरिएको छ। पदमार्गबाट गोरखा र लमजुङका विभिन्न स्थानहरूको दृश्यावलोकन गर्न मिल्नुको साथै नागेपोखरी पुगेपछि मनास्लु, बुद्ध हिमाललगायतका हिमालहरू पनि देख्न सकिनेछ। नागपञ्चमीमा विशेष मेला लाग्ने सो स्थानमा पहुँच मार्ग अभाव र पोखरी संरक्षण अभावले ओझेलमा परेकाले गाउँपालिकाले त्यसको संरक्षणको लागि यो काम गरेको बताइएको छ।

पदमार्ग निमार्णको लागि गाउँपालिकाको तर्फबाट १३ लाख ९० हजार र स्वाँरा सदन विकास संस्था गोरखाबाट करिब १० लाख ७० हजार गरी कुल २३ लाख ६० हजार रकम खर्च भएको छ। ऐतिहासिक अजिरकोट गढी, भच्चेक बजार, सिरानाडाँडा लगायत घुम्न आउने पर्यटकहरू सडक मार्गको पहुँच पश्चात एकदिन भन्दा बढी बास बस्न छाडेपछि उनीहरूको बसाई लम्ब्याउनका निम्ति यो पदमार्ग निर्माण गरिएको गाउँपालिकाले जनाएको छ।

राप्तीसोनारी गाउँपालिका, दाङ

सबै वडामा 'सामुदायिक बहुउद्देश्यीय सभा हल' निर्माण

राप्तीसोनारी गाउँपालिकाले विभिन्न वडामा ६ ओटा बहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न गरेको छ। वडा नं. ३ मा ४ ओटा, वडा नं. ४ र ५ मा १/१ ओटा सभाहल निर्माण भएका छन्। प्राकृतिक विपद् वा अन्य कारणले घरबार विहीन नागरिकलाई अस्थायी सेल्टरको व्यवस्था गर्न, समुदायस्तरमा हुने बैठक/सभा/समारोहहरूको आयोजना गर्न यी सभाहलहरू निर्माण गरिएको हो।

कारोनाको महामारीमा ६ वटै भवनलाई क्वारेन्टिनका रूपमा उपयोग गरिएको छ। गाउँपालिकाका साथै स्थानीय संस्थाहरू पाल र वेष्ट नेपालको साझेदारीमा निर्माण भएका यी भवनहरू कृषि उपज भण्डारका लागि पनि उपयोग गरिनेछ।

बन्दीपुर गाउँपालिका, तनहुँ

वन्दीपुर मुकुन्देश्वरी पर्खाल (मिनी–ग्रेटवाल)

तनहुँको पर्यटकीय गन्तव्य बन्दिपुरमा निर्माणाधिन मुकुन्देश्वरी पर्यटकीय पर्खाल (मिनी ग्रेटवाल) गाउँपालिकाको गौरवको आयोजना हो। बन्दिपुर स्वदेशी तथा विदेशी पर्यटकका लागि बुहुप्रचारित गन्तव्यको रूपमा रहे पनि यहाँ आगन्तुकबजेटका लागि घुम्ने र मनोरञ्जन प्राप्त गर्ने पूर्वाधारहरूको कमी थियो।

यसैलाई मध्यनजर गर्दै गाउँपालिकाले बन्दिपुर बजारभन्दा माथि रहेको थानीमाई मन्दिरदेखि मणिमुकुन्दसेन राजाको ऐतिहासिक ग्रिष्मकालीन दरबारको भग्नावशेषसम्म फैलिएको उपयोगविहीन डाँडालाई प्रयोग गरी पर्यटकीय पर्खाल अर्थात 'मिनी ग्रेटवाल' को रूपमा विकास गर्न लागेको छ।

४ कि.मि. लम्बाईको मिनि ग्रेटवाल गत आ.व. सम्म १.५ कि.मि. निर्माण सम्पन्न भइसकेको छ। अनुमानित ४ करोड लागतको मिनि ग्रेटवाल निर्माणका लागि संघीय सरकारको 'सय पर्यटकीय गन्तव्य कार्यक्रम' बाट ५० लाख र गाउँपालिकाको ५० लाख खर्च भइसकेको छ।

मुकुन्देश्वरी पर्यटकीय पर्खाल (मिनी ग्रेटवाल) ले वन्दिपुर आउने पर्यटकलाई दृश्यावलोकन र घुमघामको लागि थप आकर्षक गन्तब्य उपलब्ध गराउने र पर्यटकको बसाई कम्तिमा १ रात लम्ब्याउन मद्दत पुग्नेछ भने यस पूर्वाधारको प्रचारप्रसारबाट बन्दिपुरमा वार्षिक थप ५० हजार आगन्तुक वढ्ने गाउँपालिकाको अनुमान छ।

चंखेली गाउँपालिका, हुम्ला

चंखेलीवासीको उज्यालोको सपना पूराहुँदै

चंखेलीबासीअध्यारो अन्त्य हुने दिनको पर्खाइमा छन्, जुन सपना फापर खोला र खारखोलामा निर्माणाधिन लघु जलबिद्युतले पूरा गर्दैछ। ४५ र ७५ किलोवाट क्षमताका यी दुई आयोजनाले चंखेलीका ९ सय घरधुरीमा उज्यालो दिनेछ।

गाउँपालिकाको २ करोड र प्रदेश सरकारको ८० लाख लगानी रहेको यी आयोजनाको नहर, मुहानको ट्याङ्की, फोरवय ट्याङ्की, पावर हाउस, पोल, वितरण लाइनको काम धमाधम भैरहेकाले आउँदो माघ महिनाभित्र बत्ती बालिसक्ने छ। यस योजनाको निर्माणको लागि दुई पटकसम्म ठेक्का लागेको तर काम हुन सकेको थिएन। जनप्रतिनिधि आइसके पश्चात भने यसले गति लियो। परम्पराकालदेखि आधुनिकताको आभास नपाएको हुम्लीबासीहरूको सपना साकार हुने भएको छ। यस परियोजनाले बत्तीको अलावा मिल, फर्निचर, घरेलु तथा साना उद्योग सञ्चालनमा आउनेछन, ब्यवस्थित पशुपालन, कुखुरापालन लगायतका ब्यवसायीक फर्महरू सञ्चालन भै स्वरोजगारका अबसरहरू सृजना हुनेछन्।

रुरुक्षेत्र गाउँपालिका, गुल्मी

९० प्रतिशत घरमा खानेपानी, कृषिमा योजनाबद्ध लगानी

रुरुक्षेत्र गाउँपालिकामा जनप्रतिनिधि बहाल भए यता करिब ९० प्रतिशत घरमा खानेपानी सुविधा पुगेको छ। खानेपानीको समस्या रहेको रुरुको चुनावी नारा नै 'घर घरमा खानेपानीको धारा' थियो।

खानेपानीका मुहान थोरै भएको हुँदा लिफ्ट र बोरिङमार्फत आयोजनाहरू सम्पन्न गर्नु परेको छ। लिफ्ट प्रबिधिमाफर्त थोर्गा, बलेटक्सार, खबटे, काउले, बम्घा, निनामकोटमा खानेपानीको सुबिधा पुऱ्याइएको छ। यसैगरि रिडीमा लिफ्ट र डीप बोरिङ प्रबिधिको खानेपानी आयोजना सम्पन्न भएको छ। भूमिगत पानी भएको ठाउँमा बोरिङ गरिएको र परम्परागत खानेपानीको मुहानभन्दा अग्लो स्थानमा रहेका वस्तीहरूमा लिफ्टमार्फत खानेपानी वितरण गरिएको छ। गाउँपालिकाका अध्यक्ष निलकण्ठ गौतम भन्नुहुन्छ, "हामी निर्वाचित हुनुअगि करिब ३० प्रतिशत घरमा खानेपानीका धारा थिए। अहिले ९० प्रतिशत घरमा धारा पुगेको छ। यो वर्ष रुरुका शतप्रतिशत घरमा धारा पुऱ्याइसक्ने योजना छ।"

कृषिमा क्षेत्रगत लगानी

रुरुले कृषि बिशेषज्ञहरूबाट भूगोलअनुसार माटो र हावापानीको अध्ययन गराएर कृषि उत्पादनको पकेट क्षेत्रहरू तोकेको छ। वडा नं. १ लाई आँप, लिची र केरा, २ लाई पशुपालन, ३ लाई परम्परागत उखु, ५ लाई सुन्तला, ५ लाई आलु र ६ लाई तरकारी खेतीको पकेट क्षेत्र तोकेको छ। अध्यक्ष गौतम भन्नुहुन्छ, "हचुवामा भन्दा पनि आवश्यकता र सम्भावनाको आधारमा लगानी गरिरहेका छौं।"

खाँडादेवी गाउँपालिका, रामेछाप

माझी समुदायमा 'होम स्टे'
प्रदेश र गाउँपालिकाको साझेदारीमा 'एकिकृत वस्ती निर्माण'

तपाई विपि लोकमार्ग पार गर्दै हुनुहुन्छ र मुलकोटको डब्खा डाँडाबाट सुनकोशी पारी हेर्नुभयो भने एकै प्रकारका सुन्दर घरहरू देख्नु हुनेछ। कारणवस तपाई मुलकोट क्षेत्रमा नै बास बस्नु पर्ने भयो भनेत झन पुल तर्ने वितिक्कै आउने यो वस्तीमा न्यानो आतिथ्यता सहित बस्न सक्नुहुनेछ। यि सुन्दर घरहरू तपाइकै स्वागतका लागि निर्माण गरिएका हुन्। 'कृषि र पर्यटन सँगसँगै' भन्ने अवधारणामा ग्रामीण पर्यटनको प्रबर्द्धन गर्न बागमती प्रदेश सरकार र खाँडादेवी गाउँपालिकाले संयुक्त रुपमा यि पूर्वाधार निर्माण पारेका हुन्।

सुनकोशीको किनारमा रहेका माझी समुदायको कला संस्कृतिको प्रचारप्रसार गर्न र उनिहरूको आय आर्जनमा थप टेवा पुऱ्याउने उद्देश्यले दुवै सरकारको संयुक्त प्रयासमा 'होम स्टेका लागि एकिकृत वस्ती' निर्माण गरिएको छ। एक सय पाहुनालाई सजिलै व्यवस्थापन गर्नेगरी ५० घर निर्माण गर्ने लक्ष्य अनुरुप हाल ४२ वटा घरहरू निर्माण भैसकेका छन् भने बाँकी घरहरू बनिरहेका छन्। एकिकृत वस्तीको अवलोकन गर्न सानो भ्युटावर तथा माछा पोखरी, चिल्ड्रेन पार्क, बस पार्क जस्ता पूर्वाधार निर्माण भैरहेको छ। यि पूर्वाधार निर्माण गर्न प्रदेश सरकारले १ करोड ५० लाख र खाँडादेवी गाउँपालिकाले ७५ लाखको लागत साझेदारी गरिसकेका छन्।

माझी समुदायको बिच भागमा निर्माण भएका यि घरहरूमा माझी परिवारहरू भने बस्ने छैनन्। यि नयाँ घरहरूलाई होम स्टेको रुपमा प्रयोग गर्नेछन् भने यसको सञ्चालन पनि वरिपरी रहेका तिनै ५० घर माझी समुदायले मिलेर गर्ने छन् र प्राप्त आम्दानीलाई बाढेर लिनेछन्। मानिसहरू आधुनिकता सँगसँगै बिर्सदै गएको पुराना खाना, कला संस्कृतिको पुनः खोजी र संरक्षणमा चासो दिन थालेका छन्। त्यही भएर त शहरीया युवाहरू उही गाउँले कोदो तथा फापरका परिकारहरू ढिडो तथा रोटी, सिस्नो, अर्गानिक तरकारी, भुटेका मकै, सादेका गुन्द्रुक जस्ता खानेकुरामा आकर्षित हुन थालेका छन्। खाँडादेवी गाउँपालिकाले यिनै शहरीया युवा र राजमार्ग हुँदै आवतजावत गर्ने निजी सवारीका यात्रुहरूलाई आकर्षण गर्न माझी समुदायमा होमस्टेको लागि एकिकृत वस्ती निर्माण गर्न प्रदेश सरकारसँग हातेमालो गऱ्यो। जहाँ परम्परागत खानाको स्वादसँगै लापोन्मुख माझी समुदायको कला संस्कृतिको अवलोकन गर्न पाइन्छ।

रामेछाप-दोलखा-सिन्धुपाल्चोक पर्यटन मार्ग

रामेछाप, दोलखा र सिन्धुपाल्चोकका स्थानीय सरकारहरू मुलकोटपारी डब्खा हुँदै सुलिथुम्का-खाँडादेवी मन्दिर-अग्लेश्व-शैलुङ (सय थुम्का)-सिन्धुपाल्चोकको मुढे निस्कने पर्यटन मार्गको योजना बनाई आवश्यक पूर्वाधार निर्माण गरिरहेको खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम तामाङले बताउनु भयो। सुलिथुम्कामा प्रदेश सरकारको सहयोगमा ४ करोडको लागतमा भ्यु टावर निर्माण भैरहेको छ भने खाँडादेवी, दोरम्भा र शैलुङमा होम स्टे रहेको छ।

उक्त पर्यटन मार्गमा पैदल नै यात्रा गर्दा ७ दिनको र गाडीमा यात्रा गर्दा ३ दिनको समय लाग्नेछ भने ठाउँ ठाउँमा रहेको होम स्टेको कारण पर्यटकलाई कुनै महँगो होटल खाजिरहनु पर्ने पनि बाध्यता छैन। राजधानीबाट नजिकमा रहेको यस पर्यटकीय क्षेत्रको प्रबर्द्धनमा स्थानीय सरकारहरूको संयुक्त प्रयासले यस क्षेत्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान रहनेछ।

सामाजिक विकास

आफ्नो वजेटको झण्डै ४० प्रतिशत रकम शिक्षाको विकासमा लगाउँछ स्याङजाको फेदिखोला गाउँपालिका, तीनवटा विद्यालयलाई घटुवा, निजीलाई सामुदायिकमा मर्ज गरिदियो दोलखाको शैलुङले। 'युवामैत्री स्थानीय शासन' मा रूपाकोट र महाबु उत्कृष्ट देखिए। अस्पताल बनाउन किराँती समुदायमा 'सप्ताह ज्ञान महायज्ञ' लगाएर १० करोड संकलन गऱ्यो सोलुको थुलुङ दुधकोशीले, राउटेलाई सामाजिकीकरण गराउँदैछ दैलेखको गुराँग गाउँपालिका। इलामको रोङमा लेप्चा भाषा, जुम्लामा खस भाषा, सर्लाहीमा बज्जि भाषामा पाठ्यक्रम निर्माण भई अध्यापन भैरहेको छ।

सामाजिक विकासको क्षेत्रमा गाउँपालिकाहरूले गरेका केही उल्लेख्य, केही अनुकरणीय, केही नवीन कार्यहरूलाई यस भागमा समावेश गरिएको छ। शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा सरसफाई, लक्षित वर्ग, भाषा संस्कृतिको संरक्षण तथा अल्पसंख्यक तथा लोपोन्मुख जातिको उत्थानको लागि गाउँपालिकाहरूले गरेका केही असल प्रयासहरू यस खण्डमा समावेश छन्।

संविधानले सामाजिक विकास क्षेत्रका अधिकांश कार्यहरू स्थानीय तहलाई दिएको छ। संघीय सरकारको अधिकार क्षेत्रमा रहेका सामाजिक सुरक्षालगायतका कतिपय अधिकार समेतको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रत्योजन गरेको छ। यि क्षेत्रको स्थानीय नीति, कानुन र मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्बन्धी प्राप्त अधिकारहरूको गाउँपालिकाहरूले सुझबुझपूर्ण तरिकाले सम्पादन गरिरहेका छन्। संविधानको अनुसूची ८ को एकल अधिकारमा सूचिकृत २२ वटा अधिकार मध्ये ४ वटा बुँदामा सामाजिक विकास क्षेत्रका अधिकारहरू उल्लिखित छन्। जहाँ आधारभुत तथा माध्यमिक शिक्षा (बुँदा नं. ८), आधारभुत स्वास्थ्य र सरसफाई (बुँदा नं. ९), जेष्ठ नागरिक, अपाँगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन (बुँदा नं. १६) र भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास (बुँदा नं. २१) रहेका छन्।

संविधानले आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकारको रूपमा राखेको भएतापनि यो अधिकारको पुर्ण प्रयोगमा अझैपनि जटिलताहरू देखिएका छन्। ढिलोगरी शिक्षाको राष्ट्रिय नीति आयो तर हालसम्म पनि संघीय शिक्षा ऐन आउने छाँटकाँट देखिएन। स्थानीय सरकारले आफै कानुन बनाई एकल अधिकारको प्रयोग गर्न खोज्दा अँकुश लगाउने काम भैरहेको छ। तरपनि सामुदायिक विद्यालयलाई कसरी गुणस्तरता प्रदान गर्ने भन्नेमा गाउँपालिकाहरू चिन्तित छन् र सबैखाले प्रयासहरू गरिरहेका छन्। जनप्रतिनिधि र सरकारी सेवा सुविधा लिने कुनैपनि अभिभावकले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा नै पढाउनु पर्ने अनिवार्य व्यवस्थाको उलङ्घन गर्दा गुराँस गाउँपालिका दैलेखले १० हजार जरिवानाको पत्र शिक्षकहरूलाई थमाईदिएको छ। निजी विद्यालयलाई निरुत्साहित गर्ने तथा सामुदायिकमा मर्ज गर्ने, अनावश्यक विद्यालयहरू मर्ज गर्ने, अध्यापनलाई प्रविधिमैत्री बनाउने, आवासीय विद्यालयहरू सञ्चालन गर्ने, विषय शिक्षकहरूको व्यवस्था गर्ने कार्य भइरहेको छ। गाउँपालिकाले प्र.अ.सँग र प्र.अ.ले शिक्षकहरूसँग कार्यसम्पादन करार गर्ने, शिक्षकको क्षमता बढाउन तालिम तथा अध्ययन अवलोकन भ्रमण गराउने, विद्यार्थीको सिकाई उपलब्धीको मापन गर्ने लगायतका सुधारका थुप्रै अभ्यासहरू भैरहेका छन् जसलाई प्रतिनिधि असल अभ्यासको रूपमा यस भागमा राखेका छौं।

आधारभुत स्वास्थ्य क्षेत्र स्थानीय सरकारको अधिकारक्षेत्रमा पर्दछ। संविधानमा सरुवा रोग नियन्त्रण संघीय सरकारको एकल अधिकारको सूचीमा रहेतापनि कोभिड १९ को सन्दर्भमा कुनैपनि स्थानीय सरकारले यो मेरो अधिकारक्षेत्रमा पर्दैन भनेनन्। स्थानीय सरकारले आफ्नो सबै प्रयास यसको नियन्त्रणमा लगाईरहे। सबै वडामा स्वास्थ्य संस्था स्थापना गरी बर्थिङ सेवा, ल्याब सेवा, एक्सरे, अल्ट्रासाउण्ड, औषधी लगायतका सेवा उपलब्ध गराएका छन्। 'नो होम डेलीभरी' वा 'शुन्य होम डेलीभरी' प्राय सबै गाउँपालिकाका आदर्श नारा हुन्। अधिकांश गाउँपालिकाले कम्तिमा १५ शैयाको एउटा अस्पताल सञ्चालनको तयारी गरिरहेका छन् भने कतिले सञ्चालनमा ल्याइसकेका छन्।

महिला, वालवालिका, जेष्ठ नागरिक, अपाँग, अल्पसंख्यक तथा लोपोन्मुख समुदायको लागि लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिरहेका छन्। ठाउँठाउँमा जेष्ठ नागरिक आश्रम, घर नभएकालाई घर निर्माण गरी हस्तान्तरण, मातृ भाषाको संरक्षणको लागि विद्यालय शिक्षामा पाठ्यक्रम बनाई अध्यापन शुरु, अपाँगहरूको लागि थप सामाजिक सुरक्षा भत्ता र सहयोगी सामाग्री वितरण, विभिन्न कला, संस्कृतिको संरक्षणमा भएका प्रतिनिधिमुलक अनुकरणीय प्रयासलाई यहाँ उल्लेख गरिएको छ।

गाउँपालिकाहरूले सामाजिक विकास क्षेत्रमा सम्पादन गरिरहेका कार्यले मौलिक हकका कतिपय अधिकारहरू जस्तैः शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, वालवालिकाको हक, दलित, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा सम्बन्धी हकहरूको कार्यान्वयनमा सघाउ पुगेको छ। त्यसैगरी दिगो विकासका लक्ष (SDG) हरू जस्तैः स्वास्थ्य जीवन सुनिश्चित गर्ने सम्बन्धी लक्ष्या (SDG-3), सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने सम्बन्धी लक्ष्य (SDG-4), लैङ्गिक समानता हासिल गर्ने सम्बन्धी लक्ष (SDG-5) जस्ता सूचकहरू पुरा गर्न सघाउ पुऱ्याइरहेका छन्। यसैसँग सम्बन्धी गाउँपालिकाहरूको प्रयासको प्रतिनिधिमुलक अभ्यासहरू यस भागमा हेर्न सकिन्छ।

फेदिखोला गाउँपालिका, स्याङ्जा

शिक्षा क्षेत्रमा चालिस प्रतिशत बजेट **सुधारसहित बहुआयामिक उपलब्धि**

फेदीखोला गाउँपालिकाले शिक्षा क्षेत्रको विकास गर्न करिब ४० प्रतिशत बजेट खर्च गरिरहेको छ। शिक्षा ऐनको दोस्रो संशोधन गरेर प्राविधिक शिक्षालाई समेत जोड दिएको छ। गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेका वहुआयामीक प्रयास र उपलब्धीहरू देहायबमोजिम छन् :

निजीलाई निरुत्साहित: निजी विद्यालयलाई निरुत्साहित गर्न गाउँपालिकाका अध्यक्ष आफैंले आफ्ना दुई सन्तानलाई सामुदायिक विद्यालयमा भर्ना गरेका छन्। जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूले समेत आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउँन थालेका छन्।

अनिवार्य कम्प्युटर शिक्षा: गाउँपालिकाभित्रका ९ ओटा मावि र सबै ६ देखि १० कक्षामा कम्प्युटर शिक्षा अनिवार्य गरेको छ। सबै विद्यालयमा कम्प्युटर साइन्समा स्नाकोत्तर गरेका शिक्षकहरू छन्, जहाँ शिक्षकको तलब ६० प्रतिशत गाउँपालिकाले र ४० प्रतिशत सबन्धित विद्यालयले ब्यहोर्दै आएको छ। गण्डकी प्रदेशमा नै पहिलो सामुदायिक तर्फको विद्यालयमा 'डिप्लोमा इन कम्प्युटर साइन्स' पढाइ हुन थालेको छ। हाल १४ जनाले पढिरहेका स्कुलमा दलित समुदायका विद्यार्थीले भने निःशुल्क पढ्न पाउँछन्।

शिक्षामा प्रविधिको प्रयोग: कक्षा ८ को परीक्षाको नतिजा अनलाइन व्यवस्थापन प्रणालीबाट प्रकाशन गरिएको छ। परिक्षार्थीले तोकिएको लिङ्कमा क्लिक गरेर आफ्नो लब्धाङ्कपत्र हेर्न सक्ने व्यवस्था गरेको छ। विद्यालयमा गरिएको कम्प्यूटर ल्याब, साइन्स ल्याब, इन्टरनेट, ई-लाइब्रेरी, टकिङ्ग टिचर प्रविधि, डिजिटल पाटी, मोबाइल एप, डिजिटल हाजिरी जस्ता व्यवस्थापनले सामुदायिक विद्यालयमा बालबालिकालाई आकर्षित गरेको छ।

गाउँपालिका कार्यालयबाटै विद्यालयको अनुगमन: कुन शिक्षक पढाउन आए/आएनन् वा विद्यार्थी गयल भए/भएनन् भन्ने बारेमा गाउँपालिकाको शिक्षा शाखाबाट हेर्न मिल्ने गरी सफ्टवेयर बनाएको छ। विद्यालयमा एकजना मात्रै शिक्षक वा विद्यार्थी आए/नआएकोबारे गाउँपालिकाले विद्यालयलाई जानकारी दिन्छ। अहिले गाउँपालिकाभर ३ हजार ७ सय विद्यार्थी अध्ययनरत छन्। प्रत्येकको बिबरण गाउँपालिकाले दैनिक रूपमा अनुगमन गर्छ। शिक्षा क्षेत्रमा फेदीखोलाको प्रयास अन्य स्थानीय सरकारको लागि पनि अनुरकणयोग्य रहेको छ।

कालिका गाउँपालिका, रसुवा

पहिलेको तुलनामा १० प्रतिशत सिकाई उपलब्धि बढ्यो

कालिका गाउँपालिकाले विद्यार्थीहरूको सिकाइ उपलब्धी व्यवस्थित रूपमा मापन गरी विगतको अवस्थामा तुलना गर्ने गरेको छ। कक्षा १ देखि ९ सम्मको सिकाइको समग्र उपलब्धी हेर्दा २ वर्षमा १० प्रतिशत बढेको छ। शिक्षा शाखाका अनुसार २०७४ को मूल्याङ्कनमा समग्र सिकाइ उपलब्धी ४७ प्रतिशत रहेकोमा २०७६ मा ५७ प्रतिशत रहेको पाइएको छ। त्यसैगरी विद्यार्थीहरूको वार्षिक १४४ दिन औसत उपस्थिती रहेकोमा हालको उपस्थिति १७६ दिन पुगेको छ।

सिकाइ उपलब्धीको मापन गर्दा ३ वटा त्रैमासिक परीक्षा र त्यसको बिचबिचमा गरिने ३ ओटा इकाई परीक्षाको नतिजालाई विश्लेषण गरिन्छ। शिक्षा संयोजक वासुदेव लामिछानेका अनुसार ऐच्छिक विषयको नभई अनिवार्य ५ वटा विषयको मात्र तुलना गरी सिकाइ उपलब्धी सार्वजनिक गरिन्छ।

सिकाइ उपलब्धी बढाउन गाउँपालिकाले यस बीचमा विभिन्न पहल गरेको छ। नेपाल सरकारले तोकेको शिक्षकले शिक्षणमा विताएको समय (TSC) विश्लेषण अनिवार्य गरेको छ। कक्षामा सृजनात्मक सिकाइ विधि अवलम्बन गर्न शिक्षकलाई तालिम दिइएको छ र यस सम्बन्धी पाठ्यसामग्री उपलब्ध गराइएको छ।

सुत्केरी विदा लिएर बसेको समयमा पढाइमा असर नपरोस् भनेर ३ महिनाको लागि स्वयंसेवक शिक्षक राख्ने गरेको छ। स्वयंसेवक शिक्षकको लागि विद्यालयले रोष्टर बनाएको छ। क्याम्पस पढिरहेका नजिकका विद्यार्थीहरूलाई विषय मिलाएर ३ महिनाको लागि नियुक्ति दिइन्छ भने शिक्षा शाखाबाट नै स्वयंसेवक नियुक्त गर्नुपरेमा त्यँहीको कालिका क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइन्छ। शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षकहरूलाई कार्यसम्पादन करार गर्ने नीति लिइएको अध्यक्ष सीता पौडेलले बताउनुभयो। यसको लागि गाउँपालिकाले शिक्षा ऐन, नियमावली र आवश्यकता अनुसारका कार्यविधिहरू तर्जुमा गरेको छ।

थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु

अस्पताल बनाउन किराँती समुदायमा 'सप्ताह ज्ञान महायज्ञ'

किराँत धर्मालम्वीको बाहुल्यता रहेको यस गाउँपालिकामा हिन्दु धर्ममा गरिने सप्ताह ज्ञान महायज्ञ सञ्चालन गरी उठेको दान दक्षिणाबाट ५० शैयाको अस्पताल निर्माण भैरहेको छ। गाउँपालिकाको आयोजनामा गरिएको सप्ताहमा भक्तजनबाट १० करोडको दान दक्षिणाको प्रतिबद्धता आएको छ भने ५ करोड संकलन भैसकेको छ। यस कार्यले किराँती समुदायमा धार्मिक सहिष्णुता र सबै धर्मलाई समान महत्व दिन्छन् भन्ने राम्रो सन्देश दिन सकेको छ। यस महायज्ञमा हजारौ भक्तजनहरू उपस्थित भै सहयोग गरेका थिए।

गाउँपालिकाले ५० शैयाको अस्पताल बनाउने योजनाअनुसार भौतिक पूर्वाधारको निर्माण गरिरहेको छ भने हाल २५ शैयाबाट सेवा सञ्चालन गरिसकेको छ। हाल ६५ प्रतिशत भौतिक प्रगति गरेको यस आयोजनाको कुल लागत २२ करोड रहेको छ, जस अन्तर्गत भवन निर्माण, फर्निसिङ, स्वास्थ्य उपकरणलगायतका सम्पूर्ण व्यवस्थापन पर्दछ।

यस अस्पतालबाट नियमित स्वास्थ्य सेवाको अलावा ट्रमा, गाइनोकोलोजी जस्ता विशेषज्ञ सेवाहरू समेत प्रदान गर्ने लक्ष्य रहेको छ। यस ले सोलुखुम्बुको अलावा संखुवासभा, खोटाङ र भोजपुरको उत्तरी क्षेत्रलाई सेवा दिनेछ। अस्पताल निर्माणका लागि सोलुखुम्बु जिल्लाका ८ वटै स्थानीय सरकार, प्रदेश र संघीय सरकारको योगदान रहेको छ। स्वास्थ्य सेवातर्फ आमा सुरक्षा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको यस गाउँपालिकामा पछिल्ला तीन वर्षमा मातृमृत्युदर शून्य रहेको छ। निःशुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको कार्यान्वयनमा यस गाउँपालिकाको प्रयास उदाहरणीय रहेको छ।

तातोपानी गाउँपालिका, जुम्ला

तातोपानी 'छाउगोठ मुक्त' गाउँपालिका घोषणा

महिलामा महिनावारी हुँदा घरभन्दा टाढा बेग्लै बस्नुपर्ने कुरीतिलाई अन्त्य गर्न गाउँपालिकाले विभिन्न प्रयासहरू गरिरहेका छन्। यसै क्रममा तातोपानी गाउँपालिका छाउगोठ मुक्त घोषणा भएको छ।

गाउँपालिकाका सबै ८ ओटा वडाहरूमा आमा समूहरूको नेतृत्वमा महिला समूह, महिला स्वयंसेविका, बालक्लब, युवाक्लबलाई अनुशिक्षण तथा तालिम मार्फत जनचेतनात्मक अभियान सञ्चालन गरी अबदेखि छाउगोठको अन्त्य गरेको घोषणा गरेका छन्। महिलाहरूको मानबअधिकार संरक्षण गर्दै, सुरक्षित महिनावारी ब्यवस्थापन गर्ने अठोट सहित छाउगोठ मुक्त गाउँपालिका घोषणा गरेको छ।

> **महिला जननी भएकाले विभेद गर्नु र छाउगोठमा राख्नु अमानवीय ब्यवहार भएकाले सम्मानित महिनावारीको ब्यवस्थापन र सुरक्षित आनीबानीले महिलाहरूको सम्मान भएको छ भने सामाजिक कुप्रथा र विभेदको अन्त्य भएको छ।**

यस अभियानले लामो समयदेखि महिला तथा किशोरीहरूले झेल्नु परेका विविध कठिनाइहरू जस्तैः असुरक्षित महसुस वा लाज, प्राकृतिक प्रकोप, जंगली जनावरको आक्रमण, बलात्कार, सर्पको टोकाई जस्ता पक्षबाट सुरक्षित राख्न र पुरुष सरह बाँच्न पाउने अधिकारको संरक्षण भएको छ।

महिला जननी भएकाले विभेद गर्नु र छाउगोठमा राख्नु अमानवीय ब्यवहार भएकाले सम्मानित महिनावारीको ब्यवस्थापन र सुरक्षित आनीबानीले महिलाहरूको सम्मान भएको छ भने सामाजिक कुप्रथा र विभेदको अन्त्य भएको छ।

मनहरी गाउँपालिका, मकवानपुर

मनहरी देशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा

गाउँपालिकाहरूले समग्र (सामाजिक, आर्थिक तथा भौतिक) क्षेत्रको विकासलाई सँगसँगै प्राथमिकतामा राखेर काम गरिरहेका छन् । भोलीको समुन्नत भविष्यका कर्णाधारको रूपमा रहेका बालबालिकाको समग्रपक्षको विकासमा ध्यान दिँदै मनहरी गाउँपालिकाले वालमैत्री स्थानीय शासन अवलम्बन गरेको छ ।

मनहरीले आफूलाई बालमैत्री गाउँपालिकाको रूपमा घोषणा गरिसकेको छ र ४ सय ६० गाउँपालिका मध्ये पहिलो बालमैत्री गाउँपालिका पनि भएको छ। बालमैत्री स्थानीय शासन अवधारणा अनुरूप नेपाल सरकारले तय गरेका सबै सूचकहरू पूरा गरेपछि २०७६ पौष २८ गते भव्य कार्यक्रमकाबीच उपप्रधानमन्त्री एवं रक्षामन्त्री इश्वर पोखरेलले बालमैत्री गाउँपालिका घोषणा गर्नुभएको थियो ।

गाउँपालिकाले आफ्नो कार्यकालको सुरुको वर्षमा नै बालमैत्री अवधारणा अवलम्बन गर्ने नीतिगत निर्णय गऱ्यो। जम्मा ३९ ओटा सूचकहरू रहेकोमा सबै सूचकहरू पुरा गर्न वार्षिक नीति तथा कार्यक्रम र वजेटमा व्यवस्था गरी कार्यान्वयन गर्दै जाँदा साँढे दुई वर्षमा घोषणाको चरणमा पुगेको थियो । बालमैत्री स्थानीय शासन अवलम्बन गर्न टोलदेखि पालिकासम्म संस्थागत संरचना परिचालन गऱ्यो, सबै सूचकहरू पुरा गरेपश्चात प्रदेश र संघीय सरकारबाट अनुगमन भयो र घोषणाको कार्यक्रम आयोजना गरीयो ।

पूरा भएका सबै सूचकहरूको उल्लंघन नहोस् भनेर निरन्तर सहजीकरण र समन्वयका लागि प्रत्येक वडाबाट १ जनाको सहभागितामा पालिकास्तरमा वाल सञ्जाल गठन गरिएको छ। सञ्जालले वस्तीस्तरमा निरन्तर अनुगमन र समन्वय तथा सहजीकरण गरी सुधारको लागि गाउँपालिकालाई सुझाव दिने छ ।

दोरम्बा गाउँपालिका, रामेछाप

सामाजिक सुरक्षामा निगरानीः भत्ता पाउनेको संख्या घट्यो

दुरूपयोग भएर जतातते आलोचना कमाएको सामाजिक सुरक्षा भत्ता वितरणलाई गाउँपालिकाले निगरानी गर्दा भत्ता पाउनेको संख्या घटेको छ। गाउँपालिकाले मृत्यु भएका लाभग्राहीको लगतकट्टा गर्ने, दोहोरो नाम हटाउने र भत्ता बैंकबाट बितरण गर्ने कामलाई तिब्रता दिएपछि केही महिनाको अन्तरालमा भत्ता पाउनेको संख्या ३ सयले घटेको थियो ।

गाउँपालिकाका अध्यक्ष कमानसिंह तामाङका अनुसार गत असार मसान्तसम्म गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता लिने लाभग्राही करिब २ हजार २ सय छन् । जवकि गत आवको चैत बैशाखसम्म सो संख्या २ हजार ५ सयभन्दा बढी थियो ।

"भत्ता बैंकबाट पठाउने निर्णयसँगै हामीले सुक्ष्म तरिकाले दोहोरिएका र मृत्यु भएका लाभग्राहीको नाम केलाएर लगतकट्टा गऱ्यौं । जसले गर्दा केही महिनामा ३ सयभन्दा बढी लाभग्राहीको संख्या घट्यो," अध्यक्ष तामाङ भन्नुहुन्छ, "अझै दुई वटा वडामा अध्ययन गर्दैछौं, त्यहाँ पनि शंका छ। नक्कली लाभग्राहीको संख्या अझ घट्नेछ।"

गाउँपालिकाले अनियमिततालाई रोक्न भत्ता बितरणमा जनप्रतिनिधी र कर्मचारीलाई प्रत्येक्ष सहभागी नगराउने नीति लिएको छ। ८० बर्ष माथिका बृद्धबृद्धा र अपाङ्गता भएका लाभग्राहीलाई भत्ता घरमा पुऱ्याउन बैंककै कर्मचारी खटाउने र त्यसका लागि गाउँपालिकाले यातायातको व्यवस्था गरेको छ। कर्मचारी र जनप्रतिनिधिले लाभग्राहीको प्रमाणिकरण जस्ता सहयागी कार्य मात्रै गर्ने व्यवस्था गरेको छ।

बैंकबाट भत्ता वितरण गर्ने गाउँपालिकाले ग्लोबल आइएमई बैंक सँग सम्झौतासमेत गरेको छ।

पूर्वखोला गाउँपालिका, पाल्पा

पूर्वखोला 'संस्थागत विद्यालय मुक्त' गाउँपालिका

पाँचओटा संस्थागत विद्यालयमा अध्ययनरत ६ सय ३२ जना विद्यार्थी सामुदायिक विद्यालयमा स्थानान्तरण भएका छन्। पूर्वखोला गाउँपालिकाले सामुदायिक शिक्षाको गुणस्तर वृद्धि गर्न संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा समायोजन गरिदिएको छ। गाउँपालिकाभित्र ३८ ओटा सामुदायिक विद्यालय र ५ ओटा संस्थागत विद्यालय रहेकोमा शैक्षिक सत्र २०७६ देखि ५ ओटै संस्थागत विद्यालयलाई ५ ओटा माध्यमिक विद्यालयमा समायोजन गरी 'संस्थागत विद्यालय मुक्त गाउँपालिका' बनाएको छ। अब उप्रान्त निजी विद्यालय खोल्न गाउँपालिकाले अनुमति नदिने गरी कानुनी व्यवस्था समेत गरेको छ।

यसरी समायोजन गरिएको संस्थागत विद्यालयको सम्पूर्ण व्यवस्थापनको जिम्मा मातृ सामुदायिक विद्यालयको मातहतमा गएको छ। संस्थागत विद्यालयका शिक्षकहरू आवश्यकता र प्राथमिकताको आधारमा १ शैक्षिकसत्रको लागि खाइपाइ आएको सुविधामा नघट्ने गरी करारमा गाउँपालिकाले नै नियुक्त गरेको छ। संस्थागत विद्यालयका चलअचल सम्पत्तिहरू सबै गाउँपालिकाले लिनको लागि १ करोड ७३ लाख बजेट विनियोजन गरिएको छ। विद्यालय मर्जको कारण विद्यार्थी संख्याको चापलाई ध्यान दिई दरवन्दी नपुग भएका विद्यालयलाई विद्यार्थी संख्याको आधारमा गाउँपालिकाले अनुदान उपलब्ध गराउँदछ।

विद्यालय समायोजनपश्चात सबै विद्यालयले पूर्वप्राथमिक तहदेखि नै अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गरिएको र अभिभावकलाई संस्थागत विद्यालयमा तिर्नु पर्ने आर्थिक व्ययभारको बोझ हटेको छ। त्यसैगरी दुईप्रकारका विद्यालयबीच रहेको शैक्षिक गुणस्तर र विद्यार्थी तथा उनीहरूको पारिवारिक अवस्थाबीचको अन्तर विरोधलाई तोड्दै 'हामी सबै एक हौं, हामी सबैको विद्यालय एउटै हो' भन्ने भावनाको विकास गर्न सक्षम भएको गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले बताउनुभयो।

मिक्लाजुङ गाउँपालिका, मोरङ

अति विपन्नलाई घर हस्तान्तरण

मिक्लाजुङ गाउँपालिकाले आफ्ना सबै नागरिकहरूलाई सुरक्षित आवासको ग्यारेन्टी गर्ने नीतिबमोजिम घर विहीन अति विपन्न परिवारहरूका लागि घर निर्माण गरिदिएको छ।

गाउँपालिकाले विपन्न परिवार छनौट गरी हालसम्म १४ परिवारलाई घर निर्माणपश्चात हस्तान्तरण गरिसकेको छ भने १० परिवारका लागि घर निर्माणाधिन रहेका छन्। गाउँपालिकाले १४ ओटा घर निर्माण गर्न कुल रु. ४२ लाख खर्च गरेको छ भने ३ लाख बराबरको श्रम लाभग्राही परिवारले समेत साझेदारी गरेका छन्।

आफ्नो कार्यकालभरि १०० ओटा घर निर्माण गरी घरवार विहीन विपन्न नागरिकलाई सुरक्षित छानाभित्र राख्ने लक्ष्य गाउँपालिका जनप्रतिनिधिहरूको रहेको छ।

गाउँपालिकाले सम्पूर्ण वस्तीहरूमा फुसको छाना मुक्त घर बनाई सुरक्षित आवासयुक्त गाउँपालिका बनाउन समेत प्रयत्न गरिरहेको छ। यस कार्यक्रमले संविधानमा उल्लेखित 'प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक (धारा ३७) हुनेछ' भन्ने मौलिक हकलाई कार्यान्वयन गर्न सघाउ पुऱ्याएको छ।

प्रसौनी गाउँपालिका, बारा

विद्यालय सुधार कार्यक्रम प्रभावकारी बन्दै

बारा पर्सा जिल्लाका मुख्य शहरी इलाका आसपास ग्रामीण क्षेत्रहरूका सामुदायिक विद्यालयहरूमा धनी र मध्यम वर्गका परिवारले अक्सर आफ्ना बालबालिका पठाउँदैनन्। गरिव तथा भूमिहिनका बालबालिकाहरू मात्र पढ्न आउने हुँदा सरकारी लगानीका विद्यालयमा गुणस्तर खस्किँदै गइरहेको र विद्यार्थीमा प्रतिस्पर्धात्मक क्षमता घट्न गई सामुदायिक विद्यालयहरू दयनीय अवस्थामा पुगेका छन्।

विद्यालय शिक्षाको ब्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा आइसकेपश्चात गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूमा सुधार गर्नका लागि विगत २ वर्षदेखि पर्याप्त लगानी गरिरहेको छ। यस अन्तर्गत १२ ओटा विद्यालयहरूलाई कक्षागत रूपमा १/१ वटा ल्यापटप र प्रोजेक्टर उपलब्ध गराउनुका साथै हरेक शिक्षकलाई कम्प्यूटरमा पावरप्वाइन्ट प्रेजेन्टेशनमार्फत पठनपाठन गराउन तालिम प्रदान गरेको छ। यसका साथै छनोट गरिएका ३ ओटा विद्यालयहरूमा ३/३ जनाको दरले मन्टेश्वरी शिक्षकहरू पठाई तालिमको समेत ब्यवस्था गरेको छ। यसबाट वडा नं. २ प्रसौनीको बेगौंचा माबि, वडा नं. ४ खुटुवाको नेरा माबि र वडा नं.३ नौतनको नेरा माविमा कक्षा ३ सम्म अंग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिएको छ। यसबाट तराईको ग्रामीण क्षेत्रमा सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढेर गएको छ भने गरिब र निम्नमध्यम परिवारका वालवालिकाहरूलाई निजी विद्यालय पढाउनु पर्ने सामाजिक परिवन्दबाट मुक्ति मिलेको छ। गाउँपालिकाको यो प्रयासले सामुदायिक विद्यालयहरूमा विगतको भन्दा २५% विद्यार्थी थप हुने गाउँपालिकाले अपेक्षा गरेको छ।

पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक

चारवटा विद्यालय मर्ज गरी एउटै आवासीय विद्यालय

पहिला एउटा समय थियो कि गाउँगाउँमा विद्यालयहरू खोल्ने तर जनसंख्या घट्दो रूपमा वृद्धि हुनु, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा तिब्र बसाइ सराई हुनु र जसरी पनि सन्तानलाई निजी विद्यालयमा पढाउने प्रबृतिले सामुदायिक विद्यालय धेरै तर विद्यार्थी थोरै हुन थाले। विद्यालय शिक्षाको अधिकार नेपाल सरकारमा केन्द्रिकृत हुँदा विद्यालय मर्जको प्रयास नगरेको पनि होइन तर सफल हुन सकेको थिएन।

स्थानीय सरकारमा जनप्रतिनिधिहरूको आगमनसँगै विद्यालयहरूलाई मर्ज गर्ने र सामुदायिक विद्यालयको गुणस्तरमा वृद्धि गर्न प्रभावकारी काम भैरहेका छन्। पाँचपोखरी थाङपाल गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिको लागि चारओटा विद्यालयलाई एउटै विद्यालयमा मर्ज गरेको छ। यसरी मर्ज गरिएकोमा २ ओटा माध्यमिक र २ ओटा आधारभूत विद्यालय रहेका छन्।

गाउँपालिकाले जारी गरेको स्थानीय शिक्षा ऐन, नियमावली र कार्यविधिअनुसार यी विद्यालय मर्ज भएका हुन्। थोरैथोरै विद्यार्थी रहेका धेरैओटा विद्यालय सञ्चालन गर्नुभन्दा धेरै विद्यार्थी भएका एउटै विद्यालय सञ्चालन गर्दा कम व्यवस्थापकीय खर्च, थोरै शिक्षक र धेरै विद्यार्थीबीच हुने प्रतिस्पर्धाले सिकाइको गुणस्तर बढ्ने देखेर यी विद्यालय मर्ज गरिएको गाउँपालिकाले जनाएको छ।

मर्ज गरिएको विद्यालयको नाम थाङ्पाल भ्याली मा.वि. राखिएको छ भने एशियाली विकास बैंकको सहयोगमा २२ करोडको लागतमा भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। भवन निर्माण कार्य बाँकी रहेकोले हाल एउटै व्यवस्थापनमा साविककै विद्यालयमा अध्यापन भैरहेको छ। यो विद्यालय आवासीय हुनेछ। टाढाटाढाबाट आउने विद्यार्थीहरूको लागि बेग्लै छात्रवास भवन बनिरहेको छ। यस क्षेत्र वरिपरिका करिब १५ सय विद्यार्थीलाई शिक्षा प्रदान गर्ने लक्ष्य रहेको छ।

निजी विद्यालय खोल्न नपाइने: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै पनि निजी विद्यालय खोल्न अनुमति नदिने निर्णय गरेको छ। विगतमा भएका दुइओटा निजी विद्यालय बन्द भैसकेका छन्। सामुदायिक विद्यालयको गुणस्तरमा अधिकतम ध्यान दिने तर छेवैमा निजी विद्यालय खोल्न नदिने नीति गाउँपालिकाले लिएको छ।

पत्रु खानामा बन्देज: गाउँपालिकाले विद्यालय क्षेत्र, स्वास्थ्य संस्था वरिपरि र गाउँपालिका क्षेत्रभित्र पत्रुखाना (जँक फुड) बन्देज लगाएको छ। यस्ता खानाले बालबालिकामा नराम्रो असर पर्ने र कुपोषणलाई नै सघाउने हुनाले उल्लेखित क्षेत्रमा पत्रुखानामा बन्दै गराएको छ।

क्वहोलासोथर गाउँपालिका, लमजुङ

गुरुङ कला संस्कृति जगेर्ना गर्दै क्वहोलासोथर

क्वहोलासोथर गाउँपालिकाले बहुसंख्यक गुरुङ जातिको कला संस्कृति, रहनसहन, परम्परालाई नयाँ पुस्तामा हस्तान्तरण गराउँदै जाने उद्देश्यअनुरूप 'गुरुङ सङ्ग्राहलय' निर्माण गरेको छ।

वैदेशिक रोजगारी, वैदेशिक अध्ययन, अन्तराष्ट्रिय व्यापार अनि गुरुङको लाहुर जाने प्रवृत्तिले आफ्नो संस्कृति नै लोप हुने हो की भन्ने खतरा देखिएकाले यो काम गर्नु परेको गाउँपालिका अध्यक्ष प्रेम घलेले जानकारी दिनुभयो।

गुरुङको जन्म देखि मृत्यु संस्कारसम्मको लागि गरिने क्रियाकलाप, गाउँघरमा प्रयोग हुने सामग्री के के थिए, के के हुन्थे ? अहिले छ वा छैन ? गुरुङ भाषामा त्यसको नाम, नेपाली नाम, ती सामान के के मा कसरी प्रयोग गर्ने लगायतका विवरण समेटिएका छन्। संग्राहलय निर्माणको लागि वडा नं ३ स्थित पर्यटकीय गाउँ 'घले गाउँ' मा स्थानीयले निशुल्क जग्गा प्रदान गरेका थिए भने संग्रहालय निर्माणको लागि नेपाल पर्यटन बोर्ड, गाउँपालिका, स्थानीय चन्दादाताको सहयोग गरी रहेको छ।

घलेगाउँ घुम्न आउने पर्यटकको बसाई समय लम्ब्याउने, आफ्नो भाषा संस्कृतिको पनि जगेर्ना हुने भएकाले सङ्ग्रहालय बनाइएको गाउँपालिकाले जनाएको छ। ग्रामीण पर्यटन विकास समिति घलेगाउँले यो सङ्ग्राहलयको व्यवस्थापनको काम गर्दै आइरहेको छ। सङ्ग्रहालयमा अझै सामग्री थप गर्नुपर्ने भएकाले चालु आवमा गापाले रु ४२ लाख रकम विनोजन गरेको छ।

कानेपोखरी गाउँपालिका, मोरङ

कानेपोखरीमा छात्रासँग उपाध्यक्ष कार्यक्रम प्रभावकारी, अन्य स्थानीय तहले पनि अवलम्बन गर्दै

राजनैतिक नेतृत्व र पदसँग जोडेर विकास सम्वन्धी कार्यक्रमहरूको नामाकरण गर्ने चलन व्याप्त भएको अवस्थामा यस गाउँपालिकाले भने लक्षित वर्गसँग पदाधिकारीको नाम जोडेर पनि फरक शैलीमा कार्यक्रमको सुरूवात गरेको छ। कुनै श्रोत आवश्यक नपर्ने गरी सञ्चालन गरिएको कार्यक्रमको नाम हो "छात्रासँग उपाध्यक्ष कार्यक्रम।"

अशिक्षा र अन्धविश्वासका कारण समाजमा रहेको बालविवाह, दाइजो प्रथालगायतका सामाजिक कुरीतिहरूको निर्मुल गर्न छात्राहरूमा आत्मविश्वास बढाउनु मुख्य उद्देश्य रहेको यस कार्यक्रमको प्रभाव पनि देखिन थालेको छ।

यस कार्यक्रमको कार्यान्वयन ढाँचाअनुसार उपाध्यक्ष एक जना सहयोगी कर्मचारी लिएर विद्यालय जानुहुन्छ। एउटा गोप्य कोठामा १३ देखि २० वर्षसम्मका छात्राहरूलाई जम्मा गरेर खुलस्त छलफल गर्ने वातावरण बनाउन सुरुमा सामान्य ज्ञानसम्बन्धी प्रश्नोत्तर गरिन्छ। छात्राहरूसँग आत्मियता बढेपछि किशोरीहरूका समस्यामा केन्द्रित रहेर छलफल सुरु हुन्छ। सबैलाई दिइएको एक/एक ओटा खाली कागजमा घरदेखि-बाटो-विद्यालय हुँदै पुनः घर पुग्दा छात्राहरूले भोग्नु परेका विभिन्न समस्या लेख्न लगाइन्छ। उपाध्यक्ष र किशोरीहरू बीच हुने छलफलमा बालविवाह रोकथाम र नैतिक शिक्षा तथा मनोपरामर्शसम्मका विषयहरू समावेश हुन्छन्।

हालसम्म ८ ओटा विद्यालयमा गरिएको यो अभ्यासले विद्यालयमा अध्ययनरत किशोरीहरूको मनोभावनामा धेरै सुधार भएको छ। उपाध्यक्ष राजमति इङ्गनामले भन्नुभयो 'एक छात्राले आफ्नो विवाहको सम्पूर्ण तयारी सकेर कार्डसमेत छापिसकेको सन्दर्भमा विवाह नै रद्द गराइन्।' यस कार्यले वालविवाह हटेको छ, यौन हिंसाका गतिविधीमा कमी आएको छ, छात्राहरूमा आत्मविश्वास बढेको छ भने शिक्षकहरू थप सजग भएका छन्।

कानेपोखरीको यो अभ्यासको नतिजा अन्य स्थानीय तहले नियालिरहेका थिए। मोरङका विराटनगर महानगरपालिका लगायत ८ ओटा स्थानीय तहको चालु आ.व.को नीति तथा कार्यक्रममा कानेपोखरीको 'किशोरीसँग उपाध्यक्ष कार्यक्रम' लाई प्रतिविम्बित गरिएको छ।

लक्ष्मिनीयाँ गाउँपालिका, धनुषा

गाउँमा नै "अल्ट्रासाउण्ड सेवा" शुरु

लक्ष्मिनीयाँ गाउँपालिकाको गर्भवती महिलाहरू आफ्नो गर्भ जाँच गराउन टाढा जनकपुरसम्म धाउनु पर्दथ्यो। जान, आउन र अल्ट्रासाउण्ड गरे बापत प्रति व्यक्ति कम्तिमा १ हजार रूपैयाँ खर्च हुन्थ्यो। दलित, गरिव तथा विपन्न समुदायका महिलाहरू खर्चको जोहो गर्न नसकेकै कारण स्वास्थ्य सेवाबाट बञ्चित थिए।

गाउँपालिकाले आफैंले अल्ट्रासाउण्ड मेशिन खरिद गरेर गतवर्षदेखि यो समस्याको समाधान गरेको छ। करिब ८ लाखमा अल्ट्रासाण्ड मेशिनलगायतका सामग्रीहरू व्यवस्थापन गरेर सेवा प्रदान गरेको छ। अल्ट्रासाउण्डको सहायताले गर्भवती महिलाहरूको समयमै जटिलता पत्ता लाग्नाले मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन सहयोग पुगेको छ।

तालिम प्राप्त मेडिकल अधिकृतले अल्ट्रासाउण्ड सेवामार्फत निशुल्क रूपमा गर्भवती जाँच सेवा प्रदान गरिरहेका छन्। गत आ.व. मा करिब ५ सय जना गर्भवती महिलाले सेवा लिइसकेका छन्। यसरी जनकपुरमा स्वास्थ्य जाँच गराउँदा लाग्ने खर्चको हिसाब गर्दा समुदायको करिब ५ लाख प्रत्यक्ष बचत भएको छ। यो सेवा प्रत्येक शनिवार विहान ९ बजे देखि ४ बजेसम्म लक्ष्मीपुर बगेवा स्वास्थ्यचौकीमा सञ्चालनमा रहेको छ।

नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकार हो भने सुरक्षित मातृशिशुको लागि गाउँपालिकाले अनेक प्रयास गरी सेवा दिइरहेको छ।

रोशी गाउँपालिका, काभ्रे

बाबु आमाको राम्रो हेरचाह गर्नेलाई 'श्रवणकुमार पुरस्कार'

अधिकांश ग्रामीण क्षेत्रमा रोजगारी र शिक्षाको अवसरको खोजीमा सन्तानहरू आमाबाबुबाट टाँढिदै जाने र गाउँघरमा वृद्ध आमाबाबु मात्र हुने अवस्था रहेको छ। जेष्ठ नागरिकहरूलाई आफ्नो सन्तानबाट टाढिनु नपरोस् र सन्तानलाई पनि आफ्नो अभिभावकप्रतिको जिम्मेवारी बोधसहित हौसला मिलोस् भनेर गाउँपालिकाले 'असल सन्तान प्रोत्साहन' कार्यक्रम संचालन गरेको छ।

"सुसंस्कार हाम्रो पहिचान जेष्ठ नागरीकलाई सम्मान" भन्ने नीतिबमोजिम रोशी गाउँपालिकाले आफ्नो आमाबाबुलाई राम्रोसँग स्याहार सुसार गर्ने सन्तानलाई नगदसहित 'श्रवणकुमार पुरस्कार' दिने घोषणा गरेको छ। हालसम्म यस श्रवण कुमार पुरस्कारबाट २४ जनालाई सम्मान गरिसकिएको छ। यस कार्यले जेष्ठ नागरीकहरूमा आत्मबलको विकासको साथै सन्तानप्रति गौरवान्वित बनाएको छ। पुरस्कृत परिवारका जेष्ठ नागरिक खुसी साथ परिवारमा वसेका छन् भने सन्तानलाई पनि सामुहिक परिवार र अभिभावकप्रतिको दायित्ववोध वृद्धि गराएको छ।

रामनगर गाउँपालिका, सर्लाही

'बज्जिका' भाषा तथा संस्कृतिको संरक्षण र विकास गर्दै रामनगर

जिल्लाको दक्षिण पश्चिम भागमा वागमती नदीको पूर्वी तटमा अवस्थित रहेको यो गाउँपालिकाका शतप्रतिशत व्यक्तिले बोल्ने भाषा भनेको 'बज्जिका भाषा' हो। २०६८ को जनगणनाअनुसार यहाँको कुल साक्षरता दर ३६.९८% मात्र रहेको छ। यस तथ्याङ्कलाई हेर्दा साक्षरता दरमा अति नै पिछडिएको क्षेत्रको रूपमा लिन सकिन्छ। तसर्थ गाउँपालिकाले सन्तुलित विकासका लागि भौतिक पूर्वाधारका साथै साक्षरता दर उकास्न मातृ भाषामा शिक्षा प्रदान गर्न आवश्यकदेखि बज्जिका भाषामा शिक्षा प्रदान गर्ने सोच बनायो र आ.व. २०७५/०७६ मा बज्जिका भाषामा स्थानीय पाठ्यक्रम तयार गर्न सफल भयो।

गाउँपालिकाले गतवर्ष 'बज्जिका भाषाको मातृभाषा शिक्षासम्बन्धी एकिकृत अध्ययन कार्यक्रम' सञ्चालन गऱ्यो। यसै वर्षदेखि बज्जिका भाषामा कक्षा १ को पाठ्यपुस्तक तयार गरी पढाउन सुरु गरेको छ भने कक्षा १-३ को पाठ्यक्रम पनि प्रकाशन गरिसकेको छ। भाषा आयोग र गाउँपालिका बीच २०७६ पुष ८ मा भएको सम्झौताअनुसार 'बज्जिका भाषाको इतिहास' लेखन कार्यसमेत सम्पन्न गरेको गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बर्माले बताउनुभयो।

अध्यक्ष बर्माका अनुसार गाउँपालिकाले पटकपटक बज्जिका भाषाको विकासका लागि विभिन्न कार्यक्रम गर्दै आइरहेको छ। त्यसै क्रममा भाषा आयोगमार्फत बज्जिका भाषाले नेपालको अधिकारिक राष्ट्रिय भाषाको रूपमा आफ्नो अस्तित्व स्थापित गर्नुकासाथै बज्जिका भाषा र साहित्यको विकासको मार्ग प्रशस्त भएको छ। बज्जिका भाषा नेपालका मातृभाषाका वक्ताहरूको सङ्ख्याको दृष्टिकोणले प्रमुख भाषाहरूमध्ये एक हो। यो भाषा नेपालको सर्लाही र रौतहटको मुख्य स्थानीय मातृभाषाको रूपमा रहेको जनगणनाको तथ्याङ्कबाट प्रमाणित भएको छ। कतिपय अभिलेखहरूले धनुषादेखि बारासम्मको भाषालाई बज्जिका मानेको पाइएको छ। रामनगरको यो प्रयासले स्थानीय सरकारको भाषा संस्कृतिको संरक्षण गर्ने संवैधानिक दायित्व पुरा गर्न सघाउ पुगेको छ।

छथर गाउँपालिका, तेह्रथुम

छथरले सुरु गऱ्यो १५ शैयाको अस्पताल

पन्ध्र शैयासम्मको अस्पताल सन्चालन गर्न पाउने अधिकार स्वरूप छथर गाउँपालिकाले आफ्नै प्रयासमा अस्पताल सञ्चालनमा ल्याएको छ। आफ्ना नागरिकलाई गाउँमा नै निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले संचालित १५ शैयाको यस अस्पतालबाट छिमेकी लालिगुराँस नगरपालिका, तुम्बेवा गाउँपालिका, छथर जोरपाटीको सिधुवा क्षेत्रका नागरिकहरू समेत लाभान्वित भएका छन्।

आफ्नै आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन २०७४ र सो अनुसार जारी गरिएको स्वास्थ्य संस्था/अस्पताल स्थापना तथा सञ्चालन निर्देशिका २०७५ अनुसार छथर अस्पतालको स्थापना गरी सञ्चालनमा ल्याउन सफल भएको छ। अहिले मेडिकल अधिकृतसहित स्वास्थ्यकर्मीहरूबाट २४ सै घण्टा आकस्मिक सेवासहितको स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ।

अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार (भवन, मेशिनरी औजार, ल्याब, जनशक्ति तथा अन्य) को लागि गाउँपालिकाले ६० लाख विनियोजन गरेको थियो। प्रदेश सरकारले दुईजना डाक्टरको तलब सुविधा ब्यहोरेको छ भने बाँकी सञ्चालन खर्च गाउँपालिकाले नै गरिरहेको गाउँपालिकाका अध्यक्ष सन्तविर लिम्बुले बताउनुभयो।

गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर सेवा सञ्चालन गरिरहेको छ। शून्य असुरक्षित गर्भपतन गाउँपालिका घोषणा, ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार तथा गाउँपालिका साथी लौरो उपहार कार्यक्रम, गाउँपालिका दन्त उपहार कार्यक्रम, सुत्केरी र गर्भवती महिला तथा नवजात शिशुका लागि राहत उपहार कार्यक्रम, गर्भवती र सुत्केरी महिलालाई आयोडिनयुक्त नुन उपहार जस्ता कार्यक्रमहरू मार्फत नागरिकको स्वास्थ्य प्रतिको दायित्व पूरा गरिरहेको छ।

शैलुङ गाउँपालिका, दोलखा

निजी विद्यालयलाई सामुदायिकमा मर्ज

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न र आधारभूत शिक्षाको व्यापारिकणलाई निरुत्साहित पार्न गाउँपालिकाले सुरुवाती चरणदेखि नै विभिन्न प्रयासहरू गरिरहेको छ।

यसबीचमा ३ वटा सामुदायिक विद्यालयलाई घटुवा गरेको छ। विद्यार्थीको संख्या कम रहेका ती विद्यालयहरू मध्ये ८ कक्षा चलाइरहेको एउटा विद्यालयलाई ५ कक्षासम्ममात्र सञ्चालन गर्न अनुमति दिइएको छ। त्यसैगरी एउटा विद्यालयलाई ५ कक्षाबाट ३ कक्षामा र अर्को ३ कक्षा चलाईरहेको विद्यालयलाई वाल विकास केन्द्रमात्र सञ्चालन गर्नेगरी अनुमती दिएको छ। साविकको निजी विद्यालयमा कार्यरत शिक्षकहरूको केही दायित्व गाउँपालिकाले व्यहोरिदिएर विद्यालयलाई सामुदायिकमा मर्ज गरिएको हो। विद्यालय शिक्षालाई प्रभावकारी बनाउन ४ जना शिक्षकलाई कम विद्यार्थी भएको विद्यालयबाट बढी विद्यार्थी भएको विद्यालयमा सरुवा ब्यवस्थापन गरिएको छ।

गाउँपालिकाले प्रविविधिक शिक्षामा जोड दिँदै सिटिइभिटीको अनुमतिमा २ ओटा प्राविधिक धारका विद्यालय सञ्चालन गरिरहेको छ। कृषि वाली र तीन वर्षे सिभिल सव इन्जिनियरिङको अध्ययन हुने ती विद्यालयहरूमा चालु शैक्षिक सत्रबाट दोश्रो वर्षको अध्यापन सुरु हुनेछ।

विद्यार्थी शिक्षक अनुपातअनुसार विद्यालय संख्या मर्ज गर्ने नेपाल सरकारको विगत देखिको कार्यक्रम भएता पनि कार्यान्वयन हुने नसकेका यी कार्यहरू जनप्रतिनिधिको आगमनसँगै आवश्यकताअनुसार विद्यालय मर्ज गर्ने, शिक्षकको समायोजन गर्ने कार्य भैरहेका छन्।

पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ

सबै स्वास्थ्य चौकीमा ल्याव, अल्ट्रसाउण्ड मेशिनबाट गर्भवती परीक्षण

सुदुरपूर्वको पहाडी जिल्ला ताप्लेजुङस्थित यो गाउँपालिकाले आफ्नो तीन वर्षे कार्यकालमा स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा फड्को मारेको छ। सामान्य स्वास्थ्य परीक्षणको लागि पनि जिल्ला अस्पतालमा सेवा लिन जानुपर्ने बाध्यताबाट नागरिकलाई मुक्ति दिन गाउँमा नै ल्याव संचालनमा ल्याएको छ।

हाल दुईओटा स्वास्थ्यचौकीमा ल्याव स्थापना गरेको छ। ल्याव असिस्टेण्टको व्यवस्था गाउँपालिकाले गरेको छ भने ल्यावका उपकरणहरू विभिन्न संघ/संस्थाबाट सहयोग प्राप्त भएका छन्। आधारभूत रूपमा सबै प्रकारका ब्लड टेष्ट, टिबी, टाइफाइड जस्ता परीक्षणहरू अहिले गाउँमै हुने गरेको छ।

गाउँपालिकाले गर्भवती चेकचाँजको लागि Portable USG मेशिनको पनि व्यवस्था गरेको छ। One Heart World Wide भन्ने संस्थाले उक्त मेशिन उपलब्ध गराएको छ र तालिम प्राप्त स्वास्थ्यमकर्मीबाट सेवा प्रदान भैरहेको छ। USG मेशिनबाट गर्भवतीको नियमित चेकजाँचले गर्भको जोखिमको आँकलन गरी ठुला अस्पताल जानु पर्ने वा नपर्ने निर्णय गर्न सकिने भएकोले सोही बमोजिम प्रसुतीको तयारी गर्न सहज भएको छ।

गाउँपालिकाका अध्यक्ष केशर सुब्बा भन्नुहुन्छ 'कोही पनि नागरिक निशुल्क रूपमा आधारभूत स्वास्थ्य सेवा पाउने मौलिक अधिकारबाट बन्चित हुनु नपरोस् भन्ने धयेय सहित स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्द्धन गर्ने सम्बन्धी दिगो विकास लक्ष्य प्राप्तिका लागि हरसम्भव प्रयास गरिरहेका छौं।'

छिपहरमाई गाउँपालिका, पर्सा

छिपहरमाईको "स्वर्ण वालिका योजना"

छिपहरमाई गाउँपालिकाले प्रदेश नं. २ मै पहिलो "स्वर्णबालिका योजना" सुरु गरेको छ। मधेशमा दाइजो प्रथा,बालविवाह, महिला हिंसा जस्ता कुप्रथालाई अन्त्य गर्नको लागि २ वर्ष अगि यो योजना शुभारम्भ गरिएको थियो। योजनानुसार गाउँपालिकाभित्र जन्मेका बालबालिकालाई ३५ दिनभित्रमा व्यक्तिगत घटना दर्ता अर्थात जन्मदर्ता गराएमा गाउँपालिकाबाट सिधा बालिकाको नाममा रु.२० हजारका दरले बालिकाको खातामा जम्मा गरिदिने छ। उक्त रकम बालिका १० कक्षा उर्तीण भइसकेपछि वा २० वर्ष पूरा भई विहेको समयमा रु.२ लाख फिर्ता उपलब्ध हुनेछ। पहिलो आ.व.२०७४/७५ मा ३ सय ६० जना, आ.व. २०७५/७६ मा १ सय १० जना र आ.व. २०७६/७७ मा २ सय ५० जनागरी हालसम्म जम्मा ७ सय २० जना बालिकाको नाममा रकम जम्मा गरिसकेको छ। यस शीर्षकका हालसम्म १ करोड ४४ लाख खर्च भैसकेको छ।

बालिकाको नाममा बैंकमा मुद्दती वचत खातामा गाउँपालिकाले सिधै रकम जम्मा गरिन्छ। अभिभावकले पनि स्व-इच्छाले रकम जम्मा गर्न सक्नेछन् तर २० वर्ष पूरा नभई उक्त रकम झिक्न भने पाइँदैन।

स्वर्ण बालिका योजनाअनुसार गरिएको यस कार्यले बालविवाह अन्त्य गर्न, शिक्षा पूरा गर्न, दाइजोप्रथा, महिला हिंसा अन्त्य गर्न सघाउ पुग्ने तथा मधेशी समुदायमा छोरीप्रति गरिने विभेद अन्त्य हुने अपेक्षा गरिएको छ।

नाम्खा गाउँपालिका, हुम्ला

पहिलो पटक 'होम्लु भोटे-लामा भाषा' को ब्याकरण तयार

नाम्खा गाउँपालिकाले 'होम्लु भोटे-लामा भाषा' को व्याकरणको प्रारम्भिक खाका तयार गरेको छ। गाउँपालिकाले कार्यविधि निर्माण गरी सबै विद्यालयमा मातृभाषाको रूपमा होम्लु भोटे-लामा भाषाको पठनपाठन गर्ने गरी ब्याकरण तयार पारेको हो।

स्थानीय कुञ्जोक लामाले आठ महिना लगाएर भाषा आयोगको समन्वय र गाउँपालिकाको सहयोगमा व्याकरणको प्रारम्भिक खाका तयार पारेका छन्। भोट बर्मेली भाषिक समुदायमा पर्ने होम्लु भोटे-लामा भाषाको व्याकरणका लागि नेपाली व्याकरणको ढाँचा र सम्बोधा लिपिमा तयार पारिएको ब्याकरणले स्थानीय मातृ भाषामा पठनपाठन गर्न सहज हुनेछ। व्याकरण १ सय ३ अक्षरलाई समेटेर तयार पारिएको छ। पाँच अनुच्छेदमा तयार पारिएको व्याकरणले सिंगो नाम्खा गाउँपालिकामा बस्ने १७ वस्तीका करिव ४५ सय जनसंख्या भएका लामा समुदायले बोल्ने भातृभाषाको संरक्षण हुनेछ।

स्थानीयस्तरका विज्ञहरूको सुझाव संकलन गरी समेटिएको ब्याकरणलाई भाषा आयोगले मान्यता दिएपछि स्थानीय पाठ्यक्रम निर्माण गरी सबै विद्यालयमा पढाई सुरु गर्ने योजना गाउँपालिकाको रहेको छ। यस कार्यले त्यहाँका १५ प्रतिशत लामा समुदायले बोल्ने भाषाको संरक्षण हुनेछ भने १७ विद्यालयका १ हजार विद्यार्थी लाभान्वित हुनेछन। यसलाई नियमित पाठ्यक्रम निर्माण, कक्षा स्तरोउन्मुख गर्दै जाने गाउँपालिकाको लक्ष्य रहेको छ।

सानीभेरी गाउँपालिका, रुकुम पश्चिम

सानीभेरीमा 'गौराखरा म्याराथुन' प्रतियोगिता

सानीभेरी गाउँपालिका मौराखारा लेख जनयुद्ध ताकाको युद्ध तालिम स्थल हो जहाँ जनसेनाका छापामारहरूले सुरक्षित तालिम केन्द्रको रूपमा सैन्य तालिम गर्ने गर्दथे। १० बर्षे जनयुद्धको झल्को दिने गरी जनयुद्ध दिवसको अबसरमा गाउँपालिकाले २०७५ फाल्गुन १ गतेदेखि प्रत्येक बर्ष म्याराथुन प्रतियोगिता गर्दै आएको छ।

स्थानीय तहको नयाँ संरचनाअनुसार संघीयताको ऐतिहासिक सफलतालाई सम्मान गर्दै प्रतिकात्मक पहिचानका लागि 'मौराखारा म्याराथुन' प्रतियोगिता सुरु गरेको हो। सानीभेरीको सबैभन्दा उच्च स्थान रहेको मौराखारा लेक समुन्द्री सतहदेखि ३ हजार मिटरको उचाईमा अवस्थित छ। उक्त लेकसम्मको ४७ किलोमिटरको दुरी पार गरी महिला तथा पुरुष प्रतियोगीहरूले म्याराथुन शिल्ड जित्ने प्रचलन रहेको छ। विभिन्न जिल्लाका धावकहरू प्रतियोगितामा भाग लिन आउने गर्दछन् भने मनोरञ्जनका लागि समेत छिमेकी गाउँपालिका तथा जिल्लाबाट मानिसहरू मौराखारामा आउने गर्दछन्।

कार्यपालिकाले वार्षिक कार्यक्रम नै बनाएर स्थानीय संघ/संस्थाहरूको समन्वयमा आयोजना गर्ने गर्दछ। म्याराथुन दौडमा प्रथम, द्धितीय, तृतीय र सान्त्वना हुनेलाई नगद तथा कदर पत्रसहित सम्मान गरिन्छ। उत्कृष्ट म्याराथुन धावक घोषणाका साथै अन्य कला, संस्कृति झल्कने साँस्कृतिक कार्यक्रमहरू पनि सञ्चालन गरिन्छ। यसबाट स्थानीय कला संस्कृतिको जगेर्ना गर्नु सघाउ पुग्नुका साथै खेलकुद प्रति युवा खेलाडीहरूको मनोबल उच्च राख्न यो कार्यक्रमले थप सफलता हासिल गरेको छ।

गौरिगञ्ज गाउँपालिका, झापा

बिपन्नलाई घर हस्तान्तरण

गाउँपालिका क्षेत्रमा अति विपन्न घरपरिवार अझैपनि आवासविहीन छन्। घरवार विहीन विपन्न नागरिकलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाले घर निर्माण गरी हस्तान्तरण गरिरहेको छ। गाउँपालिकाले हालसम्म विभिन्न वडाहरूमा १०५ वटा ३ कोठे घर निर्माण गरी हस्तान्तरण गरिसकेको छ भने २२ वटा घर निर्माण कार्य जारी रहेको छ।

आ.व. ०७५।७६ मा तराइ मधेश समृद्धि कार्यक्रमअर्न्तगत १५ वटा, आ.व. ०७६।७७ मा जनता आवास कार्यक्रमअर्न्तगत संघ र प्रदेशको सहयोगमा ३० वटा, तराई मधेश समृद्धि कार्यक्रमअर्न्तगत २२ वटा, संघ र प्रदेश निर्वाचन क्षेत्र विकास कोषबाट २४ वटा र विभिन्न संघ/संस्था तथा गाउँपालिकाको सहयोगमा ३६ वटा घर निमार्ण गरी हस्तान्तरण गरिएका छन्।

सुरक्षित आवास प्राप्त गर्नु नागरिकको मौलिक अधिकार हो, जसलाई गाउँपालिकाले संघीय र प्रदेश सरकारको सहयोगमा क्रमशः कार्यान्वयन गरिरहेको छ भने यस प्रयासबाट मानव वसोवासलाई सुरक्षित बनाउने दिगो विकासको लक्ष्य प्राप्तिमा समेत सहयोग पुऱ्याउनेछ।

कचनकवल गाउँपालिका, झापा

कचनकवलको मुख्य प्राथमिकतामा शिक्षा

नेपालकै सबैभन्दा होचो क्षेत्रमा रहेको यस गाउँपालिकाले समृद्धिको आधारको रूपमा शिक्षालाई लिएको छ। मौलिक हकको रूपमा रहेको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गाउँपालिकाले केही अनुकरणीय कार्यहरू गरिरहेको छ।

नमुना बालकक्षा: कक्षा कोठामा बस्ने आरामदायी फलैचा, फ्यान, खानेपानी, खाने ठाउँ, टिनको छानामुनि सिलिङसहितको कक्षा कोठा व्यवस्थापन गरेको छ। अत्याधिक गर्मी ठाउँ भएकाले कक्षा कोठालाई वातानुकुलित बनाइएको छ।

मा.वि. मा अनिवार्य कम्प्युटर कक्षा: ७ वटा माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षकसहित कम्प्युटर शिक्षा अनिवार्य गरेको छ। एउटा विद्यालयलाई १० ओटाका दरले कम्प्युटर हस्तान्तरण गरेएको छ।

कक्षा ११ र १२ मा निशुल्क: विपन्न समुदायको बाहुल्यता रहेकोले १० कक्षा पास गरेपछि विद्यार्थीहरूले पढाइ छोड्ने, विवाह गर्ने, भारतलगायत विदेशमा काम गर्न जाने गर्दथे। कम्तिमा १२ कक्षा पूरा गराउने गाउँपालिकाले अठोट लियो र ११ र १२ कक्षामा अध्ययनका लागि पूर्णतःनिशुल्क गऱ्यो। यस गाउँपालिकामा ३ ओटा १० जोड २ विद्यालय छन्, जहाँ ६ सयभन्दा बढी विद्यार्थी अध्ययनरत् छन्।

प्राविधिक शिक्षामा जोड: गाउँपालिकाले एउटा विद्यालयमा कृषि प्राविधिक शिक्षा पढाइ सुरु गरेको छ। तीन वर्ष अगाडि कक्षा ८ बाट सुरु भएकामा हाल १० कक्षासम्म पढाई हुन्छ। यसलाई १२ कक्षासम्म पुऱ्याउने लक्ष्य राखेकको छ।

लोपोन्मुख गन्दर्भ परिवारलाई स्वास्थ्य बीमा

राज्यले सबै जिल्लामा स्वास्थ्य बीमाको कार्यक्रम लागु गरेता पनि यो सेवा आर्थिक अभाव र चेतनाको कमीका कारण लक्षित वर्गको पहुँचमा अझै पुग्न सकेको छैन। त्यस्ता वर्गलाई स्वास्थ्य बीमासम्बन्धी अभिमुख गराई बीमा गर्ने बानी बसाल्ने उद्देश्यले लोपोन्मुख जातीका रूपमा रहेको गन्दर्भ परिवारको गाउँपालिकाले नै स्वास्थ्य बीमा गरिदिएको छ।

४५ परिवारको संख्यामा रहेका गन्दर्भहरूको स्वास्थ्य सेवालाई सहज बनाउन बीमाको सुरुको दुई किस्ता गाउँपालिकाले नै तिरिदिएको छ। सुरुमा स्वास्थ्य बीमाको महत्व बुझाउनको लागि यो अभ्यास गरिएको अध्यक्ष अन्जरा आलमले बताउनु भयो। 'अब उनीहरूले नै वार्षिक किस्ता तिर्न मन्जुर भैसके र यसको महत्व पनि बुझिसकेका छन्।' स्वास्थ्य बीमाको नियमानुसार उनीहरूले नजिकैको प्राथमिक स्वास्थ्य केन्द्रबाट सेवा पाउँछन् र कुनै जटिल रोग लागेमा मेची अस्पतालमा रेफर गरिदिन्छन्। गन्दर्भ समाजको संस्कृति र मौलिकताको संरक्षणका लागि गन्दर्भ समाज भवन निर्माण भएको छ। सारङ्गी बजाएर गीत गाउँदै हिड्ने र आफ्नो जिविकोपार्जन गरिरहेका यो समुदायलाई औपचारिक शिक्षा दिन र स्वरोजगार बनाउन गाउँपालिकाले प्रयत्न गरिरहेको छ। अहिले यस समुदायका सबै बालबालिका विद्यालय गईरहेका छन्।

गाउँपालिकाको यो प्रयासले निशुल्क स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको कार्यान्वयन हुनेछ भने दिगो विकासको लक्ष्य प्राप्तिमा समेत सघाउ पुग्नेछ।

अजयमेरु गाउँपालिका डडेलधुरा

■ स्थानीय पाठ्यक्रम लागू

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को आधारमा गाउँपालिकाले विद्यालय शिक्षाको लागि "हाम्रो अजयमेरु" नामक स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरेको छ। स्थानीय स्तरमा भएका सम्पूर्ण पेशा व्यवसाय साथै विविध प्रविधिहरूको विश्लेषणसहितको पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिन्छ।

हाल कक्षा १ देखि ५ सम्मको तयार पारिएको यस पाठ्यक्रमले विद्यार्थीहरूमा आफ्नै पेशा व्यवसायको बारेमा र अन्य कृषिजन्य उत्पादनको बारेमा जान्न र सिक्न पाउँदा विद्यार्थीहरूको उत्सुकता बढेको र व्यवहारिक सिकाई प्रभावकारी देखिएको छ।



बर्जु गाउँपालिका, सुनसरी

बिकृती बिरुद्ध विद्यार्थी परिचालन, बीचबाटोबाटै फर्काइदिए जन्ती

तराई क्षेत्रमा व्याप्त बालविवाह र दाइजो प्रथा तथा महिला हिंसालाई न्यूनिकरण गर्न स्थानीय सरकारको रूपमा गाउँपालिकाहरूले विभिन्न प्रयासहरू गरेरहेका छन् । ती मध्ये बर्जु गाउँपालिकाले 'हामी सानै छौ बढ्न देउ, विवाह हैन पढ्न देउ' नारा तय गर्दै विभिन्न अभियानमूलक कार्यक्रमहरू संचालन गरिरहेको छ ।

सामुदायिक तथा संस्थागत विद्यालयहरूमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, होर्डिङ बोर्ड राख्ने, विभिन्न सचेतनामूलक नारासहितको टिसर्ट वितरण जस्ता कार्यक्रम संचालन गरिरहेको छ । विद्यार्थीहरूले प्रत्येक शुक्रवार अनिवार्यरूपमा टि-सर्ट लगाएर विद्यालय जाने नियम बनाएको छ ।

विद्यार्थीहरूकै पहलमा उमेर नपुगी हुन लागेको एउटा विवाहको जन्तीलाई बाटोबाटै फर्काइदिएका छन् । गाउँपालिकाका अध्यक्ष रघुनन्दन चौधरीले भन्नुभयो 'बालविवाह, दाइजो प्रथा तथा महिला हिंसाजस्ता विकृतिको विरुद्ध अबको युवा पुस्तालाई परिचालन गर्न सकेमात्र सम्भव छ । पुराना पुस्तालाई भन्दा नयाँ पुस्ताको सचेतीकरणले छिटो समाजमा प्रभाव पार्ने भएकाले हामीले यी अभियानहरू सञ्चालन गरेका छौं ।'

विद्यालयसँग जोडेर संचालन गरिने यस्ता गतिविधिमा धेरै श्रोत साधन पनि आवश्यकता नपर्ने र यसको सन्देश घरघरमा पुऱ्याउन पनि सहज भएको छ । अध्यक्ष चौधरीका अनुसार विगतमा विवाहको उमेर १८ वर्ष तोकिँदा पनि १५/१६ मा विवाह हुन्थ्यो तर अहिले क्रमश सुधार हुँदैछ ।

गाउँपालिकाद्वारा निर्माण गरिएको चिल्ड्रेन पार्क ।

ग्रामथान गाउँपालिका, मोरङ

ग्रामथान : बाल विवाह मुक्त घोषणा

'सानै छ बाबु बढ्न देउ, बाल विवाह हैन पढ्न देउ' भन्दै मोरङको ग्रामथान गाउँपालिकाले गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गरेको छ । ४ हजारभन्दा बढी घरधुरी रहेको ग्रामथानका ७ ओटै वडाका प्रत्येक घरधुरीले आ आफ्ना परिवारमा बालविवाह नगर्ने भन्दै गाउँपालिकाले तयार गरेको प्रतिबद्धता पत्रमा स्वेच्छाले हस्ताक्षर गरेका छन् ।

बालविवाह मुक्त घोषणा गर्नु अघि गाउँपालिकाले विभिन्न जनचेतनामुलक गतिविधि सञ्चालन गरेको थियो । बालक्लब वठन र परिचालन गर्ने, आमा समूह परिचालन, विद्यालय तथा विभिन्न सामाजिक संघ संस्थाहरु परिचालन गरेर बालविवाह अन्त्य गर्न जनचेतना अभिवृद्धि गरिएको थियो ।

ग्रामथानको यो प्रयासले बालविवाह रोकी, बालबालिकाको शिक्षा पूरा गर्न, रोजगारी प्राप्त गर्न र स्वास्थ्य परिवार निर्माण गर्न सघाउ पुग्नेछ ।

पकहामैनपुर गाउँपालिका, पर्सा

पढाइलाई निरन्तरता दिन छात्रालाई साइकल वितरण

जिल्लाको दक्षिण पश्चिमी भागको भारतसँग सिमाना जोडिएको पकाहामैनपुर गाउँपालिका क्षेत्रमा व्याप्त बालविवाह, दाइजो प्रथाजस्ता कुप्रथाका कारण अधिकाँश छात्राहरूको अध्ययन पूरा हुन नपाई बीचमा नै टुट्ने गर्दछ। गाउँपालिकाले कक्षा ११ र १२ अध्ययन गर्ने छात्राहरूको अध्ययनलाई निरन्तरता दिन अनेक प्रयासहरू गरिरहेको छ।

यसै क्रममा लामो दुरीदेखि विद्यालय आउनुपर्ने छात्राहरूका लागि साइकल वितरण गरेको छ। आ.व. ०७४/७५ मा प्रति साइकल ६ हजार २ सय ५० का दरले खरिद गरी करिब ५ लाखको लागतमा कक्षा ११ र १२ मा अध्ययनरत ८० जना छात्राहरूका लागि ८० थान साइकल वितरण गरेको छ। २ वर्षपछि त्यसको प्रभाव मूल्याकन गर्दा साइकल प्राप्त ६२ जना छात्राहरूले कक्षा १२ सम्मको पढाइलाई पूरा गरेको देखिएकोले आवश्यकताअनुसार अन्य छात्राहरूलाई पनि साइकल वितरण गरिने गाउँपालिकाले जनाएको छ।

झट्ट हेर्दा वितरणमुखी कार्यक्रम देखिएता पनि छात्राको शिक्षालाई पूरा गर्न, बालविवाह रोक्न र विद्यमान दाइजो प्रथा अन्त्य गर्न गाउँपालिकाको यो प्रयास स्थान विशेषको आधारमा अनुकरणीय छ।

पटेर्वासुगौली गाउँपालिका, पर्सा

गाउँमै ल्याब तथा एक्सरे सेवा संचालन

पटेर्वासुगौली गाउँपालिकाको वडा नम्बर २ गादी स्वास्थ्य चौकीले आफ्नो सेवा विस्तार गरेको छ। पहिला पहिला गाउँका विरामीहरूलाई बिभिन्न चेक जाँचकालागि विरगञ्ज आउन पर्ने बाध्यता थियो। गाउँपालिकाले एम्बुलेन्स सेवासहित अहिले स्वास्थ्यचौकीमा प्रयोगशालासमेतको व्यवस्था गरेपछि बिरामीहरू लाभान्वित भइरहेका छन्।

गाउँपालिकाको विगत दुई आ.व. भित्र २४ लाखको खर्चमा डिजिटल ल्याब जडान गरी प्रयोगशालाबाट भाइरल ज्वरो, मधुमेह, मिर्गौला, युरिक एसिड, कलेजो, कोलेस्ट्रोल, जन्डिस, हेपाटाइटिस, हेमोग्लोबिन, दिसापिसाब, खकारलगायतका ३७ प्रकारका परीक्षण सेवा सँगसँगै डिजिटल एक्सरे सेवासमेत सुरु गरेको छ।

गर्भवती महिलालाई स्वास्थ्य संस्थासम्म ल्याउन र पुनः घरसम्म पुऱ्याउन एम्बुलेन्स सेवा संचालामा रहेको छ। गाउँपालिकामा डिजिटल प्रविधीबाट प्रयोगशाला सञ्चालन भएपछि विरगञ्ज धाउनुपर्ने झन्झटबाट मुक्ति मिलेकोछ। गाउँपालिकाले आफ्नै श्रोतमा एकजना एमविविएस डाक्टरसमेत भर्ना गरेर सेवा दिइरहेको छ भने दैनिक ३० जनाको हाराहारीमा बिरामीहरूले प्रयोगशालाबाट सुविधा लिइरहेका छन्। गाउँपालिकाले पक्षघात, मुटुरोग, पार्किन्सस, क्यान्सरलगायतका दीर्घरोगीहरूको लागि वार्षिक १० हजारका दरले सहयोग गरिरहेको छ।

संविधानतः आधारभूत स्वास्थ्यसेवा प्रदान गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ भने मौलिक हकको रूपमा स्वास्थ्य सम्बन्धी हकसमेत संविधानमा रहेको छ। स्थानीय सरकारहरू यही संबैधानिक एवं कानुनी दायित्वअनुसार नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गर्न कटिबद्ध रहेको अनुभूति यस गाउँपालिकाका वासिन्दाले गरेका छन्।

अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी

आवासविहीन विपन्न दलितलाई आवास

६५ वर्षीय बिन्दा सदाको पक्की घरमा बस्ने सपना पूरा भएको छ। अरुकै खेतवारीमा ज्यालादारी गर्दागर्दै मर्ने बेला भइसक्दा पनि एउटा आवाससम्म बनाउन नसकेको कारण हमेसा चिन्तामा रहने ६५ वर्षीय विन्दा सदाको पक्की घरमा बस्ने सपना पूरा भएको छ। स्थानीय सरकार, हेबिटाट फर हुम्यानिटि नेपाल तथा महुली सामुदायिक विकास केन्द्रको त्रिपक्षीय सहयोगले वडा नं. ४ कटहा भिडियाहीका सदा जस्तै ५० विपन्न परिवारका लागि आवास निर्माण गरेर हस्तान्तरण गरिएको छ। गाउँपालिकाले स्थानीय दलित, एकल महिला तथा अति विपन्न परिवार छनौट गरी सस्तोमा जोखिममुक्त आवास निर्माण गर्ने उद्देश्यले उक्त योजना अघि बढाइएको थियो।

गाउँपालिकाको ७५ लाख, ह्याविटाट फर हुम्यानिटीको ५० लाख, अन्य दाताहरूबाट १५ लाख तथा सामुदायिक विकास केन्द्रको १० लाख गरी कुल १ करोड ४० लाखको लगानीमा उक्त आवास निर्माण भएको छ। कुल ३ विघा ६ कठ्ठा क्षेत्रफलमा निर्माण भएको आवास अन्तर्गत प्रति परिवार १५ धुर जग्गामा २ लाख ९० हजार खर्च भएको छ। आवास क्षेत्रमा पार्क, बाटो, विजुली, पानी, शौचालय र अन्य आधारभूत सेवाहरू उपलब्ध छन्। बाँकी रहेका १०/१५ घर चालु आ.व.मा निर्माण गर्ने योजना रहेको छ।

यस कार्यले संविधानमा रहेका मौलिक हक र दिगो विकासका लक्ष्यका सूचकहरू मध्ये सुरक्षित आवास सम्बन्धी सूचक पूरा गर्न सघाउ पुग्नेछ।

दुर्गाभगवती गाउँपालिका, रौतहट

डोम समुदायको लागि घर हस्तान्तरण

गाउँपालिकाले घरवार विहीन लोपोन्मुख डोम समुदायका ६ परिवारलाई घर बनाई हस्तान्तरण गरेको छ। बागमती किनारमा रहेको ऐलानी जग्गामा फुसको अस्थायी झुपडी बनाएर कठिन रूपमा जीवनयापन गरिरहेका डोम (दलित) परिवारलाई गाउँपालिकाले स्थायी र पक्की वासस्थानमा सुरक्षित गरेको छ।

गाउँपालिकाले आ.व. २०७५/७६ मा डोम जातीको स्थायी वासस्थानको लागि ७१ लाख वजेट विनियोजन गरेको थियो। एउटा घरमा ६ जना परिवारलाई पुग्नेगरी २ ओटा सुत्ने कोठा, खाना पकाउने कोठा र शौचालयसहितको पक्की घर निर्माण गरी हस्तान्तरण गरेको छ। एउटा घर निर्माण गर्न सरदर १२ लाख लागत लागेको छ भने घर निर्माण गर्न ऐलानी जग्गाको प्रयोग गरिएको छ।

आफ्नै कुनै पेशा नभएका डोम समुदायले जीविकोपार्जनका लागि सुँगुर, बँगुर पालन र बाँसको सिपली, डाल्ली बनाउने गर्दछन्। यो पेशाले नत घर चल्ने, नत घर बनाउन नै सक्दथे। करिब ५०/६० परिवारको संख्यामा रहेका यहाँका डोम समुदायलाई क्रमशः यस्तै पक्की र स्थायी वासस्थानको व्यवस्था गर्ने गाउँपालिकाको योजना रहेको छ।

नवदुर्गा गाउँपालिका, डँडेलधुरा

'नवदुर्गा' मदिरा निषेधित क्षेत्र घोषणा

नवदुर्गा गाउँपालिकालाई पूर्णरूपमा मदिरा निषेधित क्षेत्र घोषणा गरेको छ। सबै वडामा सर्बपक्षीय छलफल भएपछि गाउँपालिकालाई मदिरा निषेध गर्न सुझाव आएको थियो। गत साउनमा बसेको कार्यपालिकाको बैठकले मदिरा निषेधित क्षेत्र घोषणा गरेको हो।

५ ओटै वडाले मदिरा बन्द गर्ने सर्वपक्षीय निर्णय गरेर पालिकालाई सिफारिस गरेपछि पालिकास्तरीय सर्वपक्षीय छलफल गर्न आयोजित कार्यक्रममा जनप्रतिनिधिले गाउँपालिकालाई मदिरा निषेधित क्षेत्र बनाउने प्रतिबद्धता जनाएका थिए।

अहिले मदिरा आयात बन्द भएको छ भने मौज्दात रहेको मदिरा बिक्री गर्न पनि निश्चित समय तोकिएको छ। गाउँपालिकाभित्र रहेका ५१ ओटा मदिरा बिक्री लाईसेन्स पनि खारेज भएका छन्। मदिराका कारण झै-झगडा र हिंसाका घटना बढेको जनगुनासोपछि मदिरा निषेध गरिएको गाउँपालिका अध्यक्ष कविन्द्र बिष्टले बताउनुभयो। मदिरा किनबेच भएको पाइए जरिवानासमेत गर्ने र त्यसका लागि प्रहरीसँग समन्वय भइरहेकोछ।

स्वास्थ्य क्षेत्रमा नवदुर्गा जिल्ला मै उत्कृष्ट

नवदुर्गा गाउँपालिका स्वास्थ्य सेवामा जिल्ला मै उत्कृष्ट घोषित भएको छ। स्वास्थ्य निर्देशनालय दिपायलले आयोजना गरेको ९ वटै जिल्लाको स्वास्थ्य तर्फको समीक्षा गोष्ठीमा मुख्यमन्त्री त्रिलोचन भट्टले सम्मान गर्नुभएको थियो। उत्कृष्ट घोषणा गरेसँगसँगै गाउँपालिकालाई प्रमाणपत्र र ४० हजार नगद प्रदान गरिएको छ। गाउँपालिकाले सुरक्षित मातृत्व, बालस्वास्थ्य सेवा पोषण सेवा, परिवार नियोजन, संस्थथागत सुत्केरी लगायतका कार्यक्रम सन्तोषजनक रहेको छ।

गौमुल गाउँपालिका, बाजुरा

मदिरा सेवनको लाइसेन्स नतिजामुखी हुँदै

गाउँपालिकाले 'मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५' लाई कार्यान्वयन गरेपछि नतिजामुखी परिणाम देखिन थालेको छ। कार्यबिधि कडाईका साथ लागु गरिएपछि एकातिर लाईसेन्स नवीकरण गर्नेको संख्या घट्न थालेको छ। अर्कोतिर पहिलेजस्तो मदिराकै कारण हुने विवाद र झैझगडाका उजुरीहरू प्रशासन र न्यायिक समितिमा पर्न छोडेको छ।

पहिलो वर्ष १ हजार ३ सय ५४ जनाले मदिरा सेवन कार्ड बनाएका थिए र उक्त सेवन कार्ड प्रत्येक वर्ष नविकरण गर्ने व्यवस्था अनुरूप दोस्रो वर्षमा नविकरण गर्नेको संख्या घटेर ९ सय ५० मा झरेको थियो। गाउँपालिकाले मदिरा कार्ड विना मदिरा सेवन गर्ने/गराउनेलाई १० हजारका दरले जरिवाना लिने गरेको छ। यस्तो नीति ल्याएपछि सुरुमा धेरैले मदिरा कार्ड बनाए तर कार्ड घाँटीमा झुन्डाएर हिँड्दा मानिसहरूले जँड्याहा भन्न थालेपछि जाड रक्सी खान छोड्नेहरू बढेका छन्।

गाउँपालिकाले नियमित अनुगमन गर्दा मदिराका कारण घरवार विग्रेका अधिकांश परिवारहरूको मेलमिलाप भएको छ भने अनावश्यक खर्च कटौती भई शैक्षिक क्षेत्रमा लगानी गर्ने गरेको पाइएको गाउँपालिकाका अध्यक्ष हरि रोकायाले बताउनुभयो।

भागेश्वर गाउँपालिका, डडेल्धुरा

भागेश्वरमा भेन्डीङ मसिन सहितको शौचालय

छुइ भएको बेलामा बिद्यालय नजाने, लाज मान्ने, प्याडको प्रयोग नगर्नुको साथसाथै पढाइमा पनि कमजोरी हुने भएकोले भागेश्वर गाउँपालिकाले गाउँपालिका भित्रका ५ ओटा बिद्यालयमा महिनावारी स्वच्छताका लागि भेन्डिङ मेसिनसहितको शौचालय व्यवस्थापन गरेर अगाडि बढाएको छ। मेसिन जडान भै सकेपछि छात्राहरूको उपस्थिति राम्रो रहेको छ।

सुदुरपश्चिम प्रदेशका सबै जिल्लाका सबै पालिकाहरूमा महिनाबारी तथा छाउ बार्ने प्रचलनले गर्दा नराम्रो प्रथाको रूपमा देखा परेको छ जसको कारणले बालिकाहरूमा पनि प्रभाब परेको पाइन्छ।

गाउँपालिकाले २०७५ साललाई मर्यादित दुई वर्ष अभियानको रूपमा मनायो। छाउपढी प्रथा एवं महिनावारी स्वच्छता तथा सचेतना वृत्त चित्र प्रदर्शनी जस्ता गतिविधि गर्दै आइरहेको छ।

चौरीदेउराली गाउँपलिका, काभ्रे

चौरीदेउरालीलाई 'मदिरा निषेधित पालिका' घोषणा

काभ्रेको कोशीपारिको चौंरीदेउराली गाउँपालिकालाई मदिरा निषेधित पालिका घोषणा गरेको छ। छैठौ गाउँसभाले घरेलु उत्पादित मदिरा तथा आयातित सबैखाले मादक पदार्थ ओसारपसार एवं खरिद-बिक्रीमा पूर्ण रूपले प्रतिबन्ध लगाएको छ। गाउँसभाले गाउँपालिकाभित्र साउन १ गतेदेखि लागू हुनेगरी घरेलु उत्पादित रक्सी तथा आयातित सबै खाले मादक पदार्थको व्यावसायिक उत्पादन, ओसारपसार तथा खरिद-बिक्रीमा पूर्ण रूपले प्रतिबन्ध एवं निषेध गरिएकोले सम्बन्धित पसल व्यवसायी, ढुवानी व्यवसायी तथा जनसमुदायलाई सो निर्णयको पूर्ण पालना गर्न आग्रह गरेको छ।

गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै नीति तथा कार्यक्रम र गाउँसभाले गरेको निर्णयलाई बर्खिलाप हुने गरी कुनै क्रियाकलाप गरिएको पाइएमा कानुनअनुसार करबाही हुने जनाएको छ। पालिकाले गरेको निर्णयमा सहयोग गर्न आम समुदाय र व्यवसायीहरूलाई आग्रह गर्दै पसल व्यवसायीहरूले बिक्री-वितरणका लागि राखिएको मादक पदार्थ स्टक भएमा साउन १५ गतेभित्र नष्ट वा फिर्ता गर्नसमेत आग्रह गरेको थियो।

यसअघि पनि वडा नं ५ ले सो अभियान थालनी गरेकामा अन्य वडाहरूमा निषेध नगर्दा समस्या देखिएको उल्लेख गर्दै वडा नं ५ का वडाध्यक्ष राजकुमार गौतमले अब गाउँपालिकाले नै निषेध गर्ने निर्णय गरेकाले थप हौसला मिलेको बताए। जिल्लाका १३ पालिकामध्ये नीतिगत रूपमा नै मदिरा निषेध पालिका घोषणा गरेको यो पहिलो हो।

राक्सिराङ्ग गाउँपालिका, मकवानपुर

राक्सिराङ्गले तयार पाऱ्यो स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक

राक्सिराङ्ग गाउँपालिकाले नयाँ अभ्यासका साथ कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम "हाम्रो राक्सिराङ्ग" तयार पारेको छ। पाठ्यक्रमको गाउँपालिकाबाट अनुमोदनपश्चात् शैक्षिक सत्र २०७७ को बाँकी समयमा आंशिक र २०७८ देखि पूर्ण रूपमा गाउँपालिकाका सबै विद्यालयहरूमा लागु हुनेछ।



गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास तथा निर्माण प्रक्रियालाई एउटा महत्वपूर्ण शैक्षिक कार्यक्रमका रूपमा आत्मसात् गरेको छ। पहिलो चरणमा पाठ् यक्रम निर्माण गरिएको थियो भने दोश्रो चरणमा पाठ्यपुस्तक निर्माण गरिएको छ। पाठ्यक्रम तथा पाठ्यपुस्तकमा विज्ञमार्फत नागरिकहरूको अधिकतम सहभागिता गराई राक्सिराङ्गको भूगोल, कला संस्कृति तथा रीतिरिवाज, रहनसहन, अन्नबाली र कन्दमूल, फलफूल, तरकारी, स्थानीय प्रविधि, पर्यटन, जडीबुटी, आदि विभिन्न विषय क्षेत्रहरू आधार बनाएर स्थानीय परिवेशलाई समावेश गरिएको छ। यस कार्यको लागि गाउँपालिकाले समुन्नत नेपाल र शान्ति भोलिन्टीयर एसोसिएसनमार्फत विज्ञहरूको सहयोग लिएको थियो भने उद्धबप्रसाद प्याकुरेल र युवराज लौडारीले स्थानीय पाठ्यक्रम विज्ञको रूपमा सहयोग गरेका थिए।

विद्यार्थीलाई स्थानीयपनको महत्वबारे अध्यापन ग राउँदै भविष्यमा आफ्नो स्थानीयपनप्रति सचेत र जिम्मेवार नागरिक बनाउने उद्देश्यले स्थानीय सरकारहरूले विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रमको अलावा स्थानीय पाठ्यक्रम निर्माण गरी अध्यापन गराउँदै आइरहेका छन्। यस कार्यले आफ्नो स्थानीयपनप्रति गौरब गर्ने, आफ्नै ठाउँमा भविष्यको खोजी गर्ने नागरिक उत्पादन हुने गाउँपालिकाले विश्वास लिएको छ।

लुङ्ग्री गाउँपालिका, रोल्पा

लुङ्ग्रीमा 'नो होम डेलिभरी' अभियान

रोल्पाको लुङ्ग्री गाउँपालिकाले घरमा हुने सुत्केरीलाई शून्य बनाउन 'नो होम डेलिभरी' अभियान थालेको छ। घरैमा हुने सुत्केरीले आमा र नवजात शिशुमा स्वास्थ्य समस्या आउने भन्दै गाउँपालिकाले यो अभियान थालेको हो।

गाउँपालिकाले वडा नं. १ पाङ्लाई घरमा हुने सुत्केरी शून्य वडा घोषणा गरिसकेको छ भने चालू आवमा वडा नं. ४ र ५ लाई पनि घोषणा गर्दैछ। यस अभियानमा 'स्वास्थ्यकर्मी, आमा समूह र महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ। समग्र गाउँपालिकामा संस्थागत सुत्केरीको अवस्थाबारे घरधुरी सर्वेक्षण गरी केही वर्षभित्रै पालिकालाई नै घरमा हुने सुत्केरी शून्य वडा घोषणा गरिने तयारी रहेको छ।

गतवर्ष गर्भवती भएकामध्ये झन्डै ६३ प्रतिशत आमाले मात्र बर्थिङ सेन्टरमा पुगेर प्रसूति गराएका थिए। प्रसूतीका लागि बर्थिङ सेन्टर जाने गर्भवतीको संख्यामा क्रमिक सुधार हुँदै आए पनि अवस्था सन्तोषजनक भइसकेको छैन। आर्थिक वर्ष २०६९/७० मा संस्थागत सुत्केरी ३८ प्रतिशत मात्र रहेको रोल्पामा आव २०७४/७५ मा यो संख्या बढेर ५३.७ प्रतिशत पुगेको थियो। यसैगरी आव २०७५/७६ मा यो संख्या ६०.८ प्रतिशत रहेकामा गत आवमा यो संख्या बढेर ६२.९ प्रतिशत पुगेको स्वास्थ्य कार्यालय रोल्पाको प्रतिवेदनमा उल्लेख छ।

घरमा हुने सुत्केरीले आमा तथा शिशुमा स्वास्थ्य संक्रमण देखिनुका साथै मातृ र शिशुमृत्यु दरसमेत बढेपछि न्यूनिकरणका लागि नेपाल सरकारले संस्थागत सुत्केरीलाई प्राथमिकताको सूचीमा समावेश गर्दै आएको छ। लुङ्ग्री गाउँपालिकाको यस कार्यले मातृशिशु मृत्यु दर घटाउन र आमा तथा शिशुको स्वास्थ्यमा सुधार भइ स्वास्थ्य नागरिक तयार पार्न सहयोग पुग्नेछ।

तामाकोशी गाउँपालिका, दोलखा

ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनमा

गाउँपालिकाले वडा नं. ४ मालुमा ज्येष्ठ नागरिक मिलनकेन्द्र भवन निर्माण गरेको छ। विशेष गरी अहिलेको समयमा छोरा छोरी कामको शिलशिलामा घरबाहिर रहने र घरमा ज्येष्ठ नागरिकहरू मात्र बसोबास गर्ने, उमेर बढ्दै गएपछि शारीरिक अशक्तता बढ्ने, काम गर्न नसक्ने अवस्थामा समय विताउन गाह्रो हुने भएकाले आफ्नो अनुभव आदनप्रदान गर्न र रमाइलो गरी समय बिताउन सजिलो होस् भन्ने उद्देश्यले केन्द्र निर्माण गरिएको हो।

गाउँपालिकाले करिब ४० लाखको बजेटमा भवन निर्माण कार्य सम्पन्न गरिएको केन्द्रमा विभिन्न धार्मिक तथा अन्य पुस्तक, प्राचिन महत्व बोकेका बाद्यबादनका सामग्रीको व्यवस्था पनि गरिएको छ। सामान्य स्वास्थ्यमा समस्या आउँदा उपचार सहज होस् भनेर नजिकै रहेको स्वास्थ्य चौकीले नियमित स्वास्थ्य जाँच गर्ने प्रबन्ध मिलाएको छ।

ज्येष्ठ नागरिक भेला भएर अनुभव आदनप्रदान गरी समय बिताउन सजिलो हुने भएकाले ज्येष्ठ नागरिकहरू खुसी भएका छन्। गाउँपालिकाले यो वर्ष गाउँपालिकाको वडा नं. २ झुलेमा अर्को मिलन केन्द्र निर्माण गर्दैछ भने खाली भएका विद्यालयलाई पनि मिलनकेन्द्र बनाउने योजना रहेको छ। गाउँपालिकाले ज्येष्ठ नागरिकको लागि टेक्ने लौरो, न्यानो कपडा जस्ता सहयोगी सामग्रीहरू वितरण गरिरहेको छ।

सिस्ने गाउँपालिका, रुकुम पुर्व

विद्यालय तहमा स्थानीय पाठ्यक्रम लागू

नेपालको औपचारिक शिक्षाको पाठ्यक्रममा विश्वका विभिन्न देशको भूगोल, इतिहास, पर्यावरण, राजनीति, साहित्यजस्ता विषयहरू पढाइन्छ। तर आफ्नो स्थानीयपनको बिषयबारे औपचारिक पाठ्यक्रममा कतै उल्लेख गरेको पाइँदैन। सिस्ने गाउँपालिकाले भने आफ्नो स्थानीय भूगोल, पर्यावरण, सँस्कृतिबारे विद्यार्थीलाई सानै उमेरदेखि जानकारी गराउने लक्ष्य राखेको छ।

विद्यार्थीलाई स्थानीयपनको महत्वबारे अध्यापन गराउँदै भविष्यमा आफ्नो स्थानीयपनप्रति सचेत र जिम्मेवार नागरिक बनाउने उद्देश्यले गाउँपालिकाले कक्षा ६, ७ र ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठनपाठन सुरु गरेको छ। स्थानीय विषयमा आधारित पर्यटन, पेशा/व्यवसाय, कृषि, इतिहास, भूगोल र संस्कृतिका विषयमा जानकारी गराउने गरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारेको छ। यसले आफ्नो स्थानीयपन प्रति गौरब गर्ने, आफ्नै ठाउँमा भविष्यको खोजी गर्ने गाउँपालिकाको विश्वास छ।

स्थानीय भूगोल, पर्यावरण, संस्कृति, जनसंख्या आदिबारे अध्यापन गराउँदा आफ्नो स्थानीय महत्वबारे विद्यार्थीले जानकारी पाउँछन्। जसले गर्दा स्थानीयता बलियो हुन्छ। समृद्धिको मुख्य आधार बलियो स्थानीयता हो। स्थानीयपन बलियो बनाएर आफ्नो क्षेत्र बलियो पार्न अरू स्थानीय सरकारहरूले पनि यसलाई अनुशरण गर्न सकिन्छ।

वगनाशकाली गाउँपालिका, पाल्पा

वगनाशकालीमा 'बालमैत्री गाउँपालिका घोषणा'को अन्तिम तयारी

नयाँ संविधान जारी हुनुअगि बालमैत्री स्थानीय निकाय घोषणा गर्ने लहर चलेको थियो। तर अहिलेको गाउँपालिका र नगरपालिका कार्यान्वयन भएपछि बालमैत्री घोषणा गर्ने काम सुस्त भएको छ। यसैबीच वगनाशकाली गाउँपालिकाले भने बालमैत्री स्थानीय सरकार अवलम्बन गरेको छ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय प्रारूपअनुसार बालमैत्री गाउँपालिका घोषणा गर्न अवलम्बन गर्नुपर्ने सूचकमध्ये ८० प्रतिशत भन्दा बढी सूचक पूरा भैसकेको छ। नयाँ वर्षको सुरूवातीसँगै बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य भए पनि कोभिड १९ को महामारीका कारण सम्भव भएको छैन।

वातावरण सहज हुने वित्तिकै घोषणा गर्ने गाउँपालिकाको तयारी छ। गाउँपालिकाभित्र रहेका ३७ ओटा सामुदायिक तथा संस्थागत विद्यालय बालमैत्री घोषणा गरिसकेको छ भने समुदायस्तरका केही सूचकहरू पूरा गर्न बाँकी छ।

मनहरी गाउँपालिका, मकवानपुर

लोपोन्मुख जाती 'बोटे'को लागि एकिकृत वस्ती निर्माण

गाउँपालिकाले लोपोन्मुख जाति 'बोटे' समुदायका लागि घर निर्माण गरिदिएको छ। कुल ३५ घरपरिवार मध्ये ५ ओटा घर निर्माण गरी हस्तान्तरण गरिसकेको छ भने ९ परिवारलाई यसै आ.व. भित्र घर निर्माण गरी हस्तान्तरण गर्ने योजना रहेको छ। बाँकी २१ घरपरिवारलाई भने प्रदेश सरकारको जनता आवास कार्यक्रममा आवद्ध गराउने योजना रहेको छ। एउटा घर निर्माण गर्न पाँच लाख खर्च भएकोमा साढे चार लाख गाउँपालिकाको र ५० हजार बराबरको सम्वन्धित परिवारकै श्रमसहभागिता रहेको छ।

स्थायी बसोबास नगरी विभिन्न ठाउँमा छरिएर रहने र अर्काको जग्गा कमाएर जिविकोपार्जन गरिरहेका यो समुदायलाई गाउँपालिकाले एकिकृत वस्तीमा स्थायी बसोबास गराउन लागेको हो। खाली रहेका सार्वजनिक जग्गा नापनक्शा गरी प्रति परिवार १० धुर जग्गा उनीहरूकै नाममा लालपुर्जा बनाइदिएको छ। उक्त एकिकृत वस्तीको बीचमा एउटा सांस्कृतिक घर पनि निर्माण हुँदैछ जहाँ बोटे जातिको सांस्कृतिक पहिचान झल्किने बिम्वहरू सहित संग्राहलय र सामुदायीक कार्यक्रमहरू सञ्चालन हुनेछन्। यसबाट समुदायलाई आयआर्जन गर्न पनि सहज हुनेछ।

आवासविहीन लोपोन्मुख जातीलाई घर उपलब्ध गराइदिएर गाउँपालिकाले 'नागरिकको सुरक्षित आवास प्राप्त गर्ने मौलिक हक' लाई समेत कार्यान्वयन गर्न सघाउ पुऱ्याएको छ।

मरिण गाउँपालिका, सिन्धुली

मरिण गाउँपालिका क्षेत्रभित्र संचालित ४८ सामुदायिक विद्यालयहरू मध्ये २९ ओटा मा संघीय सरकारद्वारा बालविकास केन्द्रको व्यवस्था गरेको र बाँकी १९ विद्यालयहरूमा बालविकास केन्द्रको व्यवस्था भएको थिएन।

बालविकास केन्द्रमा १ वर्ष अध्ययन गरी कक्षा १ मा भर्ना हुने विद्यार्थी र सिधै कक्षा १ मा भर्ना भई अध्ययन गर्ने विद्यार्थीको सिकाइ उपलब्धीमा फरक पर्न गएको हुँदा सबै विद्यालयमा एकरूपता कायम

विद्यालयबाहिर पनि बाल विकास केन्द्र सञ्चालन

गर्न गाउँपालिकाले सबै विद्यालयहरूमा बालविकास केन्द्रको स्थापना गरेको छ। यस बाहेक समुदायस्तरमा पनि ३ वटा बाल बिकास केन्द्रको स्थापना गरेको छ। गाउँपालिकाको आफ्नै पहलमा स्थापना भएका १९ बालविकास केन्द्रमा विज्ञापनद्वारा बालविकास सहयोगी कार्यकर्ताको पदपुर्ति गरिएको छ।

गाउँपालिकाबाट स्थापना गरेका १९ बालविकास केन्द्रमा अध्ययन गर्ने बालबलिकाहरूको लागि दिवाखाजा वापत वार्षिक १८० दिनको लागि प्रति विद्यार्थी प्रतिदिन रु १५ का दरले वजेट विनियोजन गरिएको छ। त्यस्तै उक्त १९ बालविकास केन्द्रलाई शैक्षिक सामग्री व्यवस्थापनको लागि ५ हजार, विद्यार्थी नियमितताको लागि अभिभावकसँग सम्पर्क र समन्वय गर्न सञ्चार खर्च स्वरूप बालविकास सहयोगी कार्यकर्तालाई मासिक १ हजारका दरले वजेटको व्यवस्था गरिएको छ।

यसबाट गाउँपालिकाको समग्र शैक्षिक विकासमा सकारात्मक परिणाम आउने अपेक्षा गरिएको छ।

खाँडादेवी गाउँपालिका, रामेछाप

खाँडादेवीको पहिलो प्राथमिकता: शिक्षा

विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारमा आइसकेपछि शिक्षाको गुणस्तर वृद्धि गर्न गाउँपालिकाहरूले प्रयास गरीरहेका छन्। खाँडादेवी गाउँपालिकाले पनि सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेको छ।

प्रत्येक वडाको सिनियर मा.वि.लाई स्रोत केन्द्रको रूपमा विकास गरी सो केन्द्रको प्र.अ. लाई स्रोतव्यक्तिको जिम्मेवारी दिइएको छ। जसले सम्बन्धित वडाभित्रका विद्यालयहरूको प्र.अ. बैठक सञ्चालन, सूचना प्रवाह, शैक्षिक गतिविधिहरू सञ्चालन तथा अनुगमन गरिरहेका छन्। यससँगै निजी विद्यालयलाई निरुत्साहित गरी सामुदायिक विद्यालयमा विद्यार्थी तथा अविभावकहरू आकर्षित गर्न विद्यालयहरूमा अँग्रेजी माध्यममा अध्यापन गरिरहेको छ र सो सम्बन्धी पाठ्यपुस्तक निशुल्क रूपमा वितरण गरेको छ।

आधारभूत तहको परीक्षा समितिले कक्षा ३, ५ र ८ को प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन तथा केन्द्रिकृत उत्तर पुस्तिका परीक्षण एवम् नतिजा प्रकाशन गर्ने गर्दछन् र सिकाइ उपलब्धिको आधारमा विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई पुरस्कृत गर्दछन्। व्यवसायिक शिक्षालाई जोड दिदैं विद्यार्थीलाई उद्यमशिलतासँग परिचित गराउन र उत्पादनसँग जोड्न 'एक माध्यमिक विद्यालय एक उद्यम' को अवधारणा लागु गरेको छ।

शिक्षामा सरोकारकर्ताहरूबाट विद्यालय सुधारका लागि २५ बुँदे घोषणापत्र जारी गरी सुधारात्मक कार्यक्रम गरिएको छ। शतप्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएको गा.पा. घोषणा गर्ने, अपाङ्गता भएका विपन्न तथा असाहय बालबालिकाहरूलाई कक्षा १२ सम्म निशुल्क शिक्षाको सुनिश्चित गर्ने, विद्यार्थी हाजिर नियमित गराउन शतप्रतिशत वा सबैभन्दा बढी उपस्थित हुने विद्यार्थी र निजका अभिभावकलाई सम्मानित र पुरस्कृत गर्ने लगायत रहेका छन्।

गाउँपालिकाले शिक्षा ऐन २०७५ र शिक्षा नियमावली २०७५ बनाएर कानुनी तथा आवश्यक संस्थागत संरचना तयार पारिसकेको छ। यो गाउँपालिकालाई आ.व. २०७५/७६ मा प्रदेश सरकारले उत्कृष्ट गाउँपालिकाको रूपमा सम्मान गरेको थियो।

कोन्जयोन्सम गाउँपालिका, ललितपुर

सबै महिलाहरूलाई निशुल्क स्यानिटरी प्याड

आफनो गाउँपालिका भित्रका प्रजनन उमेर समूहका महिला तथा किशोरीहरूलाई निःशुल्क रूपमा सेनेटरी प्याड उपलब्ध गराइरहेको छ। संघीय सरकारबाट विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण गर्ने कार्यक्रम भएपनि यस गाउँपालिकाले गाउँपालिकाभित्र रहेका १२ वर्ष देखि ५० वर्ष सम्मका सबै महिलाहरूको लागि सेनिटरी प्याड वितरण गरेको छ।

विद्यालय जाने छात्राहरूले सेनेटरी प्याडबारे जानकारी भएर प्रयोग गरेको भएता पनि ग्रामीण भेगका महिलाहरूलाई यसबारे जानकारी नभएको र कतिले त प्रयोग पनि नगरेको पाइएपछि पालिकाभरका प्रजनन् उमेर समूहका महिलाहरूलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराइएको हो।

सेनिटरी प्याडको विषयमा महिला स्वास्थ्य स्वयंसेविकामार्फत सबैलाई जानकारी दिने गरिएको छ। गाउँपालिकाको स्वास्थ्य शाखाले सेनेटरी प्याड वितरणका लागि गाउँघर क्लिनिक र स्वास्थ्य चौकिमा एकमुष्ठ उपलब्ध गराउने गरेको छ। जसको लागि गाउँपालिकाले चालू आ.व. मा रु. २० लाख रकम विनियोजन गरेको छ।

तादी गाउँपालिका, नुवाकोट

तादीले बनायो १५ शैयाको अस्पताल

तादी गाउँपालिकाले संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बाट प्राप्त अधिकार अनुसार १५ शैयाको अस्पताल सञ्चालन गरेको छ। खरानीटारमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा खरानीटार अस्पतालमा स्तरोन्नती गरेको हो। कोभिड १९ बाट संक्रमितहरूलाई लक्षित गरी हाल २० वटा आइसोलेशन वार्ड बनाएको छ।

३ जना एमबिबिएस डाक्टरको दरवन्दी रहेकोमा हाल २ जनाले सेवा दिइरहेका छन्। डाक्टरको दरवन्दी संघीय सरकारले उपलब्ध गराएको छ भने केही स्वास्थ्यकर्मीहरूको लागि तलब भत्ता प्रदेश सरकारले उपलब्ध गराएको छ। अस्पताल स्तरोन्नतिको लागि गाउँपालिकाले ३० लाख र प्रदेश सरकारले ६० लाख लागत साझेदारी गराएको थियो। यस अस्पतालबाट तादी गाउँपालिकाको अलावा सुर्यगढी, पञ्चकन्या र दुप्चेश्वर गरी चार गाउँपालिकाका नागरिकहरूले स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछन्।

गाउँपालिकाले तत्कालको लागि प्रदेश सरकारबाट जारी कार्यविधिअनुसार उक्त अस्पताल सञ्चालनमा आएको हो। गाउँपालिकाका अध्यक्ष नै अस्पताल व्यवस्थापन समिति अध्यक्ष रहेकोले अब आफ्नै ऐनद्धारा अस्पताल सञ्चालन गर्ने तयारीमा रहेको गाउँपालिकाले जाएको छ।

रुपा गाउँपालिका, कास्की/महाबु गाउँपालिका, दैलेख

'युवामैत्री स्थानीय शासन' मा रूपा र महाबु उत्कृष्ट

युवामैत्री स्थानीय शासन अवलम्बन गरेका गाउँपालिकाहरू मध्ये कास्कीको रूपा र दैलेखको महाबु उत्कृष्ट गाउँपालिका घोषणा भएको छ। राष्ट्रिय युवा परिषदले तयार गरेको युवामैत्री स्थानीय शासन प्रारूपमा उल्लेखित ३९ ओटा सूचकहरूमा आधारित रहेर मूल्यांकन गरिएको थियो।

परिषदले जम्मा १०० पूर्णाङ्क रहेको उक्त मूल्यांकनमा प्रदेशगत रूपमा १/१ ओटा स्थानीय सरकारलाई ५ लाखको दरले पुरस्कृत गरेको छ जसमा ५ ओटा नगरपालिका र २ ओटा गाउँपालिका रहेका छन्। गण्डकी प्रदेशबाट रूपाले ८२ नम्बर र कर्णाली प्रदेशबाट दैलेखको महाबु गाउँपालिकाले ७२ नम्बरसहित प्रदेशगत रूपमा उत्कृष्टता हासिल गरेका छन्।

ती दुवै गाउँपालिकाले सबै वडा तथा पालिकास्तरमा युवा सञ्जाल गठन र परिचालन, सबै वडामा खेलमैदान निर्माण, योजना तर्जुमा नीति तर्जुमा र विकास निर्माणमा युवा परिचालन, कुनैपनि समितिहरूमा युवाको सहभागितालगायत गतिविधिहरू सन्चालन गरेको छ। युवालाई व्यवसायिक ऋणको व्यवस्था र स्वरोजगारसम्बन्धी तालिमका गतिविधिहरू सञ्चालन गरेका छन्। शासन प्रणालीका सम्बन्धमा युवाहरूको अभिरुचीलाई ध्यान दिई युवा संसदको गठन गरिएता पनि लकडाउनको कारण युवा संसदको अभ्यास भने गर्न सकिएको छैन।

युवामैत्री स्थानीय शासन प्रणाली अवलम्बन गर्न गाउँपालिका राष्ट्रिय महासंघ र राष्ट्रिय युवा परिषद्बीच सहजीकरणसम्बन्धी दुईपक्षीय सम्झौतासमेत गरिएको छ।

हिमा गाउँपालिका, जुम्ला

हिमामा अभिभावकबिहिन वालवालिकाको लागि आवासीय विद्यालय

विद्यालय पहुँचभन्दा बाहिर रहेका, द्वन्द्व प्रभावित, एकल महिला, गरिवी र अभावबाट ग्रस्त परिवारका बालबालिकाहरूलाई निःशुल्क पठनपाठनका लागि गाउँपालिकाले आवासीय विद्यालय सञ्चालन गरेको छ। पहिलो बर्ष २५ जना बालबालिकाबाट सुरुवात गरेको विद्यालय हाल कक्षा २ सम्म सञ्चालनमा छ। कक्षा १ मा २७ र २ मा २५ गरी जम्मा ५२ जना बालबालिकाहरू यहाँ अध्ययनरत् छन्। १ जना शिक्षिका, १ जना शिक्षक र २ जना सहयोगीहरू कार्यरत रहेका यो विद्यालयमा प्रदेश सरकारको लगानी २० लाखमा २ कोठे पुरानो भवन र २ कोठे आवासीय भवन तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट ३ कोठे भवन निर्माण भैसकेको छ। यो विद्यालयलाई कक्षा ५ सम्म सञ्चालन गर्ने उद्देश्यका साथ अगाडि बढेको छ।

विद्यालयमै खाना, नाना र छानाको उचित ब्यवस्थापनका साथ सञ्चालित यो विद्यालयमा गाउँपालिकाले पूर्ण रूपमा अभिभाबकत्व निर्वाह गरेको छ। विद्यालयबाहिर रहेका र अर्काको सहारामा बाँचिरहेका बालबालिकाहरू अभिभावकको न्यानो काखमा रमाइरहेका छन्। एकातिर गाउँपालिकाले दुःखी, गरिव र असाहय बालबालिकालाई अभिभावकत्व प्रदान गरेको छ भने अर्कोतर्फ नेपाल सरकारको सबैका लागि शिक्षा अभियानलाई थप टेवा पुगेको छ।

अजयमेरु गाउँपालिका, डडेलधुरा

सबै स्वास्थ्य चौकीमा ल्याब, २ ओटामा भिडियो एक्स रे सुविधा

प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने संविधानको मौलिक अधिकारको अजयमेरु गाउँपालिकाले कार्यान्वयन गर्न प्रयत्न गरिरहेको छ। यसको लागि गाउँपालिकाले ५ वटै वडाका स्वास्थ्य चौकीमा ल्याब सञ्चालन गरेको छ। ल्याबमा बिरामीको रगत, दिसा, पिसाब, खकार परीक्षण हुन्छ। यसैगरी २ ओटा स्वास्थ्य चौकीमा भिडियो एक्स रे मेशिन जडान गरिएसँगै गर्भवतीको उपचार तथा चेकजाँच गाउँमै हुन थालेको छ। यी सुविधाले एकातिर दुर्गम क्षेत्रका विपन्न नागरिकलाई नजिकै स्वास्थ्य सेवा प्राप्त गर्न सहज भएको छ भने अर्कोतिर अप्रत्यक्ष रूपमा समय र आर्थिक श्रोतको वचत भएको छ।

गाउँपालिकाको यस कार्यलाई अनुकरणीय कार्यको रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। आधारभूत सेवा घरपरिवारसम्म पुऱ्याउने र मातृतथा शिशु मृत्युदरलाई कम गराउने नेपाल सरकारको दिगो विकास सम्वन्धी लक्ष्यलाई पूरा गर्न यस कार्यले सहयोग पुऱ्याएको छ।

शहिदलखन गाउँपालिका, गोरखा

गर्भवतीलाई गाउँगाउँमा निशुल्क अल्ट्रासाउण्ड सेवा

शहिद लखन गाउँपालिकाले गर्भवतीका लागि निशुल्क अल्ट्रासाउण्ड सेवा गाउँगाउँमा सुरु गरेको छ। यसबाट सुत्केरी हुनुअघि गर्भवतीले भिडियो एक्सरे (अल्ट्रासाउण्ड) सेवाका लागि सदरमुकाम धाउनु पर्ने र कम्तिमा ५ सय रूपैयाँ तिर्नुपर्ने बाध्यता हटेको छ।

९ ओटा वडा रहेको शहिदलखनको हरेक वडामा स्वास्थ्य संस्था छन्। सबै वडाका स्वास्थ्य चौकीहरूमा अल्ट्रासाउन्ड सञ्चालनका लागि ल्याब टेक्निसियन खटाएर सेवा दिँदा सहज भएको छ। यसबाट गर्भवती महिलाहरूलाई सहज भएको र कोभिड-१९ को महामारीमा पनि अल्ट्रासाउन्डका लागि टाढा धाउनु पर्ने जोखिम अन्त्य भएको छ। यसबाहेक मातृशिशु स्वास्थ्यको क्षेत्रमा आवश्यक सेवाहरू थप गरिरहेको छ।

मातृशिशु स्वास्थ्य सेवा तथा नागरिकको आधारभूत स्वास्थ्य सेवा सहज रूपमा प्रदान गर्न गाउँपालिकाले गरिरहेको यो प्रयास प्रशंसायोग्य रहेको छ।

गुराँस गाउँपालिका, दैलेख

सामाजिकीकरण हुँदैछन् गुराँसका राउटे

गुराँस गाउँपालिकाको वडा नं ८ धरमपोखरामा बस्दै आएका राउटे जाति क्रमश अन्य समुदायका मानिससँग भलाकुसारी गर्ने र घुलमिल हुने, राहत वितरण प्रक्रियामा पालो कुर्ने, सरसफाई सामाग्रीको प्रयोग गर्न थालेका छन्। पत्रकार देखे भाग्न खोज्ने उनीहरू अहिले सञ्चार माध्यममा खुलेर बहस गर्ने, सभा-सम्मेलनमा सहभागी भई आफ्नो विचार राख्ने, बालबालिका तथा महिला लक्षित कार्यक्रममा सम्मान ग्रहण गर्ने, रमाउने, खुसी प्रकट गर्दै आफ्नो मौलिक संस्कृति प्रदर्शन गर्ने जस्ता सामाजिक क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन्। समय आएपछि नेपाली नागरिकता पनि लिने अभिब्यक्तिका साथ आफ्नो इच्छा लागेका मालसामानहरू किन्ने तथा माग्ने, गाउँ-शहरमा घुमफिरसमेत गर्न थालेका छन्। (राउटे सामाजिकीकरण हुदा गाउँपालिकाको लगानी के कति हो ?)

जंगलको मात्र शिकार गर्ने उनीहरू आफ्नो समुदायमा खसी किनेर मासु खान थालेका छन्। १२ बर्ष पछिमात्र आफू बसेको ठाउँ फेर्ने थिनीहरू गाउँपालिकाबाट पाउने सुविधा लिन टाढा हुने भएपछि आजभोलि गुराँसबाट अन्यत्र बसाइसराई गरे पनि २/३ महिनामा नै फर्किहाल्छन्। खाम्सी भाषा बोल्ने राउटेहरू स्थानीयसँग नेपाली भाषामा भलाकुसारी गर्ने भैसकेका छन्। विरामी पर्दा सहजकर्ताको सहयोग र समन्वयमा अस्पताल समेत जाने गरेका छन्।

यस क्षेत्रमा रहेका लोपोन्मुख जाति राउटेहरू विस्तारै सामाजिकीकरण हुन थालेका छन्। गुराँस गाउँपालिका र सुर्खेतको चिङ्गाड गाउँपालिका आसपासका जंगलहरूमा बस्दै आएका यो समुदायमा हाल १ सय ५१ जना रहेका छन्। गाउँपालिकाले उपलब्ध गराएको परिचय पत्रअनुसार प्रति ब्यक्ति महिनाको ३ हजारका दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन्।

समयानुकूल गाउँपालिका र सामाजिक सेवा केन्द्रले राउटे परियोजनामार्फत चामल, तेल, नुन, दाल, मसलालगायतका सामाग्रीहरू उपलब्ध गराउँदै आएका छन्। गाउँपालिकाले राउटे जातिको उत्थान र सामाजिकीकरणको लागि नीतिगत व्यवस्था नै गरेर विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ जहाँ क्रमश समाजमा घुलमिल गराउने र सामाजिक तथा आर्थिक गतिविधिमा संलग्न गराउने कार्यक्रमहरू समावेश छन्।

दुप्चेश्वर गाउँपालिका, नुवाकोट

'गर्भवती महिलाको घरमा झण्डा, हातमा अण्डा'

दुप्चेश्वर गाउँपालिकाले सञ्चालन गरेको 'गर्भवती महिलाको घरमा झण्डा, हातमा अण्डा' भन्ने कार्यक्रम प्रभावकारी र सफल भएको छ। संस्थागत सुत्केरी दर बढाउने र गर्भवती जाँच दरलाई मापदण्ड अनुरूप बढाउँदै लैजाने मुख्य उद्देश्यले "स्वास्थ्य संस्थामा प्रसुति, सुरक्षित मातृत्वको प्रत्याभूति" भन्ने मुल नारासहित यो कार्यक्रम संचालन गरेको हो।

गर्भवती महिलाको घरमा झण्डा, हातमा अण्डा कार्यक्रम संचालन निर्देशिका २०७५ अनुसार हरेक गर्भवती महिलालाई गर्भवती भएको थाहा हुने वित्तिकै कार्यक्रमको नारा उल्लेखित एउटा झण्डा घरमा राख्नको लागि प्रदान गर्ने र मापदण्डअनुसार गर्भवती भएको चौथो महिना, छैठौं महिना, आठौं महिना र नवौं महिनामा गर्भ जाँच गर्न स्वास्थ्य संस्था आउने गर्भवती महिलालाई प्रत्येक पटकको गर्भ जाँचमा ३० ओटा (१ क्रेट) अण्डा स्वास्थ्य संस्थाबाटै वितरण गरिन्छ। यसरी एउटा गर्भवती महिलाले गर्भावस्थामा ४ पटक गर्भ जाँच गराउँदा जम्मा १२० ओटा (४ क्रेट) अण्डा पाउँछन्। जसले गर्दा गर्भ जाँचको दर पनि बढ्ने हुँदा आमा र बच्चामा देखिन सक्ने समस्याबाट बचाउन सकिने र अण्डा आफैमा एउटा महत्वपुर्ण पौष्टिक तत्वहरूले भरिपूर्ण खानेकुरा भएकोले पोषण अवस्थामा पनि सुधार आएको देखिन्छ।

कम्तिमा एक पटक गर्भ जाँच गराउने महिलाहरू कार्यक्रम सुरुवात गर्दा ७२ प्रतिशतमात्र थियो भने अहिले बढेर ९५ प्रतिशत पुगेको छ। यसैगरी मापदण्डअनुसार ४ पटक गर्भ जाँच गराउने महिलाहरू २७ प्रतिशतबाट बढेर ४९ प्रतिशत पुगेको छ। यस्तै १९.१ प्रतिशत रहेको संस्थागत सुत्केरी दर अहिले ३५ प्रतिशत पुगेको छ। गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजनाको अपेक्षित प्रतिफलसँगै प्रगति पनि देखिएको छ।

भुम्लु गाउँपालिका, काभ्रेपलान्चोक

भुम्लुमै स्वास्थ्य ल्याब: अब बनेपासम्म पुग्नु पर्ने बाध्यताको अन्त्य

सामान्य स्वास्थ्यउपचारको लागि बनेपा धुलिखेल धाउन पर्ने भुम्लुवासीको बाध्यता गाउँमै स्वास्थ्य सेवा सुरु भएपछि भने हटेको छ। गाउँपालिकाको प्रत्येक बडाको पायक पर्ने स्थानमा स्वास्थ्यचौकीसँगै प्रयोगशाला (ल्याब) को समेत सेवा सुरु गरेको।

प्रयोगशालामा रगत, दिशा पिसाबलगायतका चेकजाँच गाउँमै हुने भएसँगै स्थानीयहरू समेत खुसी भएका छन्। सबै बडामा स्वास्थ्य चौकी र भुगोल ठुलो तथा जनसंख्या धेरै भएकाले थप चारओटा स्वास्थ्य इकाइसमेत संचालनमा ल्याएको छ। प्रत्येक बडामा सुविधा सम्पन्न स्वास्थ्यचौकीका भवनहरूसमेत यसबीचमा निर्माण गरेको छ।

विद्यालयमा स्थानीय पाठ्यक्रम लागू

भूम्लु गाउँपालिकाले विद्यालय शिक्षाको कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी चालु शैक्षिक सत्रबाट लागु गरेको छ। एक बर्षको लामो अध्ययनपश्चात एड्रा नेपालको सहयोगमा स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो। जिल्लामै पहिलो पटक आफूहरूले पाठ्यक्रम बनाएर लागू गरेको गाउँपालिकाका अध्यक्ष गुमानध्वज कुँवरले दावी गर्नुभयो।

पाठ्यक्रम निर्माण शिक्षा समितिको नेतृत्वमा आड्रा नेपाल र नाङशाल एशोसियसन नेपालको आर्थिक सहयोग तथा ग्लोवल युटिलिटि रिसर्च यूनिट प्रा.लि.को प्राविधिक सहयोगमा गरिएको बताइएको छ। स्थानीय पाठ्यक्रममा १-५ कक्षाका विद्यार्थीहरूलाई स्थानीय भूगोल, समाज, परसंस्कृति, रितिरिवाज, प्राकृतिक स्रोत साधान विषयमा अध्यापन गराउने र सोही वमोजिमको सिकाई उपलब्धी तर्जुमा गरिएको छ। लामो समयको अध्ययन र भूगोलको समस्यामा आधारित रहेर तयार पारिएको पाठ्यक्रको अध्यापनले विद्यार्थीहरूमा स्थानीय परिवेश सम्बन्धी ज्ञान, सीप, स्थानीय परिवेश, अवसर र चुनौतीको बारेमा परिचित गराउने अपेक्षा गाउँपालिकाले गरेको छ।

रुपा गाउँपालिका, कास्की

कोरोना रोकथाममा नेपाल सरकारभन्दा पनि अगाडि रूपा गाउँपालिका

कोरोना महामारी नियन्त्रणमा रूपा गाउँपालिका नेपाल सरकारभन्दा पनि अगाडि देखियो। रूपाले आफ्नो क्षेत्रमा लकडाउन गरेको ३ दिन पछिमात्र संघीय सरकारले लकडाउन सुरु गरेको थियो। स्वयंसेवक परिचालन गरेर बाहिरबाट आएका व्यक्तिहरूको निगरानी, स्वास्थ्य सामाग्रीको व्यवस्थापन, स्वास्थ्यकर्मीलाई प्रोत्साहन लगायतका पूर्वतयारी गरिसकेको थियो। गाउँपालिकामा रहेका ४४ ओटा क्वारेन्टिन र एउटा आइसोलेसनलाई थप व्यवस्थित र सुरक्षित बनाएको थियो। महामारी व्यवस्थापन प्राथमिकतामा परेका कारण योजना थप्ने, सडकको नयाँ ट्याक खोल्ने कामलाई थाती राखेर क्रमागत योजना पूरा गर्न गाउँपालिका लागिपरेको छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई रोकथाम एवं नियन्त्रणमा स्थानीय सरकार बजेट अग्रपंक्तिमा रहेर कार्य गरिरहे। स्थानीय सरकारको यस प्रयासलाई सबैले प्रशंसा गरिरहेका छन्।

गौरीशंकर गाउँपालिका, दोलखा

सीमान्तकृत समुदाय सुरेल जातिको संग्रालय निर्माण

गाउँपालिकाले वडा नं. ५ सुरीमा रहेको सुरेल संग्रालय निर्माण गरेको छ। सुरेल जाति नेपालको सूचिकृत सिमान्तकृत जनजाती जो गौरीशंकरको सुरीमामात्र वसोवास गर्दछन्।

सुरेलको आफनो भाषा धर्म संस्कृति रीतिरिवाज जोगाई राख्न र सुरेलको पहिचान, सुरेल जातीको पुरातात्विक सामग्रीहरू, भेषभूषा, कलाको संरक्षण गर्ने उद्देश्यले संग्रालयको निर्माण गरिएको छ। संग्राहलय निर्माण गर्न गाउँपालिका र प्रदेश सरकारको करिब ४५ लाख खर्च भएको छ।

संग्राहलयमा तत्काल सुरेल जातिका पुर्खाहरूले प्रयोग गरिएको सामग्री, सुरेल जातीको जन्मदेखि मृत्यु संस्कारसम्म झल्कने सामग्री, भेषभूषालगाएतका सामग्री राखिने छ। भुमेचन उभौलीको मुख्य पूजा गर्ने यो जातीको जनसंख्या जम्मा २७१ जना मात्र रहेको छ। अल्पसंख्यक सिमान्तकृत समुदायका सुरेल जातीहरूलाई सरकारले प्रति व्यक्ति सामाजिक सुरक्षा भत्ता बापत मासिक दुई हजार उपलब्ध गराउँदै आएको छ।

सुनापति गाउँपालिका, रामेछाप

उत्कृष्ठ शैक्षिक केन्द्र स्थापनाको अभियानमा सुनापति गाउँपालिका

सुनापति गाउँपालिका उत्कृष्ठ शैक्षिक गन्तब्य तर्फ उन्मुख हुँदै गएको छ। एक स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने नेपाल सरकारको नीतिलाई उछिन्दै यस गाउँपालिकामा तीन वटा प्राविधिक विद्यालय संचालनमा रहेका छन। जहाँ दुई विद्यालयमा वाली विज्ञान र एकमा कम्प्युटर इन्जिनियरिङको पठनपाठन हुन्छ। गाउँपालिका अन्तर्गत संचालित जम्मा ३३ ओटा सामुदायिक विद्यालयहरू मध्ये २ ओटा नमूना विद्यालयहरू रहेका छन।

यहाँको श्री डहु माध्यमिक विद्यालय देशका उत्कृष्ठ नमूना विद्यालयहरू मध्ये एक हो। यस विद्यालयले प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्ममा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ गरिरहेको छ भने छात्रबाससहितको सम्पूर्ण व्यवस्थासमेत सञ्चालन गरेको छ। देशका अन्य शैक्षिक संस्था तथा स्थानीय तहका प्रतिनिधिसमेत यस विद्यालयमा अवलोकन गर्दछन्।

उत्कृष्ठ सिकाइ उपलब्धी रहेको यस विद्यालयले विगतमा शिक्षा मन्त्रालयबाट राष्ट्रिय शिक्षा दिवसको अवसरमा पटक-पटक उत्कृष्ट विद्यालयको पुरस्कार समेत प्राप्त गरेको छ। विगत तीन वर्षको अवधिमा गाउँपालिका र जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) को समन्वयमा आधुनिक, सुविधासम्पन्न र भूकम्प प्रतिरोधी भवनहरूको निर्माण सम्पन्न भएकोले सम्पुर्ण विद्यार्थी, शिक्षक र अभिभावकहरू लाभान्वित भएका छन्।

गाउँपालिकाको तर्फबाट सबै माध्यमिक विद्यालयहरूमा बिद्युतीय हाजिरी, इन्टरनेट, पुस्तकालय, विज्ञान प्रयोगशालाको ब्यवस्था गरिएकाले शैक्षिक गतिविधिको निरन्तर अनुगमन सहज भएको छ। साथै शैक्षिक गुणस्तरसमेत अभिवृद्धि भएको देखिएको छ।

रम्भा गाउँपालिका, पाल्पा

बालबालिकालाई दुर्घटना बीमा र दिवाखाजा सञ्चालन

बालबालिकाको अध्ययनलाई सहज बनाउन गाउँपालिकाले दिवाखाजाको कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले बालबालिकालाई विद्यालय प्रवेश गराउन, टिकाउन र सिकाउन मद्दत पुग्ने गाउँपालिकाको विश्वास छ।

'बालबालिकालाई विद्यालय भित्र्याउन, टिकाउन, सिकाउन र विकाउन' भन्ने नारा तय गरेर गाउँपालिकाले आफ्ना सबै ३७ सामुदायिक विद्यालयको १ देखि ५ कक्षासम्म र बालविकास केन्द्रका बालबालिकाहरूलाई लक्षित गरी आव ०७५/०७६ देखि नै दिवाखाजा सञ्चालन गरेको थियो।

अहिले प्राथमिक विद्यालका लागि संघीय सरकारले नै सहयोग गर्न थालेपछि गाउँपालिकाले कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई खाजाको व्यवस्था गरेको छ। यसैगरि १ देखि ५ कक्षा सम्मका १८ सय २४ बालबालिकाका लागि वार्षिक १० हजार रूपैयाँ बराबरको दुर्घटना बीमा गरिदिएको छ। यसबर्ष सवै सामुदायिक विद्यायलयका १ कक्षा देखि १२ कक्षासम्मका ५ हजार विद्यार्थीहरूको दुर्घटना बीमा गर्ने कार्यक्रम रहेको गाउँपालिकाले जनाएको छ।

स्वास्थ्य सेवामा ल्याव स्थापना र पूर्ण संस्थागत सुत्केरी गराउन सफल

पहिले रम्भा गाउँपालिकाको ५ ओटा स्वास्थ्य संस्थामध्ये कुनैमा पनि ल्याब परीक्षणको सुबिधा थिएन। अहिले गाउँपालिकाले सबै स्वास्थ्य संस्थामा कर्मचारी र आवश्यक सामग्रीसहित ल्यावको व्यवस्था गरेको छ।

ती ल्याबहरूमा १६ प्रकारका परीक्षण निशुल्क हुन्छ। यसैगरी ५ ओटै स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर छ जसले गर्दा रम्भा गाउँपालिकामा शतप्रतिशत संस्थागत सुत्केरी भइरहेको छ। यसले मातृशिशु स्वास्थ्यमा उल्लेख्य सुधार भएको छ।

छत्रदेव गाउँपालिका, अर्घाखाँची

खरको छाना र काठको पोल मुक्त भयो छत्रदेव

जनप्रतिनिधि बहाल भएदेखि नै नयाँ र सृजनात्मक काम गर्दै आएको गाउँपालिकाले आफ्नो क्षेत्रलाई दुई वर्षमा नै खरको छानामुक्त गाउँपालिका बनाएको छ। विपन्नताको परिचय बन्दै आएको खरको छाना भएको छत्रदेवका सबै घरमा अब जस्तापाताको छाना देख्न पाइन्छ। यसैगरि गाउँपालिकालाई बिद्युत काठको पोलमुक्त क्षेत्र पनि घोषणा गरेको छ। सबै विपन्नका छाना पक्की बनाउने प्रतिबद्धतास्वरूप ३ सय ३७ घरधुरीलाई जस्तापाता उपलब्ध गराई पुरै गाउँपालिका खरको छानामुक्त गराउन सफल भए। यस कार्यका गाउँपालिकाले लागि करिब १ करोड २० लाख खर्च भएको छ।"

यसैगरी गाउँपालिकाले बिजुलीको काठको पोललाई पुरै विस्थापन गरी स्टीलको प्रयोग गरेको छ। काठको पोल हटाउन करिब ५ करोड ५२ लाख रूपैयाँ खर्च भएको छ। यसमध्ये गाउँपालिकाबाट १ करोड ५० लाख रूपैयाँ, नेपाल बिद्युत प्राधिकरणबाट ४ करोड खर्च भएको छ।

गाउँपालिकालाई विकासका विभिन्न सूचकहरूमा प्राथमिकता दिई न्यूनतम सुचकहरू पूरा गर्ने लक्ष्य राखेर सूचक पूराभएको घोषणाले विकासको नतिजाको मूल्यांकन गर्न सहज भएको छ।

छत्रदेवमा 'दलित घर उज्यालो कार्यक्रम'

दलित तथा विपन्न परिवारको लागि विभिन्न गतिविधि गरिरहेको छत्रदेवले गरिवीको रेखामुनी रहेका दलित घरपरिवारलाई 'दलित घर उज्यालो कार्यक्रम' सञ्चालन गरेको छ। सबै विपन्न दलित परिवारको पहुँचमा बिद्युत नपुगेको र बिद्युत महशुल तिर्न असक्षमहरूको लागि निशुल्क रूपमा सोलार होम सिस्टम जडान गरिदिएको छ।

कूल १ हजार १ सय ४७ दलित र ३ सय १५ गरिव घर गरी १ हजार ४ सय ६२ घरधुरीलाई निःशुल्क सोलार होम सिस्टम जडान गरेको छ। गाउँपालिकाभित्र बसोवास गर्ने कूल जनसंख्यामध्ये करिब १९ प्रतिशत दलित छन्। सिस्टम जडान गर्न गाउँपालिका र वैकल्पिक ऊर्जा केन्द्रको संयुक्र लगानी रहेको छ।

छत्रदेव गाउँपालिका सबै दलित घरधुरीमा सोलार प्रणाली जडान गर्ने नेपाल कै पहिलो गाउँपालिका भएको गाउँपालिकाको दावी रहेको छ।

सत्यवती गाउँपालिका, गुल्मी

माझी र बोटे समुदायको लागि एकिकृत वस्ती निर्माण

गाउँपालिकाकाले अतिविपन्न घरपरिवार माझी र बोटे समुदायका लागि एकीकृत वस्ती निर्माण गरेको छ। गाउँपालिका भित्रका माझी र बोटे समुदायका २७ घरमध्ये भूकम्पको पुनर्निर्माण कार्यक्रममार्फत ४ घर र बाँकी २३ घर गाउँपालिकाको लगानीमा निर्माण भएको छ। यसका लागि गाउँपालिकाले डेढ करोड रूपैयाँ विनियोजन गरेको थियो। एकीकृत बस्तीका घरहरूमा बाथरुमसहितको शौचालयको सुबिधासमेत रहेको छ।

वेपत्ता घर परिवारका एकल महिलाहरूको लागि सहयोग कार्यक्रम

सत्यवती गाउँपालिकाले २० वर्षभन्दा अगाडिदेखि श्रीमान् बेपत्ता भएका महिलाहरूका लागि 'वेपत्ता घर परिवारका एकलमहिला सहयोग कार्यक्रम' सञ्चालन गरेको छ। संघीय सरकारको सामाजिक सुरक्षा कार्यक्रमले समेट्न नसकेका यो बर्गका महिलाहरूलाई यस कार्यक्रमले समेटेको छ। गत आवमा गाउँपालिकाले २२ घरका महिलाहरूलाई बार्षिक ५ हजारका दरले सहयोग बितरण गरेको छ। यो कार्यक्रम बर्षेनी सञ्चालन हुनेछ।

कपुरकोट गाउँपालिका, सल्यान

सबै विद्यालयमा 'छात्रा विश्राम कक्ष' को व्यवस्था

कपुरकोटले गाउँपालिकामा रहेका सबै माध्यमिक विद्यालयमा बेग्लै छात्रा विश्राम कक्षको व्यवस्था गरेको छ, जहाँ महिनावारी भएका छात्राहरूले गाऱ्हो हुँदा आराम गर्ने गर्दछन्। सुन्दा र देख्दा सामान्य लागेपनि भोग्नेहरूको लागि भने यो व्यवस्था अति नै महत्वपूर्ण छ।

गाउँपालिकाले सबै विद्यालयमा प्रशस्त सेनेटरी प्याडको पनि व्यवस्था गरेको छ। विश्राम कक्षको व्यवस्थापनका लागि विद्यालयमा महिला शिक्षक तोकिएको छ। विद्यालयको एउटा छुट्टै कोठामा आराम गर्न बेड, स्यानिटरी प्याड, प्रयोग गरेको प्याड विसर्जन गर्ने विन, पेट दुखे, ज्वरो आए, चोटपटक लागेमा प्राथमिक उपचार गर्ने आवश्यक औषधीको व्यवस्था गरिएको हुन्छ। महिनावारी हुँदा खुलेर कुरा गर्न नसक्नु, लजाउनु, लुकाउन खोज्नु जस्ता कारणले सरसफाईमा समस्या आउने हुँदा किशोरीहरूलाई समयसमयमा गाउँपालिकाले अभिमुखिकरण समेत गर्ने गरेको छ।

विश्राम कक्ष नहुँदा छात्राहरू महिनावारीको समयमा विद्यालय नआउने तथा आए पनि बीचमै घर फर्किने समस्या थियो तर अहिले विश्राम कक्षको ब्यवस्था भई आराम गर्न पाउने हुँदा छात्रालाई सजिलो भएको छ। अहिले छात्राहरूको विद्यालय उपस्थिति दर विगतको तुलनामा उच्च देखिएको छ।

नरहरीनाथ गाउँपालिका, कालिकोट

शिक्षक सरुवाको व्यवस्थित प्रणाली स्थापना

गाउँपालिकाहरूले प्रभावकारी रूपमा शिक्षकको व्यवस्थापनको लागि शिक्षकहरूको आन्तरिक सरुवा व्यवस्थापन गरेर शिक्षाको गुणस्तरमा सुधार ल्याउन प्रयास गरेका छन्। नरहरीनाथ गाउँपालिकाले पनि शिक्षक महासंघसँगको समन्वयमा ३/३ वर्षमा शिक्षकहरूको आन्तरिक सरुवा गर्ने प्रणाली बसालेको छ।

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन निधारित समयमा शिक्षकहरूको सरुवा गर्दै आएको छ। यस अनुसार हालसम्म २४ जना शिक्षकहरूको आन्तरिक रूपमा सरुवा गरिसकको छ। गाउँपालिकाले आफ्नै शिक्षा ऐन र नियमनवली पनि जारी गरेको छ। शिक्षक सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमति, विषय मिल्ने शिक्षकबीच आवश्यकताको आधारमा आन्तरिक सहमतिमा सरुवा गरिरहेको छ। आवधिक रूपमा गरिने शिक्षकको आन्तरिक सरुवा प्रणालीले शिक्षण सिकाइमा नविनता आउने, शिक्षक विद्यार्थीमा सिकाइ आकर्षण बढ्ने तथा व्यवस्थापन र शिक्षकबीच अन्तरक्रिया बढेर समग्र शिक्षाको विकासमा सकारात्मक प्रभाव देखिएको सरोकारवालाको अनुभव रहेको छ। स्थानीय शिक्षा ऐनको आधारमा ६ वटा विद्यालयलाई मर्ज गरिएको छ। तहगत विद्यालयका प्रधानाध्यापकहरूको योग्यता निर्धारण गरी १४ ओटा विद्यालयमा प्र.अ.को पुनः नियुक्ति गरेको छ। प्र.अ. हुनेको लागि

ऐनले गरेको व्यवस्थाअनुसार माध्यमिक विद्यालयको लागि स्नाकोत्तर र मा.वि. स्थायी हुनुपर्ने, कक्षा ८ कक्षासम्मको विद्यालयको लागि स्नातक वा निमावि स्थायी हुनुपर्ने र कक्षा ५ सम्मको विद्यालयको लागि १२ कक्षा उर्तिण वा प्रा.वि. स्थायी हुनु पर्ने योग्यता हुनेगरी निर्धारण गरेको छ।

नरहरीनाथ गाउँपालिका मुलुककै सातौ तथा कर्णाली प्रदेशकै पहिलो निःशुल्क अनिवार्य तथा आधारभूत शिक्षा सुनिश्चित गर्ने गाउँपालिकाको रूपमा घोषणा भएको छ र सोही कारण शिक्षा विभागबाट सम्मानित पनि भएको छ। गाउँपालिकाले परीक्षा प्रणाली समेत कडाई गर्दै शिक्षालाई गुणस्तरीयता दिएको छ।

छत्रेश्वरी गाउँपालिका, सल्यान

छत्रेश्वरीका ७ विद्यालयमा अटोमेटिक स्यानीटरी प्याड मेसिन जडान

छत्रेश्वरीका छात्राहरू अचेल ढुक्कसँग नियमित विद्यालय जान्छन्। महिनावारी भएका बेला छात्राहरू विद्यालय नआउने समस्या अहिले हटेको छ। गाउँपालिकाले छात्राका लागि ७ ओटा सामुदायिक विद्यालयमा स्यानीटरी प्याड उपलब्ध गराउने स्वचालित मेसिन जडान गरेको छ। मेसिनभित्र एकपटकमा ५० स्यानिटरी प्याड अट्नेछ् र मेसिनमा स्मार्टकार्ड छिराएको १० सेकेन्डभित्रै मेसिनबाट प्याड बाहिर खस्ने छ। बिद्युत अबरुद्ध भएको समयमा पनि मेसिनमा ५ घण्टासम्म धान्ने पावर ब्याकअप राखिएको छ। यी ७ वटा मेसिनहरू गाउँपालिकाले करिब ७ लाखको लगानीमा जडान गरेको हो।

महिनावारीमा हुने व्यक्तिगत सरसफाईका कारण छात्राहरू विद्यालय नआउने समस्याले छात्राको पठनपाठन गुणस्तरीय नभएको देखिएकाले उक्त मेसिन जडान गरिएको गाउँपालिकाले जनाएको छ। मेसिन जडानपछि विद्यालयमा छात्राको उपस्थिति दर बढेकाले पठनपाठन प्रभावकारी हुने अपेक्षा गरिएको छ। छात्राहरूले एटिएम जस्तै मेसिनबाट स्यानिटरी प्याडको निशुल्क सुविधा पाउने छन् र विद्यालय समयभित्र जुनसुकै समयमा पनि निकाल्न सक्नेछन्।

गाउँमै पशुहरूका लागि कृतिम गर्भाधारण सेवा सुरु

सल्यानको छत्रेश्वरी र दैलेखको डुङ्गेश्वर गाउँपालिकाले पशुहरूका लागि कृतिम गर्भाधारण कार्यक्रम सुरु गरेका छन्। गाउँमा साँढे नपाउने र कृत्रिम गर्भाधान गराउँदा दुध उत्पादनमा पनि वृद्धि हुने भएकाले कृषकहरूका लागि पशुमा कृत्रिम गर्भाधारण गराउन गाउँपालिकाले सहयोग गरेको हो।

किसानहरूको गाई, भैसी, बाख्रामा कृत्रिम गर्भाधान गराई उन्नत पशुजन्य दुग्ध र मासु उत्पादन गर्ने उद्देश्यले कृत्रिम गर्भाधारण कार्यक्रम सुरु गरेको छत्रेश्वरी पशु शाखाका प्रमुख अमर रावतले बताउनुभयो। यसले पशुहरूको नश्ल सुधार गरी दुध र मासुमा वृद्धि गर्छ। किसानले पालेका स्थानीय जातका गाई, भैसी र बाख्राहरूबाट पनि उन्नत जातका पशुहरू उत्पादन गरेर किसानलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन सकिन्छ। किसानहरूको यसतर्फ ब्यापक माग बढ्न थालेकाले पशु विर्य ल्याई नश्ल सुधारमा काम गरिरहेको छ। गत आर्थिक बर्षदेखि नै यसलाई अभियान कै रूपमा अगाडि बढाएको र निरन्तरता दिइरहेको छ। पोखराको प्रजनन् प्रशोधन केन्द्रबाट उन्नत जातका विर्य ल्याई पशुहरूमा गर्भाधारण गराएको छ।

शुभकालिका गाउँपालिका, कालिकोट

बालविवाह न्यूनिकरणका लागि 'उपाध्यक्ष बालिका संरक्षण कार्यक्रम'

शुभकालिका गाउँपालिकाले बालबालिका संरक्षण कार्यक्रमलाई प्राथमिकता दिएको छ। गाउँपालिकाको नीति तथा कार्यक्रममा नै समाबेश गरी 'उपाध्यक्ष बालिका संरक्षण कार्यक्रम' सञ्चालन गरेको छ। आमा-बाबु विहीन, टुहुरा, जोखीममा रहेका बालबालिकाको संरक्षणको लागि ६ लाखको बालहित कोष स्थापना गरी सोही कोषबाट विभिन्न गतिविधिहरू गरिरहेको छ।

गाउँपालिकाले २३ जना असाहय बालबालिकाहरूको निःशुल्क पठनपाठन, आवास, उपचारको सेवासहितको प्रबन्ध गरेको छ। हालसम्म उनीहरूको संयुक्त आवासको लागि पानी र शौचालय सहितको ४ ओटा मर्मत र ४ ओटा नयाँ घर निर्माण भई सञ्चालनमा आइसकेको छ। यी बालबालिकाहरू आत्मनिर्भर नभएसम्म यही कार्यक्रमले सहयोग गरिरहने छ।

किशोरीहरू सानै उमेरमा विवाह गर्ने तथा घरेलु हिंसामा पर्ने भएकाले प्रचारप्रसार, चेतना अभिवृद्धि तथा अबसरको सुनिश्चितता जस्ता कार्यले गर्दा सहज रूपमा सचेत भएका छन् भने '२० बर्ष पारि, महिलाको जिम्मेवारी' भन्ने मुल मर्मलाई आत्मसाथ गरेका छन्। यो अभियानले गर्दा कम उमेरमा विवाह गर्ने दर घट्नुका साथै शिक्षित र स्वाबलम्बी नागरिक बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ।

सिंजा र तातोपानी गाउँपालिका, जुम्ला

जुम्लाका दुई गाउँपालिकामा 'खस' भाषामा पठनपाठन

जिल्लाको तातोपानी गाउँपालिकाले अघिल्लो शैक्षिक सत्रदेखि खस भाषामा पठनपाठन सुरु गरेको छ भने सिञ्जामा यस वर्षबाट पठनपाठन सुरु भएको छ। मौलिक भाषाको संरक्षण र प्रबर्द्धन गर्ने उद्देश्यले पाठ्यक्रम निर्माण गरी विद्यालय शिक्षामा नै समावेश गरिएका हुन्।

तातोपानी गाउँपालिकाले २८ मध्ये २५ विद्यालयमा कक्षा १ देखि ३ सम्म शैक्षिक सत्र २०७५ देखि नै स्थानीय खस (जुम्ली) भाषामा पाठयपुस्तक निर्माण गरी पठनपाठन गराउँदै आएको थियो। लोपोन्मुख खस भाषालाई जोगाउनका लागि पाठ्यपुस्तक तयार गरी विद्यालयमा पढाउने ब्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ।

स्थानीय खस भाषामा आधारित पाठयपुस्तकको अध्ययनले पुरानो संस्कार र संस्कृतिको संरक्षण हुने अपेक्षा गरिएको छ। कक्षा १ को स्थानीय पाठ्यपुस्तकमा प्राकृतिक स्थल मठमन्दिर, पर्यटकीय स्थल, ऐतिहासिक धाम तथा दरबार जस्ता विषय समेटिएको छ भने कक्षा २ र ३ को पाठ्यपुस्तकमा प्राकृतिक, धार्मिक, ऐतिहासिक सम्पदा, कृषिजन्य बाली, पर्यटन, धार्मिक सम्पदा र रैथाने बालीको परिचय तथा महत्वलाई खस भाषाबाट झल्काइएको छ। खस भाषामा स्थानीय धार्मिक सम्पदाहरू बुझ्न पाउँदासहज तरिकाले ज्ञान हासिल गर्ने मौका मिलेको शिक्षकहरूको अनुभव छ।

त्यसैगरी सिञ्जा गाउँपालिकाले २२ विद्यालयमा कक्षा १ देखि ३ सम्म यसै शैक्षिक सत्रदेखि सुरु गर्ने तयारी गरेको छ। गाउँपालिकाले निर्माण गरेको खस भाषा र संस्कृति पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अन्तिम रूप दिई सकिएको छ। यो वर्षदेखि कक्षा ३ सम्म र अर्को वर्ष कक्षा ८ सम्म पठनपाठनको ब्यवस्थापन गर्ने लक्ष्य राखेको छ। जुम्ला क्षेत्र खस भाषाको उद्गम स्थल हो। यसको संरक्षण र प्रबर्द्धनमा गाउँपालिकाहरूले खेलेको भूमिका प्रशंसायोग्य रहेको छ।

सिम्ता गाउँपालिका, सुर्खेत

कोभिड–१९ को संक्रमण नियन्त्रण गर्न 'यूनिट एक्सन टिम'

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमण स्थानीयस्तरमा फैलिन नदिन गाउँपालिकाले 'यूनिट एक्सन टिम' को अवधारणा कार्यान्वयन गरेको छ। यस अवधारणाअनुसार पालिकास्तर र सबै ९ वडाहरूमा गठन गरी परिचालन गरिएको उक्त टिमले ५ हजार ५ सय ९५ घरधुरीका ३० हजार ४ सय ४३ जनसंख्यालाई सुरक्षाको चौघेरामा राखेर काम गर्छ। पालिकास्तरमा अध्यक्षको नेतृत्वमा १७ सदस्यीय, वडास्तरमा वडाअध्यक्षको नेतृत्वमा ९ सदस्यीय र वस्तीस्तरमा नेतृत्व गर्न सक्ने ब्यक्तिको नेतृत्वमा ५ सदस्यीय युनिट एक्शन टिम गठन गरी परिचालित हुन्छन्। यसरी जम्मा ८२ समूहका ४ सय ७६ सदस्यहरू परिचालित भएका थिए।

युनिट एक्शन टिमले क्वारेण्टाइन (४८ ओटा) व्यवस्थापन गर्ने, संक्रमितलाई आइसोलेशन गर्ने, पिसिआर परीक्षणमा सघाउने, जनचेतनात्मक अभियान, माइकीङ, ब्रसर–पम्प्लेटिङ, घरधुरी भेटघाट जस्ता गतिविधिहरू सञ्चालन गरेका थिए। यो टिमले जोखिममा रहेका जेष्ठ नागरिक (७ सय ७८ जना), दीर्घरोगी (५ सय ५४ जना), अपाङ्गता भएका (४ सय ९७ जना) हरूको पहिचान गर्ने र उनीहरूमा संक्रमण हुन नदिन विशेष निगरानी गरिरहे भने विदेशबाट फर्केका ३ हजार ३३ जना नागरिकलाई गाउँपालिकामा होल्डिङ गरी क्वारेण्टाइनमा सफल व्यवस्थापन गरे।

प्रत्येक वडास्तरमा ३० हजारको दरले दिइएको सञ्चालन खर्चमा यो अभियान सञ्चालन भयो। कोही नागरिक पनि कोरोनाबाट संक्रमण भई अकालमा ज्यान गुमाउनु नपरोस् भन्नका लागि स्वयंसेवी भावनाका

साथ सदस्यहरू मानवीय सेवाका लागि परिचालन भएको गाउँपालिका अध्यक्ष कविन्द्र कुमार के.सी.ले बताउनुभयो। जसको परिणामस्वरूप ३५ जनाले कोरोना जितेर सामान्य जिवनमा फर्किएका छन् भने हाल नयाँ संक्रमितको संख्या शून्यमा झरेको छ।

यस प्रयासले एकातिर नागरिक र गाउँपालिकाको सम्बन्ध बढाएको छ भने अर्कोतिर आउने महामारी र विपत्तीलाई सहजै ब्यवस्थापन गर्न सघाउ पुऱ्याएको छ। संकटको समयमा नागरिक परिचालनमा सिम्ताले प्रयोग गरेको 'युनिट एक्शन टिम' अवधारणा अन्य स्थानीय सरकारको लागि पनि सिकाइ हुनसक्दछ।

अजयमेरु गाउँपालिका, डडेलधुरा

अजयमेरुको चिपुरमा डोटेली संग्रहालय

स्थानीय कला, संस्कृति, भाषा र ऐतिहासिक क्षेत्रको संरक्षण, प्रबर्द्धन र विकास गर्ने जिम्मेवारी संविधानले स्थानीय सरकारलाई दिएको छ। ऐतिहासिक डोटेली राज्यको राजधानी रहेको अजयमेरुमा डोटेली कला, संस्कृति र ऐतिहासिकताको बारेमा भावी पिंढीको जानकारीको लागि डोटेली संग्राहलय स्थापना गरेको छ।

अजयमेरु कोट डोटी राज्यको गृष्मकालीन राजधानी थियो। १४ औं शताब्दीका राजा नागी मल्लको शासनकाललाई स्वर्णिम युग मानिएको थियो। त्यो बेला डोटी राज्यमा मठ, मन्दिर निर्माणले तिब्रता पाएको थियो। त्यही ऐतिहासिक बिरासतमा उभिएको अजयमेरु गाउँपालिकाको यो रचनात्मक कामलाई धेरैले सह्राना गरेका छन्। गाउँपालिकाले १० लाख रूपैया खर्चेर सुदूरको कला, संस्कृति र इतिहासको जर्गेनाको प्रयास गरेको हो।

गाउँपालिका ४ चिपुरमा रहेको पुरानो भत्केको भवनलाई मर्मत गरी स्थापना भएको डोटेली संग्रहालय स्थापना गरेको छ। 'नयाँ पिँढीले आफ्नो कला, संस्कृति, सभ्यता, परम्परा र इतिहास बिर्सन लागिसके, गाउँपालिकाका अध्यक्ष उमेश भट्टले भन्नुभयो 'तिनको संरक्षण र सम्बद्धन नगर्ने हो भने भावी पुस्ताले नै हामीलाई सराप्छ। त्यसैले डोटेली संग्रहालयको स्थापना गरेका हौं।' संग्रहालयमा ऐतिहासिक सामग्रीका साथै गाउँपालिकाले पर्यटकीय र धार्मिक स्थलहरू समेटेर

तयार पारेको ३० मिनेट लामो बृत्तचित्र पनि हेर्न सकिन्छ। यसको सञ्चालन र ब्यवस्थापनका लागि कर्मचारी पनि गाउँपालिकाले खटाएको छ।

गौमुखी गाउँपालिका, प्युठान

गौमुखीः खरको छाना मुक्त गाउँपालिका घोषणा

प्युठानको दुर्गममा रहेको गौमुखी गाउँपालिकाका सबै घरमा पक्की छानाको व्यवस्था सँगै खरको छानामुक्त गाउँपालिका घोषणा भएको छ। गाउँपालिकाले १५ सय ६० विपन्न परिवारका छानो जस्तापाताले छाइदिएपछि गाउँपालिकालाई खरको छानामुक्त क्षेत्र घोषणा गरेको छ।

खरको छाना विस्थापनका लागि प्रदेश सरकारबाट १ करोड २५ लाख र गाउँपालिकाले ४ करोड ३ लाख गरी करिब सवा ५ करोड लगानी भएको छ। यस कार्यले गौमुखीबासीको सामाजिक हैसियतसमेत माथि उठाएको छ। जस्तापाताले घरको छानो छाइसकेपछि प्रत्येक वर्ष खरले घर छाउने झन्झटबाट मुक्त भएको र सो खरबाली अन्य कृषि प्रयोजनका लागि प्रयोग भएको छ। सबै नागरिकलाई पक्की छानामुनी राख्ने आफ्नो योजना तीन वर्षभित्रै पूरागर्न सफल भएकोमा यस कार्यप्रति जनप्रतिनिधिले गौरान्वित महशुस गरेका छन्।

तीन वर्षभित्र देशलाई खरको छानामुक्त बनाउने नेपाल सरकारको चालु आ.व.को नीति तथा कार्यक्रममा समेत प्राथमिकता दिइएको छ। विपन्नताको सूचकको रूपमा रहेको घरको छानालाई पक्की बनाई गरिवीको संख्यालाई न्यूनिकरण गर्न गौमुखीको यो प्रयास अनुकरणीय रहेको छ।

मालिका गाउँपालिका, गुल्मी

सबै वडामा बर्थिङ सेन्टर, शून्य होमडेलिभरी घोषणा हुँदै

मालिका गाउँपालिकाले जनप्रतिनिधि बहाल भएयता सबै वडामा बर्थिङ सेन्टर निर्माण गरिसकेको छ। साथै २ ओटा वडालाई शून्य होम डेलिभरी वडा घोषणा गरिसकेको छ। यस बर्ष अर्को एक ओटा वडालाई पनि घोषणा गर्ने तयारी गरिरहेको छ। यस चुनावी कार्यकालभित्र पुरै पालिकालाई शून्य होम डेलिभरी घोषणा गर्ने लक्ष्य लिइएको छ।

गाउँपालिकाले सुत्केरी महिलालाई बर्थिङ सेन्टरसम्म आउन घरसम्म एम्बुलेन्स पठाउने व्यवस्था गरेको छ। यसैगरि एम्बुलेन्सले घरसम्म पुऱ्याउने व्यवस्था पनि गरेको छ। बर्थिङ सेन्टरमा बच्चा जन्माउन १ हजार रूपैयाँ प्रोत्सहान भत्ता र अण्डा पनि दिने व्यवस्था गरेको छ। पछिल्ला बर्षहरूमा गाउँपालिकाले सबै वडा जोड्ने सडक निर्माण गरेपछि एम्बुलेन्सको आवतजावतमा सहज भएको छ।

भौगोलिक बिकटता भएका कारण गाउँपालिकाले पुष्पलाल, मदनभण्डारी र सालझन्डी-डोरपाटन राजमार्गलाई जोड्ने रिङरोड निर्माण गरिसकेको छ। यसले जटील प्रकृतिका स्वास्थ्य समस्या देखिँदा सहरका सुबिधासम्पन्न अस्पतालसम्म एम्बुलेन्स लैजान सजिलो भएको छ।

कृषिमा पकेट क्षेत्र: गाउँपालिकाले ५ ओटा वडामा बाख्रापालन कार्यक्रम सञ्चालन गरेको छ। वडा नं. १ देखि ५ सम्म आलु र ६ देखि ८ सम्म मकैजोन घोषणा गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरेको छ। यसैगरि सबै वडामा कागती, अलैंची, कफी र दाँते ओखरको उत्पादनलाई प्राथमिकता दिएको छ।

मालिका पनि खरको छानामुक्त गाउँपालिका: जनप्रतिनिधि बहाल हुनुअगि करिब १५ सय घरमा खरको छाना थियो। गाउँपालिकाको अनुदानबाट ती घरहरूमा जस्तापाताले छाइएको छ। अहिले खरको छानामुक्त भई सुरक्षित आवासको रूपमा परिणत भइसकेका छन्।

पूर्वीचौकी गाउँपालिका, डोटी

छाउपडी उन्मुलन अभियान प्रभावकारी बन्दै

गाउँपालिकाले छाउपडी प्रथालाई उन्मुलन गर्न 'छाउपडी प्रथा बिरुद्धको कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६' जारी गरेको छ। कार्यविधिअनुसार छाउ बार्ने घरमा रातो झन्डा र नबार्ने घरमा हरियो झन्डा राख्नुपर्ने छ। साथै छाउ नबार्ने महिलालाई प्रतिव्यक्ति ५ हजार रूपैयाँ पुरस्कारको व्यवस्था समेत गरेको छ।

आव ०७६/७७ मा छाउ नबार्ने १ सय महिलालाई अनुगमनका आधारमा पुरस्कार बितरण गर्ने उद्देश्य भए पनि कोभिड-१९ को महामारीका कारणले रोकिएको थियो। चालू आवमा यस पुरस्कारलाई निरन्तरता दिने लक्ष्य राखिएको बताउँदै अध्यक्ष दीर्घ बोगटीले भन्नुभयो 'यसरी चालिएको अभियानबाट करिब ८० प्रतिशत सफलता मिलेको छ। अब निकट भविष्यमा नै यो कुरीति हराएर जान्छ।' दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन साविकका स्वास्थ्य चौकीको अलावा ५ स्थानमा गाउँपालिकाको व्यवस्थापनमा स्वास्थ्य इकाई सञ्चालनमा ल्याएको छ। जसले घरआँगनमा नै सहज रूपमा सेवा पाइरहेका छन्।

तामाकोशी गाउँपालिका, दोलखा

अठार भूमिहिनलाई जग्गाधनी पुर्जा वितरण

गाउँपालिकाले वर्षौंदेखि भूमिहिन भएका १८ सुकुम्बासी परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको छ। तामाकोशीलाई सकुम्वासी विहीन गाउँपालिका बनाउने नीतिबमोजिम ३ पुस्तादेखि अन्यकोमा बस्दै आएका १८ भूमिहिन सुकुम्बासी परिवारलाई लालपुर्जा वितरण गरेको छ। जग्गा खरिदको लागि गाउँपालिकाले प्रति परिवारलाई १ लाख ५० हजार विनियोजन गरेको थियो। यस रकमबाट उनीहरूले वर्षौंदेखि प्रयोग गर्दै आएको जग्गा तथा उनीहरूलाई पायक पर्ने ठाउँको जग्गा खरिद गरी स्वामित्व (लालपुर्जा) वितरण गरेको छ। अहिले उनीहरूले त्यस स्थानमा घर बनाएर बसोबास गर्न थालिसकेका छन्।

पुस्तौनी सुकुम्वासीको रूपमा रहेका नागरिकलाई जग्गा र आवास दिने कार्यले नागरिकको मौलिक अधिकारको रूपमा रहेको आवासको

हक र तीन वर्षमा सुकुम्वासी समस्या समाधान गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सघाउ पुग्नेछ।

थवाङ गाउँपालिका, रोल्पा

निजी अस्पताल समायोजन गरी अस्पताल सञ्चालन गर्दै थवाङ गाउँपालिका

स्वास्थ्य सेवालाई सुलभ बनाउन निजीकरण नगरी सरकारीकरण गर्नुपर्दछ भन्ने मान्यताको कार्यान्वयन रोल्पाको दुर्गम गाउँपालिका थवाङले कार्यान्वयन नै गरेको छ। निजीस्तरमा सञ्चालित थवाङ जलजला अस्पताल तथा अनुसन्धान केन्द्रलाई थवाङ स्वास्थ्य चौकीमा समायोजन गरिदिएको छ भने त्यसको स्तरोन्नति गरी १५ शैयाको जलजला अस्पतालको रूपमा विकास गर्ने प्रकृया अगि बढाएको छ।

गाउँपालिकामा जम्मा ५ ओटा वडा छ तर स्वास्थ्यचौकी ३ ओटा मात्र थियो। ३ ओटा स्वास्थ्यचौकीले दुर्गम भेगमा सेवा दिन नसकेको अवस्था थियो। त्यसैले गाउँपालिकाले आफ्नो पहल र व्यवस्थापनमा निजी क्षेत्रले सञ्चालन गरिरहेको उक्त अस्पताललाई थवाङ स्वास्थ्य चौकीमा समायोजन गरेर सेवा दिइरहेको छ। हाल थवाङ स्वास्थ्यचौकीमा १ जना एमबिबिएस डाक्टर, ल्याब, एक्सरे, भिडियो एक्सरे सेवा, अल्ट्रासाउन्ड सेवा उपलब्ध रहेको छ। यसरी प्राइभेट अस्पताललाई समायोजन गरिएको थवाङ स्वास्थ्य चौकी व्यवस्थापनका लागि गाउँपालिकाको वार्षिक ३५ लाख लगानी हुने गरेको छ।

यसैगरी दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा बिस्तार गर्न गाउँपालिकाले ३ ओटा स्वास्थ्य चौकीसहित थप ५ ओटा सामुदायिक स्वास्थ्य ईकाई थप गरेर सञ्चालनमा ल्याएको छ। यसका लागि समुदायस्तरबाट निशुल्क जग्गा प्राप्त भएको छ। सबै स्वास्थ्य इकाईमा १ जना अहेव र १ जना कार्यालय सहयोगी करारमा नियुक्ति गरी सेवा उपलब्ध गराइएको छ। स्वास्थ्य इकाईबाट नियमित खोप सञ्चालन, औषधी वितरण, प्राथमिक उपचारका सेवा प्रदान गरिरहेको छ।

गाउँपालिकाले स्वास्थ्य सेवामा लगानी वृद्धि गरेपछि निजी स्वास्थ्य सेवा सञ्चालकहरूको व्यवसायमा जोखिम देख्यो र निजी क्षेत्रमा सञ्चालित स्वास्थ्य संरचना नै गाउँपालिकालाई हस्तान्तरण गरिदिएको सम्भवत थवाङको यो अभ्यास अनुकरणीय रहेको छ।

दिप्लुङ चुइचुम्मा गाउँपालिका, खोटाङ

द्रिपुङले सुरु गऱ्यो स्कुल-नर्स कार्यक्रम, सबै वडामा बर्थिङ सेण्टर

स्वास्थ्यसम्वन्धी सचेतना अभिवृद्धिका लागि गाउँपालिकाले 'स्कुल-नर्स कार्यक्रम' सुरु गरेको छ। आधारभूत स्वास्थ्य सेवालाई नेपालको संविधानमै मौलिक हकको रूपमा व्यवस्था गरिएअनुसार आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पुऱ्याउने उद्देश्यकासाथ गाउँपालिकाले २०७६ कात्तिकदेखि स्कुल-नर्स कार्यक्रम सुरु गरेको हो।

यो कार्यक्रमअन्तर्गत हरेक स्वास्थ्य चौकीका अहेव वा अनमीमार्फत तोकिएका १४ माद्यमिक तहका सहित ४८ विद्यालयमा अध्ययनरत छात्र/छात्रालाई हप्ताको एक पिरियड स्वास्थ्य सम्वन्धी चेतनामूलक प्रशिक्षण दिने व्यवस्था मिलाइएको गाउँपालिकाले जनाएको छ। स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारीरूपमा जनस्तरसम्म पुऱ्याउन कानुन, नीति नियम बनाउने, कार्ययोजना तयार गर्ने, सो को कार्यान्वयन गरी प्राप्त श्रोत र साधन परिचालन गर्ने जिम्मेवारी स्थानीय सरकारको काँधमा आएपछि स्थानीय स्वास्थ्य ऐन २०७५ निर्माण गरेको गाउँपालिकाले सबै वडामा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएर सेवा प्रवाह गरिरहेको छ।

थलरा गाउँपालिका, बझांग

बादी सामुदायका बालबालिकालाई गाउँपालिकाले पढाउने

सुदुरपश्चिम बझांगको थलारा गाउँपालिकामा बादी समुदाय पुर्खा देखि हालसम्म सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक लगायतका सबै क्षेत्रबाट पछाडि परेको छ। बिगतमा थलारी राजाले मनोरञ्जनको लागि यो समुदायलाई ल्याएको भन्ने भनाई छ।

आजसम्म पनि यो समुदाय जस्ताको त्यस्तै रहेको छ। उनीहरूसँग न जग्गा जमिन छ, नत कुनै रोजगारीको माध्यम छ। हालसम्म पनि यो समुदायमा १० कक्षा पास गरेका एक जना पनि छैनन्। हाल यो समुदायको ३० परिवारका ४३ वालवालिकाहरू १ कक्षा देखि ८ सम्म अध्ययनरत छन्। गाउँपालिकाले यि सबै विद्यार्थीहरूलाई १२ कक्षासम्म अध्ययन पूरा गर्न विशेष प्याकेज कार्यक्रम लागू गरिरहेको छ। ती विद्यार्थीहरूलाई विद्यालयमा चाहिने शैक्षिक सामग्री, किताब, कापी कलम, ड्रेससहित सम्पूर्णको व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाले लिएको छ। साथै ती बालबालिकाको सहजताको लागि घरघरमा न्यूनतम सामग्रीसहितको अध्ययन कोठा समेत निर्माण गरिदिएको छ। घर तथा विद्यालयमा अध्ययन गर्ने वातावरण भएमा मात्रै उचित शिक्षा हासिल गर्न सक्दछन् भन्ने मान्यताले उनीहरूको पढाई पूरा गर्न गाउँपालिकाले गरिरहेको प्रयासले बादी समुदायको जिवनस्तरमा सुधार हुने अपेक्षा गरिएको छ। बादी समुदायको जिविकोपार्जनमा समेत गाउँपालिकाले विभिन्न गतिविधि गरिरहेको छ।

रोङ गाउँपालिका, इलाम

लेप्चा जातिको उत्थानका लागि गुरुयोजना तर्जुमा पूर्वाधार निर्माण देखि लेप्चा भाषामा अध्ययनसम्म

रोङ गाउँपालिकाले लोपोन्मुख जाति लेप्चाहरूको संस्कृति संरक्षणसहित आर्थिक विकास गर्ने उद्देश्यले गुरुयोजना बनाएरै काम गरिरहेको छ। गुरुयोजनाअनुसार लेप्चा बस्तीमा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य सेवा विस्तारसँगै लेप्चा संग्रहालय, सामुदायिक भवन, होमस्टे जस्ता पूर्वाधार निर्माण गर्ने तथा आयआर्जनको लागि विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ।

गाउँपालिकाले यस शैक्षिक सत्रबाट अध्यापन हुनेगरी लेप्चा जातीको भाषा र संस्कृतिको संरक्षणका लागि कक्षा १ देखि ५ सम्म लेप्चा लिपिमा नै पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण गरेर शिक्षक नियुक्ति समेत गरिसकेको छ। अध्यक्ष समशेर राईका अनुसार रोङ गाउँपालिका लेप्चा भाषामा औपचारिक शिक्षा सुरु गर्ने नेपालमै पहिलो हो। यो विद्यालय आवासीय सुविधासहितको हुनेछ र लेप्चा जातिका वालवालिकाको लागि खाना आवास निशुल्क रूपमा उपलब्ध गराइनेछ।

नेपालमा लेप्चा जातीको जनसंख्या करिब ३७ सय रहेकोमा सोको २९ प्रतिशत अर्थात १०६६ जना रोङ गाउँपालिकामा नै रहेका छन्। गुरुयोजनाअनुसार तोकिएका विकास निर्माण र लेप्चा जातिको जिवनस्तर उकास्ने कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट विगत तीन आ.व. देखि क्रमश १ करोड ८४ लाख, २ करोड र १ करोड विशेष अनुदान पनि प्राप्त भएको छ।

लोपोन्मुख जातिको भाषा र संस्कृतिको संरक्षणमा रोङले गरिरहेको प्रयास अनुकरणीय छ। भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्नु स्थानीय सरकारको कर्तव्य पनि हो, जसलाई संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकारको सूचीमा राखिएको छ।

थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु

गाउँपालिकामा नै प्राविधिक शिक्षालय सुरु

बेरोजगार उत्पादन गर्ने वर्तमान शिक्षा पद्धतिको सट्टा प्राविधिक शिक्षामा जोड दिई दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले गाउँपालिकाले सिभिल इन्जिनियरिङ्ग विषयको डिप्लोमा तहमा यस वर्षबाट अध्यापन सुरु गरेको छ। सिटिइभिटिबाट यस अघि नै स्वीकृती लिइएकोमा चालु आ.व.बाट प्रदेश सरकारले समेत सोही शिक्षालयलाई पूर्वाधार निर्माणका लागि सहयोग गरेको छ।

प्रदेश सरकारको तीनओटा प्राविधिक शिक्षालय मध्ये एउटा यसैमा परेको छ। प्रदेश सरकारले बहुवर्षीय कार्यक्रम तर्फ ७ करोड विनियोजन गरेको छ। प्राविधिक शिक्षाको लागि आवश्यक भवन, ल्याव, फर्निचर तथा जनशक्ति व्यवस्थापन जस्ता पूर्वतयारी सम्पन्न भैसकेको छ। वार्षिक ४८ जना विद्यार्थी भर्ना गर्न पाउने गरी स्वीकृती लिइएको छ।

प्राविधिक शिक्षालाई प्राथमिकतामा राखेको गाउँपालिकाले अब अस्पतालसँग जोडेर स्टाफ नर्सको अध्ययन सुरु गर्ने योजना रहेको छ भने जनता मा.वि.मा गत वर्षबाट नै वाली विज्ञानको अध्ययन सुरु गरिसकेको छ।

हुप्सेकोट गाउँपालिका, नवलपुर

नागरिकको सहजताको लागि 'मगर भाषामा' नागरिक वडापत्र

सेवाग्राहीको सहजताको लागि सेवाग्राहीको चाहना र क्षमतालाई बुझेर सेवा प्रवाह गर्ने निकायले सामान्य सुधार गर्दा पनि समुदायमा यसको ठुलो प्रभाव पर्दछ। यसैक्रममा हुप्सेकोट गाउँपालिकाले गरेको सानो प्रयासलाई नागरिकले प्रशंसा गरिरहेका छन्।

नागरिकलाई सेवा प्रवाहमा सहजता होस् भनेर हुप्सेकोटले स्थानीय मगर भाषामा विभिन्न सहयोगी सामग्रीहरू तयार गरी प्रयोगमा ल्याएको छ। कुल ३० हजार जनसंख्या भएको हुप्सेकोटमा करिब ४७ प्रतिशत मगर मातृभाषी नागरिक छन् भने ती मध्ये कूल ६५ प्रतिशत नागरिकले मगर भाषा बोल्छन। मगरभाषी सेवाग्राहीहरूलाई नेपाली भाषा बुझाईमा समस्या आएपछि सेवा प्रवाहमा सहजता होस भनेर मगरभाषामा नै नागरिक वडापत्र लगायतका सामग्रीहरू प्रयोगमा ल्याइएको छ।

कुन सेवा लिँदा के के गर्नुपर्छ र कसरी सेवा प्राप्त गर्न सकिन्छ? लगायतका विषयबारे जानकारी समेटेर डिजिटल नागरिक वडापत्र राखिएको छ। वडापत्रको एकातर्फ नेपाली भाषामा र अर्कोतर्फ मगर भाषामा लेखिएको छ। साथै गाउँपालिका कार्यालयको नागरिक सहायता कक्षमा कर्मचारीसमेत मगरभाषीको व्यवस्था गरेको छ। टोल टोलमा पुगेर पनि मगर भाषामा सेवा प्रवाहबारे जानकारी गराउने काम गरिरहेको छ भने यस सम्बधी भिडियो सामग्री पनि बनाएर प्रचारपसार गर्ने कार्य गरिरहेको छ। सो भिडियो सामग्री प्रविधि र ईन्टरनेटमा पहुँच हुने युवाले आ-आफ्नो टोल गाउँमा लगेर प्रचारप्रसार गरुन भनेर युट्युबमा समेत अपलोड गरिएको छ। गाउँपालिकाले स्थानीय पाठ्यक्रम पनि मगर भाषामा तयार गरेको छ। यसै शैक्षिक सत्रदेखि सो पाठ्यक्रम लागु गरिनेछ।

फेटा गाउँपालिका, बारा

फेटामा १५ वेडको अस्पताल सञ्चालन

जिल्लाको दक्षिणी सीमा क्षेत्रमा रहेको फेटा गाउँपालिकाले गाउँमा नै १५ बेडको फेटा अस्पतालबाट सेवा सुरु गरेको छ। नागरिकलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्थानीय सरकारको दायित्वअनुसार फेटाले चारवटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य चौकी र एउटा अस्पतालबाट सेवा दिइरहेको छ।

करिब ३३ हजार भन्दा बढि जनसंख्या भएको यस गाउँपालिकाले ल्याब सहित ओ.पि.डि.सेवा र २४ घन्टा प्रस्तुति सेवा दिनेगरी अस्पताल सञ्चालनमा ल्याएको यो अस्पतालमा डाक्टर (मे.अ.) सहितको स्वास्थ्यकर्मीको व्यवस्थापन गरेको छ। फेटा अस्पतालको नाममा एम्बुलेन्स, ईन्डोर र आकस्मिक सेवासमेत दिने सुनिश्चित भएको छ। अस्पतालको सेवा लिन रु. १० को ओ.पि.डि.टिकट लिनु पर्ने र ल्याब सेवाको लागि गाउँपालिकाले सुलभ दर निर्धारण गरेको छ।

अस्पतालबाट सेवालिन छिमेकी बिश्रामपुर गाउँपालिका, सूर्वण गाउँपालिका, कलैया उपमहानगरपालिकाका केही क्षेत्र र छिमेकी भारतका समेत सेवाग्रही प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा लिई लाभावन्ति हुनेछन्। फेटा अस्पतालको सञ्चालनले नागरिकहरू स्वास्थ्य सेवाको लागि बिरगञ्ज लगायत भारत जाने प्रवृतिमा कमि आउने छ।

कालिगण्डकी गाउँपालिका, स्याङ्जा

अपाङ्गताको सहयोगी बन्दै कालिगण्डकी

विगत ५५ बर्ष अगाडि देखि अपाङ्गताका कारण असहज जिवन विताउँदै आइरहेका यज्ञमुर्ति भट्टराईलाई गाउँपालिकाले घर बनाइदिएको छ। जन्मसिद्ध अपाङ्ग जिवन विताउँदै आइरहेका उनलाई गाउँपालिकाले ऐटेच्च ट्वाइलेटसहितको एक कोठे भवन निर्माण गरिदिएको हो। सामान्य परिवारमा जन्मिएका भट्टराई २०७२ सालको भुकम्पपछि गोठमा बस्दै आइरहेका थिए।

गाउँपालिकाले २ लाख ७० हजार लागतमा स्यान्वेज प्यानलमा घर निर्माण गरी हस्तान्तरण गरेको हो। आर्थिक अभावमा रहेका यज्ञमुर्ति जस्तै अन्य २ जना व्यक्तिलाई घर निर्माण गरी हस्तान्तरण गरिसकेको छ। भट्टराई जस्तै आर्थिक हिसाबले कमजोर रहेका, अपाङ्गलाई सहयोग गर्ने उद्देश्यले तथ्याङ्क संकलनको कार्य अगाडि बढीरहेको र त्यसपछि आवश्यकताअनुसार सहयोग गर्ने तयारीमा समेत गाउँपालिका लागेको छ।

अपाङ्गता भएका नागरिकहरूको सहज जिवनयापनको लागि कालिगण्डकीले गरेको यो प्रयास प्रशंसनीय रहेको छ।

बरेङ गाउँपालिका, बागलुङ

समाज र परिवारमा खुशी ल्याउन 'असल बुहारी सम्मान' कार्यक्रम

परिवार र समाजलाई समारात्मकता तर्फ लैजान महिलाको धेरै भुमिका रहन्छ। असल महिलाको घर र समाज जाहिल्यै सुन्दर हुन्छ भन्ने यथार्थतालाई बरेङ गाउँपालिकाले महिलाहरूको शसक्तिकरणमा जोड दिएको छ। परिवारमा भरखरै सदस्य भएर भित्रिएका बुहारीहरूलाई परिवार र समाज परिवर्तनमा योगदान दिन प्रेरित गर्ने उद्देश्यले गाउँपालिकाले सम्मान गर्ने कार्यक्रमको थालनी गरेको छ।

यस गाउँपालिकामा रहेका ५ वडा रहेका छन्। साविकको गाउँ विकास समितिका वडाहरूबाट १/१ जना रहनेगरी ४५ जना बुहारीहरूलाई सम्मान गरेको छ। असल बुहारी छनौट गर्दा मातृ तथा शिशु स्याहारमा ख्याल गर्ने, वालवालिकाको स्याहार र पढाइ तथा वृद्ध अभिभावकहरूको स्याहार जस्ता पारिवारिक सूचकहरूमा गरेको योगदानको मूल्याँकन गरिन्छ। त्यसैगरी समाजमा उनिहरूले गरेका योगदानहरू जस्तै महिला समुहहरूको परिचालन, सामुदायिक सरसफाई, जनचेतना अभिवृद्धि जस्ता सूचकको मूल्यांकन गरिन्छ। असल बुहारी सम्मान कार्यक्रममा सम्मान पत्रको साथै उपयोगी उपहारहरू प्रदान गरिन्छ।

गाउँपालिकाको यो प्रयासले बुहारीहरूमा पारिवारिक तथा समाजप्रति थप दायित्वबोध हुने, परिवार र समाजमा केही गरौं भन्ने भावनाको विकास हुने र छोराछोरीलाई शिक्षा दिन गाउँमा भएका वृद्ध अभिभावकलाई छोडी शहर जाने प्रबृतिमा न्यूनिकरण हुने जस्ता अपेक्षा गरेको छ।

राप्तीसोनारी गाउँपालिका, बाँके

सर्पदंश उपचारकेन्द्र स्थापना: चन्दा दानबाट अक्षय कोष

नेपालमा वर्षेनी सर्पको टोकाईबाट २ हजार देखि २५ सयसम्म मानिसहरूको मृत्यु हुने तथ्याँक छ। समयमै उपचार केन्द्रमा पुऱ्याउन नसक्दा वर्षेनी हुने नागरिकको मृत्युलाई ध्यान दिई गाउँपालिकाले सर्पदंश उपचार केन्द्र स्थापना गरेको छ।

यसअघि सर्पदंशको उपचार गर्न ६५ किमि टाढा नेपालगञ्ज पुग्नुपर्ने राप्ती सोनारीबासीको बाध्यता हटेको छ। उपचार केन्द्र स्थापना हुनुअगि उपचार गर्न लैजाँदा कतिको बाटोमै मृत्यु हुने गरेको थियो। यस सर्पदंश उपचार केन्द्रमा १ जना डाक्टर र २ जना दक्ष कर्मचारी संलग्न छन्। दक्ष जनशक्तिको व्यवस्थापन नेपाली सेनाको श्री मेयर गणले गरेको छ। केन्द्रमा सुरू र दोस्रो वर्षमा १२ जनाको उपचार गरी निको भएका छन्। उपचार केन्द्रको सञ्चालन तथा व्यवस्थापना गर्न गाउँपालिकका जनप्रतिनिधिले आफूले पाउने सेवासुविधा, स्थानीय उद्योग व्यापारी र समाजसेवीहरूको सहयोगमा २१ लाखको अक्षय कोष स्थापना गरिएको छ।

कैलारी गाउँपालिका कैलाली

'नमुना विद्यालय' निर्देशिका जारी

गाउँपालिकाले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न नमुना बिद्यालय संचालन निर्देशिका, २०७४ जारी गरेको छ।

स्वीकृत कार्यविधिअनुसार गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरू मध्येबाट प्रत्येक वडाका एक/एक सामुदायिक विद्यालयको छनौट गरी नमुना विद्यालयका रूपमा विकास गर्ने गरिनेछ।

छनौट भएका विद्यालयहरूमा आवश्यक पूर्वाधारको विकास साथै सूचना प्रविधिमैत्री क्रियाकलापहरू सञ्चालन गरिरहेको छ।

नमुना बिद्यालयहरूमा गाउँपालिकाले बालमैत्री सिकाइलाई संस्थागत गरिनेछ। साथै विद्यालयको संस्थागत विकास गर्न विद्यालयकै आवश्यकतानुसार विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। विद्यार्थीको पढाइलाई प्रभावकारी बनाउन विद्यालयका साथै परिवारलाई पनि उत्तिकै जिम्मेवार बनाएको छ।


कैलारी गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
हसुलिया, कैलाली

नमुना विद्यालय संचालन
निर्देशिका, २०७४

आर्थिक विकास क्षेत्र

यस भागमा गाउँपालिकाहरूले विगत तीन वर्षमा आर्थिक विकासको क्षेत्रमा गरेका केही असल अभ्यासलाई प्रतिनिधि अभ्यासको रूपमा उल्लेख गरिएको छ।

'ग्रामीण आर्थिक प्रणालीको वृद्धिबाट मात्र समृद्धिको यात्रा सम्भव छ' भन्नेमा गाउँपालिकाहरू प्रष्ट छन्। अझ कोभिड १९ का कारण गाउँ फर्केका युवालाई कृषि, पशुपालन, उद्यम विकासमा जोड्न अनेकन प्रयासहरू गरिरहेका छन्।

जिविकोपार्जनको रूपमा मात्र सीमित कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिक बनाउन गाउँपालिकाहरूले कृषि नीति तथा कानुन तर्जुमा गर्नुको साथै अल्पकालिन तथा दीर्घकालिन कृषि योजना तर्जुमा गरी कार्यान्वयन गरिरहेका छन्। यस क्षेत्रको विकासमा गाउँपालिकाको वजेटमा क्रमश वृद्धि भैरहेको छ। कृषि उपजको उत्पादन वृद्धि र बजारीकरणमा विभिन्न उपायहरू अवलम्बन गरिएका छन्। बर्षौदेखि बाँझो रहेका जमिनमा खेती गर्नेलाई प्रोत्साहन, कृषि वाली तथा पशुको बीमा, कृषिजन्य भौतिक पूर्वाधार निर्माण, उन्नतजातका मल विउको व्यवस्थापन, कृषि उपज संकलन केन्द्र तथा शीत भण्डार निर्माण र वजारको सहज व्यवस्थापनमा अनुकरणीय अभ्यासहरू भएका छन्।

संविधानको अनुसूची-८ मा स्थानीय सरकारको एकल अधिकारको रूपमा रहेको सहकारी संस्थाको दर्ता, अनुगमन तथा नियमन सम्बन्धी कार्य भैरहेका छन्। आफ्नै गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहेका ति सहकारी संस्थाको नियमन गर्न स्थानीय नीति तथा कानुन जारी गरिएका छन् र कानुन बमोजिम नियमन। सहकारी संस्थाहरूलाई उत्पादनसँग जोड्न, रोजगारी बढाइ ग्रामीण अर्थतन्त्रको प्रमुख माध्यमको रूपमा विकास गर्न प्राथमिकता दिएका छन्। सहकारी संस्थाहरू एकापसमा मिलेर दाना उद्योग संचालन गर्ने, उत्पादित कृषि उपजको बजारीकरण गर्ने, कोल्ड स्टोर संचालन गर्ने लगायतका संयुक्त व्यवस्थापनमा ठुला आयोजनाहरू समेत कार्यान्वयन गरिरहेका छन्।

सम्भावित खाद्य संकटलाई न्युनिकरण गर्न 'खाद्य बैंक', जग्गा बाँझो रहन नदिन 'भुमि बैंक' जस्ता नविन अभ्यासहरू गाउँपालिकाहरूले गरिरहेका छन्। यी नवीन अभ्यासहरूको सफल कार्यान्वयनको सिकाइलाई नेपाल सरकारले समेत अवलम्बन गरेको छ। गाउँपालिकाहरूले आफूलाई माछा, मासु, दुध, तरकारी, अन्नमा आत्मनिर्भर पालिका घोषणा गर्ने अभियान नै चलाइरहेका छन्।

स्थानीय सरकार संचालन ऐनको संशोधनले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ। यी उद्योगहरूको प्रवर्द्धन गर्न स्थानीय नीति तथा कानुन बनाउने, दर्ता तथा नविकरण र नियमन सम्बन्धी कार्य गरिरहेका छन् भने उद्योगहरूको प्रबर्द्धन गर्न उद्यमीहरूको क्षमता अभिवृद्धि, वित्तीय व्यवस्थापन, कच्चा पदार्थको व्यवस्थापन र वजारीकरणमा सहजीकरण गरिरहेका छन्। नेपाल सरकारले घोषणा गरेको 'एक स्थानीय तह एक औद्योगिक ग्राम' कार्यक्रमअनुसार औद्योगिक ग्राम स्थापना गर्ने कार्य भैरहेको छ।

पर्यटन क्षेत्र ग्रामीण अर्थतन्त्रको अर्को महत्वपूर्ण अँग बनेको छ। पर्यटन प्रबर्द्धनको लागि पर्यटकीय क्षेत्रहरूको पहिचान गर्ने, पूर्वाधार निर्माण गर्ने र प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न विभिन्न प्रयासहरू भैरहेका छन्। गाउँपालिकाहरूले पर्यटन प्रबर्द्धनमा गरिरहेका केही अनुकरणीय अभ्यासहरूलाई प्रतिनिधिमूलक अभ्यासको रूपमा यहाँ प्रस्तुत गरिएको छ।

ग्रामीण अर्थतन्त्रलाई अभिवृद्धि गर्न गाउँपालिकाहरूले गरिरहेका यावत प्रयासहरूले अन्तत्वगत्वा बढ्दो बेरोजगारीलाई कम गर्न सहयोग गरिरहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता संघीय सरकारको प्राथमिकताप्राप्त कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बेरोजगारी कम गर्न गाउँपालिकाहरूले प्रयास गरिरहेका छन्। कोभिड १९ का कारण विदेशिएका र गाउँभन्दा बाहिर रहेका ठुलो संख्याका युवा शक्ति गाउँ फर्किएका छन्। उनिहरूलाई गाउँमा नै रोक्ने र रोजगार बनाउने काममा स्थानीय सरकारहरूले विशेष जोड गर्नुपर्ने छ।

यहाँ उल्लेखित गरिए भन्दा बाहेक अझै धेरै अनुकरणीय अभ्यासहरू गाउँपालिकाहरूले गरिरहेका छन्। गाउँपालिकाहरूको उपरोक्त प्रयासले मौलिक हकको रूपमा रहेको रोजगारीको हक तथा खाद्य सम्बन्धी हकलाई कार्यान्वयन गर्न सघाउ पुगिरहेको छ। त्यसैगरी दिगो विकासका लक्ष्यहरू (SDG Goals) जस्तैः गरिवी कम गर्ने (SDG-1), खाद्य सुरक्षा तथा उन्नत पोषण (SDG-2), दीगो आर्थिक वृद्धि र रोजगारी (SDG-8), दीगो उपभोग र उत्पादन प्रणाली (SDG-12) जस्ता लक्ष्यहरू पूरा गर्न गाउँपालिकाहरूले योगदान पुऱ्याइरहेका छन्। यस भागमा गाउँपालिकाहरूले ग्रामीण अर्थतन्त्रको विकासमा खेलिरहेको भूमिकाहरू मध्ये प्रतिनिधिमूलक अभ्यासका रूपमा केही अभ्यासहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

गजुरी गाउँपालिका, धादिङ

गजुरीमा खाद्यान्न (फुड) बैक स्थापना
'हुनेले दिएर जाऔं, नहुनेले लिएर.....'

बन्दाबन्दीको समयमा दैनिक उपभोग्य सामग्रीअभाव हुन नदिन गाउँपालकिाले खाद्यान्न (फुड) बैंकको अवधारणा ल्यायो। कोरोनाका कारण लम्बिँदै गरेको लकडाउनले प्रभावित हुने परिवारलाई खाद्यान्न सहयोग गर्ने उद्देश्यले गाउँपालिकाले यो अवधारणा कार्यान्वनयमा ल्याएको छ।

'हुनेले दिएर जाऔं र नहुनेले लिएर जाऔं' भन्ने अवधारणाअनुसार स्थापना गरिएको फुड बैंकमा विभिन्न संघ/संस्था तथा व्यक्तिहरूबाट खाद्यान्नहरू निशुल्करूपमा जम्मा गरिन्छ भने खाद्य संकटमा परेका नागरीकलाई खाद्यान्न उपलब्ध गराइन्छ। २०७६ चैत्रदेखि सञ्चालनमा ल्याएको खाद्य बैंकमा करिब ७० जना (व्यक्तिगत तथा संस्थागत) सहयोगदाताबाट हालसम्म २३ हजार के.जी. चामल, २ हजार केजी दाल, ८ सय लिटर तेल, ११ सय केजी नुन, ११ पिस साबुन प्राप्त भएको छ। कार्यपालिकाबाट स्वीकृत कार्यविधिअनुसार दाताले चामल, दाल, नुन, तेल र साबुन गरी पाँच प्रकारका वस्तु मात्रै बैंकमा स्वीकार गरिन्छ।

फुडबैंक सञ्चालनका लागि उपाध्यक्षको संयोजकत्वमा पाँच सदस्यीय टास्क फोर्स गठन गरेको छ। बैंकमा सहयोग प्राप्त गर्न सामाजिक अभियान चलाउनेदेखि प्राप्त भएको खाद्यान्न गाउँपालिकाले

छनौट गरेको विपन्नलाई बाँढ्नेसम्मको जिम्मेवारी टास्क फोर्सलाई छ। हालसम्म ३२ सय परिवारलाई खाद्यान्न वितरण गरीसकेको छ भने ११ के.जी. खाद्यान्न बैंकमा मौज्दात रहेको छ।

उपाध्यक्ष सिता ढुंगानाको अवधारणा अनुसार कार्यपालिकामा प्रस्ताव पेश गरी कार्यान्वयनमा ल्याइएको गजुरीको यो अभ्यासले खाद्य सुरक्षासम्बन्धी SDG को लक्ष्य र मौलिक हकको कार्यान्वयनमा सघाउ पुऱ्याएको छ। स्थानीय सरकारका यी प्रयासका प्रभावका कारण नेपाल सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र वजेटमा समेत स्थानीय तहमा 'खाद्यान्न बैक' स्थापना गर्ने विषयसमेत समावेश गरेको छ।

मालारानी गाउँपालिका, अर्घाखाँची

रोजगारी वृद्धि गर्न मालारानीले गऱ्यो बैकसँग समझदारी

महामारी सुरू भएको ५ महिनाभित्र नेपालकै विभिन्न क्षेत्र, भारत र तेस्रो मुलुकबाट मालारानीमा मात्रै ८ सयभन्दा बढी घर फर्किएका थिए। रोजगारी र पेसा व्यवसायका लागि घर छाडेर गएका युवाहरू कोभिड-१९ को महामारीको सुरूवातिसँगै घर फर्किएका युवालाई गाउँमै राख्न कार्यविधि बनाएर 'स्वरोजगार कार्यक्रम' ल्याएको छ।

गाउँमै कृषि उद्यम गर्ने एक व्यवसायी युवालाई २ लाखदेखि १० लाख रूपैयाँसम्म सहुलियतकर्जा दिने गरी मालारानीले कृषि विकास बैंकसँग सम्झौता गरेको छ। गाउँपालिकाको २ करोड रूपैयाँ र बैंकबाट ६ करोड रूपैयाँगरि ८ करोड रूपैयाँको स्वरोजगार सुरक्षणकोष तयार भएको छ। ऋण पाउन बेरोजगार युवाले आफ्नो कृषि परियोजना बनाएर गाउँपालिकामा निवेदनसहितको फर्म दर्ता गर्नुपर्ने छ। पालिकाको सिफारिसमा बैंकले परियोजनाको सम्भाव्यता हेरी कर्जा लगानी गर्नेछ। महिला उद्यमशीलताका लागि ३ र अन्य कर्जाको हकमा ४ प्रतिशत वार्षिक ब्याजमा ऋण दिइने छ।

गाउँपालिका बासीलाई बैंकले ५ प्रकारका सहुलियतमा बिनाधितो ऋण दिने छ। व्यावसायिक कृषि तथा पशुपन्छी परियोजना, वैदेशिक रोजगारबाट फर्केका युवा परियोजना र दलित समुदाय व्यावसायिक विकास कर्जामा १० लाख रूपैयाँसम्म ऋण दिइनेछ। साथै शिक्षित युवा स्वरोजगारमा ७ लाख रूपैयाँसम्म ऋण दिइनेछ।

भारत र तेस्रो मुलुकबाट फर्किएका ६ जना युवालाई ऋण दिन गाउँपालिकाले बैंकलाई सिफारिस गरिसकेको छ भने २५ जनाले कृषि फर्म दर्ता गराइसकेका छन्। ऋण लिएर किसानले उत्पादन गरेका उपज पनि गाउँपालिकाले नै खरिद गरेर बजार व्यवस्थापन गर्ने छ। सबै वडामा कोसेली घर निर्माण गर्ने तयारी छ भने वडा नं. ५ को बाँगीमा १ सय मे.ट. क्षमताको उपज भण्डारण गर्न सक्ने शीतभण्डार निर्माण गर्ने तयारी छ। साथै तरकारी र सुन्तलाका लागि वडा नं. ३ को कुनाखर्कमा १० मेट्रिक टन र वडा नं. २ को डाँडाकटेरीमा १० मेट्रिक टन क्षमताको शीतभण्डार राख्ने तयारी छ।

गाउँपालिकाले आफ्नो ९ ओटै वडाबाट रोजगारका लागि बाहिर गएकाहरूको तथ्यांक संकलन गरिसकेको छ। त्यसको आधारमा गाउँमै बसेकाहरूलाई रोजगारसँग जोडेर बेरोजगारी समस्या हल गर्न लागिएको छ। युवाशक्तिलाई गाउँमा नै रोकी उद्यमी बनाउन मालारानीले गरेका प्रयास अनुकरणीय रहेको छ।

लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक

उद्यमशिलता विकास गर्न गाउँपालिका र बैंकबीच सम्झौंता

कोभिड १९ पछिको अवस्थालाई मध्येनजर गर्दै गाउँपालिकाहरूले युवाशक्तिलाई गाउँमा नै रोजगार दिन विभिन्न उद्यमशिलता तथा स्वोरोजगारका कार्यक्रम सञ्चालन गरिरहेका छन्। लिसंखुपाखर गाउँपालिकाले भने 'अध्यक्ष उद्यमशिलता विकास कार्यक्रम' सञ्चालन गर्न नेपाल बैक लिमिटेडसँग सम्झौंता नै गरेको छ।

सम्झौताअनुसार उद्यम व्यवसाय गर्न चाहने नागरिकलाई १ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण उद्यम ब्यवसाय कर्जा प्रदान गरिनेछ। विशेषगरी कृषि, पशुपंक्षि पालन तथा लघुउद्यम, घरेलु उद्योगजन्य उत्पादन, हस्तकला (थान्का बुन्ने, मखुण्डो बनाउने) र यसमा आधारित साना घरेलु र लघु उद्योग स्थापना र प्रबर्द्धन गर्नको लागि दुईपक्षीय सम्झौता गरिएको छ।

लिसंखुपाखरका नागरिकले यो ऋण न्यूनतम १ लाख र अधिकतम १० लाख लिन पाउने छन् । ५ लाखसम्मको ऋणमा गाउँपालिकाको जमानी रहनेछ भने ५ देखि १० लाखसम्मको लागि धितो राख्नुपर्ने छ। १० लाखभन्दा बढिको सन्दर्भमा सहुलियत दरको कर्जाका लागि गाउँपालिकाले गरेको सिफारिसको आधारमा ऋणी र बैंकबीच सम्झौता हुनेछ। ऋण ५ बर्षे किस्तामा दिईने छ भने लिन चाहनेले व्यावसायिक रूपमा ७ वर्ष आफु सो ब्यबसायमा लाग्ने गरि सम्झौता गर्नुपर्ने छ। बैंकको खुद ब्याजदर ९ प्रतिशत रहेकोमा १ प्रतिशत सम्बन्धी उद्यमीले, ५ प्रतिशत व्याज नेपाल सरकारको कार्यक्रम अनुसार राष्ट्र बैंकबाट प्राप्त गर्दछ भने बाँकी ३ प्रतिशत गाउँपालिकाले व्यहोर्नेछ।

> **ऋणमा गाउँपालिकाको जमानी रहनेछ भने ५ देखि १० लाखसम्मको लागि धितो राख्नुपर्ने छ। १० लाखभन्दा बढिको सन्दर्भमा सहुलियत दरको कर्जाका लागि गाउँपालिकाले गरेको सिफारिसको आधारमा ऋणी र बैंकबीच सम्झौता हुनेछ। ऋण ५ बर्षे किस्तामा दिईने छ भने लिन चाहनेले व्यावसायिक रूपमा ७ वर्ष आफु सो ब्यबसायमा लाग्ने गरि सम्झौता गर्नुपर्ने छ। बैंकको खुद ब्याजदर ९ प्रतिशत रहेकोमा १ प्रतिशत सम्बन्धी उद्यमीले, ५ प्रतिशत व्याज नेपाल सरकारको कार्यक्रम अनुसार राष्ट्र बैंकबाट प्राप्त गर्दछ भने बाँकी ३ प्रतिशत गाउँपालिकाले व्यहोर्नेछ।**

गाउँपालिकाले यो वर्ष १ सय जना उद्यमी तयार पार्न ५ करोड परिचालन गर्ने लक्ष्य लिएको छ भने ३ वर्षमा २० करोड पुऱ्याउने लक्ष्य लिएको छ। गाउँपालिका अध्यक्षको संयोजकत्वमा रहेको कार्यकारी समितिले आवश्यक नीति नियम बनाउने, व्यवसाय छनौट गर्ने, तालिम तथा प्रशिक्षण दिने र निगरानी सहित अनुगमन गर्नेछ।

उद्यमशिलताको विकास गर्दै गरिवी न्यूनिकरण गर्ने लक्ष्य प्राप्त गर्न लिसंखुपाखर र नेपाल बैंक लि.बीच भएको समझदारी अन्य स्थानीय सरकारका लागि पनि अनुशरणयोग्य हुनेछ।

कालीगण्डकी गाउँपालिका, गुल्मी

सबै वडा कृषि उत्पादनको पकेट क्षेत्रः उत्पादन सुरू

कालीगण्डकी गाउँपालिकाले ७ ओटै वडालाई कृषि उत्पादनको पकेट क्षेत्र घोषणा गरेर उत्पादन थालेको छ। वडा नं. १ हर्मीचौरलाई मकै, २ लाई धान, वडा नं. ३ लाई टिम्मुर र सुन्तला, ४ लाई भिन्न विभिन्न तरकारीको, वडा नं. ५ लाई कफीको पकेट क्षेत्र घोषणा गरेर उत्पादन थालेको छ।

वडा नं. ६ को तल्लो भेगलाई रानीबेल र ७ नं.को तल्लो भेगलाई तरकारी र माथिल्लो भागलाई बेमौसमी आलु खेतीको पकेट क्षेत्र बनाएको छ। स्थानीय निर्वाचनबाट जनप्रतिनिधि बहाल भएपछि पकेट क्षेत्र घोषणा गरेर गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरेको थियो। पकेट क्षेत्रहरूबाट उत्पादन हुन थालेसँगै बजारको समस्या देखिएपछि गाउँपालिकाले बुटवलमा बिक्रीकेन्द्र स्थापना गर्ने निर्णय गरेको छ।

धवलागिरी गाउँपालिका, म्याग्दी

धवलागिरीमा बाँझो जमिनमा खेती गर्नेलाई अनुदान

धवलागिरी गाउँपालिकाले खेती हुन छाडेर बाँझिएका जमिनमा पुनः खेती लगाउन किसानलाई प्रोत्साहन गर्ने नीति लिएको छ। आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी बाँझो जमिन प्रयोगमा ल्याउने सम्बन्धी कार्यविधिसमेत जारी गरेको छ।

गाउँपालिकाले जमिन बाँझो राख्ने समस्या घटाउने, खेतीतर्फ आकर्षित गरेर उत्पादन बढाउने, आयात घटाउने, रोजगारी र आयआर्जन बढाउने नीति लिएको छ। बैदेशिक रोजगारी, बसाइँसराइँका कारण जनशक्तिको अभाव, कृषि उपज बिक्री गर्दा उत्पादन लागत पनि नउठ्ने, प्राकृतिक प्रकोप, बाँदर आतंक, बजारको अभाव लगायतका समस्याले वस्तीदेखि टाढाको खेतबारीमा स्थानीयबासीले खेती गर्न छाडेका थिए।

यसै अवस्थालाई मध्यनजर गरी खाद्यबालीका साथै बजार मूल्य उच्च भएका दलहन, तरकारी, फलफूल, जडीवुटीको ब्यवसायिक खेतीतर्फ आकर्षित गर्न गाउँपालिकाले नीति कार्यक्रममार्फत प्रोत्साहित गरेको छ। तल्लो क्षेत्रमा केरा, सुन्तला र उच्च पहाडी क्षेत्रमा सतुवा, टिम्मुर लगायतका जडिवुटी खेती गर्न पनि कृषकहरूलाई आग्रह गरिएको छ।

विश्वब्यापी महामारी बनेको कोरोना भाइसरका कारण खाद्य संकटको अवस्था आउन नदिन पालिकाका ७ ओटै वडामा खाद्य बैंक स्थापना गरेर समस्यामा पर्ने विपन्न, मजदुरलाई उपलब्ध गराइने भएको छ।

कालीगण्डकी गाउँपालिका, स्याङ्जा

बाँदरबाट जोगाउन 'मिसन कागती' कार्यक्रम

श्रमशक्ति अभावमा खेतीयोग्य जमिन बाँझो रहने क्रम बढेसँगै खेतबारीको बालीमा बाँदर लाग्ने समस्या देशभर बढ्दै गएको छ। बाँदरको हैरानीबाट जोगिन किसानले बाँदर प्रतिकुल हुने बाली लगाउने अर्थात अनुकुलन योजना लागु गरिरहेका छन्। कालीगण्डकीका किसानले पनि बाँदरले क्षति गर्न नसक्ने कागतीलाई 'मिसन' नै बनाएर खेती गर्न सुरु गरेका छन्।

बाँदरले नखाने, थोरै लगानी भए पुग्ने, खासै समय दिनु नपर्ने र बजारको समस्या पनि नभएको कारण कागती खेतीलाई गाउँपालिकाले मिसन बनाएको छ। आ.व. ०७४/७५ मा 'मिसन कागती' सुरू भएयता सबै वडाको टोलस्तरमा तालिम सञ्चालन तथा कृषकबाट बिरुवाको माग आह्वान गरिसकेको छ। व्यवसायिक बगैंचा बनाउने उद्देश्यले २० भन्दा धेरै बिरुवा रोप्ने कृषकहरूलाई कार्यक्रममा समावेश गरेको थियो। प्राविधिक अध्ययनले उपयुक्त देखिएका जमिनमा खाल्डो खनेपछि मात्र कागतीको बिरुवा निःशुल्क उपलब्ध गराइएको थियो।

कागती मिसन कार्यक्रमले अहिलेसम्म ४४ हजार बिजु जातिको कागतीको बिरुवा कृषकलाई बितरण गरिसकिएको छ। मौसम अनुसार बोटबिरुवाको काँटछाँट, मलजल, सिँचाई, रोग तथा किराको नियन्त्रण गर्न गाउँपालिकाले प्राविधिकसमेत खटाएको छ। कार्यक्रम सुरू भएयता गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट साढे १४ लाख खर्च गरेको छ। यसबाट १५ सय ६५ कृषक परिवार प्रत्येक्ष रूपमा लाभान्वित हुनेछन्।

चौरपाटी गाउँपालिका, अछाम

चौरपाटीको कार्यक्रम 'फल्याको कोद्या, कुट्याको धान'

स्थानीयस्तरमा उत्पादन राम्रो भएपनि उपेक्षित बाली कोदोलाई उत्पादन र खाद्यान्नका लागि उपयोग गर्ने लक्ष्य राखेर 'फल्याको कोद्या, कुट्याको धान' कार्यक्रम ल्याएको छ।

चामल सरह मान्यता दिने तथा खाने बानी बसाल्न गाउँपालिकाको सातौँ गाउँसभाले यो कार्यक्रम पारित गरेको थियो। किसानले फलाएको कोदो गाउँपालिकाले खरिद गर्नेछ भने त्यसवापत किसानलाई गाउँपालिकले चामल दिनेछ। खरिद गरिएको कोदोलाई स्टोर गर्ने र खाद्यान्न संकट भएको समयमा राहको रूपमा वितरण गर्नेछ।

गाउँपालिकामा कोदो धेरै फल्ने तर किसानले उचित मूल्य नपाउँदा पछिल्लो समय कोदो उत्पादनलाई किसानहरूले वेवास्ता गर्न थालेका थिए। अहिले १ बोरा चामलको मूल्य २५ सय छ भने १ बोरा कोदोको मूल्य ७ सय रूपैयाँ मात्र रहेको छ।

गाउँपालिकाले स्थानीय कोदो बालीको संरक्षण तथा उत्पादन बढाउन प्रत्येक वर्षको **असार १६ गते कोदो दिवश** मनाउने निर्णय समेत गरेको छ। बाँझो जग्गा उपयोग गर्न यो कार्यक्रम सबै वडामा सञ्चालन गरिनेछ।

हरिनास गाउँपालिका, स्याङ्जा

हरिनासलाई 'मसला जोन' बनाइदै

कृषिमा व्यवसायिकताको विकास गर्न नगदे वालीतर्फ कृषकलाई आकर्षिक गर्न गाउँपालिकाहरूले पहल गरिरहेका छन्। हरिनास गाउँपालिकामा भने 'मसला जोन' को रुपमा आफुलाई चिनाउने अभियान सुरू भएको छ। पहिलो चरणमा सामुदायिक, निजी र कबुलियती वनमा तेजपत्ता लगाउन सुरू गरिएको छ।

मसला पकेट क्षेत्रको रुपमा विकास गर्ने रणनीतिका साथ डिभिजन वन कार्यालयको समन्वयमा वृक्षारोपण कार्यक्रम सुरू गरेको छ। विदेशबाट फर्केका र स्वदेशमै रोजगारी गुमाएकाहरूप्रति लक्षित गरेर कार्यक्रम सञ्चालन गरिन लागेको गाउँपालिकाले जनाएको छ भने आगामी ५ वर्ष भित्र मसला उद्योग स्थापना गर्ने लक्ष्य रहेको र मसला बाली अध्ययन र अनुसन्धानको थलो समेत बनाउने उद्देश्य रहेको छ।

५० हजार विरुवा रोपण कार्यमा आव ०७६/७७ सम्म ४० हजार बिरुवा रोपणमा गाउँपालिकाको र १ लाख रकम लगानी छ भने डिभिजन वन कार्यालयले विरुवा निशुल्क प्रदान गरेको छ। तेजपत्ता विरुवा रोपण कार्य आगामी वर्षहरूमा थप गर्दै लगिने योजना रहेको छ। चालु आवमा यसका लागि रु २ लाख विनियोजन गरिएको छ।

खाली रहेको र कु-काठ तथा झाडीमात्र रहेको वन क्षेत्रलाई समुदायले उत्पादनमुखी बोटविरुवा लगाई वनलाई आयआर्जनसँग जोड्न हरिनासको यो प्रयास अनुकरणीय छ। तर नेपाल सरकारले वन क्षेत्रको सदुपयोग गर्न स्थानीय सरकारलाई कुनै अधिकार नदिएको कारण अधिकांश वन क्षेत्रको सदुपयोगमा समस्या भैरहेको छ।

पचालझरना गा.पा., कालिकोट

राहतमा गाउँमै उत्पादित खाद्यान्न वितरण

गाउँपालिकाले आयातित खाद्यान्नलाई विस्थापन गर्न स्थानीयस्तरमै उत्पादित मकै खरिद गरी विपन्न नागरिकलाई राहत वितरण गरेको छ। लकडाउनको अवधीमा ज्याला मजदुरी र अति विपन्नलाई दैनिक हातमुख जोर्न समस्या परेको गुनासो आएपछि गाउँपालिकाले ४५ परिवारलाई १ मुरीका दरले मकै खरिद गरी वितरण गरेको थियो।

यहाँ मकै प्रशस्त उत्पादन भएपनि पशुलाई खुवाउन र जाँडरक्सी बनाउन प्रयोग गर्ने तर दैनिक खानाको लागि खाद्य संस्थान र तराईको चामलमा भर पर्ने अबस्थालाई निरुत्साहित गर्न गाउँमै उत्पादित खाद्यान्न राहत दिएको हो। गाउँपालिकामा विपद् ब्यवस्थापन समितिको बैठकले हरेक वडाका किसानले उत्पादन गरेको कोदो, मकै, गहुँ जस्ता रैथाने बालीको विवरण संकलन गर्ने र आवश्यकतानुसार खरिद गरी राहतको रूपमा वितरण गर्ने निर्णय गरेको छ।

राहत वितरण गर्ने पचालझरनाको यो कार्य अनुरकणीय रहेको छ। यसले गर्दा स्थानीय उत्पादनले उचित मूल्य पाउने कमजोर गुणस्तरको चामल खरिदमा स्थानीय पैसाबाहिर जाने प्रवृति रोकिने छ।

अन्नपूर्ण गाउँपालिका, कास्की

खाद्य सुरक्षा बढाउन गाउँपालिकाले किसानसँग कोदो किन्यो

कास्कीको अन्नपूर्ण गाउँपालिकाले स्थानीयबासीहरूसँग २० लाख रूपैयाँ बराबरको कोदो खरिद गरेर भण्डारण गरेको छ। संकटका वेला प्रयोग गर्नेगरी स्थानीयसँग दुई सय रूपैयाँ पाथीका दरले पाँच सय मुरी कोदो खरिद गरेर गाउँपालिकाले भण्डारण गरेको हो।

स्थानीयले कोदो बेच्न चाहे गाउँपालिकाले अझै पनि खरिद गर्ने सोच बनाएको छ। अन्य अन्न भण्डारण गरेपछि छिट्टै बिग्रने, घुनपुत्लो लाग्ने र किराले खाने हुन्छ तर कोदो सय वर्षसम्म पनि केही हुँदैन र बिग्रँदैन। गाउँपालिकाले यो कार्यलाई परापुर्वकालमा प्रचलनमा रहेको 'धर्म भकारी' वा 'आधुनिक खाद्य बैंक'को रूपमा लिएको छ। गाउँपालिकाले कोरोना महामारीमा वितरण गरिएको खाद्यान्नमा पनि कोदो नै थियो।

गाउँपालिकाले बाँझो बारीमा कोदो रोप्न स्थानीयलाई प्रोत्साहन पनि गर्दै आएको छ। अबको दुई वर्षमा गाउँपालिका कोदो र तरकारीमा आत्मनिर्भर बन्ने गरी योजना बनाएको छ।

यहाँ वार्षिक करिब ५ हजार मुरी कोदो उत्पादन भइरहेको र वर्षेनी २० प्रतिशतका दरले उत्पादनमा वृद्धि गर्दै लैजाने योजना रहेको छ। कोदोको उत्पादन बढाउन गाउँपालिकाले किसानलाई दुई सय थान हातेहलो वितरण गरेको छ। उत्पादन लागत घटाउन कोदो प्रशोधन (फल्ने) गर्ने मेसिन समेत ल्याएको छ। यस्ता मेसिन प्रत्येक वडाका समूहमा प्रयोग गर्ने गरी ५० प्रतिशत अनुदानमा दिइएको छ। भने हरेक वडामा धेरै कोदो फलाउने तीनजना किसानलाई पुरस्कृत गर्दै आइरहेको छ।

अन्नपूर्ण गाउँपालिका क्षेत्रका पर्यटकीय होटलहरूको मेनुमा कोदोको परिकारसमेत पाइन्छ। कोदोको बहुउपयोगी गुणको प्रचारप्रसार गर्ने र उपभोग बढाउन अन्नपूर्णको यो प्रयास अनुकरणीय रहेको छ।

अन्नपूर्ण गाउँपालिका क्षेत्रका पर्यटकीय होटलहरूको मेनुमा कोदोको परिकारसमेत पाइन्छ। कोदोको बहुउपयोगी गुणको प्रचारप्रसार गर्ने र उपभोग बढाउन अन्नपूर्णको यो प्रयास अनुकरणीय रहेको छ।

दार्मा गाउँपालिका, सल्यान

दार्मामा 'श्रममा आधारित खाद्यान्न कार्यक्रम' प्रभावकारी

बन्दाबन्दीकै कारण काम गरेर खानेहरू दैनिक छाक टार्न सरकारको भर परेका नागरिकहरूलाई दार्मा गाउँपालिकाले श्रममा आधारित खाद्यान्न कार्यक्रम सञ्चालन गरेर नयाँ अभ्यासको थालनी गऱ्यो।

'लक्षित समुदायलाई राहत वितरण गर्दा परनिर्भरता बढाउने सम्भावना देखेपछि रोजगार स्वरूप श्रममा आधारित रोजगार कार्यक्रम सञ्चालन गरेको हो। यसको लागि काम गर्ने व्यक्ति वडाबाटै छनोट गरी वडाकै सार्वजनिक निमार्णमा लगाउने र एक घरपरिवारको सदस्यले पाँच दिन काम गरे बापत ५० किलो चामल, २ किलो दाल र १ किलो नुन पाउने व्यवस्था गरेको थियो।

गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीको अनुभवमा विपन्न परिवारमा देखिएको खाद्यान्न संकट टार्न तत्काल खाद्यान्न वितरण गरेर समस्या समाधान नहुने भएकाले कामका आधारमा खाद्यान्न वितरण गर्ने नीतिले दुई ओटा फाइदा भएको छः एउटा जसलाई खाद्यन्न अति आवश्यक छ, उ काममा आउने भयो र दोस्रो राहतको दुरूपयोग पनि भएन। पहिलो चरणको श्रममा आधारित खाद्यान्न कार्यक्रममा १ सय ६५ र दोस्रो चरणमा १ सय १ जनाले रोजगारी पाएका छन्। यसको प्रभावकारिताको आधारमा निरन्तरता दिइने गाउँपालिकाले जनाएको छ।

मिक्लाजुङ गाउँपालिका, पाँचथर

बाँझो जमिनमा खेती गरे प्रोत्साहन नीतिले ९० प्रतिशत खेत जोतियो

गाउँबाट युवा जनशक्तिको पलायनसँगै उत्पादनमुलक जमिन बाँझो रहेको जसले गर्दा खाद्यान्न उत्पादनमा न्यूनता हुँदै जानु गाउँपालिका क्षेत्रको आम प्रवृत्तिका रूपमा देखा परेको छ। गाउँमा रहेका बाँझो जमिनमा खेती गरी खाद्यान्न उत्पादन बढाउन कृषकहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले गाउँपालिकाले उत्पादनमा आधारित अनुदानको अवधारणा ल्याएको छ।

जसले बढी कृषि उपज उत्पादन गर्छ, उसैलाई पुरस्कृत गर्ने नीतिबमोजिम एउटै किसानले ४० मुरी धान उत्पादन गरे १ लाख अनुदान उपलब्ध गराउने घोषणा गरेको छ। त्यसैगरी गाउँपालिकाले मकै, आलु फलाउने किसानलाई अनुदान दिने भएको छ। १४ क्विन्टलभन्दा बढी आलु उत्पादन गर्ने कृषकलाई प्रतिकिलो २० रूपैयाँ अनुदान दिने व्यवस्था गरेको छ। धेरै जसो आलु, धान, मकै, कोदो उत्पादन हुने यहाँका बासिन्दाहरू तराइमा बसाई सरेर जाने प्रबृत्तिले ५० प्रतिशत जमिन बाझै रहन्थ्यो। तर २ वर्षभन्दा बढी बाझो रहेको जमिनमा खेती लगाए उत्पादनको आधारमा अनुदान दिने नीतिले अहिले करिब ९० प्रतिशत खेतमा धान रोपिएको गाउँपालिकाको दावी छ।

गाउँपालिकाले कार्यविधि बमोजिम अनुगमन गरी अनुदान उपलब्ध गराउन करिब १ करोड रकम विनियोजन गरेको छ। यसै अवधारणालाई प्रोत्साहित गर्ने ध्येयले पुराना विग्रिएका कुलो मर्मत गरिएका छन्। विपन्न कृषक परिवारलाई पाडापाढी एवं उन्नत गाई उपलब्ध गराएको छ। त्यसैगरी किवि, एभोकाडो, आँप, लिची, सुन्तला तथा कागती जातका फलफुलको विरुवासमेत अनुदानमा उपलब्ध गराइएको छ।

यस प्रयासबाट गाउँपालिकामा गत वर्षभन्दा करिब ७ करोडको खाद्यान्न तथा तरकारीको उत्पादन बढ्ने प्रारम्भिक आँकलन छ। मिक्लाजुङको यो प्रयासले वसाई सराईको क्रम घट्ने, रोजगारी वृद्धि हुने तथा उत्पादनमा वृद्धि भई खाद्यान्न संकट अन्त्य गर्न सघाउ पुग्ने गाउँपालिकाको दावी रहेको छ।

कमल गाउँपालिका, झापा

रसायनिक मल विस्थापनको लागि अर्गानिक मलखाद तयारीमा जोड

वर्षेनी देखिने रसायनिक मलको समस्याको विकल्पको रूपमा अर्गानिक वाली उत्पादन तथा दिगो कृषि उत्पादनलाई बढावा दिन गाउँपालिकाले प्राङ्गारिक मल उत्पादनमा जोड दिएको छ। गाउँपालिकाको समेत सहयोगमा आइ.पि.एम. कृषक सहकारीमार्फत बोकासी मल, झोल मल तथा बानस्पतिक मल उत्पादन गरिरहेको छ।

पहिलो चरणमा प्राङ्गारिक मल उत्पादन गर्न गाउँपालिकाले १० लाख अनुदान उपलब्ध गराएको छ भने कृषि सहकारी संस्थाले २ लाख लगानी गरेको छ। यस कार्यबाट ५ ओटा सहकारीमार्फत २४ सयभन्दा बढी कृषकहरू लाभान्वित भएका छन्। प्रदेश सरकारको सहयोगमा एउटा गोदाम घरसमेत निर्माण भएको छ। स्थानीय स्तरमा सीपको विकास भई विभिन्न कृषक समूह तथा कृषक सहकारीमार्फत रसायनिक मलको विकल्पको रूपमा बोकासी मल, जैविक मल तथा जैविक विषाधि प्रयोग गरी कृषकहरूले अर्गानिक उत्पादन बढाउन सफल भएका छन्।

यो कार्यक्रम कार्यान्वयन भएपश्चात परम्परागत रूपमा कृषकहरूले प्रयोग गर्दै आएको गोवरमलको अलावा बोकासी मलसमेत प्रयोग गरी उत्पादन बढाउन सहयोग पुगेको छ भने रसायनिक मलको प्रयोगबाट मात्र उत्पादन बढ्छ भन्ने बुझाई निकै कमी आएको छ।

कमलले गरेको यो अभ्यासलाई सबै स्थानीय सरकारले अवलम्बन गर्न सके वर्षैपिच्छे देखिने रसायनिक मलको अभावलाई पुर्ति गरी अर्गानिक कृषि उत्पादनको प्रवर्द्धनमा सघाउ पुग्नेछ। यो अभ्यास सफल हुने भएपछि प्रदेश सरकारले समेत सहकारीमार्फत प्राङ्गारिक मल उत्पादन गर्न सहकारी मार्फत सहयोग उपलब्ध गराउनु सुरु गरेको छ।

गुराँस गाउँपालिका, दैलेख

टिस्युकल्चर विधिबाट आलुको मुल विउ उत्पादन सुरु

पर्यटकीय तथा कृषि पकेट क्षेत्रका रूपमा परिचित हुँदै आएको गुराँस गाउँपालिकाले टिस्यु कल्चर प्रविधिबाट आलुको मूल बिऊ उत्पादन प्रयोगशाला सञ्चालनमा ल्याएको छ। उन्नत जातको बिऊ उत्पादन गरी यस क्षेत्रका किसानहरूमा सहज र सुलभ रूपमा वितरण गर्ने उद्देश्यले यो प्रयोगशाला सञ्चालनमा ल्याइएको छ।

सुरुवाती चरणमा ६ महिनाको अबधिमा बिऊ उत्पादन हुन्छ भने पछि २/२ महिनामा तयार हुन्छ। यो प्रयोगशालाबाट आलुको अलाबा एभोकार्डो, कागती, भुइकटर, अलैची, टिमुर, केरा, स्याउ, आरुवखडालगायतका फलफुलहरूको नर्सरी र टिस्युकल्चर प्रविधिबाट पनि बिरुवा वा बिउ उत्पादन गरिँदै छ। **नेपाल कृषि विकास फार्म प्रा.लि. कोहलपुर र गाउँपालिकाको सार्वजनिक निजी साझेदारी (पिपिपि) को अवधारणामा सञ्चालित यो प्रयोगशालामा गाउँपालिकाको ४९ र सम्बन्धित् निजी क्षेत्रको ५१ प्रतिशत शेयर रहने छ।** हाल २ करोड ५० लाख लगानी रहेकोमा निकट भविष्यमै प्रयोगशाला वृद्धि गरी ६ करोडसम्मको लगानी पुऱ्याउने लक्ष्य रहेको छ।

यो प्रविधिबाट बिऊको उत्पादन गर्दा यस क्षेत्रका किसानहरू हाल काठमाण्डौंदेखि महँगो र सास्तीका साथ बिऊ ल्याउनुपर्ने झन्झटबाट मुक्त हुनेछन् भने वर्षौं पुरानो बिऊ प्रयोगको वाध्यता अन्त्य हुने। यो प्रयोगशालालाई पश्चिम नेपालकै नमुनाको रूपमा विकास गरी यस क्षेत्रका किसानहरूलाई व्यवसायी बनाउन र आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका रहने फार्म संचालक देवेन्द्र अधिकारीले बताउनु भयो। सार्वजनिक निजी साझेदारीमा सुरु गरिएको यो प्रणाली अन्य स्थानीय सरकारहरूको लागि सिकाइ बन्न सक्नेछ।

रौतामाई गाउँपालिका, उदयपुर

रौतापोखरीलाई धार्मिक पर्यटकीय क्षेत्र बनाईदै

रौतापोखरीको नामबाट गाउँपालिकाको नाम रहन गएको रौतामाई गाउँपालिकाले यस क्षेत्रको विकासमा ध्यान दिएको छ। धार्मिक पर्यटन वृद्धि गरी यस क्षेत्रको विकास गर्ने लक्ष्यका साथ गाउँपालिकाले बृहत रौतापोखरी विकास योजना तर्जुमा गरेको छ।

विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका अन्य हिमालको दृश्यावलोकन गर्न सकिने यो ठाउँमा पदमार्गको समेत निर्माण गरिएको छ। मौसम परिवर्तन भइरहने र हरेक समय चिसोको महशुस गर्न सकिने रौतापोखरी सदरमुकाम गाईघाट लगायत आसपासका जिल्लाहरूका लागि गर्मी छल्ने ठाउँका रूपमा विकास हुँदै गएको छ। रौतापोखरी मन्दिरको दर्शन गरेमा चिताएको पूरा हुने धार्मिक विश्वास रहँदै आएको छ।

रौतापोखरीको धार्मिक र पर्यटकीय शौन्दर्यलाई बढाउँदै आन्तरिक तथा बाह्य पर्यटकको आवागमनलाई बढाउनका लागि गत आर्थिक वर्ष ६ हजार ५ सय विभिन्न प्रजातिका बिरुवाहरू मुख्यमन्त्रीको प्रमुख

आतिथ्यतामा रोपिएका छन्। साथै हेलिप्याडकसमेत निर्माण गरिएको छ। ५ सय रोपनी क्षेत्रफलमा फैलिएको रौतापोखरी वरिपरि पर्यटक अवलोकन गर्नका लागि पदमार्ग निर्माण साथै पोखरी वरिपरि घेरावार गरिएको छ।

भगवतीमाई गाउँपालिका, दैलेख

भगवतीमाईमा 'भूमि बैंक' स्थापना:
१ सय ७६ रोपनी जग्गा निशुल्क प्राप्त

भगवतीमाई गाउँपालिकाले बाँझो जग्गालाई एकत्रित गरी 'भूमि बैंक' को अवधारणाअनुसार उत्पादनमा प्रयोग गर्न सुरु गरेको छ। बाँझो रहेको जग्गा गाउँपालिकालाई निशुल्क उपलब्ध गराइदिन गरिएको सार्वजनिक अनुरोधपछि हालसम्म ६३ कित्ताबाट करिब १ सय ७६ रोपनी जग्गा निशुल्क रूपमा गाउँपालिकाको नाममा राजिनामा पास गरेर दिएका छन्।

यसरी प्राप्त जग्गालाई व्यक्ति, समूह वा सहकारीलाई कृषि फर्म सञ्चालन गर्न उपलब्ध गराउने नीति गाउँपालिकाले लिएको छ। प्राप्त जग्गा मध्ये ७५ रोपनी जग्गामा सरकारी बाख्रा श्रोत केन्द्र स्थापना गरिसकिएको छ, जहाँ जग्गा तथा खोर तयारी, घाँस रोप्ने, बीमा, बाख्रा खरिद लगायतका कार्य गर्न करिब डेढ करोड लगानी भइसकेको छ। अन्य जग्गामा व्यवसायिक रूपमा अन्न, तरकारी तथा फलफूल खेती गर्न प्रयोग गरिनेछ।

'जोसँग बाझो जमिन छ भूमि बैंकमा जम्मा गरौं र जसलाइ खेती गर्न जमिन छैन यही जग्गामा आएर खेती गरौ' भन्ने अवधारणा लागू गर्न खोजेका हौं।' गाउँपालिका अध्यक्ष दानबहादुर थापाले भन्नुभयो 'पहिलो चरणमा गाउँपालिकालाई जग्गाको राजिनामा पास गरेर स्वामित्व नै हस्तान्तरण गरिदिन गरिएको अनुरोधअनुसार हालसम्म १ सय ७६ रोपनी जग्गा प्राप्त भएको छ। स्वामित्व आफैंसँग राखेर निशुल्क वा भाडामा दिन इच्छुक हुनुहुन्छ भने पनि जग्गा उपलब्ध

गराइदिन अनुरोध गरेका छौं।'

दैनिक गुजरा चलाउन कठिन भई विदेश पलायन हुने प्रबृतिको अन्त्य गर्दै स्थानीयस्तरमै स्वरोजगारका अबसर सृजना गरी 'आफ्नो गाउँ-आफै बनाउँ' भन्ने उद्देश्यकासाथ युवाहरूलाई व्यवसायिक खेती प्रणालीमा आकर्षण गर्न भूमि बैकको अवधारणा ल्याएको छ। भूमि बैंक सञ्चालन सम्बन्धी कानुनी प्रबन्धको अध्ययन भइरहेको छ।

भगवतीमाइले गरेको अभ्यासको प्रभाव अहिले नेपाल सरकारको नीति तथा कार्यक्रममा समेत परेको छ। बाँझो जमिन प्रयोगमा ल्याउन ३ सय स्थानीय तहमा 'भूमि बैक' सञ्चालनमा ल्याउने कार्यक्रम चालु आ.व.मा रहेको छ।

छत्रदेव गाउँपालिका, अर्घाखाँची

नि:शुल्क ३ वर्षे वाली विज्ञान अध्यापन शुरु

कृषि क्षेत्र अधिकांश स्थानीय सरकारको प्राथमिकताको विषय भएतापनि स्थानीयस्तरमा कृषिसँग सम्बन्धित दक्ष जनशक्ति नहुनु अधिकांशको समस्या हो। त्यसैले छत्रदेवले स्थानीयस्तरमै दक्ष जनशक्ति तयार गर्ने लक्ष्य राखेर बाली बिज्ञान अध्यापन गर्न थालेको छ।

गाउँपालिकाले एग्रो फरेष्ट्रि पोलिटेक्निक इन्स्टिच्यूटमा ३ वर्षे वाली विज्ञान संकाय स्थापना गरी अध्यापन सुरू गरेको छ। इन्स्टिच्यूटमा बार्षिक एसईई उत्तीर्ण गरेका ४० विद्यार्थीलाई अध्यापन गराउन सक्ने क्षमता छ। सुरुवाती चरणमा अध्ययनको लागि गाउँपालिकाभित्रका विद्यार्थीहरूलाई प्राथमिकता दिइनेछ। अध्ययन गरेपछि केही समय गाउँपालिकाभित्रै सेवा दिनुपर्ने अनिवार्य शर्त पनि बनाएको छ। क्रमशः छिमेकी स्थानीय सरकारहरूसँग पनि साझेदारी गरी विद्यार्थी भर्ना बढाउँदै लैजाने योजना रहेको छ।

प्राविधिक शिक्षा अध्यापन गराउने गाउँपालिकाको यो प्रयासले

दक्ष जनशक्ति तयार हुने र स्थानीयस्तरमा रोजगारी प्राप्त गरी व्यवसायिक कृषि उत्पादनमा वृद्धि हुने गाउँपालिकाले अपेक्षा गरेको छ।

वगनाशकाली गाउँपालिका, पाल्पा

प्रमाणपत्र धितो राखी व्यवसाय गर्न ऋण

गाउँमा शिक्षित वेरोजगारीको समस्या बढ्दै गइरहेको छ। पढाइअनुसारको रोजगारी नपाउने र परम्परागत रूपमा कृषि पेशामा पनि लाग्न मन नगर्ने युवाहरूको संख्या बढिरहेको छ। वगनाशकालीले भने गाउँमा रहेका शिक्षित वेरोजगारीहरूमा उद्यमशिलताको विकास गर्न प्रमाणपत्र धितो राखी ऋण दिन सुरु गरेको छ।

नेपाल सरकारले घोषणा गरेको तर कार्यान्वयनमा ल्याउन नसकेको यो अवधारणालाई गाउँपालिकाले राम्रैसँग कार्यान्वयन गरिरहेको छ। हालसम्म ९ जना युवालाई प्रमाणपत्र धितोको आधारमा ११ लाख ऋण दिएको छ। स्नातक उर्तिणको प्रमाणपत्र धितो राखेमा २ वर्षलाई प्रतिव्यक्ति दुई लाखसम्म ऋण दिएको छ।

दुई वर्षपछि साँवामा ५ प्रतिशत छुट गरी बाँकी रकम फिर्ता गर्नुपर्ने प्रावधानबमोजिम हाल ६ लाख फिर्ता भैसकेको छ। प्रमाणपत्र धितो राखेर ऋण लिने मध्येका वडा नं. २ का युवा उद्यमी भगवान गैरेले आफूले लिएको १ लाख ऋण फिर्ता गरिसक्नुभएको छ। "मैले कुखुरापालनको लागि लिएको ऋण चुक्ता गरिसकेको छु," गैरेले भन्नुभयो, "पूँजी अभाव भएका हामी शिक्षित बेरोजगार युवाहरूलाई गाउँपालिकाको यो पहलले उद्यमी बन्न सहज बनायो।" चालू आवमा यस कार्यक्रमलाई गाउँपालिकाले २० लाख र बैंकले ४० लाख जम्मा गरी ६० लाखको कोष बनाएको छ। बैंकमा प्रमाणपत्र धितो राखी ऋण परिचालन गर्नेगरी नीति तथा कार्यक्रम तय गरेको छ।

शिक्षित वेरोजगारीहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न बगनाशकालीको यो कार्यक्रम अनुकरणीय रहेको छ तर यसरी परिचालन गरिएको ऋणको दिगो र विश्वसनीय परिचालनमा भने गाउँपालिकाले प्रभावकारी नीति तथा कानुन तर्जुमा गर्नुपर्दछ।

धुर्कोट गाउँपालिका, गुल्मी

बाँझो जमिनमा खेती गर्न अनुदान

कोभिड-१९ को महामारीमा देश विदेश गएका स्थानीयबासीहरू पुरानै थलोमा फर्किन थालेका छन्। झट्ट हेर्दा रोजगार गुमाएर गाउँ फर्किएका नागरिक गाउँपालिकाको लागि समस्या जस्तो देखिएता पनि धुर्कोटले भने अवसरको रूपमा लिएको छ। गाउँपालिकाले लकडाउन सुरू भएसँगै बाँझो जग्गामा खेती गर्ने स्थानीयबासीलाई नगद अनुदान दिने नीति अगाडि सारेको छ। गाउँ फर्किएका स्थानीयवासीलाई गाउँमै राखेर रोजगारी र उत्पादन वृद्धि गर्ने उद्देश्यले यो नीति अवलम्न गरेको हो।

यो कार्यक्रम सुरू भएपछि करिब १५ सय रोपनी बाँझो जग्गामा कृषि उत्पादन हुन थालेको छ। गाउँपालिकाले सूचना प्रकाशित गरेरै बाँझो जमिनमा फलफूल लगाए प्रतिरोपनी ३ हजार, तरकारी लगाए प्रतिरोपनी ४ हजार र खाद्यान्नबाली लगाएमा प्रतिरोपनी ५ हजार रूपैयाँ नगद अनुदान दिने घोषणा गरेको थियो। हालसम्म १४ सय ४३ रोपनीको लागि दरखास्त परेको तर अनुगमन गरी ९ सय ९३ रोपनीको लागि ३५ लाख अनुदान उपलब्ध गराइसकेको छ। बाँझो रहेका ६ सय रोपनीमा अन्नवाली लगाइएको छ भने बाँकी जग्गामा फलफूल बिरुवा लगाइएको छ।

एकातिर बाँझो जमिनको उपयोग हुने र अर्कोतिर गाउँ फर्केका

स्थानीयबासी उत्पादनमूलक काममा लाग्ने हुँदा दोहोरो फाइदा हुने गाउँपालिकाको विश्वास छ। यसैगरी पहिलेदेखि नै उत्पादन भइरहेको खेतबारीलाई आवश्यक पर्ने गहुँ, मकै र धानको बिउमा गाउँपालिकाले ५० प्रतिशत अनुदान दिँदै आएको छ। यसबाहेक गाउँपालिकाले गोठ सुधार, कुखुरापालन, पशुपालनका लागि अनुदान दिँदै आएको छ।

फक्तालुङ गाउँपालिका, ताप्लेजुङ

पर्यटन प्रबर्द्धनको लागि पूर्वाधार निर्माणमा केन्द्रित छौं

सुदुरपूर्वको हिमाली जिल्ला ताप्लेजुङको उत्तरमा कञ्चनजङ्घा हिमालको काँखमा रहेको फक्तालुङ गाउँपालिकाले आफूलाई पर्यटक गन्तव्यको रूपमा विकास गरिरहेको छ।

नेपाल सरकारले घोषणा गरेको १०० गन्तव्य मध्ये कञ्चनजङ्घा क्षेत्र पर्यटक पदमार्गका लागि चर्चित मानिन्छ। कञ्चनजङ्घा पदयात्रा र प्रशिद्ध पाथिभारादेवीको दर्शनका लागि यहाँ उल्लेख्यरूपमा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्दछन्। गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा विभिन्न पदमार्गहरू निर्माण गरिरहेको छ।

विगत तीन वर्षमा यहाँको तारी, सेलेले, अम्जिलेशालगायतका क्षेत्रमा करिब ३५ कि.मि. नयाँ पदमार्ग निर्माण गरिसकेको गाउँपालिकाका अध्यक्ष सरोज लिम्बुले जानकारी दिनुभयो। गाउँपालिकाले कन्चनजङ्गा संरक्षित क्षेत्रको घुन्सा तथा खाम्वाजिनमा पर्ने पदमार्गमा सार्वजनिक शौचालय, खानेपानी तथा होमस्टे जस्ता पूर्वाधार निर्माण गरिरहेको छ।

यसैगरी अर्को पर्यटन गन्तव्यको सम्भावना रहेको मान्छागा झर्नामा जाने पदमार्ग निर्माण गर्न प्रदेश सरकार र गाउँपालिकाले करिब साढे २ करोड खर्च गरिसकेको छ। अब करिब ४ कि.मि. मार्ग निर्माण गरेपश्चात अर्को पर्यटन गन्तव्य खुल्नेछ। कञ्चनजङ्गाको मुख्य पर्यटन पदमार्ग निर्माणमा हाल संघीय सरकारको ५ करोड बजेटबाट काम भैरहेको छ। यस क्षेत्रको संरक्षण र पूर्वाधार निर्माणमा गाउँपालिकाले हालसम्म करिब ५ करोड खर्च गरिसकेको अध्यक्ष लिम्बुले जानकारी दिनुभयो। ७ वटा वडा मध्ये ४ वटा वडा संरक्षित क्षेत्रमा पर्ने भएकोले संघीय कानुनअनुसार सडक लैजान भने कठिन छ।

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

गाउँपालीकाले नै काटदियो किसानको गहुँ

जिल्लाका दक्षिणपूर्वी तथा भारतसँग सिमानासमेत जोडिएको तिलाठी कोईलाडी गाउँपालिकामा लकडाउनका कारण श्रमिकको अभावले गर्दा काट्न बाँकी रहेका सबै किसानको गहुँ गाउँपालिकाले निःशुल्क रूपमा मेसिनले काटिदिएको छ।

कोरोना माहामारीको त्रास र लकडाउनका कारण मजदुर नपाएपछि चैते हावाले गहुँ झार्ने क्रम सुरु भएको थियो। मौसमको ठेगान नभएकाले वर्षा भइदिए वर्षभरिको मेहनत पानीमा डुब्ने भएकाले नोक्सानीबाट जोगाउन गाउँपालिकाले नै मेशिनको प्रयोग गरेर किसानको गहुँ निःशुल्क काटिदिएको छ। करिब २ सय बिघामा लगाइएको गहुँ मेशिनबाट निशुल्क काटिदिएको छ। यदी गाउँपालिकाले मेशिनको प्रयोग गरेर गहुँ काटेको थिएन भने खेतमै झरेर सकिने सम्भावना थियो। गाउँपालिकाले मेशिनको प्रयोगबाट थोरै समयमा धेरै गहुँ काट्न सम्भव भएको देखेका किसानले अब अर्को वर्षदेखि मेशिनको प्रयोगलाई बढाउने सम्भावना रहेको छ।

धोबीनी गाउँपालिका, पर्सा

किसानलाई निशुल्क बोरिङ

जिल्लाको दक्षिण पश्चिमी भागमा अवस्थित धोविनी गाउँपालिकाको पश्चिमी सिमाना भारतसँग समेत जोडिएको छ। बर्षेनी हुने खडेरी र कुनै सिंचाई सुविधा नभएकोले यहाँका किसानहरूले जहिले समस्या भोग्नुपर्दथ्यो।

कृषि क्षेत्रमा सिंचाई सुविधा पुऱ्याई उत्पादकत्व वृद्धि गर्ने गाउँपालिकाको नीति अनुरूप आ.व २०७४/७५ मा ५० लाखको लगानीमा किसानहरूको जग्गामा ५० वटा बोरिङ मेशिन जडान गरिदिएको छ।

गाउँपालिकाका सबै ५ वडाहरूमा प्रत्येकमा १० ओटाका दरले मेशिन जडान गरिएको छ भने एउटा बोरिङले करिव १० बिघासम्म खेतमा सिञ्चित गर्नेछ। हालसम्म गाउँपालिकाभित्र रहेका ४ सय बिघा खेतमा धान, गहुँ र तरकारीहरू उब्जनी भैरहेको छ। गाउँपालिकाले अन्य सिंचाई सुविधा नपुगेका खेतीयोग्य जग्गामा पनि सिंचाई सुविधा पुऱ्याउने गरी काम गरिरहेको छ।

कृषि क्षेत्रको समृद्धिको लागि धोबिनीले गरेको प्रयासस्वरूप कृषि



उत्पादनमा वृद्धि खाद्य संकट कम गर्न र नागरिकको मौलिकको रूपमा रहेको खाद्य सम्बन्धी हक प्राप्त गर्न सघाउ पुऱ्याउँदछ।

भगवानपुर गाउँपालिका, सिराहा

भाडाको जग्गामा मुसहरको खेती

गाउँपालिकामा रहेका १ सय २४ परिवार भूमिहीन दलित समुदायलाई गाउँपालिकाले भाडामा लिई उपलब्ध गराइदिएको जग्गामा खेती गरी आयआर्जन गरिरहेका छन्। पुस्तौनी भूमिहीन रहेका तराईका दलित समुदाय (मुसहर तथा चमार) लाई आयआर्जनका गतिविधिमा मुलप्रवाहीकरण गर्न गाउँपालिकाले भाडामा जग्गा लिएर खेती गर्न दिएको हो।

हाल गाउँपालिकाले ३ वटा वडाका ८४ मुसहर र ४० चमार भूमिहीन परिवारलाई २/२ कठ्ठा जमिन उपलब्ध गराएको छ। उक्त जग्गामा उनीहरूले मौसमी तथा बेमौसमी तरकारी, धानलगायत आम्दानीमूलक खेती गरी आयआर्जन गरिरहेका छन्। गाउँपालिकाले उनीहरूलाई हाँस र कुखुराको लागि खोर तथा चल्ला पनि उपलब्ध गराएको छ।

सँधैं ज्याला मजदुरी गरेर पेट पाल्न बाध्य दलित समुदायहरू आफ्नो जग्गामा नियमित खेती गर्न थालेपछि भने उनीहरूको जीवनयापनमा नै परिवर्तन आएको छ। पोषणमा सुधार हुनुका साथै सबै बालबालिकाहरू विद्यालय जान थालेका छन्।

प्रति कठ्ठा वार्षिक २ हजारको दरले करिब ५ लाख भाडा गाउँपालिकाले तिरिदिएको छ। गाउँपालिकाको सानो लगानीले दलित समुदायको जीवनयापनामा ठुलो परिवर्तन आएको छ। गाउँपालिकाका अध्यक्ष वेचन यादवका अनुसार भूमिहीन दलितहरूको अधिक संख्या रहेको यस गाउँपालिकामा आगामी दिनमा यस मोडेललाई सबै वडामा विस्तार गरिनेछ।

यो मोडल केयर नेपालको सहयोगमा राष्ट्रिय कृषक समूह महासंघले २०७१ सालबाट वडा नं. १ मा परीक्षणको रूपमा सुरु गरेको थियो। जनप्रतिनिधि आइसकेपश्चात यो मोडल राम्रो लागेर नै गाउँपालिकाले आफैं सञ्चालन गरिरहेको छ। महासंघको सहजीकरणमा यो मोडललाई सिराहाका अन्य ३ स्थानीय सरकारहरू, उदयपुर, कैलाली र कञ्चनपुरमा समेत कार्यान्वयन भइरहेको छ।

बट्टेश्वर गाउँपालिका, धनुषा

१४ वटा बोरिङ जडान, करिब ७ सय विघा जमिन सिंचाई

अधिकांश जमिन खेतीयोग्य रहेतापनि सिंचाइको अभावमा उत्पादन कम भैरहेको क्षेत्रमा बट्टेश्वर गाउँपालिकाले १४ ओटा आधुनिक बोरिङ मेशिन जडान गरेको छ। एउटा बोरिङबाट करिब ५० विघा जमिन सिंचाई हुन्छ।

गाउँपालिकामा एउटा आधुनिक बोरिङ मेशिन जडान गर्न करिब ३५ लाख लाग्ने देखिन्छ। मेशिन जडान गर्न जडान घर निर्माण, थ्रिफेजको विद्युत लाइन र ट्रान्सफर्ममर जडान, आधुनिक पम्प सेट, पानी वितरण नालालगायतका पूर्वाधार तयार पार्ने काम सकिएको छ। लकडाउनको कारण भारतबाट ल्याउन पर्ने केही सामान ल्याउन नसकिएकाले मेशिन चलाउन नसकिएको गाउँपालिकाका अध्यक्ष डम्बर राउत क्षेत्रीले बताउनु भयो।

१४ ओटा बोरिङ मेशिनबाट करिब ७ सय विगाहा जमिन सिञ्चित हुनेछ। यसैवर्ष पुराना २ ओटा बोरिङ मेशिन मर्मत गरी पुनः संचालनमा ल्याइएको छ। परम्परागत रूपमा इनार र हाते पम्पबाट गरिने सिंचाई भन्दा यो प्रविधि आधा सस्तो पर्ने जनाइएको छ जसले एक घण्टामा ४/५ कठ्ठा सिंचाई गर्छ। किसानले घण्टाको आधारमा महशुल तिर्छन।

बोरिङ घर

बोरिङ मेशिनको दिगो र प्रभावकारी परिचालनको लागि गाउँपालिकाले उपभोक्ताहरू मध्येबाट समिति गठन गर्छ। उक्त समितिले सञ्चालन तथा मर्मतसम्भार सम्बन्धी सबै काम गर्नेछ। बट्टेश्वरको दक्षिण भेग धान उत्पादन पकेट क्षेत्र हो भने उत्तरी भेग उखु, गहुँ, तरकारी र आँप खेती र केही भाग माछाको लागि उपयोगी छ।

शैलुङ गाउँपालिका, दोलखा

कोल्ड स्टोर निर्माणाधिन, ५ वटा रस्टिक स्टोर सञ्चालनमा

उपयुक्त स्टोरको अभावमा कृषि उपजको सुरक्षित भण्डारण गर्ने सुविधा नहुँदा उचित मूल्य नपाएका शैलुङका किसानले अब भने यस्तो समस्या बेहोर्नु नपर्ने भएको छ। आलु खेतीका लागि चर्चित शैलुङ क्षेत्रमा गाउँपालिकाले कृषि उपजको सुरक्षित भण्डारण र बजारीकरणको लागि कोल्ड स्टोर निर्माण गरिरेहेको छ।

करिब ३ सय मे.टन. क्षमताको कोल्ड स्टोरमा २५० मे.टन. आलु, २० मे.टन. किवि र बाँकी हरियो तरकारी स्टोर गर्न सकिन्छ। ६ करोड लागतमा निर्माण भैरहेको यो कोल्ड स्टोर प्रदेश सरकारबाट ३ करोड र गाउँपालिकाको ३ करोड लागत साझेदारीमा निर्माणाधिन संरचना आगामी आ.व.मा सञ्चालनमा ल्याउने लक्ष्य रहेको छ। त्यसैगरी गाउँपालिकाका विभिन्न वडामा ५ वटा रष्टिक स्टोर निर्माण गरी सञ्चालनमा ल्याएको छ। आलु तथा अन्य तरकारीको विउ भण्डारणका लागि ती स्टोरहरू निर्माण गरिएका हुन्।

कृषि क्षेत्रको विकासमा गाउँपालिकाहरूले थालेका यी प्रयासहरूले कृषि उपजको उचित वजार र मूल्यको सुनिश्चितता हुने भएकाले यस क्षेत्रमा युवा कृषि उद्यमीहरूलाई समेत आकर्षित गर्न सकिन्छ।

जुगल गाउँपालिका, सिन्धुपाल्चोक

काठमाडौंको नजिकै हिमाल चढ्ने अवसर

राजधानी काठमाडौंबाट नजिकै रहेका कुनै हिमाल आरोहण गर्न चाहनेहरूको लागि अवसरको ढोका खुलेको छ। राजधानी काठमाडौंबाट सबैभन्दा नजिक रहेको जुगल हिमश्रृंखलाको आरोहणका लागि अनुमति खुल्ला गर्न गाउँपालिकाद्धारा लिइएको पहलकदमीले सफलता पाएको छ।। यसक्रममा वाग्मती प्रदेश सरकार समेतको संयूक्त प्रयासमा अनुमति प्राप्त भई ग्याल्जेन पिकको प्रथम आरोहण सफलतापूर्वक सम्पन्न भएको छ।

सगरमाथा आरोही माया गुरुङको नेतृत्वमा गएको तीन जनाको टोलीले ६ हजार १ सय ५१ मिटर उचाइमा रहेको हिमालको २०७६ चैत्र २६ गते सफल आरोहण गरेका थिए। बागमती प्रदेश सरकारको मुख्य आर्थिक सहयोग र जुगल गाउँपालिकाको आयोजनामा भएको सफल हिमाल आरोहणले पर्यटन प्रवर्द्धनमा थप मद्दत पुग्ने विश्वास लिइएको छ।

'जुगल हिमाल आरोहण खुल्ला गरी आरोहण सुरूवात गर्ने सम्बन्धमा हामीले निर्वाचनको समयमा गरिएको प्रतिबद्धता दुई वर्षमा नै पूरा गरेका छौं। अब यसको व्यवसायिक आरोहण सुरु गर्ने तर्फ ध्यान केन्द्रित गरेका छौं।' गाउँपालिकाका अध्यक्ष होमनारायण श्रेष्ठले भन्नुभयो 'राजधानीबाट नजिक रहेको यस हिमालमा व्यवसायिक आरोहरण सुरु भएपश्चात यस क्षेत्रको विकासमा ठुलो सहयोग पुग्नेछ।'

गाउँपालिकाले उक्त क्षेत्रमा पर्वतारोहणका लागि आवश्यक न्यूनतम पूर्वाधारहरूको निर्माणलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। यस क्रममा पर्वतारोहीहरूका लागि जुगलको बेसक्याम्प नजिकै पेमासालमा न्यानो घर र छेन्दाङमा सुरक्षित आवास गृह निर्माण गरिएको छ। जसले गर्दा पर्यटकहरूलाई विश्राम तथा सुरक्षित बसाईका लागि सहज हुनेछ।

एक हप्तामा नै हिमाल आरोहण गरेर फर्कन सक्ने हुनाले हिमाल आरोहण सम्बन्धी अध्ययन गर्न चाहने, आरोहणको प्रयोगात्मक अभ्यास गर्न चाहनेका लागि उपयुक्त गन्तव्य हुने भएकोले साहसीक पर्यटनका लागि गाउँपालिकाले प्रचूर सम्भावना पहिल्याएको छ। यसका लागि गाउँपालिकाले विभिन्न योजनाहरू अघि सारेको छ। यस क्षेत्रको विकासको आधार जलविद्युत, जडीबुटी र साहसिक पर्यटन (हिमाल आरोहण) रहेकाले गाउँपालिकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरेर पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ।

नेत्रावती डबजोङ गाउँपालिका, धादिङ

नेत्रावतीको राहत श्रममा आधारित

गाउँपालिकाले लकडाउन अवधिमा अति विपन्न तथा दैनिक ज्यालादारी गर्ने श्रमिकहरूलाई श्रममा आधारित राहत वितरण गरेको छ। लकडाउन अवधि लम्बिँदै जाँदा त्यस्ता नागरीकलाई खाद्यान्न वितरण गरेर मात्र समस्या समाधान हुने नदेखेपछि विभिन्न विकास निर्माणका काममा लगाउने र श्रमवापत ज्याला उपलब्ध गराउने नीति कार्यान्वयन गरिएको छ।

पाँच ओटै वडा कार्यालयमार्फत दैनिक ज्यालादारी गर्ने तथा अति विपन्न नागरीकको विवरण संकलन गरी सोही वडामा हुने सडक मर्मत, खानेपानी मर्मत, सिंचाई कुलो मर्मत जस्ता काममा परिचालन गरिएको थियो। यस कार्यक्रमअन्तर्गत १६२ जना अति विपन्न तथा दैनिक ज्यालादारी गर्ने श्रमिकहरूलाई १० दिन बराबर काम गर्न लगाई १२ लाख १५ हजार रकम वितरण गरेको छ। यसबाट गाउँपालिका भित्रका सडक स्तरोन्नति गरिएको र सिंचाई कुला सफा गरि खेतीपातीको सिजनमा कुलो चालु गराइएको छ। यो कार्य प्रभावकारी भएको र नागरीकमा पनि सित्तैमा राहतको आशा गर्ने परिपाटीको अन्त्य हुने देखिएकाले यस अवधारणालाई निरन्तरता दिने गाउँपालिकाको कार्यक्रम रहेको छ।

गाउँपालिकाको यो कार्यले वेरोजगार र खाद्य संकटमा परेका नागरिकको रोजगार प्राप्त गर्ने र खाद्यसम्बन्धी मौलिक हकको समेत कार्यान्वयनमा सहयोग पुगेको छ।

दुप्चेश्वर गाउँपालिका, नुवाकोट

दुप्चेश्वरले गऱ्यो 'समुन्द्रिफिनी' को संरक्षण

दुप्चेश्वर गाउँपालिकाले नेपालमै प्रसिद्ध नुवाकोटको स्थानीय प्रजातिको धानलाई संरक्षण र थप उत्पादनका लागि पहल गरेको छ। शिखरवेंशीमा उत्पादन हुँदै आएको स्थानीय जातको धान 'समुन्द्रिफिनी' को बिऊ संरक्षण र उत्पादन वृद्धि गर्न बजेट नै ब्यवस्था गरेको छ। यसको लागि गाउँपालिकाले आफ्नो बजेटमा ५ लाख विनियोजन गर्नेछ। यो रकमबाट किसानलाई प्रोत्साहन स्वरूप अनुदान दिने व्यवस्था गरेको छ।

नेपालको सामान्य ज्ञानमा समेत सोधिँदै आएको समुन्द्रफिनी धानलाई थप उत्पादनका लागि आफूहरूले जोड दिएको गाउँपालिकाका अध्यक्ष योविन्द्रसिंह तामाङले बताउनुभयो। उहाँका अनुसार समुन्द्रिफिनी लोप हुँदै गएका कारण गाउँपालिकाले आफ्नो ठाउँको नाम राख्न र धान वृद्धि गर्न यसको संरक्षण गरिएको हो।

समुन्द्रिफिनी धान लगाउने किसानलाई प्रोत्साहन गर्ने र धान लगाए बापत आर्थिक सहयोग समेत गर्ने निर्णय गरेको छ। समुन्दफिनी धान केही वर्ष अघि हुलाकबाट समेत अन्य जिल्लामा पठाइएको थियो। देशमा प्रचलित धानका प्रजातिहरू मध्येकै उत्कृष्ट रहेको चामलका लागि यो धान प्रशिद्ध रहेको छ। शिखरवेशी फाँट, दुप्चेश्वर महादेवको मन्दिर आसपासका सीमित खेतमा यो धानको उत्पादन हुँदै आएको छ। स्थानीय धानको विऊ संरक्षणले खाद्य सुरक्षा र जैविक विविधताको संरक्षणमा योगदान पुग्ने छ।

सुर्नया गाउँपालिका, बैतडी

सुर्नया गाउँपालिकामा 'उपाध्यक्ष युवा महिला स्वरोजगार कार्यक्रम'

बैतडीको दुर्गम क्षेत्रमा अवस्थित सुर्नया गाउँपालिकाका महिलाहरूलाई स्वरोजगार मार्फत आत्मननिर्भर बनाउन 'उपाध्यक्ष युवा महिला स्वरोजगार कार्यक्रम' सञ्चालन गरिरहेको छ। प्राय खेतियोग्य जमिन कम भएको यो क्षेत्रका नागरिकहरू रोजगारीको लागि भारत जाने गर्दथे तर कोरोनाको कारणले गर्दा सबै बेरोजगार भएर घरमै बस्नु पर्ने अबस्था आएको छ।

गाउँमा रहेका युवा महिलालाई लक्षित गरी गाउँपालिकाले सीपमुलक तालिम प्रदान गर्ने र स्वरोजगारको लागि विभिन्न सहयोग गर्दै आएको छ। व्यवसायमुलक तालिममा सहभागिको रुपमा एकल महिला, न्युन आय भएका महिला र कमजोर परिबारबाट छनौट गरिएको थियो। हालसम्म यो कार्यक्रमबाट ३ सय ६० जना युवा महिलाहरू लाभान्वित भएका छन्। बेरोजगारीलाई स्व-रोजगार बनाउने, आर्थिक आयमा बृद्धि गर्ने र आत्मनिर्भर बनाउने जस्ता उद्देश्य लिएर गाउँपालिकाले यो कार्यक्रम सञ्चालन गरेको छ।

घरधन्दामा सीमित युवा महिलाहरूलाई लक्षित गरी सुर्नयाले गरेको यो प्रयासले विपन्न महिलाहरू स्वरोजगारी बन्नेछन्। यस कार्यक्रमको प्रभावकारिताको आधारमा सुर्नयाले 'उपाध्यक्ष युवा महिला स्वरोजगार कार्यक्रम' लाई निरन्तरता दिने जनाएको छ।

गौरीशंकर गाउँपालिका, दोलखा

गौरीशंकरको पर्यटन प्रबर्द्धनमा जोड

गौरीशंकर गाउँपालिकाले गौरीशंकर संरक्षण क्षेत्र र गौरीशंकर हिमालको सम्भावनालाई दृष्टिगत गरी आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न विभिन्न योजनाहरू निर्माण गरिरहेको छ।

गौरीशंकर संरक्षण क्षेत्रको सहकार्यमा वडा नं. ६ र ७ मा १८ वटा होमस्टे सञ्चालनमा ल्याएको छ भने गाउँपालिकाले ती वस्तीहरूलाई केन्द्रित गरी होमस्टे सञ्चालन सम्बन्धी तालिम सञ्चालन गरेको छ। यस्तै तामाकोशी नदीमा साहसिक पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय युवाहरूलाई ऱ्याफ्टिङ तालिम पनि दिएको छ।

समुन्द्री सतहबाट ३४०० मिटरमा रहेको सोत्तली डाँडा पर्यटकको लागि रोजाई केन्द्र भएको छ, जहाँ पुग्न प्रदेश सरकारको समेत साझेदारीमा खारेको जामुने कसेरी हुँदै पदमार्ग निर्माण गरेको छ।

डिस्याङ गाउँपालिका, मनाङ

मनाङको स्याउ प्रवर्द्धन गर्दै डिस्याङ

उच्च हिमाली भेगका कारण अन्य खेतीपाती पनि नुहने र आलु, फापरजस्ता उत्पादनले न त वर्षभरि खान पुग्ने न त आम्दानी नै हुने गर्दछ। किसानको दिगो आम्दानीको श्रोतका रूपमा विकास गर्न डिस्याङ गाउँपालिकाले स्याउ खेतीलाई प्रवर्द्धन गरिरहेको छ।

स्याउको सम्भावना देखिएका स्थानमा स्याउको व्यवसायी खेती तर्फ कृषक एवं कृषि उद्यमीलाई आकर्षिक गर्न नीति तथा कार्यक्रम र वजेटमा समेटिएको छ। गत वर्ष मात्र ५० प्रतिशत अनुदानमा मागका आधारमा उन्नत जातका ३० लाख बराबरको स्याउका बिरुवा वितरण गरेको छ। स्याउका बिरुवा प्राप्त गर्न किसानलाई फार्म दर्ता र प्यान दर्ता अनिवार्य गरिएको थियो। दर्तावाला फार्मको मागको आधार र स्याउको लागि छुट्ट्याएको जग्गाको कागजात पेस गरेपछि पालिकाले स्याउको बेर्ना उपलब्ध गराएको छ।

बिरुवा वितरण गर्दा सबै जनाले लाभ लिन नसकेको, फर्म दर्ताको लागि सबै प्रक्रिया पुऱ्याउन नसक्ने कृषकहरू पनि नछुटून भनेर यस वर्षदेखि ५० ओटासम्म बिरुवा रोप्नेले फार्म दर्ता गर्नु नपर्ने र त्यो भन्दा बढी रोप्नेले अनिवार्य फर्म दर्ता गनुपर्ने निर्णय गरेको छ। उन्नत जातका स्याउले उत्पादन छिटो दिने हुँदा सबै त्यसतर्फ आकर्षित भएका छन्। तर रैथाने जाति नै लोप हुने खतरा बढेपछि गाउँपालिकाले लोकल जातका स्याउ रोपणको लागि पनि बजेट विनियोजन गरेको छ।

मनाङमा नै रहेको एशियाकै ठुलो भनिएको मनाङ एग्रो फार्मले कृषकलाई प्राविधिक ज्ञानमा सघाएको र वजारिकरणको लागि गाउँपालिकासँग मिलेर सहजीकरण समेत गर्ने सहमति गरेको छ। मनाङ एग्रो फार्मले सुरु गरेको स्याउको व्यवसायी खेतीसँगै आसपासका कृषकले पनि स्याउको व्यवसायिक उत्पादन गर्न सके वजारीकरणको लागि कुनै समस्या नभएको गाउँपालिकाले जनाएको छ।

फेदीखोला गाउँपालिका, स्याङ्जा

फेदीखोला : कृषिमा मार्दैछ फड्को

फेदीखोला गाउँपालिकाले कृषि र रोजगारीलाई प्राथमिकतामा केन्द्रित गरेको छ। यस क्षेत्रमा गरिएका केही प्रयासहरू निम्नानुसार छन् :

बाँझो जमिनमा खेती गरे प्रोत्साहन: २ वर्षदेखि बाँझो रहेको जमिनमा खेती गर्ने किसानलाई प्रतिरोपनी २ हजार देखि २५ सयसम्म प्रोत्साहन दिएको छ। यो कार्यक्रममा ३ सय २४ परिवारले १ हजार ७ सय ३४ रोपनी बाँझो रहेको जग्गामा खेती सुरू गरेका छन्। ३ सय परिवारले अनुदान प्राप्त गरिसकेका छन्। यस अभियानबाट ६ करोड बराबरको खाद्यान्न आयात प्रतिस्थापन हुने गाउँपालिकाको अनुमान छ।

बजारको व्यवस्था: कृषकले उत्पादन मात्रै गरे पुग्छ, बिक्रीका लागि कहाँ लैजाने भन्ने तनाव लिनु पर्दैन। तरकारी वा अन्य कृषिजन्य उत्पादन गरेपछि संकलन केन्द्रमा लगिदिए मात्र पुग्छ, संकलित तरकारी तथा अन्य कृषिजन्य उत्पादन गाउँपालिका आफैंले लगेर बेचिदिन्छ। गाउँपालिकाले नै पोखरामा बिक्री केन्द्र सञ्चालनमा ल्याएको छ।

न्युनतम समर्थन मूल्यमा १० प्रतिशत अनुदान: किसानले उत्पादन गरेको उब्जनीको न्यूनतम समर्थन मूल्यमा १० प्रतिशतभन्दा बढी अनुदान पनि प्राप्त गर्छन् तर तोकिएको परिमाणमा न्यूनतम उत्पादन भने गर्नु पर्दछ।

बीमा: किसानको खेतीमा बीमा गरिएको छ। नेपाल सरकारको नियमानुसार किसानले तिर्नुपर्ने प्रिमियमको आधा रकम गाउँपालिकाले तिरिदिन्छ।

एक घर एक टनेल: पछिल्लो समय 'एक घर एक टनेल' कार्यक्रम ल्याएको छ। कार्यक्रमअनुसार फेदीखोलाका १२ सयभन्दा बढी घरधुरीमा क्रमश टनेल कार्यक्रम विस्तार हुँदैछ। पहिले लगभग शून्य कारोबार हुने फेदीखोलाले पोखरामा मात्र वार्षिक करिब ३ करोडको तरकारी बिक्री गर्छ।

नमुना बाख्रापालन: 'नमुना बाख्रापालन' नामक अर्को कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा १६-४० वर्ष उमेरकाले मात्रै अनुदान लिन पाउनेछन्। पहिलो चरणमा देउरालीमा १ हजार बोयर जातका क्रस खसीबोका पाल्न सुरू गरिएको छ।

कृषि क्षेत्रमा दिएको प्राथमिकताले युवा स्वरोजगारमा वृद्धि हुने, कृषि उत्पादन वृद्धि भई ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुग्ने र खाद्य संकट कम गर्न सघाउ पुग्ने अपेक्षा गरीन्छ। सबै स्थानीय सरकारबजेटले फेदीखोलाकै अभ्यासलाई प्राथमिकता दिन सके देश नै कृषिमा आत्मनिर्भर हुन धेरै समय लाग्ने छैन।

इश्मा गाउँपालिका, गुल्मी

उत्पादनका आधारमा अनुदान

इश्मा गाउँपालिकाले हचुवामा अनुदान दिने परम्परागत परिपाटीभन्दा उत्पादनका आधारमा कृषकलाई अनुदान दिएको छ। गाउँपालिका भित्रका गाईफार्म र कृषकको गोठबाट उत्पादन हुने दुधमा प्रतिलिटर २ रूपैयाँ र मासुमा प्रतिकेजी ५० रूपैयाँ अनुदान दिइएको छ। गाउँपालिकाका अनुसार एकजना महिला कृषकले एक बर्षमा ३७ हजार रूपैयाँसम्म प्रोत्साहन अनुदानमा पाउनु भएको छ।

कृषकले उत्पादन गरेर बिक्री गर्ने वस्तुको रेकर्ड सहकारीले राख्ने र त्यही रेकर्डअनुसार अनुदान उपलब्ध गराउँदै आएको छ। गाउँपालिकाले गाई पालनका लागि फार्म र गोठमा गाईपालनका लागि आवश्यक भेटनरीलगायतका सेवा पनि दिइरहेको छ। गाउँपालिकाले यो वर्ष २ सय ५ कृषकलाई १४ लाख ५९ हजार अनुदान वितरण गरेको छ।

पाणिनी गाउँपालिका, अर्घाखाँची

पाणिनी बोयर बाख्रा श्रोत केन्द्र स्थापना

पाणिनी गाउँपालिकाले कृषकहरूलाई परम्परागत कृषिकर्मबाट आधुनिक र व्यवसायी कृषक बनाउन प्रयास गरिरहेको छ। यस क्रममा व्यवसायिक रूपमा बोयर जातको बाख्रापालनलाई प्रोत्साहित गर्न बाख्रा श्रोत केन्द्र सञ्चालनमा ल्याएको छ। ५ ओटा पाठी र एउटा बोकाको दरले तीनओटा श्रोत केन्द्र रहेको छ भने बाँकी ५ ओटा वडामा १/१ ओटा बोका वितरण गरिएको छ।

यी बोका तथा पाठीहरू अष्ट्रेलियाबाट ल्याइएका हुन्। सार्वजनिक खरिद ऐनबमोजिम टेण्डरमार्फत ८ ओटा बोका र १६ ओटा पाठी ल्याइएको थियो। बोकाको लागि तीनदेखि साढे तीन लाख र पाठीको दुईदेखि साढे दुई लाख मूल्य परेको छ। यी पाठा पाठी खरिद गर्न मात्रै ६० लाख खर्च भएको छ। पाठापाठी खरिदको अलावा खोर निर्माण, दानाको व्यवस्थापन र बीमाको लागि गाउँपालिकाको करिब ८४ लाख खर्च भैसकेको छ।

यी पाठापाठीहरू सहकारीहरूलाई जिम्मा लगाइएको छ र सहकारीले पाल्नको लागि व्यक्तिलाई जिम्मा दिएको छ। यसको रेखदेख, पालनपोषण, बिक्री मूल्य तोक्ने सम्बन्धी सम्पूर्ण व्यवस्था गाउँपालिकाले बनाएको कार्यविधिबमोजिम हुनेछ। अहिलेसम्म ३० ओटा पाठापाठी नयाँ उत्पादन भैसकेको छ। यी सबै बोका पाठीबाट मुलविउ उत्पादन हुनेछ। अबको एक वर्षभित्रमा सयभन्दा बढी र ३ वर्षमा १ हजार भन्दा बढी पाठीपाठी उत्पादन हुने अनुमान गरिएको छ।

व्यवसायिक रूपमा बोयर जातको बाख्रा श्रोतकेन्द्रको रूपमा पाणिनीलाई विकास गर्दै लगिने गाउँपालिकाको योजना रहेको छ।

भुमे गाउँपालिका, रुकुम पूर्व

'बाली संरक्षण' को लागि फापर र तोरीको विउ निशुल्क वितरण

फापर र तोरी लगाउने समय भएसँगै गाउँपालिकाले कृषकलाई निःशुल्क बिउ वितरण गरेको छ। रैथाने तथा लोपोउन्मुख फापर र तोरी बालीको संरक्षण गर्ने उद्देश्यले कृषकलाई खेती गराउने प्रोत्साहन स्वरूप बिउ वितरण गरेको हो।

एकजना कृषकलाई लगाउने जग्गा भएको आधारमा दुईदेखि १० केजीसम्म बिउ वितरण गरेको र हालसम्ममा फापरको बिउ एक क्विन्टल वितरण भइसकेको छ। हाल लोपोउन्मुख बालीको लागि गाउँपालिकाले निःशुल्क बिऊ उपलब्ध गरिरहेकोमा पछि उत्पादन भएमा गाउँपालिकाले बजारको मूल्यभन्दा कृषकलाई प्रोत्साहन स्वरूप ५० प्रतिशत मूल्य थप गरेर खरिद गरिदिनेसमेत गाउँपालिकाले घोषणा गरेको छ।

यसैले अहिले गाउँपालिकाबाट निःशुल्क बिऊ वितरण र उत्पादनपछि बजारको मूल्यभन्दा ५० प्रतिशत मूल्यमा प्रोत्साहन स्वरूप गाउँपालिकाले नै खरिद गरिदिने छ।

धार्चे गाउँपालिका, गोरखा

विद्यायलमा नै पर्यटन र पर्वतारोहण विषय पढाई हुने

धार्चे गाउँपालिकाले विद्यालय तह (कक्षा ११ र १२) मा जिल्लामा नै पहिलो पटक पर्यटन र पर्वतारोहण विषय पढाइ सुरु गर्ने भएको छ। लाप्राकको मणिकामदेवी मा.वि.ले यस वर्षबाट ऐच्छिक विषयको रूपमा पर्यटन र पर्वतारोहण विषयलाई छनौट गरेको छ।

गाउँपालिकाले यस विषयमा पाठ्यक्रम निर्माणको प्रकृया थालेको छ। पर्यटनसँग सम्बन्धित विषय पढाई हुने अन्य कलेजसँगको समन्वयमा पाठ्यक्रमको तयारी भैरहेको छ। यसको अलावा स्थानीय भातृभाषाको पाठ्यपुस्तक समेत गाउँपालिकाले तयार पारिरहेको छ।

पर्यटन र पर्वतारोहण विषय अध्ययन गरेका युवालाई रोजगारी समस्या नपर्ने गाउँपालिकाको दावी छ। लाप्राकका ७५ प्रतिशत युवा कुनै न कुनै रूपमा पर्यटन क्षेत्रसँग आवद्ध छन्। गाउँपालिकाले नै १० जना महिलालाई ट्रेकिङ गाइडको तालिम दिएर व्यवसायिक गाइडको रूपमा तयार पारेको छ। सैद्धान्तिक र व्यवहारिक ज्ञानसहित उत्पादन हुने नयाँ जनशक्तिको खपत देशको पर्यटन क्षेत्रमा हुने विश्वास रहेको छ।

कपुरकोट गाउँपालिका, सल्यान

वार्षिक ३० करोडको तरकारी निकासी गर्छ कपुरकोटले

कपुरकोट गाउँपालिकाले मौसमी/बेमौसमी तरकारीको व्यवसायिक उत्पादनको लागि कृषिमा यान्त्रिकरण र आधुनिकिकरणमा जोड दिएको छ। मिनि टेलर, थ्रेसर, स्प्रेयसर जस्ता कृषि औजार, टनेल निर्माण र विउविजनमा गाउँपालिका र कृषकको ५०/५० प्रतिशत लागत साझेदारी रहनेछ। त्यसैगरी साना सिंचाई, थोपा सिंचाई लगायतका पूर्वाधार गाउँपालिले नै निर्माण गरिदिन्छ।

गाउँपालिकाले जारी गरेको कार्यविधिअनुसार तरकारी संकलन, भण्डारण र निकासीको व्यवस्थापन कृषि उपज बजार केन्द्रले गर्दछ। सबै वडामा सहायक वजार र १७ भन्दा बढी तरकारी संकलन केन्द्र छन्। विचौलियाबाट बच्न र किसानलाई उचित मूल्य दिलाउन गाउँपालिकाले अनुगमन र समन्वय गरिरहन्छ। विषाधी न्यूनिकरणका लागि प्रदेश सरकारसँगको समन्वयमा विषाधी प्रयोगशाला स्थापना गरेको छ। किसानलाई मोवाईल एप्समार्फत खेती प्रविधि समस्या समाधान बारे जानकारीहरू दिने गरिएको छ।

कृषि क्षेत्रमा गतवर्ष गाउँपालिकाले ३० लाख, प्रदेशको ८० लाख र संघको ३० लाख गरी १ करोड ४० लाख रकम खर्च गरेको थियो भने चालु आ.व.को लागि पनि सोही हाराहारीमा वजेट विनियोजन गरिएको छ।

विशेषगरी यस क्षेत्रका किसानहरूले टमाटर, अदुवा, काक्रा, सिमी, बोडी, खुर्सानी, भण्टा, बन्दालगायतका तरकारीहरू मौसमी/वेमौसमीरूपमा उत्पादन गरिरहेका छन्, जहाँ करिब ५० प्रतिशत किसान परिवार वेमौसमी तरकारी खेतीमा आबद्ध छन्। वार्षिक

करिब ३० करोड बराबरको तरकारी बाहिर निकासी हुन्छ भने ८-१० रोपनीमा तरकारी खेती गर्ने किसानले वार्षिक करिब २५ लाखसम्म आम्दानी गर्दछन्। यहाँ उत्पादित तरकारी बुटवल, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, सुर्खेत, दाङ, तुल्सीपुरलगायतका बजारमा जाने गर्दछन्।

त्रिबेणी गाउँपालिका, सल्यान

उत्पादन देखाए मात्र पाइन्छ गाउँपालिकाको अनुदान

त्रिवेणी गाउँपालिकाले यसअघि कृषि क्षेत्रमा दिइँदै आएको अनुदानको नीतिलाई परिवर्तन गरेको छ। अब उप्रान्त गाउँपालिकाले तोकेको परिमाणमा कृषि उत्पादन गरेमा मात्रै किसानले अनुदानको हकदावी गर्न पाउँछन्।

पुरस्कार तथा अनुदानका लागि किसानले तरकारी खेतीमा न्यूनतम ३ रोपनी वा ५ ओटा प्लास्टिक टनेल निर्माण भएको हुनुपर्दछ। गाई-भैसीतर्फ न्यूनतम ५ ओटा दुहुना, मौरीपालनतर्फ ५० घार, कुखुरातर्फ कम्तीमा १ हजार पालेको र माछापालन तर्फ कम्तिमा ३ रोपनी क्षेत्रफलमा पोखरी रहेको हुनुपर्दछ। यसैगरी बाख्रापालन तर्फ कम्तिमा ३० ओटा माउबाख्रा, फलफूलतर्फ सय ओटा बोटसम्म फल फलेका बोटहरू तथा च्याउँखेतीका लागि ५ ओटा टनेलमा च्याउखेती गरेको हुनु पर्दछ। उल्लेखित परिमाणमा कृषि उत्पादत गर्ने किसानहरूमध्येबाट गाउँपालिकाले उत्कृष्ट किसान छनौगरी पुरस्कृत गर्दछ।

रोग र भोकबाट त्रिवेणीका नागरिकलाई सुरक्षित राख्न र विभिन्न व्यवसायिक पकेट क्षेत्र निर्माण गरी उत्पादकत्व वृद्धि गर्न गाउँपालिकाको यो नीति प्रभावकारी देखिएको छ।

उत्पादन गरेको जानकारी प्रमाणित भएपछि गाउँपालिकाबाट एउटा बोकाको ५ सय, दुध उत्पादनमा प्रति लि. थप ५ रूपैया, मासिक २ हजार अण्डा उत्पादन गर्ने किसानलाई प्रति अण्डा ५० पैसा थप अनुदान दिने गर्दछ। गत आ.व.मा उत्पादनमा आधारित अनुदान कार्यक्रमतर्फ ८२ जना कृषकको उत्पादनमा करिब ६ लाख अनुदान दिएको थियो।

गाउँपालिकाले उन्नत जातको बोका वितरण, कृषकहरूलाई अध्ययन भ्रमण, ५० प्रतिशत अनुदानमा हाते ट्याक्टरलगायत कृषि औजार वितरण गरिरहेको छ। रोग र भोकबाट त्रिवेणीका नागरिकलाई सुरक्षित राख्न र विभिन्न व्यवसायिक पकेट क्षेत्र निर्माण गरी उत्पादकत्व वृद्धि गर्न गाउँपालिकाको यो नीति प्रभावकारी देखिएको छ।

सुनकोशी गाउँपालिका, ओखलढुँगा

सुनकोशीका १५ सय किसानले गरे कृषिको बीमा

कृषिमा बीमा गर्ने प्रणाली एक दशक अघिबाट नै सुरु भएतापनि ग्रामीण क्षेत्रका कृषकको पहुँचमा पुग्न सकेको थिएन। नेपालमा कृषि बीमा गर्न हाल २० वटा बीमा कम्पनी रहेका र सवैजसो जिल्ला सदरमुकाममा मात्र सीमित थिए।

गाउँपालिकामा जनप्रतिनिधि आइसके पश्चात कृषि उत्पादनमा जोखिम कम गर्न बीमा लागू गर्ने विषयमा बहश सुरु भयो। सदरमुकाममा सीमित बीमा कम्पनीलाई गाउँपालिकामा ल्याइयो। गाउँपालिकाका अध्यक्ष रुद्रप्रसाद अधिकारीका अनुसार सुरुमा बीमा रकमको ७५ प्रतिशत सरकारले र बाँकी २५ प्रतिशत कृषकले बेहोर्ने नीति थियो तर बीमा कम्पनी, गाउँपालिका र राष्ट्रिय कृषक समूह महासंघबीच त्रिपक्षीय सम्झौता गरी कृषकले बेहार्ने २५ प्रतिशतको ५० प्रतिशत गाउँपालिका र २५/२५ प्रतिशत कृषक र महासंघले बेहोर्ने सहमति भयो।

कृषक महासंघ र बीमा कम्पनीले कृषक समूहमा सहजीकरण गर्ने गर्दछन्। कृषक समूहले नै अभिकर्ता छनौट गर्छन् जसले क्षतीपूर्तिको दावी गर्न सहज भएको छ।

हाल करिब १५ सय कृषकले कृषि तथा पशु बीमा गरिसकेका छन्। विमा गरेका मध्ये १३ जनाले क्षतपूर्ति दावी गरेकामा ७ जनाले क्षतीपूर्तिको रकम पाइसकेका छन्। एउटा भैसी मरेकोमा ७० हजार देखि १ लाख २२ हजारसम्म क्षतीपूर्ति पाएका छन्। गाउँपालिकाको यो सफल अभ्यासलाई छिमेकी स्थानीय तह (चिसंखुगढी गाउँपालिका र सिद्धिचरण नगरपालिका) मा समेत अनुसरण गरिरहेको महासंघका अध्यक्ष नवराज बस्नेतले बताउनु भयो।

सरकारले एक दशक अगाडिबाट सुरु गरेको कृषिमा बीमाको कार्यक्रम स्थानीय सरकारको सक्रियतामा मात्र सफलोन्मुख भएको देखिन्छ। कृषि बीमालाई कृषकको हितमा प्रयोग गर्न सुनकोशी गाउँपालिकाले गरेको अभ्यास अनुकरणीय देखिन्छ।

कोशी गाउँपालिका, सुनसरी

बगरमा परिणत कोशी क्षेत्रमा कागती र वयर खेती सुरु

२०६५ सालमा सप्तकोशी ब्यारेजको बाँध फुटेर आएको बाढीले यो क्षेत्रको सयौं विगाहा कृषियोग्य जमिन बगरमा परिणत भयो। बालुवाले भरिएको जग्गामा परम्परागत रूपमा लगाउने खाद्यान्न वालीनाली उब्जाउ हुनै छाड्यो। तसर्थ बालुवाले ढाकेको उक्त जमिनलाई तत्काल उब्जाउयोग्य बनाउन कठिन भएपछि उबैकल्पिक बाली लगाउन गाउँपालिकाले विभिन्न प्रयत्न गऱ्यो।

बालुवाजन्य माटोमा के-कस्ता बाली हुन सक्छन् भनेर धेरै अध्ययन गरियो। कृषि विज्ञसहित गाउँपालिकाका प्रतिनिधिहरू भारतको राजस्थान अध्ययन भ्रमणमा समेत गए। यहाँको बालुवा राजस्थान लगेर परीक्षण गर्दा कागती तथा बयर खेती उपयुक्त हुने सुझाव प्राप्त भयो। सुरुमा कृषि समूह र व्यक्तिगत रूपमा ३ विगाहा जमिनमा कागती र बयर खेती सुरु गरिएको थियो। अहिले विरुवाको अध्ययन गर्दा राम्रो हुने देखिएपछि व्यवसायिक रूपमा बिरुवा लगाउन किसानलाई प्रेरित गरिएको छ। व्यवसायिक रूपमा बिरुवा लगाउनेलाई निशुल्क बिरुवा वितरण गर्ने कार्यक्रम रहेको छ भने सिंचाईको लागि पम्पसेटहरू वितरण गरिरहेको छ।

कुमाख गाउँपालिका, सल्यान

प्राङ्गारिक मल उत्पादनको लागि 'भकारो सुधार कार्यक्रम'

कुमाख गाउँपालिका पशुपालन ब्यवसायका लागि उत्तम ठाउँका रूपमा विकास हुँदै गएको छ। कृषिलाई आवश्यक पर्ने मलको सहज आपूर्तिको लागि प्राङ्गारिक मल उत्पादनलाई प्रबर्द्धन गर्न गाउापालिकाले भकारो सुधार कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।

भकारो सुधार कार्यक्रमबाट गाई भैसीको गहुँत संकलन गरी अर्गानिक मल, अर्गानिक विषाधी, कम्पोष्ट मल, प्राङ्गारिक मल उत्पादन गरी कृषि ब्यवसायलाई पनि प्रबर्द्धन गर्न यो अवधारणा लागू गरिएको छ। यस कार्यक्रमको लागि गत आ.व. मा करिब ४२ लाख अनुदानबाट २ सय ९ कृषकहरूले उन्नत प्रविधिमार्फत भकारो सुधारका काम गरिरहेका छन्। खुल्ला ठाउँमा गरिने भकारो व्यवस्थापनले मलमा भएको पौष्टिक तत्व घामको किरणले नष्ट गर्ने हुनाले यसको व्यवस्थापनमा सामान्य परिवर्तन गर्दा पनि कृषि उत्पादनमा ठुलो परिवर्तन ल्याउँछ। सुन्दा सामान्य लाग्ने यस प्रकारका कार्यक्रमले कृषकहरूको रसायनिक मल र किटनाषक विषाधीको बढ्दो प्रयोगलाई निरुत्साहित गरी अर्गानिक उत्पादनमा कृषकलाई आकर्षिक गर्न धेरै मद्दत गरेको छ। त्यसैगरी विदेशबाट आयात गर्नुपर्ने रासायनिक मल र किटनाशक औषधिमा आयात घटाउन सकिन्छ।

जोरायल गाउँपालिका, डोटी

कृषिमा जोरायलको फड्को

जोरायल गाउँपालिकाले कृषिलाई बिशेष प्राथमिकता दिएको छ। तरकारीको पकेट क्षेत्रका रूपमा विकास गरिएको २ वडामा वार्षिक करिब १३५० टन तरकारी उत्पादन भइरहेको छ। यसैगरी ६ ओटै वडामा १८ ओटा सिँचाइ पोखरी र अन्य सिँचाई योजनाहरू निर्माण सम्पन्न भएको छ।

फलफूल पकेट क्षेत्र घोषणा गरेको अर्को २ वडामा सुन्तला, मौषम, कागती, अमिलो जस्ता फलफूल बार्षिक २४० टन उत्पादन भइरहेको छ। थप २ ओटा वडालाई मह र अदुवाको पकेट क्षेत्र तोकिएको छ। अहिले वार्षिक मह १० क्विन्टल र अदुवा २४ टन उत्पादन हुन्छ। वडा नं ३ मा डेढ लाख रूपैयाँमा तरकारी संकलन केन्द्र स्थापना गरिएको छ।

३६ लाख रूपैयाँको 'अध्यक्ष विषेश कृषि कार्यक्रम' सञ्चालन भइरहेको छ। तरकारी उत्पादन गर्न १५ ओटा पोली हाउसको सामग्रीका लागि ९० हजार, सामूहिक खेतीका लागि २ लाख ४० हजार र १५ रोपनी जग्गा उपलब्ध गराइएको छ। गाउँपालिकाले रेन्बो ट्राउट माछा पालनका लागि समेत अनुदान उपलब्ध गराएको छ।

यसैगरी २२ ओटा बाख्रा फार्म र १३ ओटा कुखुरापालन फार्मलाई व्यवसायिक फार्म सुधार अनुदान दिएको छ। भैंसीपालन, गोठ सुधार,

मासु पसल सुधार, बंगुरपालन फार्म सुधार र कृषकहरूलाई मुर्रा क्रस राँगो, जमुनापारी क्रस बोका र वोयर क्रस बोका वितरण गरेको छ।

कृषि तथा पशु क्षेत्रको विकासको लागि गाउँपालिकाले गत आ.व.मा ४२ लाख लगानी गरेको थियो भने चालु आ.व.को लागि २५ विनियोजन गरेको छ।

रुपनी गाउँपालिका,सप्तरी

किसानहरूलाई अनुदानमा पावर टिलर

गाउँपालिकाले कृषि क्षेत्रको व्यवसायीककरण र उत्पादन वृद्धि गर्न कृषिलाई आधुनिकीकरण र प्रविधी हस्तान्तरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ। परम्परागत रूपमा राँगा/गोरुको प्रयोगबाट जमिन जोत्ने कार्यलाई विस्तारै प्रविधिको प्रयोगले प्रतिस्थापन गरिँदै छ।

राँगा/गोरुको प्रयोग गरी जमिन जोत्ने कार्यमा समय र लागत धेरै पर्ने हुनाले गाउँपालिकाले किसानहरूलाई पावर टिलर वितरण सुरु गरेको हो। ५० प्रतिशत अनुदानमा पावर टिलर वितरण गर्ने योजनाअनुसार इच्छुक किसानलाई आवेदन दिन भनिएकामा गत आ.व.मा ७ जना किसानबाट आवेदन परेको थियो। किसानको १ लाख २० हजार र गाउँपालिकाको १ लाख २० हजार गरी कुल २ लाख ४० हजारका दरले ७ वटा पावर टिलर किसानलाई उपलब्ध गराइएको छ।

पावर टिलरबाट खेत जोत्न राँगा/गोरुको तुलनामा ९० प्रतिशत बढी किफायती रहेको छ। यसले प्रति घण्टा ७ कट्ठा जमिन जोत्न सक्दछ। चालु आ.व.मा २० वटा थप मेशिन वितरण गर्ने कार्यक्रम तय गरिएको छ। यसको अलावा गाउँपालिकाले कृषिलाई आधुनिकीकरण र प्रविधीकरण गर्न उन्नत बिउविजन तथा कृषि औजार वितरण, किसानहरूलाई तालिम तथा अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ।

राजगढ गाउँपालिका, सप्तरी

गाउँपालिकाले नै शुरु गऱ्यो: सहकारीको नियमन

गाउँपालिकाहरूले संविधानमा उल्लेखित एकल अधिकारहरूको कार्यान्वयनलाई प्राथमिकता दिएका छन्। यसै क्रममा राजगढ गाउँपालिकाले स्थानीय सहकारी ऐन जारी गरेको छ र सोही गाउँपालिकाभित्र कार्यक्षेत्र राखी सञ्चालनमा आउन चाहने सहकारी संस्थाको दर्ता, नवीकरण तथा नियमन सम्बन्धी कार्य गरिरहेको छ।

२०७५ चैत्र ९ गतेको गाउँसभाबाट सहकारी ऐन पारित गरेको थियो। गाउँपालिकाको आर्थिक विकास शाखाबाट सहकारीको समेत नियमन कार्य भैरहेको छ। सहकारी ऐनबमोजिम थप २ ओटा सहकारी दर्ता पनि भएका छन् भने गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका २६ ओटा सहकारी संस्थाको नियमन सम्बन्धी सम्पूर्ण कार्य गाउँपालिकाले गरिरहेको छ।

यहाँका सहकारीहरूमा १० ओटा वचत तथा ऋण, ६ ओटा कृषि र १० ओटा बहुउद्देश्यीय रहेका छन्। यस अगि नागरिकहरूलाई सहकारीसम्बन्धी सेवा लिन सदरमुकाम राजविराज जानु पर्दथ्यो। संविधानले दिएको अधिकार र नगरिकहरूको गुनासोलाई ध्यान दिई गाउँसभाले सहकारी ऐन जारी गरेको अध्यक्ष परमानन्द यादवले बताउनुभयो।

संविधानले एउटै स्थानीय तह कार्यक्षेत्र रहने गरी सञ्चालनमा हुने सहकारी संस्थाको नियमन स्थानीय सरकारको एकल अधिकारमा राखेको छ। अनुसूची ८ को बुँदा नम्बर २ मा स्थानीय सरकारको एकल अधिकारमा सहकारी संस्था उल्लेख गरिएको छ। यस अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले ७ वटा बुँदामा थप व्याख्या गरेको छ जहाँ सहकारीसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन मुख्य छन्। सम्बन्धित् गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनसम्बन्धी अधिकार स्थानीय सरकारमा रहेको छ।

कचनकवल गाउँपालिका, झापा

आफैंले माछा पालन गर्दै कचनकवल गाउँपालिका

नेपालकै सबैभन्दा होचो (५८ मि. उचाई) भूभागमा रहेको कचनकवल गाउँपालिकाले आफ्नो दिगो आन्तरिक आयको व्यवस्थापन गर्ने उद्देश्यले माछा पालनलाई रोजेको छ। विगतमा ठेक्कामा लगाई निश्चित रकम बहाल संकलन गरिरहेका सार्वजनिक पोखरीमा रहेका माछालाई गाउँपालिका आफैले व्यवस्थापन गरी दिगो आम्दानीको श्रोत बनाएको छ।

वडा कार्यालयको वरिपरि ८ वटा पोखरीमा रहेका माछाका व्यवस्थापन, रेखदेख र अनुगमन वडा कार्यालयबाट नै हुने गर्दछ। सबै पोखरीलाई सजिलै अनुगमन गर्न सिसि क्यामेरा जडान गरिएको छ। माछा पालनलाई व्यवस्थित गर्न इन्जिनियरको संयोजकत्वमा पालिकास्तरमा संयन्त्र गठन गरिएको छ भने कृषि शाखाका माछा हेर्ने प्राविधिकलाई इन्चार्ज तोकिएको छ। दैनिकरूपमा माछाको रेखदेख र दाना व्यवस्थापनका लागि ३ जना कामदार राखिएको छ।

हाल ९ विगाहामा फैलिएको ८ वटा पोखरीमा माछा हुर्किरहेका छन्। असोज र कार्तिकमा ती माछा बिक्री गरिन्छ। चालु आ.व.मा थप १५ विगाहा जमिनमा पोखरी निर्माण गरी माछाका भुरा छोडिनेछ। ८ ओटा पोखरीमा रहेका माछाबाट करिब १ करोड नाफा आर्जन हुने आँकलन गाउँपालिकाले गरेको छ जुन आम्दानी गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ। चालु आ.व.मा निर्माण गरिने थप पोखरीबाट माछा उत्पादन भएपछि गाउँपालिकाको वार्षिक आम्दानी करिब ३ करोड हुने अनुमान गरेको छ।

संघ र प्रदेश सरकारको अनुदानमा निर्भर स्थानीय सरकारहरूको विद्यमान अवस्थामा गाउँपालिकाको आन्तरिक आय वृद्धिका लागि कचनकवलले गरेको यो प्रयास अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बन्न सक्दछ।

अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी

गाउँपालिकाबाट नै व्यवसाय दर्ता र नियमन सुरु

गाउँपालिकाले आफ्ना नागरिकहरूको सहजता र करको दायरामा ल्याउन आफैं व्यवसाय दर्ता तथा नवीकरण गरिरहेको छ। यसको लागि गाउँकार्यपालिकाले व्यवसाय दर्ता तथा नवीकरण निर्देशिका २०७५ लागु गरेको छ।

गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा सञ्चालन गर्न चाहने व्यापार तथा व्यवसायहरूको दर्ता गर्ने, नवीकरण गर्ने, अभिलेखन गर्ने, व्यवसाय मैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरूलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरी नियमन गरिरहेको छ।

गाउँपालिकामा सञ्चालनमा रहेका व्यवसायलाई दर्ता गरी प्रमाणपत्र दिने गर्दछ र वार्षिक रूपमा सोही प्रमाणपत्रमा नवीकरण गरिएको प्रमाणित गर्नेगर्दछ। व्यवसायीहरूले सोही प्रमाणपत्रको आधारमा पान नम्बर लिने तथा बैकिङ्ग करोबार गर्ने गर्दछन्। हाल सबैप्रकारका साना व्यापार तथा व्यवसायहरू गाउँपालिकामा नै दर्ता तथा नवीकरण हुन्छ। गाउँपालिकाले सामान्यतया व्यवसाय दर्ता शुल्क रु. ५ सय निर्धारण गरेको छ भने वार्षिक नवीकरण शुल्क रु ५ सय राखेको छ। २०७७ आषाढ मसान्तसम्ममा १ सय ८३ वटा व्यवसाय दर्ता तथा नवीकरण भैसकेको छ। गाउँपालिकामा नै व्यवसाय दर्ता तथा नवीकरण गर्ने सुविधाले जिल्ला सदरमुकाम धाउन पर्ने र विभिन्न झन्झटबाट व्यवसायीहरूले पार पाएका छन् भने व्यवसायीलाई करको दायरामा ल्याउन र कर संकलन गर्न गाउँपालिकालाई सहज भएको छ।

ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

सात वर्षपछि वगरलाई खेतमा फर्काइयो : ठुलीटारमा पहिलोपटक खेती सुरु

परापूर्वकालदेखि खेती गरिरहेको इन्द्रावती नदीछेउका जमिन ७ वर्ष अघि कटानमा परेपछि बगरमा परिणत भएको थियो। गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा गतवर्ष नदीमा तटबन्ध गरेपछि भने ७ वर्षपछि अल्पसंख्यक माझी समुदायले नदी उकास गरिएको जमीनमा पुनः खेती गर्न सुरु गरेका छन्। करिब ६ सय रोपनी कटान गरेकोमा यस वर्ष ३ सय रोपनी जग्गा संरक्षण गरी खेती सुरु गरेका छन्।

वडा नं. १२ मा रहेको करिब ६ सय रोपनीको एउटै गह्रो (पाटो) ठुलीटारमा पहिलो पटक खेती लगाउन सुरु गरिएको छ। कसैको हकभोग नभएको खाली सार्वजनिक जमिनलाई प्रयोगमा ल्याई उत्पादन वृद्धि गर्न गाउँपालिकाले स्थानीय सहकारीलाई जिम्मेवारी दिएको छ।

कोरोनाको कारण रोजगारी गुमाई गाउँमा फर्किएका २०० भन्दा बढी युवालाई गाउँमा नै रोजगारी दिन गाउँपालिकाले कृषिमा आकर्षक नीति तथा कार्यक्रम र वजेट व्यवस्था गरेको छ। ५ लाखसम्मको परियोजनामा ५० प्रतिशत अनुदान र १५ लाखसम्मको परियोजनामा व्याजमा ५० प्रतिशत अनुदान दिने नीति लिएको छ। एक वडा एक उत्पादन कार्यक्रम लागु गरेको छ जहाँ वडा नं. १ किवि, ४ मा अदुवा र वेसार, १०, ११ र १२ मा मकैलाई प्राथमिकता दिएको छ।

बाँझो रहेको जग्गालाई एकत्रित गरी कृषिमा उपयोग गर्न भूमि बैंक स्थापना गर्ने, प्रदेश सरकारको साझेदारीमा सितभण्डार निर्माण गर्ने, माटोपरीक्षणको लागि डिजिटल मोवाइल भ्यानको व्यवस्था गर्ने, सबै वडामा कृषि उपज संकलन केन्द्र सञ्चालन गर्ने जस्ता कार्यक्रम यसै वर्षबाट कार्यान्वयन ल्याउन गाउँपालिकाले जनाएको छ।

कृषि क्षेत्रको प्रबर्द्धनमा इन्द्रावतीले गरेको यो प्रयासले कृषिको उत्पादत्वको बृद्धि भै खाद्य संकटबाट जोगिने र स्थानीयस्तरमा नै रोजगारी सिर्जना हुने अपेक्षा गर्न सकिन्छ।

केरावारी गाउँपालिका, मोरङ

गाउँपालिकाबाटै सहकारीको नियमन र संघ/संस्था दर्ता

संविधानले दिएको एकल अधिकारअनुसार केरावारी गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा रहेका सहकारी संस्थाहरूको स्थानीय नीति, कानुन, मापदण्ड, अनुगमन तथा नियमन गरिरहेको छ। गाउँसभाले जारी गरेको सहकारी ऐन २०७५ अनुसार यी सहकारी संस्थाहरू नियमन गरिएको छ।

साविकको डिभिजन सहकारी कार्यालयबाट हस्तान्तरण भएका सहकारी संस्थाहरू ३१ ओटा रहेका छन् भने गाउँपालिकामा पछि ३ ओटा सहकारी दर्ता भएका छन्। गाउँपालिकाले सहकारी संस्थाहरूको संख्यामात्र धेरै हुने तर गुणस्तरीय सेवा नहुने परिपाटीलाई अन्त्य गर्न सहकारी संस्थाहरूलाई एकापसमा मर्ज गर्न प्रेरित गरिरहेको छ। हाल वडा नं २ का २ ओटा सहकारी मर्ज भई एउटै बनाएका छन् भने वडा नं. ९ का ३ ओटालाई एउटा मै मर्ज गरिएको छ। तत्काल २ ओटा सहकारी मर्जका लागि आवेदन परेको छ।

त्यसैगरी गाउँपालिकाभित्र कार्यक्षेत्र रहने विभिन्न संघ/संस्था पनि गाउँपालिकामा दर्ता हुन थालेका छन्। यसको लागि संघ/संस्था दर्ता ऐन जारी गरेको छ। विभिन्न व्यवसायहरू वडा कार्यालयमा नै दर्ता हुने प्रबन्ध गरिएको छ र वडाले दिएको प्रमाणपत्रको आधारमा व्यवसायिहरूले आन्तरिक राजश्व कार्यालयबाट पान नम्बर लिने

गर्दछन्। कृषि समुहहरू दर्ता र टोल सुधार समितिहरू पनि वडा कार्यालयमा नै दर्ता गरिरहेको छ।

गाउँपालिका क्षेत्रभित्र मात्र कार्यक्षेत्र रहनेगरी सञ्चालन गर्न चाहने संघ/संस्थाहरू गाउँपालिकाले नै दर्ता तथा नविकरण र नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधनले दिएको छ।

मेलुङ गाउँपालिका, दोलखा

मेलुङ 'रष्टिक स्टोर' आलु भण्डारण केन्द्र निर्माण

मेलुङका अधिकांश भूभागमा आलु उत्पादन प्रशस्त मात्रामा हुने तर भण्डारणको समस्याले गर्दा लामो समयसम्म खान योग्य तथा विउ जोगाउन कठिन अवस्था रहेको थियो।

उत्पादित आलुलाई उचित भण्डारण गर्न र सहज रूपमा वजारसम्म लैजान सहयोग पुगोस् भन्ने उद्देश्यले वडा नं ५ सुँगुरे डाडाखर्कमा रष्टिक स्टोर भवनको निर्माण गरेको छ।

साधरणतया ४ डिग्री भन्दामाथिको तापक्रममा आलुको टुसा चाँडै पलाउने र २ डिग्रीभन्दा कममा आलुको रंगमा विकृत आउने समस्याले गर्दा आलु बिऊ जोगाउन र खान योग्य बनाउन कठिन रहेको थियो। करिब ६० मुरी आलु भण्डारण गर्न मिल्ने रष्टिक स्टोर निर्माण भएपछि अधिकांश कृषकहरूले आलु भण्डारण गरी आलु रोप्ने समयसम्म बिऊ सुरक्षित गर्नुका साथै लामो समयसम्म खान योग्य आलु राख्न सक्ने भएका छन्।

रष्टिक स्टोरबाट करिब १ सय कृषक परिवार लाभान्वित भएका छन् भने निर्माणको लागि गाउँपालिकाबाट करिब २० लाख तथा अन्य

खर्च उपभोक्ताहरूको श्रमदान खर्चबाट भएको छ।

रष्टिक स्टोरको निर्माणले आलु खेतीको माध्यमबाट यस क्षेत्रका कृषकहरूको जीविकोपार्जनमा प्रत्येक्ष फाइदा पुगेको छ। गाउँपालिकाको आफ्नै श्रोतबाट निर्माण गर्न सकिने यस प्रकारका पूर्वाधारबाट कृषि क्षेत्रको विकासमा ठुलो सघाउ पुग्ने छ।

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक

हेलम्बुका सबै विद्यालयमा किचेन गार्डेन

विद्यालयमा नै स्वच्छ तरकारी उत्पादन गर्ने, विद्यार्थीलाई कृषि क्षेत्रको प्रयोगात्मक ज्ञान उपलब्ध गराउने र जंक फुड (बजारीया खाना) लाई निरुत्साहित गर्ने उद्देश्यले विद्यालय किचेन गार्डेनको कार्यक्रम सुरु गरिएको छ। विद्यालयहरूमा किचेन गार्डेनसहित दिवाखाजाको कार्यक्रम लागु भएपछि विद्यार्थीहरूले जङ्कफुड खानु पर्ने बाध्यता पनि हट्दै गएको छ।

गाउँपालिकाभित्रको ३४ वटा सामुदायिक विद्यालय र २ वटा निजी विद्यालयमा किचेन गार्डेन कार्यक्रम सञ्चालनमा रहेको छ। नर्सरी तथा तरकारी उत्पादन गर्न र यसको व्यवस्थापनको लागि कृषि शाखाबाट विद्यार्थीहरूलाई समूह निर्माण गरि तालिमको व्यवस्था गरिएको छ। अहिले किचेन गार्डेनमा गोलभेडा, भण्टा, बन्दा घिउसिमिलगायतका तरकारीहरू उत्पादन भइरहेको छ।

गतवर्ष गाउँपालिकाले विद्यालयहरूमा जङ्कफुडलाई प्रतिवन्ध गर्दै सबै विद्यालयहरूमा किचेन गार्डेन कार्यक्रमको लागि २१ लाख बजेट विनियोजन गरेको थियो। यस प्रकारका कार्यक्रमले विद्यार्थीहरूमा उद्यमशिलताको भावना, सीपको विकास गराउने मात्र नभई आफ्नै घरका अभिभावकका साथ कृषिमा लाग्नसमेत प्रेरणा मिल्ने अपेक्षा गाउँपालिकाले गरेको छ।

गोकुलगंगा गाउँपालिका, रामेछाप

गोकुलगंगाको पहिलो प्राथमिकता 'कृषि'

जमिन र हावापानीको विविधता रहेकोले गोकुलगंगा गाउँपालिकामा कृषिको विकासको क्षेत्रमा उल्लेख्य काम भई उपलब्धीहरू प्राप्त भएका छन्।

गाउँपालिकालाई कृषि क्षेत्रबाटै आत्मनिर्भर बनाउने उद्देश्यसहित कृषि र पशुपंक्षि गरी १८ वटा पकेट क्षेत्र घोषणा गरेको छ। गाउँपालिकाले हावापानी, उचाई, भौगोलिक अवस्थाअनुसार खेतीलाई विविधिकरण र प्राथमिकिकरण गरेको छ। हावापानी र माटोको बनावटअनुसार सम्भावना हेरी आलु, किबि, चिया, बाख्रापालन, ट्राउट माछा, चौरीगाई, जडीबुटी, अर्गेली, कुखुरापालन लगायतका कृषि पकेट क्षेत्रको रूपमा विकास गरिएको छ भने सम्वन्धित पकेट क्षेत्रमा आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरू समेत निर्माण गरिरहेको छ।

गाउँपालिकाले अहिलेसम्म कृषिमा करिब १२ करोड बजेट खर्च गरिसकेको छ। पकेट क्षेत्रमध्ये आलु, किबि, कुखुरा र बाख्रापालनबाट कृषकहरूले उत्पादन लिन थालिसकेका छन्। गाउँपालिकामा सुरु गरिएको १८ वटै पकेट क्षेत्रबाट पुर्ण क्षमतामा उत्पादन हुन सक्यो भने वार्षिक व्यवसायीक कृषि उपज थप हुने आँकलन गरिएको छ।

भूगोलअनुसार जहाँ जे सम्भावना छ त्यसैलाई प्राथमिकता दिएर केन्द्रित हुने गोकुलगंगाको यो प्रयासले स्थानीय आयआर्जन र खाद्य सुरक्षाको गयारेन्टी गर्न सहयोग पुग्ने छ भने राष्ट्रिय अर्थतन्त्रलाई पनि सुदृढ गर्न टेवा पुऱ्याउने छ।

बागमती गाउँपालिका, ललितपुर

बागमतीमा 'जनतासँग अध्यक्ष कार्यक्रम' लोकप्रिय

स्थानीय तहको निर्वाचन पछिको गाउँपालिकाको पहिलो गाउँसभाले नै 'जनतासँग अध्यक्ष' कार्यक्रम ल्याएर स्थानीय सरकारको अनुभूति स्थानीय नागरिकलाई दिइरहेको छ। यस कार्यक्रमबाट प्रत्येक्ष रूपमा करिब ३ हजार र अप्रत्येक्ष रूपमा करिब ७ हजार स्थानीय नागरिक लाभान्वित भएका छन्। यस कार्यक्रमको लागि गाउँपालिकाले अहिलेसम्म करिब १ करोड ३५ लाख रकम खर्च गरिसकेको छ।

यस कार्यक्रमले ५ रोपनीसम्म तरकारी फलफूल खेती गर्ने, बाख्रा, कुखुरा, गाई भैसीपालन गर्ने किसानलाई अनुदान दिएको छ। पशुपालन र कृषि व्यवसायका लागि बैंकबाट ऋण लिएका किसानलाई भने २ प्रतिशत व्याजमा अनुदान दिने, ५ ओटा दुनाहा भैसी पाल्ने किसानलाई ५० देखि ७५ हजार र पाँचवटा भन्दामाथि भैसी पालन गर्ने किसानलाई एक लाख रुपँयासम्म अनुदान दिने व्यवस्था गरेको छ। त्यस्तै पशु बीमाको लागि किसानले तिर्ने किस्ता रकममा ५० प्रतिशत अनुदान गाउँपालिकाले व्यहोरेको छ। यसको लागि अहिलेसम्म करिब १६ लाख रकम खर्च भैसकेको छ।

विदेशीबाट फर्केका युवाहरूलाई लक्षित गरी पशुपालन, तरकारी खेती गर्नेलाई ५० हजारदेखि २ लाखसम्म अनुदान दिने व्यवस्था गरेको

छ। हालसम्म ५ जनाले उक्त अनुदान पाइसकेका छन्।

प्रत्येक महिना गाउँपालिकाको सातवटै वडामा जनतासँग अध्यक्ष कार्यक्रमअन्तर्गत गाउँपालिकाले गरेका विकास निर्माण, सञ्चालित योजना र बजेट कार्यान्वयनका विषयमा स्थानीय नागरिकसँग अन्तक्रिया गरीने भएकाले जनतासँग अध्यक्ष कार्यक्रम प्रभावकारी बनेको गाउँपालिकाको दाबी रहेको छ।

मकवानपुरगढी गाउँपालिका, मकवानपुर

सार्वजनिक सहकारी साझेदारीमा दाना उद्योग सञ्चालन

गाउँपालिकाहरूले अन्तर सरकार साझेदारी र सार्वजनिक-निजी-सहकारी साझेदारीमा विभिन्न आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गरिरहेका छन्। मकवानपुरगढी गाउँपालिकाले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा विशिष्टिकृत सहकारीमार्फत स्थानीय कच्चा पदार्थमा आधारित पशुपंक्षीको दाना उद्योग सञ्चालन गरेको छ।

चालूपुँजी बाहेक करिब साढे ३ करोडको लगानीमा सञ्चालन गरिएको यस उद्योगले सुरुवाती चरणमा जिल्लाभरि दाना वितरण गर्ने र क्रमशः विस्तार गरी बाहिरी जिल्लामा समेत वजार विस्तार गर्ने उद्देश्य रहेको छ। हालसम्म नेपाल सरकारबाट १ करोड, प्रदेश सरकारबाट ३७ लाख, गाउँपालिकाबाट १ करोड १० लाख र सहकारीबाट १ करोड रकम लगानी भएको छ। हाल यस दाना उद्योगबाट प्रतिघण्टा २ हजार के.जी. दाना उत्पादन भैरहेको छ।

गाउँपालिकाभरिका १५ वटा दुग्ध उत्पादक सहकारी संस्थाहरूको विशिष्टिकृत सहकारी संघको रूपमा यो सहकारीले काम गरिरहेको छ र यो अभ्यास सम्भवतः नेपालमा पहिलो अभ्यास हो। सार्वजनिक-निजी-सहकारी साझेदारीमा गरिएको यो अभ्यासले आर्थिक क्रियाकलापमा वृद्धि हुनुका साथै अन्य गाउँपालिकाहरूको लागि समेत सिकाइ हुन सक्दछ।

मगंला गाउँपालिका, म्याग्दी

रसायनिक मल विस्थापन गर्न, मानव मलमुत्र संकलनमा सघाउँदै मंगला

विदेशबाट आयात गर्नुपर्ने रसायनिक मलमा भर पर्नुपर्ने तर समयमा मल आयात नहुँदा यस वर्षपनि किसानले सास्ती खेप्नु पऱ्यो भने मलको अभावमा धानको उत्पादनमा नै असर पऱ्यो। रसायनिक मलको विकल्पमा प्राङ्गारिक मल तथा औषधीको प्रयोग गरी अर्गानिक कृषि उपज उत्पादनमा सघाउँदैछ म्याग्दीको मंगला गाउँपालिकाले।

जैविक एवं प्राराङ्गिक मलको प्रयोगमा वृद्धि गर्दै अर्गानिक उत्पादनमा वृद्धि गर्न गाउँपालिकाले सुरुमा ३७ जना अगुवा कृषकलाई ५ दिनको प्राङ्गारिक मल निर्माण तालिम संचालन गऱ्यो। प्राङ्गारिक मल बनाउन प्रयोग गरिने मानवमुत्र संकलन गर्ने कार्य वडा नं. ५ मा रहको शिशु कल्याण मा.वि.बाट गरियो। विद्यालयका छात्र तथा शिक्षकको पिसाव संकलन गर्नका लागि ९५ हजारमा शौचालय निर्माणसमेत गरिएको थियो। विद्यालयमा संकलन गरिएको मानव मुत्रप्रति जर्किन २५ रूपैयाँमा विक्री गरेपछि अहिले मानव मुत्र संकलनको अभियान सुरू भएको छ।

तालिम प्राप्त कृषकहरूले घरघरमा संकलन गर्नुका साथै विद्यालयवाट ग्यासको सिलिण्डर साटे जस्तै गरि मानव मुत्र जर्किन साटेर लैजाने गर्दछन। संकलित पिसाव सुन्तला वगैंचा साथै तरकारीवाली र मकै बालीमा प्रयोग गरिएको छ। मानव मुत्रको प्रयोगले सुन्तला उत्पादनमा वृद्धि हुनुका साथै गुणस्तरीय भएको किसानहरूको भनाइ रहेको छ। गत वर्ष ७ लाखको सुन्तला विक्रि गरेका किसानले यस वर्ष घरवाटै १४ लाखको सुन्तला बिक्री गरेका छन्।

अहिल प्राङ्गाकि मल उत्पादन गर्ने र रसायनिक मल विस्थापन गर्ने अभियान अहिले गाउँपालिकाका सबै वस्तीमा अभियानकै रूपमा सुरु भएको छ। यस कार्यले एकातिर विदेशी रसायनिक मलको आयातलाई घटाउनेछ भने अर्कोतिर अर्गानिक कृषि उत्पादन सुरु भै स्वास्थ्यवर्धक खाद्यान्नका आपुर्ति हुनेछ। मंगला गाउँपालिकाको यो सानो अभ्यासको अनुसरण सबै स्थानीय सरकारले गर्ने हो भने अर्गानिक देश बनाउन लामो समय कुर्न पर्नेछैन।

खप्तड छान्ना गाउँपालिका, बझाङ्ग

आत्मनिर्भर बनाउदै माछापालन व्यवसायले

बझाङ्गको खप्तडछान्ना गाउँपालिकाले माछापालनलाई प्राथमिकतामा राखेको छ जुन कार्यलाई जिल्लाकै नमूनाको रूपमा लिने गरिएको छ। निरन्तर बग्ने सेती नदी र अन्य खोलामा माछा मारेर खाने गरिन्थ्यो तर ब्यबसायिक रूपमा यस अगाडि माछा पालन हुँदैनथ्यो।

गाउँपालिकाले आ.व. २०७४/७५ मा पालिकाको रु ४ लाख लागतमा २ वटा माछा पालन पोखरी निर्माण गरि नागरिकलाई हस्तान्तरण गरिएको थियो जसले किसानहरूमा सो व्यवसाय प्रति आकर्षण बढेकोले व्यवसायलाई निरन्तरता दिन अघिल्लो आ.व. मा रु ९ लाखको लागतमा ६ वटा माछा पोखरी निर्माण गरी निरन्तरता दिएको छ। अध्यक्ष बर्क रोकायाका अनुसार रोजगारका लागि बिदेश जानुपर्ने समस्यालाई सुल्झाउन केहि हदसम्म यो व्यवसायले सहयोग पुऱ्याएको छ। यो व्यवसायलाई अझ निरन्तरता दिन गाउँपालिकाले कृषकहरूलाई अनुदानका साथसाथै माछापालन व्यवसायलाई आधुनिकिकरण गर्न तालिमको व्यवस्था गर्ने रणनीति पनि लिएको छ।

माछापालन गरिरहेको पोखरीको आसपासमा पहिला गहुँ र धान मात्र लगाउने खेतहरूमा बन्दा, काउलीका साथै आलुलाई प्राथमिकता दिएको छ र यो बर्ष ४० क्विण्टल उत्पादन भएको थियो। आसपासमा फलफूलका बोटबिरुवाहरू रोपेर गाउँपालिका भित्र रोजगारीका अबसरहरू सिजना गरी प्रत्येक नागरिकहरूको प्रति व्यक्तिको आयमा बृदि गरि 'समृद्र छान्नाको आधार, ब्यवसायिक कृषि, पर्यटन र पूर्बाधार' भन्ने नारालाई पूरा गर्ने गाउँपालिकाको लक्ष्य रहेको छ।

मालिका गाउँपालिका, म्याग्दी

रोजगार गुमाएर फर्किएकालाई सहकारी मार्फत रोजगारी सिर्जना

कोरोना भाइरसको कारण देश तथा विदेशबाट रोजगार गुमाएर गाउँ फर्किएका युवाहरूलाई गाउँमा नै रोक्न र आयआर्जनमा लगाई स्वरोजगार बनाउनु अहिलेका स्थानीय सरकारमा चुनौती देखिएको छ। कालिका गाउँपालिकाले भने युवालाई कृषि पेशामा आकर्षित गर्न सहकारीमार्फत कृषिलाई प्रोत्साहन गर्दै रोजगारी सिर्जना गर्ने प्रयास गरिरहेको छ।

गाउँमा रहेका बेरोजगार युवाहरू तथा विभिन्न स्थानबाट रोजगारी गुमाएर फर्केका युवाहरूले मिलेर सञ्चालन गरेको सहकारीमार्फत गाउँपालिकाले विभिन्न गतिविधि सञ्चालन गरिरहेको छ। गाउपालिकामा नै सहकारी संस्थाको दर्ता तथा नियमन गरिरहेको छ। सामुहिक खेती र बाझो जमिन उपयोगलाई गाउँपालिकाले विशेष प्राथमिकता दिएको छ। **गाउँपालिकाकै सहजीकरणमा आत्मनिर्भर कृषि सहकारीले विभिन्न व्यक्तिका ५ सय रोपनी जग्गा भाडामा लिई खेती सुरु गरेको छ। सहकारीमार्फत र अन्य सामुहिक खेती गर्न चाहनेलाई प्रोत्साहन गर्ने नीति अनुरूप यो काम गरिएको हो।** यस कार्यलाई अझ विकसित गरी भूमी बैंककै अवधारणाअनुसार अगाडि बढाउने गाउँपालिकाको तयारी छ। उत्पादित वस्तु कृषि उपज संकलन केन्द्रमा संकलन गर्ने र बजारसम्म पुऱ्याउन गाउँपालिकाले ढुवानी अनुदान सहयोग गर्ने छ। सहकारी र सामुहिक खेतीलाई विशेष अभियानका साथ अगाडी लैजाने गाउँपालिकाको तयारी छ।

सियारी गाउँपालिका, रुपन्देही

सियारीको समृद्धिको आधारः माछा र केरा

'तपाईं समृद्धि चाहानुहुन्छ भने तपाईंसँग जे छ त्यही बेच्नुस्' भन्ने उक्तिलाई सियारी गाउँपालिकाले आत्मसाथ गरिरहेको छ। बढ्दो बेरोजगारी र गरिवीलाई न्युनिकरण गर्दै आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाले कृषिलाई नै समृद्धिको आधार बनाएको छ। सियारीका किसानले धान, गहुँ, मकै जस्ता नियमित हुने खाद्यान्न वालीको अलावा नगदे वालीबाट वर्षेनी करोडौ रकम भित्र्याउँदछन्।

माछा सुपर जोनः प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाबाट सियारीलाई माछा सुपर जोनको रूपमा विकास गरिएको छ। करिब ४ सय ३० हेक्टरमा माछा पोखरी निर्माण भएका छन् भने एक हेक्टरमा वार्षिक सरदर ६० क्वीण्टल माछा उत्पादन हुने गर्दछ। थोक मूल्यमा सरदर २ सय ५० प्रति केजीमा बिक्री गर्दा वार्षिक करिब ६० करोडको माछा निकासी हुनेछ। यहाँका माछाको मुख्य वजार काडमाडौ र पोखरा हुन्। गाउँपालिकाले माछा प्राविधिकको व्यवस्था गरिदिएको छ।

एक हेक्टरमा सरदर ३ हजार विरुवा हुन्छ र एउटा केराको घरीबाट वार्षिक सरदर ३ सयको उत्पादन हुन्छ। यही हिसाबबाट पनि वार्षिक झण्डै ९ करोडको बराबरको केरा निकासी भैरहेको छ।

केराः यहाँका किसानले १ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा व्यवसायिक रूपमा केरा खेती गरिरहेका छन्। एक हेक्टरमा सरदर ३ हजार विरुवा हुन्छ र एउटा केराको घरीबाट वार्षिक सरदर ३ सयको उत्पादन हुन्छ। यही हिसाबबाट पनि वार्षिक झण्डै ९ करोडको बराबरको केरा निकासी भैरहेको छ। केरा पकाउन, टिकाउन, गुणस्तर र स्वादिलो बनाउन किसान र गाउँपालिकाको साझेदारीमा ५५ लाखमा रेपिङ च्यम्बर (कोल्ड स्टोर) निर्माण भएको छ। केराखेतीको लागि आवश्यक पर्ने सिंचाईको सुविधा गाउँपालिकाले गरिदिएको छ।

करिब ४ सय ३० हेक्टरमा माछा पोखरी निर्माण भएका छन् भने एक हेक्टरमा वार्षिक सरदर ६० क्वीण्टल माछा उत्पादन हुने गर्दछ। थोक मूल्यमा सरदर २ सय ५० प्रति केजीमा बिक्री गर्दा वार्षिक करिब ६० करोडको माछा निकासी हुनेछ।

मौरीः यहाँ मौरी पालक कृषकको समूहहरू छन्। वार्षिक सरदर १ सय २० क्वीण्टल मह निकासी हुने गर्दछ जसको सरदर मूल्य ५५ लाख हुने अनुमान रहेको छ। मौरी पालनलाई व्यवसायिकता दिन गाउँपालिकाले प्याकिङ मेशिन, सिल मेशिन, ट्याग लगाउने मेशिन, स्टोरेज, मज छोडाउने मेशिन, मौरी घारहरू लगायतका कृषि सामाग्रीहरू उपलब्ध गराइहरहेको छ।

यसका अलावा दुध र तरकारी प्रशस्तरूपमा उत्पादन हुने गर्दछ। गाउँपालिका र किसानको ५०/५० प्रतिशत साझेदारीमा आवश्यक पर्ने कृषि औजारको व्यवस्थापन हुने गर्दछ भने सिंचाई सुविधा गाउँपालिकाले नै पुऱ्याउँदछ। युवा उद्यमीलाई कृषि व्यवसायमा आकर्षित गर्न बैकसँग बढीमा ४ प्रतिशत व्याजदरमा विना धितो ऋण दिन गाउँपालिकाले सम्झौता गरेको छ। गाउँपालिकाले कृषि क्षेत्रको लागि गत आ.व.मा करिब साढे दुई करोड खर्च गऱ्यो भने यो आ.व.को लागि ३ करोड विनियोजन गरेको छ।

तीन तहकै सरकारले कृषि क्षेत्रको प्रबर्द्धनमा सियारीमा दिइरहेको प्राथमिकताले देशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन सियारीका कृषककको ठुलो योगदान रहनेछ।

मोहन्याल गाउँपालिका, कैलाली

कृषिको उन्नतीमा कर्णालीलाई नै माथि तान्नुको विकल्प भएन

भित्री मधेश र पहाडको भूभाग मिलाएर बनेको कैलालीको मोहन्याल गाउँपालिकाले समृद्धिको आधार कृषिलाई बनाएको छ। गाउँपालिकाले 'अध्यक्ष कृषि आधुनिकिकरण कार्यक्रम'मार्फत व्यवसायिक रूपमा तरकारी खेती, पशुपालन र फलफूल खेतीमा कृषकलाई आकर्षित गरिरहेको छ।

सतह सिंचाईको सम्भावना नरहेको यो क्षेत्रमा गाउँपालिकाले कर्णालीको पानी लिफ्ट गरेर अढाइ सयदेखि तीन सय मिटरसम्मको उचाइमा सिंचाई पुऱ्याएको छ। हालसम्म ३ वटा लिफ्टिङका आयोजना सम्पन्न भएका छन् भने ८ वटा कार्यान्वयनको चरणमा छन् जुन यो आ.व.मा सम्पन्न हुँदैछ। ३ वटा योजनाको लागि २ करोड खर्च भएको। यी सबै आयोजना सम्पन्न गर्न करिब २० करोड लाग्ने अनुमान गाउँपालिकाले गरेको छ। कृषि क्षेत्रको विकासको लागि गाउँपालिकाले वार्षिक करिब ५ करोड खर्च गरिरहेको छ। फलफूल पकेट क्षेत्रमा पर्ने कृषकहरूले 'एक घर ८० बोट फलफूलका विरुवा' अभियान चलाएको छ। यस अभियानबाट ३६ हजार लिची, आँप, अनार जस्ता फलफूलका बिरुवा रोपिसकिएको छ। गाउँपालिका क्षेत्रको भु-बनोट र माटो परीक्षणको आधारमा फलफुल, तरकारी, अन्नको पकेट क्षेत्रको रूपमा विभाजन गरी व्यवसायिक रूपमा खेती गर्न सुरु गरेको छ। गाउँपालिकाले सिंचाई सुविधा पुऱ्याउने, प्राविधि जनशक्ति उपलब्ध गराउने र मल, बिऊ तथा विरुवामा अनुदान दिदै आएको छ। यहाँको उत्पादनको मुख्य वजारक्षेत्र लम्कीचुहा तथा चिसापानी हुन्।

कृषि क्षेत्रको अलावा यस गाउँपालिकाले ७५ प्रतिशत घरमा 'एक घर एक खानेपानी धारा' पुऱ्याइसको छ भने यस वर्षभित्रमा ३० कि.मि. सडक कालोपत्रे गर्ने योजना रहेको छ। बिद्युतीकरणको लागि केन्द्रिय प्रसारण लाइन नपुगेको यो गाउँपालिकामा १ करोड ४० लामा सौर्य उर्जाबाट २ सय २५ घरपरिवारमा बत्ती बालेको छ।

महाबु गाउँपालिका, दैलेख

महाबुको योजनाः युवालाई रोजगारी दिएर गाउँमै रोक्ने

महाबु गाउँपालिकाले कार्यविधि स्वीकृत गरी स्वरोजगार उन्मुख नयाँ कार्यक्रम कार्यान्वयन गर्दैछ। कोरोना महामारीबीच रोजगारी गुमाएर विदेशबाट फर्किएका युवाहरूलाई गाउँमै रोजगारी दिने योजना बनाएको छ।

गाउँपालिकाले विदेशबाट रोजगारी गुमाएर आएका २७ सय युवालाई गाउँमै रोकी रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ चालु आर्थिक बर्षमा संचालन हुने विकासका गतिविधिमा मेशिनरी सामान प्रयोगमा रोक लगाएर श्रम शक्तिबाट रोजगारी दिने योजना बनाएको हो। विकास निर्माणको काममा सम्बन्धित गाउकै युवाहरूको समिति बनाएर काममा लगाउने जस्ता योजना बनाएको छ। कृषि, पशुपालन, निर्माण योजनाहरूमा अनिवार्य रूपमा युवाहरूलाई परिचालन गर्ने रणनीति बनाएर काम सुरु गरेको छ। गाउँपालिकाले नीति बनाएर अध्यक्ष रोजगार कार्यक्रमसंगै प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममा युवा परिचालन गरेर गाउँमै रोक्ने तयार गरेको छ। कोरोना संक्रमण पालिकामा कम भएकोले दशै र तिहारकै वेलामा युवाहरूलाई विभिन्न रोजगारीका काम दिएर आम्दानीका स्रोत ब्यवस्थापन गर्ने तयारी गाउँपालिकाले गरेको छ। गाउँपालिकाको उक्त योजनाले गाउँमै रोजगारी पाइने भए पछि बेरोजगार युवाहरू खुसीका साथ 'आफ्नो गाउँ आफै बनाउने' र विदेशीको गुलामी हुनुपर्ने दिनको अन्त्य हुने विश्वास गरेका छन्।

पञ्चेश्वर गाउँपालीका, बैतडी

पञ्चेश्वरमा बहुउद्देश्यीय नमूना कृषि पाठशाला

बहुचर्चित पञ्चेश्वर परियोजना रहेको बैतडीको पञ्चेश्वर गाउँपालिका जिल्लाको दक्षिण पश्चिम भेगमा पर्दछ। गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धिका साथै यस क्षेत्रका कृषकहरूलाई कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गराउन बहुउद्देश्यीय कृषि पाठ्शाला सञ्चालनमा ल्याएको छ। करिब ३० प्रतिशत जमिनमा मात्र परम्परागत रूपमा धान र गहुँ बाली लगाइदै आएको र युवा जनशक्तिको पलायन र जंगली जनावरको आतँकको कारण बाँकी जमिन खाली रहेका थिए। गाउँपालिकामा जनप्रतिनिधिको वहालीसँगै बाझो जमिनको अधिकतम उपयोग गर्ने नीति तथा कार्यक्रमअनुसार वडा नं ६ को रेडिदेवलमा फलफूल खेती, तरकारी खेती तथा माछापालन व्यवसाय सञ्चालन गर्न कृषि पाठ्शाला सञ्चालनमा ल्याएको छ। अहिले करिब १०० रोपनी जग्गामा व्यवसायिक रूपमा गोलभेडा, प्याज, लसुन, आलु, खुर्सानी, भिण्डी, भण्टा, केरा, माछा, अनार जस्ता तरकारी, फलफूल तथा माछा लगाइएको छ। कृषि पाठ्शालामार्फत कृषि सम्बन्धी सीप, ज्ञान, प्रविधि र कृषि औजार उपलब्ध गराउँदछ।

हालसम्म संघीय र प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाले पाठशाला मार्फत करिब २ करोड लगानी गरिसकेको छ भने प्रत्यक्ष अप्रत्यक्ष रूपमा करिब ५ सय जनाले रोजगारी प्राप्त गरेका छन्। कृषिमा व्यवसायिकीकरण र आधुनिकीकरण गराइ स्थानीय रोजगारी वृद्धि गर्न र आन्तरिक आम्दानी वृद्धि गर्न पञ्चेश्वरको 'कृषि पाठ्शाला' को अभ्यास अनुकरणीय रहेको छ।

फेदीखोला गाउँपालिका, स्याङ्जा

अब सबै नागरिकको बैक खाता, मजदुरको ज्याला पनि खातामा

स्याङजाको फेदीखोला गाउँपालिकाले आफ्ना सबै नागरिकलाई बैंक तथा वित्तीय संस्थामा अनिवार्य रूपमा खाता खोल्न अभियान चलाएको छ। **'नागरिकता प्राप्त सबै नागरिकको अब कुनै न कुनै बैंक तथा वित्तीय संस्थामा खाता हुनेछ।'** गाउँपालिकाका अध्यक्ष घनश्यास सुवेदीका अनुसार हालसम्म करिब ७० प्रतिशत नागरिकले खाता खोलिसकेका छन् केही महिनाभित्र सबै नागरिकलाई बैंकको पहुँचमा पुऱ्याइसकिनेछ।

गाउँपालिका क्षेत्रमा रहेका ३ ओटा बैंक र चेकबाट कारोबार गर्ने सहकारीमा करिब १५ हजार नागरिकको खाता रहेको छ तर यो संख्यामा दोहोरोपना पनि रहेको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको बैंक खाता यस अघिनै खोलिसकेको छ। गाउँपालिकाले मजदुर सञ्चित कोषको अवधारणा लागु गरेको छ जहाँ दैनिक ज्यालादारी गर्ने मजदुरले पनि सार्वजनिक निर्माणमा श्रम गरे वापतको ज्याला बैंक खाताबाट मात्र भुक्तानी हुनेछ। **ठेक्काबाट होस् वा उपभोक्ता समितिमार्फत निर्माण गरिएको होस् अब मजदुरले पाउने ज्याला बैंक खातामा निकासा गर्नुपर्नेछ।** मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि अनुसार ज्यालाबाट प्राप्त रकम मध्ये १५ प्रतिशत अनिवार्य रूपमा खातामा नै जम्मा हुनेछ भने गाउँपालिकाले थप १५ प्रतिशत रकम जम्मा गरिदिन्छ। यसको लागि २० लाख रकम गाउँपालिकाले विनियोजन गरेको छ।

गाउँपालिकाको पहलमा ३८ ओटा टोलमा अप्टिकल फाइबर विछ्याइसकेको छ जसका कारण टेलिफोन र मोबाइलमा सबैको पहुँच स्थापित भइसकेको छ। सबै नागरिकलाई बैंक तथा वित्तीय संस्थाको पहुँचमा पुऱ्याउने नेपाल सरकारको लक्ष्य प्राप्त गर्न फेदीखोलाको यो प्रयास सबै स्थानीय सरकारको लागि अनुसरणयोग्य रहेको छ।

सुनापाती गाउँपालिका, रामेछाप

सुनापति गाउँपालिका कृषि प्रवर्द्धनमा जोड

सुनापति गाउँपालिकाले कृषिको प्रवर्द्धनमा जोड दिएको छ। व्यवसायिक रूपमा चिया खेतीको लागि वडा नं.२ र ३ मा सुनापति चिया विकास तथा विस्तार कार्यक्रम संचालन गरेको छ। यसको लागि सुनापति चिया विकास समिति गठन भई उक्त समितिमार्फत करिब २७ रोपनी क्षेत्रफलमा चियाको बिरुवा रोप्ने कार्य भइसकेको छ भने १० हजार रोपनीसम्म विस्तार गर्ने दिर्घकालिन सोच गाउँपलिकाको रहेको छ। हाल करिब ३ लाख विरुवाको नर्सरी पनि सोही समितिले तयार पारेको छ।

यो क्षेत्र पहिला केबल खाली जग्गा तथा झाडी र बुट्टानहरूले भरिएको थियो तर हाल चियाको बिरुवा रोपिँदा स्थलगत परिवेश नै रमणीय र आकर्षक भइसकेको छ। गाउँपालिकाले हालसम्म करिब ३१ लाख खर्च गरिसकेका छन्। ५ जनाले नियमित रोजगारी पनि पाइरहेका छन्।

गाउँपालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको समन्वयमा वडा नं ३ लाई किवीको व्यवसायिक उत्पादन केन्द्र (ब्लक) को रूपमा विकास गरिरहेको छ। करिब २ सय घरधुरीले २२ सय रोपनी क्षेत्रफलमा किवीको बिरुवा रोप्नका साथै कृषकहरूलाई किवीको लागि सिंचाईको प्लाष्टिक पोखरी ७४ ओटा, ५०० ओटा थाक्रा (आरसिसि पिलर), २ वटा सिमेन्टेड पोखरी, ३० रोल सिंचाइको लागि पोलिथिन पाइप, १०० थान पिक, साबेल जस्ता सामग्री उपलब्ध गराएको छ।

यसैगरी वडा नं २ मा अग्लेश्वरी मल्टीप्रोडक्सन प्रा.लि. ले करिब १५ हेक्टर क्षेत्रफलमा किवी वगान विस्तार र करिब १ हेक्टर क्षेत्रफलमा किवी बिरुवाको नर्सरी विस्तार गरिरहेको छ। यसको लागि संघीय सरकारबाट ५२ लाखको लागत साझेदारी रहेको छ।

विगु गाउँपालिका, दोलखा

बौद्धमार्गीको १२ गन्तव्य मध्ये 'लप्ची गुम्बा' मा पदमार्ग निर्माण

तिब्बतीयन बौद्धमार्गीहरूले हरेक वर्ष एउटा गन्तव्यमा पुग्नु पर्ने मान्यता राख्छन्। संसारमा भएको १२ गन्तव्य मध्येको एक लप्ची गुम्बा हो, जुन दोलखाको उत्तरी क्षेत्रमा रहेको विगु गाउँपालिका वडा नं. १ मा रहेको छ। गाउँपालिकाले सोही धार्मिक पर्यटकीयस्थल लप्ची गुम्बामा पुग्न करिब ७८ लाख वजेटमा १५ कि.मि. पदमार्ग निर्माण गरेको छ।

चिनसँगको सिमानामा रहेको लप्ची गुम्बामा पर्यटकहरूलाई सहज आवागमनको लागि पदमार्ग निर्माण गरिएको हो। लामाबगरस्थित माथिल्लो तामाकोशी आयोजनास्थल देखि लुम्नाङसम्म पुग्ने पदमार्ग निर्माणले आन्तरिक एवं वाह्य पर्यटकलाई आवागमनमा सहज हुने र लप्चीको साँस्कृतिक महत्वमा थप वृद्धि हुने अपेक्षा गाउँपालिकाले लिएको छ। तिब्बतीयन पात्रोअनुसार १२ वर्षमा राशी परिवर्तन हुन्छ। हरेक वर्ष विशेष वर्षकै रूपमा बौद्धमार्गीहरूले मनाउने गर्छन्। त्यसमध्येको भेडा वर्षमा लप्चीमा कुम्भ मेला नै लाग्ने गरेको छ। यसलाई परम्परागत रूपमा मिलारेपा शान्ति पूजा (भुमछोक) पनि भनिन्छ। तिब्बतीयन बौद्ध धर्मका महाकविका रूपमा चिनिने मिलारेपाको जन्मोत्सवको अवसरमा यो भुमछोक सुरु हुन्छ।

लप्चीमा रहेको छ्योरागेफेलिङ गुम्बामा विशेष पूजा हुने गरेको छ। यो एक महिनासम्म विशेष पूजा भए तापनि तीर्थायात्रीहरूका लागि विशेष मेला वर्षभरि नै लाग्छ। मेला भर्नका लागि तिब्बतीयन, ताइवानी लगायतका विदेशीहरू पनि आउँछन्। सडकले नछोएको यस भेगका जनता व्यपारको लागि तिब्बत जाने गर्दछन्।

बर्दगोरिया गाउँपालिका, कैलाली

प्रदेश सरकारसँगको साझेदारीमा कृषि हाटबजार

हाटवजार पुर्वी पहाड र तराई क्षेत्रमा स्थानीय उत्पादनको मुख्य कारोवार हुने स्थल हो। किसान तथा उद्यमीहरूले आफूले उत्पादन गरेको सामग्री हाट बजारमा बिक्री गर्न लैजान्छन् र आफूलाई आवश्यक सामानहरू हाटबजारबाट नै खरिद गरेर लैजान्छन्। कैलालीको बर्दगोरिया गाउँपालिकाले यिनै हाटबजारलाई व्यवस्थित बनाईदिएर कृषक तथा उद्यमी र खरिदकर्ताहरूको लागि सहज पारिदिएको छ।

स्वस्थ र ताजा कृषिजन्य उत्पादन गर्ने, उत्पादित तरकारी तथा फलफुल र अन्न सहज रूपमा उपभोक्तासम्म पुऱ्याउनुका साथै कृषि उत्पादनलाई व्यवसायिक बनाउन हाटवजार जस्ता पूर्वाधार प्रभावकारी बनेको छ। हाटवजारलाई व्यवस्थित बनाउनका लागि कारोवार गर्न आउने व्यापारी तथा कृषकहरूसँग प्रति स्टल प्रति दिन २५ रूपैया संकलन गर्नुका साथै प्रत्येक हप्तामा २ पटक आइतबार र विहीबार हाटवजार संचालन गर्ने गरिन्छ।

हाल तरकारी खेती गर्ने कृषकको संख्या बढ्नुका साथसाथै स्वरोजगारीमा पनि वृद्धि हुँदै गएको पाइन्छ। भौतिक संरचना निर्माणको लागि प्रदेश सरकारको १५ लाख र गाउँपालिकाको २ लाख लगानी भएको छ। हाटबजार दिगो बनाउनका लागि गाउँपालिकाले विभिन्न कृषि पकेट क्षेत्र तोकेको छ। वडा नं ५ र ६ लाई तरकारी, वडा नं. ४ लाई दाल, वडा नं. ३ लाई मकै र वडा नं. १ र २ लाई गहुँ र धान बालीको पकेट क्षेत्र तोकेको छ। गाउँपालिकाले कृषि क्षेत्रको विकासको लागि अघिल्लो आ.व.मा ५० लाख बिनियोजन गरेको थियो भने आ.व.मा ८० लाख बिनियोजन गरेको छ।

नौगाड गाउँपालीका, दार्चुला

दुर्गम गाउँ दल्लेखमा 'एकिकृत कृषि कार्यक्रम'

नौगाड गाउँपालिकाले भर्खरै सडक सन्जालसँग जोडिएको दुर्गम गाउँ दल्लेकलाई तरकारी पकेट क्षेत्र तथा कृषि नमुना गाउँको रूपमा विकास गर्दैछ। दल्लेक गाउँका कृषकहरूलाई कृषक समुहमा आबद्ध गरी एकिकृत कृषि कार्यक्रम सुरु गरेको छ।

५० लाख भन्दा बढी लगानीमा ३८ वटा प्लास्टिक टनेलमा तरकारी खेती सुरु गरिएको छ भने यसको अतिरिक्त पशु बिमा, वाली बिमा, भकारो सुधार, स्वच्छ खानेपानी तथा सरसफाई र पोषण प्रबर्द्धन, सहकारीमा आवद्धता जस्ता एकिकृत कार्यक्रमहरू संचालनमा रहेका छन्। वर्षौ देखि कृषकहरूले उत्पादन गरेको तरकारी तथा कृषि उपजले बजार नपाउने समस्या भोगिरहेका कृषकहरूले उत्पादन गरेको तरकारी संकलन भण्डार र बजारीकरणका लागि रु ३५ लाखको लगानीमा कोल्डस्टोर (चिस्यान घर) को निर्माण कार्य सम्पन्न गरेको छ। यस क्षेत्रमा उत्पादित तरकारी तथा कृषि उपजलाई दार्चुला सदमुकाम गोकुलेश्वर बजारसम्म पठाउने संयन्त्र तयार गरी कृषकहरूको उत्पादनलाई सहजै बजारसम्म पुऱ्याउने कार्य गरिएको छ।

नौगाढको समृद्धिको लागि कृषि क्षेत्रको विकास गर्नुको विकल्प नरहेको यस क्षेत्रमा गाउँपालिकाले सुरु गरेको यो अभियानलाई गाउँपालिकाको सबै क्षेत्रमा विस्तार गर्न जरुरी छ।

बेनिघाट रोराङ्ग गाउँपालिका, धादिंग

उद्योग तथा व्यवसाय प्रबर्द्धनमा बेनिघाटको प्रयास

बेनिघाट रोराङ्ग गाउँपालिकाले नागरिकको आर्थिक अवस्था सुधार गर्न उद्योग, वाणिज्य र सहकारीको क्षेत्रमा जोड दिएको छ। गाउँपालिकाको औद्योगिक व्यापारिक सम्भावनाको आधारमा मुख्य गरि कृषि फर्म, होटल तथा खाजा घर, व्यापारिक फर्म, ममर्त केन्द्रहरू पर्यटकीय व्यवसायीहरूलाई प्रवर्दन गरेको छ।

गाउँपालिकाले सहकारी ऐन २०७४, कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६, व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि २०७६, बजार अनुगमन निर्देशिका २०७४ जस्ता कानुनी प्रबन्ध गरिसकेको छ। गाउँपालिकामा हालसम्म लघु घरेलु तथा साना उद्योग ३ सय १२ र व्यापारिक फर्म ३१७ गरी कुल ६२९ दर्ता भएका छन्। गाउँपालिका क्षेत्रका व्यवसायीलाई दर्ता र करको दायरमा दश जना विवरण संकलक परिचालन गरि व्यवसाय दर्ता अभियान सञ्चालन गरेको छ भने तत्काल कुनै कर, शुल्क तथा दस्तुरमा वृद्धि गरिएको छैन।

यसैगरी सहकारी संस्थाहरूको संस्थागत क्षमता विकास गर्न सहकारी संस्थाहरू एकापसमा गाभिने (मर्जर) अवधारणा लागु गर्न सहकारीहरूको प्रोफाईल अद्यावधिक, कार्यक्रम तर्जुमा सम्बन्धि अभिमुखिकरण, गोष्ठि र छलफल कार्यक्रम संचालन गरिरहेको छ। अधिकांश सहकारी संस्थाहरूले गाउँपीलकाको सहकारी ऐनबमोजिम विनियम संशोधन पनि गरेका छन्।

गाउँपालिकाको सहजीकरणमा देशकै ठुलो सिमेन्ट उद्योग हुवासिक सिमेन्ट उद्योग निर्माण भैरहको छ भने एसिसि लाईट ब्लकसहित ग्यास कम्पनी ४ ओटा, खानी उद्योग ४ ओटा, पर्यटकीय होटलहरू ५, पेट्रोल पम्प ४ सहित करिब २ हजार भन्दा बढी उद्योग व्यवसायहरू यस क्षेत्रमा सञ्चालमा छन्।

उद्योग, व्यवसाय क्षेत्रमा गाउँपालिकाले गरिरहेको नीतिगत तथा कार्यक्रमगत प्रयासले युवा उद्यमी तथा व्यवसायीहरूलाई आकिर्षत गरेको छ। सहकारी, साना व्यवसायी तथा लघु, घरेलु तथा साना उद्योगहरूको नियमन स्थानीय सरकारमा आएपछि बेनिघाटले जस्तै सबै स्थानीय सरकारले कार्यान्वयनमा जोड गर्नुपर्ने हुन्छ।

हिमाली गाउँपालिका, बाजुरा

खाद्य सुरक्षाका लागि बृक्षारोपण

दुर्गम जिल्ला बाजुराको हिमाली गाउँपालिकाले खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रम सञ्चालन गरिरहेको छ। गाउँपालिकाले 'खाद्य सुरक्षा बृक्षारोपण कार्यविधी २०७६' जारी गरी प्रतिव्यक्तिले ५ ओटा बिरुवा रोपेर स्याहार गर्नुपर्नेछ। त्यस वापत गाउँपालिकाले बार्षिक प्रतिबिरुवा ५ केजी चामल दिने व्यवस्था गरेको छ।

५ व्यक्ति सदस्य रहेका परिवारलाई एक परिवार मान्ने र ५ भन्दा धेरै व्यक्ति सदस्य रहेका परिवारलाई प्रतिव्यक्ति ४ ओटा बिरुवा रोपेर संरक्षण गर्नुपर्ने व्यवस्था गरको छ। गत आर्थिक बर्षमा ७८ हजार ८ सय बिरुवा रोपिएको मध्ये ५९ हजार १ सय फलफूलका र १९ हजार ७ सय जंगली प्रजातिका बिरुवा रहेका छन्।

यस कार्यक्रमले तत्कालका लागि खाद्य सुरक्षाको प्रत्याभूति गर्ने र कालान्तरमा फलफूलजन्य वस्तुको उत्पादन बढाउने विश्वास गाउँपालिकाको रहेको छ। साथै जंगली प्रजातिका रुख बिरुवा हुर्किएर वातावरण संरक्षणमा समेत टेवा पुग्ने गाउँपालिकाको विश्वास रहेको छ।

सरावल गाउँपालिका, नवलपरासी

कृषकमुखी बन्दै सरावल गाउँपालिका

पश्चिम नवलपरासीको सरावल गाउँपालिकाले कृषि क्षेत्रको उन्नयनमा आकर्षक कार्यक्रम घोषणा गरेको छ जहाँ कृषि उत्पादनको क्षेत्रमा अनुदान नै अनुदानका कार्यक्रम संचालन गरेको छ। पालिकाले बाढी तथा डुबान प्रभावित कृषकहरूलाई ७५ प्रतिशत अनुदानमा उन्नत गहुँको बिउ उपलब्ध गराउदै छ।

यसअघि ५० प्रतिशत अनुदान दिने सूचना प्रकाशन गरेको पालिकाको कार्यपालिका तथा तथा विपद् व्यवस्थापन समितिको बैठकले अविरल वर्षाका कारण बाढी तथा डुबानबाट प्रभावित वडा नम्बर ५, ६ र ७ को हजारौँ बिघामा लगाइएको धान नष्ट भएपछि २५ प्रतिशत अनुदान थप गरी ७५ प्रतिशत बनाएको हो। 'राहत स्वरूप अनुदान थप भएको हो', पालिका अध्यक्ष राधेश्याम चौधरीले भन्नुभयो।

व्यावसायिक कृषि खेतीतर्फ कृषकहरूलाई आकर्षित गर्न गाउँपालिकाले किसानहरूलाई विभिन्न सरसामग्री उपलब्ध गराउँदै आएको छ। कृषिमा आधुनिकीरण गर्दै किसानहरूको जीवनस्तर माथि उकास्न गाउँपालिकाले अनुदानमा विभिन्न कृषि यन्त्र र मलखाद, बिउबिजनहरू उपलब्ध गराउँदै आएको छ। ग्रामीण क्षेत्र रहेको यो पालिका पूर्व-पश्चिम लोकमार्गदेखि भारतसँग जोडिएको जिल्लाको एक मात्र पालिका हो। यहाँको मुख्य पेसा कृषि रहेको छ। किसानहरूलाई पम्परागत खेतीभन्दा व्यावसायिक खेती गर्न उत्प्रेरणा जगाउन पालिकाले अनुदानका कार्यक्रम संचालन गर्दै आएको चौधरीको भनाइ छ। यहाँका किसानहरूले धान, गहुँ, मकै, तोरी, तरकारी खेतीका साथै माछा, कुखुरा, गाइभैंसी, बाख्रा पालेर जीविकोपार्जन गर्दै आएका छन्।

द्रिपुङ गाउँपालिका, खोटाङ

बिउबिजन बैंक खाल्दै खोटाङको द्रिपुङ

किसानलाई आवश्यक पर्ने बिउबिजनको लागि वर्षैसाल तराइ र अन्य जिल्लामा भर पर्नुपर्ने बाध्यतालाई मनन् गर्दै खोटाङको दिप्रुङ चुइचुम्मा गाउँपालिकाले 'बिउबिजन बैंक' सञ्चालन गर्ने तयारी थालेको छ। किसानले चाहेको समय अन्न, तरकारी तथा फलफूललगायतको आवश्यक बिउबिजन उपलब्ध गराउने लक्ष्यसहित गाउँपालिकाले कृषि सहकारीमार्फत बिउबिजन बैंक सञ्चालन गर्ने तयारी थालेको हो।

अन्यत्रबाट ल्याइएका कतिपय बिउ नउम्रिने, उम्रे पनि फल नदिने, नसप्रनेजस्ता समस्या देखिएकाले आफ्नै ठाउँमा उत्पादन भएका बिउलाई संकलन र भण्डार गर्ने तथा किसानलाई बिक्री गर्ने व्यवस्था गर्न लागिएको गाउँपालिकाले जनाएको छ। मकै, धान, गहुँ, जौ, आलु, तरकारी, प्याज, फलफूललगायतको बिउबिजन बैंक स्थापनाका लागि गाउँपालिकाले चालू आर्थिक वर्ष नीति तथा कार्यक्रम नै पारित गरेको थियो। गाउँपालिकाभित्र बिउबिजन बैंक सञ्चालन गर्दा बिउ खरिदका क्रममा बाहिरिने रकमलाई गाउँमै रोक्न सकिने गाउँपालिकाका अध्यक्ष भुपेन्द्र राईले दाबी गर्नुभयो।

कृषि सहकारीमार्फत चालू आर्थिक वर्षदेखि नै किसानलाई बिउ उपलब्ध गराउने गाउँपालिकाको तयारी छ। बिउबिजन बैंक सञ्चालनका लागि गाउँपालिकाले ४ कृषि सहकारीसँग सम्झौता गरेको छ। बिउबिजन बैंक सञ्चालन गर्दा स्थानीय रैथाने जातका अन्नको संरक्षणमा टेवा पुग्ने छ। कृषि सहकारीले बैंकमार्फत किसानलाई हाइब्रिड बिउसमेत उपलब्ध गराउने व्यवस्था मिलाउने तयारी छ। गत वर्ष किसानलाई मकैको बिउ वितरण गर्ने क्रममा नपाएपछि गाउँपालिकाले बिउ बैंक सञ्चालन गर्ने रणनीति सार्वजनिक गरेको थियो।

विषय क्षेत्र ५

वन, वातावरण र विपद व्यवस्थापन क्षेत्र

संविधानले स्थानीय सरकारलाई वन, वातावरण र विपद् व्यवस्थापनको क्षेत्रमा केही अधिकारहरू दिएको छ। हुन त अन्य क्षेत्रको तुलनामा यो क्षेत्रमा दिइएको अधिकार सीमित मात्र रहेको देखिन्छ। स्थानीय विपद् व्यवस्थान गर्ने र जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण मात्र गर्ने जस्ता केही सौन्दर्यजन्य अधिकारहरू स्थानीय सरकारमा रहेका छन्।

गाउँपालिकाहरूबाट सम्पादन भएका कार्यहरूको अध्ययन गर्दा स्थानीय विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिएको देखिन्छ भने जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण जस्ता क्षेत्रमा गरिएको काम सीमित मात्र रहेको छ। गाउँपालिकाहरू स्थानीय विपद् व्यवस्थापनमा भने आफूलाई खरो रूपमा उतारेका छन्। स्थानीयस्तरमा भएका जुनसुकै विपद्को सबैभन्दा नजिकको सरकारको नाताले उद्दार, राहत र पुर्नस्थापनाको नेतृत्व स्थानीय सरकारले गरिरहेका छन्। अधिकांश गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन ऐन, नियमावली तथा कार्यविधि जारी गरेका छन् र सरोकारवालाहरूको समेत सहभागितामा स्थानीय विपद् व्यवस्थापन समितिलाई सकृया गराएका छन्। धेरै गाउँपालिकाहरूले स्थानीय विपद् व्यवस्थापन योजना तयार पारिसकेका छन् भने अधिकांशले बेग्लै स्थानीय विपद् व्यवस्थापन कोष खडा गरी श्रोतसाधनको प्रबन्ध गरिरहेका छन्। जिल्ला तथा केन्द्रिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, संघ/संस्थाहरूसँग नियमित समन्वय गरी कुनै पनि विपद्को तत्काल व्यवस्थापन गर्न सक्षम रहेका छन्।

जनप्रतिनिधि बहाल हुँदैगर्दा २०७२ सालको महाविनासकारी भुकम्पमा परी क्षती भएका निजी आवास तथा सार्वजनिक संरचनाको बामे सर्दै गरेको पुर्ननिर्माणको कार्यलाई तिब्रता दिनु पर्ने चुनौती थियो। तीन वर्षको कार्यअवधिको समिक्षा गर्दा मुख्य प्रभावित १२ वटा जिल्ला (१४ मध्ये काठमाडौ र भक्तपुरमा गाउँपालिका छैनन्) रहेकोमा निजी आवास पुर्ननिर्माणमा सबै जिल्लामा गाउँपालिकाले नै अग्रता लिएका छन्। त्रिपुरासुन्दरी गाउँपालिका (सिन्धुपाल्चोक) ले ९२.१९ प्रतिशत निजी आवास पुर्ननिर्माण सम्पन्न गरिसक्यो भने कालिञ्चोक (दोलखा) ले ९२.१६ प्रतिशत र अजिरकोट (गोरखा) ले ९१.४९ प्रतिशत निजी आवास पुर्ननिर्माण सम्पन्न गरेका छन्।

वातावरण मैत्री स्थानीय शासन अवलम्बन गर्ने, जलाधार, जैविक विविधता र वन्यजन्तुको संरक्षणमा पनि गाउँपालिकाहरूले केही न केही गतिविधिहरू गरिरहेका छन्। सामुदायिक र कवुलियती वनलाई नागरिकको आयआर्जनसँग जोड्न पाणिनी गाउँपालिका (अर्घाखाँची) ले ४ लाख तेजपत्ता र हाडे ओखरका विरुवा रोप्ने काम गऱ्यो भने सन्दकपुर (इलाम) मा रेडपाण्डा प्रजनन् केन्द्र स्थापना गरेको छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारीको असर नेपालमा समेत परिरहेको छ। संविधानत् सरुवा रोग सम्बन्धी एकल अधिकार संघीय सरकारकोमा रहेको छ। तर पनि कुनै पनि स्थानीय सरकारले यो क्षेत्र मेरो होइन भनेर कहिल्यै भनेन् र अघिल्लो पंक्तिमा रहेर नै यसको सामना गरिरहेका छन्। कोभिड १९ को नियन्त्रणमा खेलेको भूमिकाको सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री र सिँगो संघीय संसद्ले समेत प्रशंसा गरेका छन्। कोभिडसम्बन्धी सचेतना फैलाउने, बाहिरबाट आउनेको लागि क्वारिण्टिनको व्यवस्थापन, स्वास्थ्य सामाग्रीको व्यवस्थापन र वितरण, दैनिक ज्यालादारी गर्ने तथा विपन्न नागरिकलाई राहत वितरण पहिलो चरणमा तदारुकताकासाथ सम्पादन गरे। पछिल्लो समयमा संक्रमितहरूको लागि आइसोलेशन व्यवस्थापन, कन्ट्रयाक्ट ट्रेसिङ, विदेशबाट आउनेलाई एयरपोर्ट देखि गाउँसम्म लैजाने र नियमानुसार क्वारेण्टिनमा राख्ने जस्ता कामहरू समेत स्थानीय सरकारले नै सम्पादन गरिरहेका छन्। यो सामाग्री तयार पारुन्जेलसम्म गाउँपालिकाका ३९ जना अध्यक्ष र उपाध्यक्ष आफै संक्रमित हुनुभएको छ। संक्रमित हुने गाउँपालिकाका सबे जनप्रतिनिधिहरूको संख्या १३० भन्दा बढी पुगेको छ। यसरी तीन तहकै सरकारले संयुक्त रूपमा लडिरहेको कोरोना भाइरस विरुद्धको युद्धमा अग्रमोर्चामा स्थानीय सरकारनै रहेका छन्। कोभिड १९ प्रातिकार्यको लागि स्थानीय सरकारका प्रयासहरू तथा अन्तर सरकार समन्वय के कस्ता रहे भन्ने सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालले स्वतन्त्र अनुसन्धानकर्ताबाट सात वटै प्रदेशका २ गाउँपालिका र १ नगरपालिका गरी २१ वटा स्थानीय सरकारमा संक्षिप्त अध्ययन गरिएको थियो। यस भागमा सोही अध्ययनबाट प्राप्त निश्कर्षहरूलाई संक्षिप्त रूपमा समावेश गरिएको छ।

वन, वातावरण र विपद् व्यवस्थापनको क्षेत्रमा यी र यस्तै केही असल र अनुकरणीय कार्यहरूलाई यो परिच्छेदमा समावेश गरेका छौं। प्रस्तुत कार्यले दिगो विकासका लक्षहरू (SDG) मध्ये जलवायु परिवर्तन अनुकुलन योजना (SDG-13), स्थलीय पर्यावरणको संरक्षण, वनको दिगो व्यवस्थापन तथा जैविक विविधताको व्यवस्थापन (SDG-15) जस्ता लक्ष्यहरू प्राप्त गर्न राज्यलाई सघाउ पुऱ्याएरहेका छन्।

संयुक्त

निजी आवास पुनर्निर्माणमा गाउँपालिकाहरू अगाडि

२०७२ को भुकम्पका कारण क्षेति भएको निजी आवास पुर्ननिर्माणमा गाउँपालिकाहरू अगाडि देखिएका छन्। सबैभन्दा बढी क्षति पुऱ्याएको १४ ओटा जिल्ला मध्ये गाउँपालिका रहेका १२ ओटा जिल्लामा नै पुननिर्माण प्रगति गाउँपालिकामा बढी देखिएको छ भने २ जिल्ला (काठमाडौं र भक्तपुर) मा गाउँपालिका छैनन्।

राष्ट्रिय पुननिर्माण प्राधिकरणको २०७७ आषाढ मसान्तसम्मको तथ्याङ्क हेर्दा सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका निजी आवास निर्माणमा अग्रणी रहेको छ। जहाँ ९२.१९ प्रतिशत घरधुरीले निजी आवास निर्माण सम्पन्न गरी अन्तिम किस्ता बुझिसकेका छन्। दोश्रो स्थानमा दोलखाको कालिन्चोक गाउँपालिका रहेको जसले ९२.१६ प्रतिशत निजी आवास निर्माण सम्पन्न गरेको छ।

निर्वाचित जनप्रतिनिधि वहालसँगै भुकम्पबाट क्षति भएका निजी तथा सार्वजनिक पूर्वाधारहरूको पुननिर्माण सम्पन्न गर्नु चुनौती रहेको थियो तर कोरोना भाइरस महामारीको कारण पुननिर्माण केही पर धकेलिने देखिन्छ।

निजी आवास पुननिर्माणमा जिल्लागत रूपमा सबैभन्दा बढी प्रगति देखिएका गाउँपालिकाहरू

क्र. सं.	जिल्ला	गाउँपालिका/ नगरपालिका	पुननिर्माण सम्पन्न (प्रतिशत)
१	सिन्धुपाल्चोक	त्रिपुरासुन्दरी गाउँपालिका	९२.१९
२	दोलखा	कालिन्चोक गाउँपालिका	९२.१६
३	गोरखा	अजिरकोट गाउँपालिका	९१.४९
४	नुवाकोट	दुप्चेश्वर गाउँपालिका	९०.९३
५	धादिङ	गंगाजमुना गाउँपालिका	९०.०८
६	मरसुवा	नौकुण्ड गाउँपालिका	८९.६४
७	ओखलुढुंगा	लिखु गाउँपालिका	८५.६५
८	काभ्रेपलान्चोक	भुम्लु गाउँपालिका	८१.५२
९	रामेछाप	गोकुलगँगा गाउँपालिका	७८.५७
१०	ललितपुर	महाँकाल गाउँपालिका	६९.८९
११	सिन्धुली	गोलञ्जोर गाउँपालिका	६९.६८
१२	मकवानपुर	इन्द्रसरोवर गाउँपालिका	५७.६१

राक्सिराङ गाउँपालिका, मकवानपुर

विपद्मा पुर्व तयारीः राक्सिराङका सबै वडामा हेलिप्याड

राक्सिराङ गाउँपालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेको छ। मकवानपुर जिल्लाको विकट र सडक सञ्जालसँग नजोडिएको गाउँपालिकामा प्राकृतिक तथा अन्य विपद पर्दा तत्काल उद्दार र राहतमा सहयोग पुग्ने उद्देश्यका साथ हेलिप्याड निर्माण गरेको हो।

गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट ९ वटा वडाको लागि करिब ५ लाख रकम खर्च गरेको छ। सबै वडाको लागि ५०/५० हजार रकम विनियोजन गरेकोमा वडा नं. ४ बिकट र बढी जमिन खार्नुपर्ने भएकाले १ लाख खर्च लागेको छ। गर्भवती महिलाई तत्काल सुत्केरी गराउनु पर्दा वा बिरामी र घाइतको उद्दार गरी अस्पतालसम्म लैजान सडक अभावको कारण अकालमै मृत्यु हुँदै आएकोमा हेलिप्याड

निर्माणपछि उद्दार र राहतमा सहयोग पुगेको छ।

विपद् व्यवस्थापनको लागि गाउँपालिकाले विपद व्यवस्थापन ऐन जारी गरेको छ भने ऐनले तोकेका संस्थागत संरचनालाई कृयाशिल गराएको छ। विपद व्यवस्थापन कोषमा वार्षिक रकम जम्मा गरी सोही कोषबाट कार्यविधिबमोजिम अत्यावश्यक कार्यमा खर्च गर्ने गरिएको छ।

सन्दकपुर गाउँपालिका, इलाम

सन्दकपुरमा रेडपाण्डा प्रजनन् केन्द्र स्थापना

रेडपाण्डा विश्वमै लोपोन्मुख वन्यजन्तुमा पर्दछ। संविधानले स्थानीय सरकारलाई वन्यजन्तुको संरक्षणको समेत जिम्मेवारी दिएको छ। रेडपाण्डाको संरक्षण र वृद्धिको लागि गाउँपालिकाले रेडपाण्डा प्रजनन् केन्द्र स्थापना गर्न डिपिआर तयार गरी सोही बमोजिमको पूर्वाधार निर्माण गरिरहेको छ।

सो केन्द्रको स्थापनाका लागि गाउँपालिकाको माइपोखरी, माइमझवा र सुलुबुङको सीमाक्षेत्रमा पर्ने टप्पु भन्ने ठाउँलाई छनोट गरिएको छ। उक्त क्षेत्रमा पोखरी निर्माण, रेडपाण्डाले खाने प्रजातिका बोटबिरुवाहरूको रोपण कार्य भइरहेको छ। यस कार्यको लागि त्यस क्षेत्रमा रहेका जलबिद्युत आयोजनाहरू, रेडपाण्डा नेटवर्क र स्थानीय नागरिकसँग समन्वय र लागत साझेदारीमा कार्य भैरहेको छ।

माइपोखरी पहाडी जिल्लाको पहिलो रामसार सूचीमा सन् २००८ मा सूचिकृत प्रदेश १ कै एकमात्र सिमसार क्षेत्र हो। गाउँपालिकाले यस क्षेत्रको संरक्षण एवं प्रबर्द्धन गर्न सरोकारवाला संघीय निकायहरूसँगको समन्वयमा स्थानीय रैथाने जातका बोटबिरुवाहरूको संरक्षण र विकासको लागि नर्सरी निर्माण साथै पानीको वहाव क्षेत्र विकास गर्न वृक्षरोपण कार्य गरिरहेको छ। यस कामसँगै समानान्तर रूपमा अर्कातिर वन्यजन्तु र जंगल वृद्धि विकास तथा संरक्षणको लागि पोखरीहरू निर्माण गरिरहेको छ। उल्लेखित सम्पूर्ण कार्य गर्नको लागि गाउँपालिका र साझेदार संस्थाहरूले ५१ लाख खर्च गरेका छन्। जलाधार र वन्यजन्तु संरक्षणको क्षेत्रमा अन्तर सरकार साझेदारीमा सन्दकपुरले गरेको यो अभ्यास महत्वपूर्ण मानिएको छ।

गुराँस गाउँपालिका, दैलेख

पहिरो पिडितलाई नयाँ घर

गुराँस गाउँपालिका-२ पुडेनीका जयबहादुर ओली आफ्नो परिवारका लागि नयाँ घर बन्दा खुसी हुनुहुन्छ। गत वर्षको असारमा आएको पहिरोले गाउँ नै जोखिममा परेपछि उनी विस्थापित हुनुहुन्थ्यो। नयाँ घरमा सरेपछि उनलाई न पहिरोको चिन्ता छ न त अन्य कुनै प्रकोपको।

उनी मात्र होइन, पुडेनीका १४ परिवारका लागि गाउँपालिकाले नयाँ घर बनाइदिएको छ। भुकम्प प्रतिरोधी घरमा बस्न पाउने भएपछि १४ घरका ९० जनाले गतवर्ष पाएको पहिरोको सास्ती बिर्सन थालेका छन्। गाउँपालिकाले पहिरो पिडितका लागि आवास निर्माण गरेपछि वर्षायाममा सास्ती खेप्नुपर्ने बाध्यता हटेको स्थानीय लालमती सुनारले बताउनुभयो। 'गत वर्षसम्म आकाशबाट पानी पर्न थाले त्रिपाल टाँगेर बस्नुपर्ने बाध्यता थियो,' अब ढुक्कले आफ्नै घरमा बस्न पाइने भयो।' पहिरोले खेतबारी बगाएपछि छाक टार्न भने समस्या भएको उहाँको गुनासो छ।

गाउँपालिकाले सबै परिवारका लागि बत्ती, पानी र शौचालयको व्यवस्था सहितको २ कोठे घर बनाइदिएको छ। गाउँपालिको ३५ लाख र प्रदेश सरकारको विशेष अनुदान अन्तर्गतको २५ लाख रूपैयाँमा पहिरोपीडितका लागि आवास निर्माण भएको हो। जसमा लाभग्राहीले ८ लाख बराबरको श्रमदान गरेका छन्।

सार्वजनिक जग्गा खोज्न समय लागेकाले घर बनाउन ढिलाइ भएको गाउँपालिका अध्यक्ष खेमराज ओलीले बताउनुभयो। 'विस्थापितहरूको घर र उनीहरूको निजी स्वामित्वका जग्गा नजिकै हुनेगरी आवास क्षेत्र खोजी गरिएकोले पनि ढिलो गरी आवास निर्माण भएका हुन्,'।

पाणिनी गाउँपालिका, अर्घाखाँची

पाणिनीमा तेजपत्ता र दाँते ओखरका ४ लाख विरुवा रोपियो

गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वनमा तेजपत्ता र दाँते ओखरका करिब ४ लाख बिरुवा रोपिसकेको छ। सामुदायिक वनलाई उत्पादनसँग जोड्ने उद्देश्यले बहुउपयोगी र मूल्य पनि राम्रो रहेको तेजपत्ता र दाँते ओखर रोप्ने कार्य भइरहेको छ।

गाउँपालिकाभित्र ३० ओटा सामुदायिक वन उपभोक्ता समितिहरू रहेका छन्। सामुदायिक वनभित्र खाली रहेका तथा काम नलाग्ने (कु-काठ) रुखहरूलाई झाँडी सुधार गरेर यी बिरुवाहरू रोप्न सुरु गरिएको छ। तेजपत्ताको पात, बोक्रा, काठ र दाउरा सबै उपयोगी र मूल्यवान छन्। त्यसैगरी दाँते ओखरको पनि मूल्य र वजार राम्रो छ।

स्थानीयस्तरका नर्सरीबाट नै तेजपत्ताको बिरुवा उत्पादन गरिरहेको छ भने दाँते ओखरको बिरुवा जाजरकोटबाट ल्याइएको थियो। यहाँको जंगलमा यी दुवै वृक्षको राम्रो उत्पादन हुने अध्ययन र प्रयोगबाट पुष्टि भएको छ। ३/४ वर्षबाट नै उत्पादन दिन थाल्ने यी बिरुवाबाट गाउँपालिकाको राम्रो आम्दानीको श्रोत बन्ने छ।

बिरुवा व्यवस्थापनको लागि गाउँपालिकाले हालसम्म करिब ३४ लाख लगानी गरेको छ भने झाँडी सुधार र बिरुवा रोप्ने कार्य सामुदायिक वन उपभोक्ताहरूबाट भैरहेको छ। गाउँपालिकाले यसको दिगो र प्रभावकारी व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समितिहरूलाई परिचालन गर्न कार्यविधि बनाउन लागेको छ। तर वन क्षेत्रको उपयोगमा स्थानीय सरकारलाई संकुचन गर्ने नेपाल सरकारको नीतिले नागरिकमा असन्तुष्टी रहेको छ।

देवताल गाउँपालिका, बारा

देवतालले शुरु गऱ्यो पहिलो दमकल सेवा

बारा जिल्लाको ग्रामिण क्षेत्रमा अवस्थित देवताल गाउँपालिकामा चैत्र, बैशाख र जेष्ठ महिनामा वर्षेनी आगलागीको घटना हुने गर्छ। कहिले गाउँ नै सखाप पार्छ त कहिले किसानको गहुँ, उखु, धान खेतमा आगलागी हुने गर्दछ।

आगलागी हुँदा कलैया उपमहानगरपालिका र विरगञ्ज महानगरपालिकाका बारुण यन्त्रसँग भर पर्नुपर्दथ्यो। टाढाबाट आउनु पर्दा ठुलो मानवीय तथा धनजनको क्षति भैसक्दथ्यो। यी समस्याको समाधानका लागि गाउँपालिकाले आफैं बारुणयन्त्रको व्यवस्थापन गऱ्यो। आ.व.२०७५/०७६ को बजेटबाट दमकल सेवा नियमित रूपमा सञ्चालनमा ल्याएको छ।

करिब ७२ लाखमा खरिद गरिएको दमकलले देवताल गाउँपालिका क्षेत्रमा आगलागीबाट हुने गरेको ठुलो क्षति न्यूनीकरण हुनुका अलावा छिमेकी स्वर्ण गाउँपालिका, कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका र फेटा गाउँपालिकालाई समेत सेवा पुऱ्याइरहेको छ।

गाउँपालिकाले नै दमकल सेवा सुरु गर्ने फेटा सम्भवत पहिलो गाउँपालिका हो। व्यक्तिगत तथा सार्वजनिक सम्पति आगलागिबाट जोगाउन गाउँपालिकाको प्रयास उदाहरणीय छ तर यसको दिगो सञ्चालनको लागि प्रभाकारी व्यवस्थापनमा गाउँपालिकाले उचित ध्यान दिन जरुरी छ।

दुर्गाभगवती गाउँपालिका, रौतहट

विपद्को पूर्व तयारीमा दुर्गाभगवती

यो गाउँपालिका बागमती नदीको किनारमा रहेकाले प्रायः वडाहरू बाढी र डुबानको उच्च जोखिममा छन्। बाढी र डुवानले वर्षेनी धेरै धनजन र खेतीयोग्य जमिनमा क्षति पुऱ्याइरहेको हुन्छ भने सडक, पुल, कल्भर्ट र तटबन्धलाई नोक्सानी गरिरहेको हुन्छ।

सम्भावित् विपद्बाट कमभन्दा कम क्षती होस् भन्ने उद्देश्यले गाउँपालिका सँधै सचेत छ र क्षति न्यूनिकरणको लागि पूर्वतयारी गरिरहेको हुन्छ। हामीले पालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरेको छ। पूर्वतयारी स्वरूप उद्दार टोलीको लागि आवश्यक पर्ने रोप, लाईफ ज्याकेट, रेनकोट, ट्रवे व्याग तथा अन्य उद्दार सामग्रीहरू १ सय थानका दरले तयारी अवस्थामा राखेको छ। गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति र नजिकका सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी) सँग नियमित समन्वय गरिरहेको छ।

विपद्को पूर्वतयारी, उद्दार तथा राहत र विपद्पश्चातको पुर्नस्थापनाको लागि कानुनी तथा श्रोतसाधनको प्रबन्ध गरिएको छ। गाउँसभाले स्थानीय विपद् व्यवस्थापन ऐन जारी गरेको छ भने बेग्लै विपद् व्यवस्थापन कोष खडा गरी वर्षेनी १ करोड रकम विनियोजन गर्दै आएको छ।

शैलुङ गाउँपालिका, दोलखा

शैलुङमा पानी रिचार्ज पोखरी निर्माण अभियान, १० वटा सम्पन्न

पुरानो पुस्ताले पानीका मुहानहरू नसुकोस् भनेर गाउँको माथिल्लो भागमा वर्षाको पानी जम्ने पोखरीहरू बनाउदँथे र यस्ता पोखरीहरूको बेग्लै धार्मिक तथा सांस्कृतिक महत्व पनि रहेको हुन्थ्यो। तर अहिले त नयाँ पोखरी बनाउनको सट्टा भएका पोखरी पनि मासिरहेका छन्।

प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्व राख्ने ठाउँठाउँमा पोखरी निर्माण गर्ने प्रचलनलाई शैलुङ गाउँपालिकाले अभियानकै रूपमा अघि बढाएको छ। गाउँपालिकाले उच्च भागमा रहेको शैलुङ क्षेत्रभित्र रहेका पानीका मुहानहरूको संरक्षणका लागि रिजार्च पोखरी निर्माण गरिरहेको छ। सानाठुला गरी हालसम्म १० ओटा पोखरी निर्माण भइसकेका छन्। ती मध्ये ९ ओटा गाउँपालिकाको र एउटा प्रदेश सरकारको सहयोगमा निर्माण भएका हुन्। १० ओटा पोखरी निर्माण गर्न करिब २५ लाख खर्च भएको छ।

सबै पोखरी शैलुङ पर्यटकीय करिडोरमा बनाइएकाले पर्यटकको

आकर्षण पनि बन्न सक्ने आँकलन गरिएको छ। यसप्रकारका पोखरीबाट जैविक विविधता संरक्षण र बन्यजन्तु, चराचर तथा किरा फट्याङ्ग्राहरूलाई जीवनयापन गर्न सहयोग पुगी पारिस्थितिक प्रणाली (इको सिष्टम) मा योगदान पुग्नेछ।

क्वहोलासोथर गाउँपालिका, लमजुङ

प्रत्येक वडामा विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा

विश्वव्यापी रूपमा देखिएको जलवायु परिवर्तनको असरलाई कम गर्न गाउँपालिकाले अनुकुलन योजना बनाईरहेका छन् र सोही बमोजिम विभिन्न विपदबाट आफ्ना नागरिकलाई सुरक्षित राख्न र जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि क्वहोलासोथर गाउँपालिकाले वडागत रूपमा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ।

गाउँपालिकाले ९ मध्ये ५ ओटा वडामा अनुकुलन योजना बनाइसकेको छ भने बाँकी वडामा चालु आ.व. मा बनाउने तयारी गरेको छ। विपद व्यवस्थापनका चक्रलाई ख्याल गरी निर्माण गरिएका ती योजनाहरू निर्माणको क्रममा स्थानीय जनताको पूर्ण सहभागिता रहेको थियो। विपद जोखिम न्यूनिकरणका लागि गाउँपालिका र सरोकारवालाले कुन कुन समयमा के के गर्ने ? कस्तो विपदमा कुन क्षेत्र कसरी परिचालित हुने ? गैरसरकारी क्षेत्रको परिचालन लगायतका जानकारी योजनामा समेटिएको छ। विपद व्यवस्थापन कोषको परिचालन गर्न र आफ्ना प्राथमिकता निर्धारणमा यो योजना सहयोगी बनेको गाउँपालिकाले जनाएको छ। योजनाले औल्याएका क्षेत्रमा काम गर्ने गरी गाउँपालिकाले चालु आवमा बजेट विनियोजन गरेको छ। यो योजना निर्माणमा लमजुङको गैरसरकारी संस्था ग्रामीण सामुदायिक विकास केन्द्रले प्राविधिक सहयोग गरेको थियो। विपद् व्यवस्थापन पूर्व तयारी र जलवायु परिवर्तनका असरलाई कम गर्न क्वहोलासोथरको यो कार्य महत्वपूर्ण छ। सबै स्थानीय सरकारले यस क्षेत्रमा योजना बनाउने र प्रभावकारी कार्यान्वयनमा ध्यान दिन जरुरी छ।

पाँचपोखरी थाङपाल गा.पा., सिन्धुपाल्चोक

गाउँपालिकामा पर्यटन बोर्ड र संरक्षण समितिहरू कृयाशिल

गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरूको विकास र पर्यटन प्रबर्द्धनको लागि गाउँपालिकाले नै पर्यटन बोर्ड गठन गरेको छ। गाउँसभाबाट जारी पर्यटन विकास ऐन २०७६ अनुसार बोर्ड गठन गरिएको छ। पर्यटन बोर्डमा गाउँपालिकाबाट निश्चित योग्यता पार भएका व्यक्तिबाट अध्यक्ष र सदस्यहरू नियुक्त हुन्छन्। हालै गठन भएको ७ जनाको बोर्डमा सगरमाथा आरोही २ जनासहित यस क्षेत्रमा कार्यरत विज्ञ व्यक्तिहरू रहेका छन्।

पर्यटन विकास ऐनको आधारमा धार्मिक तथा सांस्कृतिक संरक्षण क्षेत्रहरूको संरक्षण र प्रबर्द्धनको लागि विभिन्न संरक्षण समितिहरू समेत गठन गरेको छ। यसरी गठन भएका समितिहरूमा पाँचपोखरी संरक्षण समिति, नागी थामडाँडा संरक्षण समिति, च्योच्यो डाँडा संरक्षण समिति तथा रैथाने संरक्षण समिति रहेका छन्। यी सबै संरक्षण समितिहरू आ-आफ्नो कार्यविधिबमोजिम सञ्चालन हुन्छन्। सबै समितिहरूको कार्यालय व्यवस्थापन गाउँपालिकाले गरिदिएको छ भने समितिका सदस्यहरू स्वयम्सेवी रूपमा कार्य गरिरहेका छन्।

पर्यटन विकास र विभिन्न धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षणको लागि पाँचपोखरी थाङपाल गाउँपालिकाले गरेको यो प्रयास अन्य स्थानीय सरकारको लागि सिकाइ बन्न सक्दछ।

म्याग्दे गाउँपालिका, तनहुँ

पालिका स्तरीय जलवायु परिवर्तन उत्थानशील योजना तयार

म्याग्दे गाउँपालिकाले पालिका स्तरीय जलवायु परिवर्तन उत्थानशील योजना बनाएको छ। जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा सहजता ल्याउने उद्देश्य सहित योजना निर्माण गरिएको हो। जलवायु परिवर्तन र विपद् व्यवस्थापनलाई एकीकृत नगरी नागरिकको जनधनको रक्षा गर्न नसकिने अवस्था आयो त्यसकारण यसले पार्ने असर र क्षति न्यूनीकरणका लागि गाउँपालिकाले योजना नै तयार पारेको अध्यक्ष मायादेवी राना आले बताउनुहन्छ।

म्याग्दे गाउँपालिका नगरै नगर र शहरै शहरको बीचमा छ। नजिकै रहेका उद्योगहरूका कारण पनि वातावरण प्रदुषण हुने जसले मानव जीवन र उत्पादन प्रणालीमा पनि प्रभाव पारेकाले योजनाबद्ध रूपमै यसलाई न्यूनीकरणमा लागिएको गाउँपालिकाको दाबी छ। अघिल्लो आर्थिक वर्षमा नै तयार पारेर लागु गरिएको योजनाले आवश्यकता ठहर गरेका र निर्देशित गरेका क्षेत्रहरूमा प्राथमिकता तोकी बजेट व्यवस्थापन गरिएको उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो।

जलवायु परिवर्तनको असरले कम क्षति पुऱ्याउने पर्यावरण सुहाउदो बिऊ बिजन सिफारिस गर्ने, अनुदान दिने कार्यमा त्यसलाई नै प्रोत्साहन गर्ने, कार्बन खपत बढी गर्ने विरुवा रोपणमा प्राथमिकता दिने लगायतका कार्यका लागि बजेट व्यवस्थापन गरिएको छ। गाउँपालिकाको कृषि शाखालाई बढी जिम्मेवार बनाई बिऊ बिजन सिफारिस गर्ने, अनुगमन गर्ने, बिक्रेताहरूलाई यसबारेका सचेत गराउने तथा गाउँ/गाउँ टोल/टोलमा टोल विकास संस्थाहरू परिचालन गरी जनचेतना फैलाउने कार्य गरिरहेको छ। संघीय वातावरण ऐन अनुसार विकास निर्माणका कार्य गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र गर्ने प्रणालीको सुरुवात गरिसकेको छ।

कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रणमा
स्थानीय सरकारका प्रयास

१. भुमिका

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारीको असर नेपालमा समेत परिरहेको छ। संविधानत् सरुवा रोग सम्बन्धी एकल अधिकार संघीय सरकारमा रहेको छ तर कुनै पनि स्थानीय सरकारले यो क्षेत्र मेरो होइन भनेर कहिल्यै भनेनन् र अग्रपंक्तिमा नै रहेर यसको सामनाका लागि खटिई नै रहेका छन्।

कोभिड १९ को नियन्त्रणमा स्थानीय सरकारले खेलेको भूमिकाको सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, प्रदेश सरकार र सिंगो संघीय तथा प्रदेश संसदका साथै बौद्धिक वर्गले प्रशंसा गरेका छन्। कोभिड १९ सम्बन्धी सचेतना फैलाउने, बाहिरबाट आउनेको लागि क्वारेण्टिन, स्वास्थ्य सामाग्री लगायतको व्यवस्थापन तथा वितरण, दैनिक ज्यालादारी गर्ने तथा विपन्न नागरिकलाई राहत वितरण जस्ता कार्यहरू पहिलो चरणमा प्रभावकारी रुपमा सम्पादन गरे। पछिल्लो चरणमा संक्रमितहरूको लागि आइसोलेशन सेन्टरको व्यवस्थापन, संक्रमितसँग सम्पर्क भएकाहरूको पहिचान (कन्ट्र्याक्ट ट्रेसिङ), भारतबाट आउनेलाई विभिन्न सीमा नाकादेखि तथा तेस्रो मुलुकबाट आउनेलाई एयरपोर्टदेखि पालिकासम्म लैजाने, आवश्यकता अनुसार होल्डिङ सेन्टरमा राख्ने तथा नियमानुसार क्वारेण्टिनमा राख्ने जस्ता कामहरू समेत स्थानीय सरकारले नै कुशलतापूर्वक सम्पादन गरिरहेका छन्।

यो सामाग्री तयार पारुन्जेलसम्म नेपालमा ९ सय जनाभन्दा बढी व्यक्तिको कोरोना संक्रमणबाट मृत्यु भैसकेको छ भने १ लाख ६५ हजार भन्दा बढी जना संक्रमित भएका छन् र संक्रमित मध्ये १ लाख २५ हजार जना बढी निको भैसकेका छन्। हालसम्म गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष गरी ३९ जना संक्रमित देखिनुभएको छ भने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुमध्ये १३० जनाभन्दा बढी संक्रमित हुनुभएको छ।

यसरी तीन तहकै सरकारले संयुक्त रुपमा लडिरहेको कोरोना भाइरस विरुद्धको युद्धमा अग्रमोर्चामा स्थानीय सरकार नै रहेका छन्। कोभिड १९ प्रतिकार्यका लागि स्थानीय सरकारका प्रयासहरू तथा अन्तर सरकार समन्वय के कस्ता रहे भन्ने सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासंघ, नेपालले स्वतन्त्र अनुसन्धानकर्ताबाट सातवटै प्रदेशका बढी संक्रमित जिल्लाहरूका सवैभन्दा बढी संक्रमित गाउँपालिका र नगरपालिका गरी देहायका २१ वटा स्थानीय सरकारमा संक्षिप्त अध्ययन गरिएको थियो।

प्रदेश	गाउँपालिका	गाउँपालिका	नगरपालिका
प्रदेश नं. १	धनपालथान, मोरङ	कोशी, सुनसरी	मेचीनगर, झापा
प्रदेश नं. २	बलनविहुल, सप्तरी	साम्सी, महोत्तरी	वीरगञ्ज, पर्सा
बागमती प्रदेश	पाँचपोखरी, सिन्धुपाल्चोक	ज्वालामुखी, धादिङ	माडी, चितवन
गण्डकी प्रदेश	हुप्सेकोट, नवलपरासी (पूर्व)	वडिगाड, बाग्लुङ	वालिङ, स्याङ्जा
लुम्बिनी प्रदेश	यशोधरा, कपिलवस्तु	पूर्वखोला, पाल्पा	घोराही, दाङ
कर्णाली प्रदेश	सान्नी त्रिवेणी, कालिकोट	सिम्ता, सुर्खेत	नारायण, दैलेख
सुदूरपश्चिम प्रदेश	आदर्श, डोटी	मेल्लेख, अछाम	गोदावरी, कैलाली

अध्ययनका लागि ८ वटा तराई, ७ वटा पहाडी, ४ वटा भित्रि मधेश र २ वटा हिमाली गरी कुल २१ जिल्लाका १४ वटा गाउँपालिका, ५ वटा नगरपालिका र उपमहानगरपालिका तथा महानगरपालिका १/१ वटा गरी कुल २१ वटा स्थानीय सरकारहरू छनौट भएका हुन्। यस संक्षिप्त अध्ययनको आधारमा स्थानीय सरकारले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणमा गरेका प्रयासहरू देहाय अनुसार रहेका छन्।

२. कोभिड संक्रमण रोकथाम तथा नियन्त्रणमा गरिएका अभ्यासहरू

स्थानीय सरकारहरूले कोरोना महामारी नियन्त्रणका लागि विभिन्न गतिविधिहरू सञ्चालन गरेको छन्। वैदेशिक रोजगारीमा गएकाहरूबाट कोरोना फैलिने भएकाले सोको नियन्त्रणका लागि तथा रोजगारी गुम्ने सम्भावनालाई मध्यनजर गरी स्थानीय रोजगारी सिर्जनाका लागि पूर्व

तयारीका रुपमा विदेशमा भएका नागरिकहरूको अभिलेख राख्ने कार्य अधिकांश स्थानीय सरकारबाट भयो। यसले योजना तर्जुमा तथा पूर्वतयारी गर्न मद्दत गरेको पाइयो।

भारत तथा अन्य मुलुकबाट आउने नागरिकलाई सिधै समुदायमा घुलमिल हुँदा फैलिनसक्ने संक्रमण नियन्त्रण गर्न एक्लै वा अन्य छिमेकी स्थानीय सरकारहरूसँग मिलेर संयुक्त रुपमा होल्डिङ्ग सेन्टर स्थापना तथा व्यवस्थापन कार्य भयो। हरेक स्थानीय सरकारहरूले आफ्ना जनसंख्या तथा विपद् व्यवस्थापन समितिको मार्गदर्शन बमोजिम क्वारेण्टाइन निर्माण एवं ब्यवस्थापन गरियो। संक्रमण बढ्दैजाँदा आफूसँग पूर्वाधार भएका स्थानीय सरकारले आइसोलेसन निर्माण गरे भने पूर्वाधार भएका कतिपय स्थानीय सरकारले अन्य स्वास्थ्य संस्थासँग सहकार्य र साझेदारी मार्फत उपचार गरेको पाइयो। देशव्यापी बन्दाबन्दीका समयमा खासगरी भारतीय सिमाक्षेत्रमा हजारौं नागरिकहरू अलपत्र परेको अवस्थामा पालिकाहरूले पहल गरेर सवारी साधन तथा यात्रा अनुमति पत्र (पास) को व्यवस्थापन गरी आफ्ना नागरिकहरूको उद्धार गरियो।

बन्दाबन्दीले अति बिपन्न तथा दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने बर्गलाई राहत वितरणका लागि स्थानीय सरकारहरूले लगत तयारी लगायतका कार्य गरी राहत वितरण भयो। कोरोना संक्रमितको सम्पर्कमा आएका शंकास्पद व्यक्तिहरू पहिचान (कन्ट्र्याक्ट ट्रेसिङ) तथा संक्रमितहरूको परीक्षणका लागि स्थानीयस्तरमा स्थानीय सरकारबाट नेतृत्व लिई सहजिकरण गर्ने कार्य भयो। कोरोना सम्बन्धी सचेतना जस्ता महत्वपूर्ण कार्यहरूमा स्थानीय सरकारहरूले अहम् भूमिका निर्वाह गर्न सफल भएको पाइन्छ। यस माहामारी नियन्त्रण गर्न स्थानीय सरकारले संघीय र प्रदेश सरकारको नीति निर्देशनको पालनामा सहयोग गर्ने, स्थानीयस्तरका सूचना नियमित रुपमा प्रवाह गरी स्थानीय आवश्यकता बारे जानकारी दिने र समन्वय, सहकार्यलाई प्राथमिकता दिएको पाइन्छ। साथै संघ तथा प्रदेश सरकारबाट पनि स्थानीय तहलाई भौतिक तथा आर्थिक सहयोग भएको देखिन्छ।

कोरोना महामारी नियन्त्रणका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न स्थानीय सरकारहरूले कोरोना नियन्त्रण कोषको स्थापना, उक्त कोष सञ्चालन कार्यविधि तर्जुमा समेत गरी सोही आधारमा स्थापित कोषको परिचालन गरेका छन्। यस कोषमा आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारले महामारी नियन्त्रणका लागि प्रदान गरेको अनुदान रकम, स्थानीय उद्योगी, व्यवसायी, कर्मचारी र विदेशमा रहेका ब्यक्ति तथा संघ/संस्थाहरूका साथै विकास साझेदार निकायहरूबाट पनि रकम उपलब्ध भएको पाईयो। साथै विकास निर्माणमा सम्झौता हुन बाँकी रहेका रकमलाई पनि आवश्यकता अनुसार माहामारी नियन्त्रणमा प्रयोग गरियो। यसरी कोषमा प्राप्त भएको रकमलाई औषधी तथा स्वास्थ्य सामाग्री खरिद, राहतका लागि खाद्यान्न, क्वारेन्टाइन ब्यवस्थापन सामग्री, पीसीआर, आरडिटी किट खरिद, पीसीआर मेसिन खरिद, क्वारेन्टाइन तथा आईसोलेसनमा बसेका मानिसहरूको खाना, यातायात, माहामारी नियन्त्रणमा खटिएका कर्मचारीहरूको भत्ता आदि जस्ता क्षेत्रमा खर्च भएको देखिन्छ।

कोरोनाको असरका कारणले स्वास्थ्य संस्थासम्म तथा बजारसम्म जान

संकटका बेला जनप्रतिनिधिको भूमिका कति प्रभावकारी हुँदो रहेछ भन्ने स्पष्ट देखिएको छ। आ-आफ्नो तहमा संक्रमण फैलिन नदिन र विपन्न परिवारलाई राहत पुऱ्याउन अहोरात्र खटिनुभएका स्थानीय जनप्रतिनिधिहरूप्रति सम्मान प्रकट गर्न चाहन्छु।

सम्माननीय प्रधानमन्त्री के.पि.शर्मा ओलीले प्रतिनिधि सभाको बैठकमा सम्बोधनको क्रममा व्यक्त धारणा

समस्या भएको कारणले नियमित औषधि सेवन गर्नुपर्ने तथा जाँच गर्नुपर्ने दीर्घरोगीहरूलाई स्वास्थ्य सेवा तथा औषधि वितरण गर्ने कार्य पनि स्थानीय सरकारहरूले गरेका थिए।

३. सकारात्मक पक्षहरू

नागरिकका नजिकका जनप्रतिनिधिका हैसियतले माहामारीका समयमा स्थानीय सरकारले निर्वाह गरेको अभिभावकत्वबाट आम जनसमुदाय प्रभावित भएका छन्। स्थानीय सरकारले सूचना प्रविधिको प्रयोग, छिटो छरितो रुपमा सूचना प्रवाह, नागरिकको नजिक रहेर सेवा प्रवाह, सचेतना अभिवृद्धि तथा मापदण्ड पालना गराउन निर्वाह गरेका भूमिका उल्लेखनीय छन्। स्थानीय सरकारबाट प्रभावकारी रुपमा कुशलतापूर्वक मितव्ययी तरिकाले कोरोना माहामारीसँग जुध्नका लागि गरेका पहल र प्रयासहरू महत्वपूर्ण र सह्रानीय छ।

यस माहामारी नियन्त्रणमा अन्तर स्थानीय तह समन्वय र सहकार्यबाट धेरै सहयोग प्राप्त भएको देखिन्छ। आइसोलेसन सेन्टर स्थापना तथा व्यवस्थापन, होल्डिङ सेन्टर व्यवस्थापन, स्वाब ढुवानी, स्थानीय नागरिकको उद्धार गर्ने जस्ता कार्यमा सिमित स्रोत साधनबाट पनि प्रभावकारी नतिजा प्राप्त गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। स्थानीय सरकारहरूले गरेको स्थानीय व्यापारी, यातायात व्यवसायी, संघ/संस्था, निजीक्षेत्रका स्वास्थ्य संस्था लगायतसँग समन्वय तथा सहकार्य पनि उल्लेखनीय छ।

४. सुधारात्मक पक्षहरू

यस किसिमको विश्वव्यापी माहामारी वर्तमान पुस्ताका लागि नयाँ घटना भएको कारणले व्यवस्थापनमा केही कमी कमजोरीहरू पनि भए।

सवैले आफ्नो स्थानीय तहमा प्रवेश गर्नेहरूको अभिलेख व्यवस्थापन गर्न नसक्दा संक्रमण फैलने जोखिम कायमै रहन पुग्यो। कतिपय स्थानीय सरकारहरूले राहत वितरणमा लक्षित वर्ग पहिचान गर्न ध्यान नदिँदा विपन्न वर्गले प्राप्त गर्नुपर्ने राहत आवश्यक नहुने वर्गमा पनि बाँड्दा स्रोतको उचित प्रयोग हुन सकेन। स्थानीय सरारहरूले कोरोना नियन्त्रणका लागि गरेका क्रियाकलापको सार्वजनिक खरिद सम्बन्धी कानून तथा अन्य कानूनको कार्यान्वयन र अभिलेख व्यवस्थापन चुस्त दुरुस्त हुन नसकेमा जवाफदेहिताको प्रश्न उठ्ने जोखिम रहन्छ। स्थानीयस्तरमा विपद् व्यवस्थापन कोष, विपद् व्यवस्थापन समिति र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि नहुँदा अप्ठेरो परेको अवस्थामा कार्य गर्न असहज हुने भएकाले बेलैमा ध्यान दिन आवश्यक रहेको जस्ता पक्षहरूमा स्थानीय सरकारहरूले प्राथमिकता दिन तथा पूर्वतयारी गर्न जरुरी देखिन्छ। कोरोना माहामारीलाई देशैभरि एउटै मापदण्ड लागू गर्दा यसको प्रभाव नरहेका स्थानीय तहमा समेत शैक्षिक, निर्माण लगायतका आर्थिक क्षेत्रहरू प्रभावित हुन पुगे। स्थानीय अवस्थाको आँकलन गरी निर्णय गर्न स्थानीय सरकारलाई दिएको भए मुलुकले व्यहोरेको क्षतिलाई न्यूनीकरण गर्न सकिन्थ्यो भन्ने मत प्रबल रहेको पाइन्छ। साथै गाउँपालिकाहरूले क्षमता विकास तथा समन्वय र सहजिकरणमा गाउँपालिका राष्ट्रिय महासंघसँग थप भूमिकाको अपेक्षा गरेको पनि पाइयो।

५. चुनौती

यस माहामारीमा सवैभन्दा खड्किएको विषय भौतिक पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्थापन हो। औषधी, स्वास्थ्य उपकरण तथा औजारको अभावमा पनि माहामारीलाई नियन्त्रण गर्न खासगरी स्थानीय सरकारहरूले अझ धेरै चुनौतीको सामना गर्नु परेको देखियो। समयमा प्रयोगशाला परीक्षणको नतिजा प्राप्त नहुनु, आरडिटि परीक्षणबाट थप अलमल सिर्जना हुनु, समयमा आवश्यक मात्रामा पीसिआर परीक्षण गर्न नसक्नु जस्ता चुनौतीहरूको सामना गर्नु परेको थियो। भारतीय सीमा क्षेत्रबाट ठूलो संख्यामा एकैपटक स्वदेश फर्किनेहरूको लगत व्यवस्थापन, क्वारेण्टाइनको उचित व्यवस्थापन गर्न नसक्दा संक्रमण फैलिने जोखिम र त्रासको वातावरण निर्माण हुन पुग्यो।

६. निष्कर्ष

कोभिड-१९ अगाडि स्वास्थ्यको क्षेत्रमा पनि स्थानीय सरकारलाई विश्वास गरिएको थिएन। तर परिमाणले संघ, प्रदेश र स्थानीय सरकार मध्ये स्थानीय सरकारको काम प्रभावकारी रह्यो भन्ने कुरा पुष्टी भएको छ। लकडाउनको बखत किसानको गहुँ काट्नेदेखि राहत वितरण, सीमा नाकाबाट नागरिकको उद्धार, क्वारेण्टाईन, आइसोलेसन सेण्टर, होल्डिङ्ग सेन्टर, प्रयोगशाला स्थापना, अन्तर स्थानीय तह अस्पताल सञ्चालन, विरामीलाई अस्पतालसम्मको पहुँच, कामको लागि खाद्यान्न कार्यक्रम, फुडबैंक, स्थानीय सञ्चित कोषको परिचालन, अन्तरपालिका, अन्तरसरकार र गैरसरकारी क्षेत्रको परिचालनमा वहुसंख्यक स्थानीय सरकारको भूमिका अब्बल रह्यो। आगामी दिनमा यस किसिमका महामारी तथा विपद् व्यवस्थापनका लागि स्थानीय सरकारहरूलाई पूर्ण जिम्मेवारी दिँदा न्यून क्षतिमा प्रभावकारी सेवा प्रवाह हुने सिकाई सवै पक्षलाई भएको हुनुपर्दछ।

उल्लेखित सामाग्री गाउँपालिका राष्ट्रिय महासंघ नेपालद्वारा कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रणमा स्थानीय सरकारका प्रयास विषयमा गरिएको अध्ययन प्रतिवेदनमा आधारित रहेको छ।

We are committed to mainstream global agenda into local action

NARMIN